३२९

भक्तपुर मासिक

Bhaktapur Monthly

मंसिर २०८०

ISSN 2705-4454



# वीर प्यालेस्टिनीहरू झुक्ने छैनन् !

15.05.48

# NAKBA

नक्बा : फर्कने अधिकार कहिल्यै नबिर्सौं

NEVER FORGET THE RIGHT OF RETURN





नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग जनवादी गणतन्त्र चीनको सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिस्ट पार्टीका सचिव वाङ च्युनचङको भेटवार्ता । कार्तिक २६ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀{$!✭cÆ !✭g};‡!!$$✭lj-;‡@)*)d‡; /✭A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


इजरायलको 'आत्मरक्षा' कि नरसंहार ? । साभार : कार्टुन मुभमेन्ट


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘क्रान्तिपछि राजनीति सामाजिक विकास र पुनर्स्थापनाको साधन बन्न जान्छ र राजनीतिको मुख्य काम समाजमा परिवर्तन ल्याउनको लागि चेतनालाई जागृत गर्नु हुन्छ ।’– कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) अमेरिकाले इजरायललाई हतियार उपलब्ध गराई प्यालेस्टिनीहरूको नरसंहार | का.रोहित | ३ |
| २) वीर प्यालेस्टिनीहरू झुक्ने छैनन् ! | प्रकाश नेपाल | ४ |
| ३) यहुदीवादको समयक्रम | लेमिन र स्पीर | ७ |
| ४) गाजामा सहयोग रोक्नु ‘अपराध’ हुनसक्छ – आईसीसी | – | ९ |
| ५) प्यालेस्टिनीहरूले कहिल्यै नबिर्सने नक्बा | विकास श्रेष्ठ | १० |
| ६) प्यालेस्टिनीहरूको नरसंहारलाई समर्थन गरेकोमा अमेरिकी सांसदद्वारा बाइडेनको कडा आलोचना | – | १४ |
| ७) गाजामा मानवीय युद्धविराम तत्काल आवश्यक : महासचिव गुटेर्रेस | – | १४ |
| ८) इजरायली बमबारीका कारण गाजामा ‘नरसंहारको जोखिम’ : संयुक्त राष्ट्रका विज्ञहरू | – | १५ |
| ९) इजरायलद्वारा गाजामा व्यापक विनाश युद्ध अपराध हो : संयुक्त राष्ट्रसङ्घीय विज्ञ | – | १६ |
| १०) गाजामा हरेक दिन १६० बालबालिकाको हत्या भइरहेको छ : डब्ल्यूएचओ | – | १७ |
| ११) इजरायली घेराबन्दीले नर्कमा बदलिएको गाजा | – | १८ |
| १२) मध्यपूर्वमा शान्ति कायम गर्न इजरायल राज्य विस्थापन गर्नु जरुरी | – | १९ |
| १३) केही अभिव्यक्ति | – | २१ |
| १४) इजरायली नरसंहारविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा दायर | – | २२ |
| १५) फासीवादी इजरालको युद्ध अपराधका केही तस्बिर | – | २४ |
| १६) प्यालेस्टाइनीहरूविरूद्ध इजरायलको रङ्गभेदः दमन र मानवताविरुद्ध अपराधको एउटा क्रूर प्रणाली- | | २७ |
| १७) विश्वभरि प्रदर्शन : फासिवादी इजरायल र साम्राज्यवादी अमेरिकाको विरोधमा तथा प्यालेस्टाइनको समर्थनमा- | | ३३ |
| १८) दुई सम्पादकीय | – | ३६ |
| १९) प्यालेस्टिनीहरूको समर्थनमा विद्यार्थीहरूको विशाल प्रदर्शन | – | ३८ |
| २०) सात हप्ताको इजरायली आक्रमणले विश्वबाट अलग भएको गाजापट्टीमा के-के भयो ?- | | ४० |
| २१) नेपालको शान्ति प्रक्रिया र गुटेर्रेसको सुझाव | विवेक | ४१ |
| २२) पदाधिकारीको आचरण र संस्थाको पहिचान | समिर | ४३ |
| २३) नेवार समाजमा छा ज्वलंबारे एक अध्ययन | ओम धौभडेल | ४५ |
| २४) पृथ्वीमा जीव कहाँबाट कसरी आयो ? | विष्णुभक्त राजचल | ४८ |
| २५) छेपारे भट्टराईको गैरजिम्मेवार अभिव्यक्ति | श्याम श्रेष्ठ | ५१ |
| २६) समालोचनाया सिद्धान्त (२२) नां काये बहपिं समालोचकपिं (२) | प्रा. माणिकलाल श्रेष्ठ | ५३ |
| २७) बुद्धिचाल खेलाडी एण्डिज ग्वाछा | राजकुमार लघु | ५९ |
| २८) भक्तपुर नगरपालिका गतिविधि | – | ६४ |
| **क)** शैक्षिक गतिविधि-७३/**ख)** स्वास्थ्य सेवा-७४/**ग)** अनुभवको आदान-प्रदान-७९/**घ)** भेटघाट-७९/**ङ)** सङ्क्षेपमा-८४ | | |
| २९) विविध समाचार | – | ८५ |
| ३०) ‘भक्तपुर’ मासिक वर्ष ४० को वार्षिक विषय सूची | – | १०४ |
| ३१) संवेदनाहीन सिंहदरबार (सम्पादकको पृष्ठ) | – | ११२ |

**साथमा** :

हाम्रा मौलिक सामग्री – ४/ पाठक पत्र – ५७/ जीवन-आचरण – ५८/ बसिबियाँलो – ६०/ नवयुवकसँग अपिल – ६१/ वैधानिक कानुन (८) – ६२/ प्रेरणीय ६३/ ख्वप अस्पतालको प्रगति – ७८/ चीनका प्राचीन नीति कथा – १००/ थाहा पाइराखौं – १००/ हाम्रो स्वास्थ्य – १०१/ पर्यटक तथ्याङ्क – १११/ रङ्गीन पृष्ठ – क-घ ।

# सामाज्यवादी संरा अमेरिका र फासीवादी इजरायलको नरसंहारविरुद्ध

विश्व आतङ्कवादका नाइके साम्राज्यवादी संरा अमेरिका र इजरायली राज्य आतङ्कवादबाट प्यालेस्टिनी जनताविरुद्ध गरिरहेको नरसंहारबारे विभिन्न स्रोतबाट सङ्कलित केही जानकारी दिइएको छ ।

'प्यालेस्टाइन र इजरायलबीचको द्वन्द्व' विषयमा प्रवचन

## अमेरिकाले इजरायललाई हतियार उलब्ध गराई प्यालेस्टिनीहरूको नरसंहार




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा 'प्यालेस्टाइन र इजरायलबीचको द्वन्द्व' विषयमा कलेजमा कार्यरत शिक्षक कर्मचारीहरूबीच मङ्सिर १ गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले प्यालेस्टिनीहरूविरुद्ध इजरायलले जातीय सफाया गर्ने नियतका साथ हमला गरिरहेको र संरा अमेरिकाले इजरायललाई हतियार उपलब्ध गराई प्यालेस्टिनीहरूको नरसंहारमा सहयोग गरिरहेको बताउनुभयो । पच्छिमी देशहरू देश टुक्रयाउने कुटिल चाल र 'फुट गर र राज गर नीति' मा पोख्त रहेको उल्लेख गर्नुहुँदै उहाँले सोभियत सङ्घलाई टुक्रयाउनमा संरा अमेरिकाको मुख्य हात रहेको बताउनुभयो ।

प्यालेस्टाइनमाथि इजरायलको आक्रमण युद्ध नभई एकतर्फी हमला भएको स्पष्ट पार्नुहुँदै अध्यक्ष रोहितले देशभक्त र न्यायप्रेमी जनताले प्यालेस्टिनी जनतामाथि गरेको बर्बर आक्रमणको निन्दा तथा भर्त्सना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

युवा तथा विद्यार्थीहरूलाई देश विदेशका राजनीतिक सङ्घर्षका विषयमा जानकार गराउनुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष रोहितले इतिहासको अध्ययनले पहिलेका गल्तीहरू नदोहोऱ्याउन मद्दत गर्ने बताउनुभयो ।

नेपाली जनता युद्धको विरोध र शान्तिको पक्षमा रहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'संसारमा जति पनि युद्ध हुन्छन् ती सबैको भित्री उद्देश्य अर्थतन्त्र कब्जा गर्नु नै हो ।'

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले युद्ध भूमि इजरायलमा नेपाली विद्यार्थीहरूको मृत्यु हुनुमा देशका शासकहरू जिम्मेवार भएको धारणा राख्नुहुँदै पक्राउमा परेका नेपालीलाई नेपाल फर्काउने प्रयासमा सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

प्यालेस्टाइनमाथि इजरायलको आक्रमण अन्त्यको लागि संसारका विभिन्न देशमा विरोध प्रदर्शनहरू भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपाली जनताले पनि इजरायलको विरोध र प्यालेस्टिनीहरूको पक्षमा निरन्तर आवाज उठाउनुपर्नेमा जोड दिनुभयो ।

प्यालेस्टाइनमाथि इजरायलको आक्रमण घोर मानवताविरोधी नरसंहार हो, उहाँले भन्नुभयो ।

संरा अमेरिका हतियार व्यापारी रहेको स्पष्ट पार्नुहुँदै उहाँले इजरायललाई संरा अमेरिकाले १५ अर्ब डलरको हतियार उपलब्ध गराएको र हतियारको व्यापार गर्न नै संरा अमेरिकाले विश्वका विभिन्न देशहरूमा युद्ध भड्काइरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'देशलाई सङ्कट भएको बेला सङ्कट समाधानको लागि उपयुक्त निकास दिने काम बुद्धिजीवीको हो । देशको अस्तित्व र स्वाधीनताको पक्षमा जनतालाई

जागृत गराउने काम बुद्धिजीवीको हो।'

विद्यार्थीहरूलाई देशभक्तिको भावना जगाई राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे सचेत गराउन सकेमात्र भविष्य उज्ज्वल हुनेतर्फ उहाँले सचेत गराउनुभयो।

भनपाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले विश्वका घटना परिघटनाबाट नेपालले पनि पाठ सिक्न जरुरी रहेको बताउनुहुँदै साम्राज्यवादीहरूको विरोध गर्न नेपालीहरू हरदम तयार हुनुपर्ने बताउनुभयो।

शिक्षक तथा कर्मचारीहरू राजनीतिकरूपमा सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले व्यक्तिगत स्वार्थको निम्ति नभई सामाजिक हितको निम्ति काम गर्न प्रेरित गर्नुभयो।



कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ** र ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले इजरायल प्यालेस्टाइन द्वन्द्व र इतिहासबारे प्रस्तुतीकरण देखाउनुभएको थियो।

कार्यक्रममा कलेजका शिक्षक कमिनिका न्याइच्याइँले पनि बोल्नुभएको थियो।

## हाम्रा मौलिक सामग्री




*इनादलु र मुस्यां (१९ औं शताब्दी), यखादलु (१७ औं शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# वीर प्यालेस्टिनीहरू झुक्ने छैनन्!

– प्रकाश नेपाल


मध्यपूर्वका लेबनान, सिरीया, जोर्डान, मीश्र र भूमध्यसागर तथा मृतसागरले घेरिएको क्षेत्र प्यालेस्टाइन हो। प्यालेस्टाइनको क्षेत्रफल २६,७९० वर्ग किमी छ। त्यसो भनेको हाम्रो कर्णाली प्रदेश (२७, ९८४ वर्ग किमी) भन्दा केही सानो हो।




सन् १९२० देखि १९४८ सम्म बेलायत अधिनस्त प्योस्टाइनसहितको मध्यपूर्व क्षेत्र जहाँ इजरायल भन्ने कुनै शब्द छैन।

प्यालेस्टाइन क्षेत्र इसापूर्व १२ औं शताब्दीदेखिको संस्कृतिबाट समृद्ध छ। यहाँ महत्त्वपूर्ण सम्पदाहरू रहेका छन्। मुसलमानहरूको अत्याधिक बाहुल्य रहेको यस क्षेत्रमा अन्यको पनि धेरथोर बसोबास थियो। यहाँ इस्लाम धर्मका प्रवर्तक मोहम्मदका बाजेको समाधिस्थल छ। त्यस्तै इस्लाम धर्मका अर्का गुरु अल-शाफीको जन्म स्थल पनि हो।

संयुक्त राष्ट्रसङ्घको व्यापार र विकास सम्मेलन (UNCTAD) ले सन् २०१९ मा गराएको अध्ययनअनुसार यहाँ तेल र प्राकृतिक ग्यासको ठूलो भण्डार छ। त्यस्तै पश्चिम किनार (वेस्ट ब्याङ्क) पनि तेल र प्राकृतिक ग्यासको भण्डार हो। गाजा र पश्चिम किनारको तेल र ग्यास प्यालेस्टिनीहरूलाई प्रयोग गर्न नदिन इजरायल




अक्टोबर ७ यता गाजा पट्टीको उत्तरदेखि दक्षिणसम्मका नागरिक बस्ती, अस्पताल, विश्वविद्यालय, संरा सङ्घका भवनहरूमा इजरायली बर्बर हमला भएको स्थानहरू

प्यालेस्टिनीहरूलाई धपाएर यस क्षेत्र पनि कब्जा गर्न उद्यत रहेको छ। गाजा र पश्चिमको किनारको तेल र ग्याससमा इजरायलकोमात्र होइन उसको मालिक संरा अमेरिकाको पनि गिद्धे दृष्टि छ। तेलकै लागि साम्राज्यवादी अमेरिकाले मध्यपूर्वका थुप्रै देश अशान्त बनाएको तथ्य जगजाहेर छ। मध्यपूर्वको तेल र ग्यास भण्डारहरू आफ्नो तखतमा राख्न साम्राज्यवादी अमेरिकाले इराक, सिरिया, लेबनानलगायतमा धेरै पहिलेदेखि सैन्य र कूटनीतिक दबाब दिँदै आएको छ। प्यालेस्टाइन क्षेत्रको तेल र ग्यास भण्डार पनि आफ्नो तखतमा राख्न इजरायललाई उसले आफ्नो 'उपग्रह राज्य' बनाएको छ र काँधमा बोकेको छ। प्यालेस्टिनीहरू ती लुटाहाहरूको निहित स्वार्थको बाधक भएकोले दसकौं देखि दमन गर्दै आएको छ।

यहुदी भर्च्युअल लाइब्रेरी नामको वेबसाइटमा दिइएको तथ्याङ्कअनुसार सन् १९४७ मा प्यालेस्टिनी क्षेत्रको कुल जनसङ्ख्यामा ३२ प्रतिशतमात्र यहुदीहरू थिए। सन् १९४८ मा हिटलरको प्रकोपबाट बच्न विभिन देशमा भागेका यहुदीहरूलाई षड्यन्त्रपूर्वक प्यालेस्टाइन क्षेत्रमा ओइराए र इजरायल राज्य बनाए। सशस्त्र यहुदीहरूले लाखौँलाख रैथाने प्यालेस्टाइनीहरूलाई जबर्जस्ती लखेटे, हजारौँहजार गाउँहरू खालि गराए र हजारौँको हत्या गरे। सन् १९४८ सम्ममा यहुदीहरूको जनसङ्ख्या ८२ प्रतिशत पुऱ्याए। यसरी रैथाने प्यालेस्टिनीहरूलाई लखेटेर, गाउँबाट विस्थापित गरेर, हत्या र दमन गरेर साम्राज्यवादी बेलायतले 'द्यः पालं द्यः पितिनेगु' अर्थात् देवता कुरुवाले देवतालाई नै लखेट्ने आहान त्यहाँ चरितार्थ गऱ्यो।

आफ्नो भूमिबाट लखेटिएको विरोधमा प्यालेस्टिनीहरूले नक्बा (the catastrophe) अर्थात् बिजाइँ दिवस मनाउँछन्। त्यस दिन बलजफ्ती प्यालेस्टिनीहरूको विस्थापनका साथै तिनीहरूको समाज, संस्कृति, परिचय, राजनीतिक अधिकार र राष्ट्रिय आकाङ्क्षामाथि बिजाइँ गरेको स्मरण गरिन्छ। एक तथ्याङ्कअनुसार सन् १९४८ मा इजरायल स्थापना गर्न यहुदीहरूको सैन्यबलले कम्तिमा साढे ७ लाख प्यालेस्टिनीहरूलाई धपाए, ५०० गाउँहरू खालि गराए, हजारौँको हत्या गरे र प्यालेस्टाइनको ७८ प्रतिशत भन्दा बढी भूभाग कब्जा गरे। यहुदीहरूले प्यालेस्टिनी जाति नै निमित्यान्न पार्ने त्यस दुस्कार्यको विरोधमा हरेक वर्षको मई १५ का दिन बिजाइँ दिवस मनाउँछन्।

यहुदीवादी इजरायलले मध्यपूर्वमा शान्तिका लागि भए-गरेका प्रयासलाई हाकाहाकी उल्लङ्घन गर्दै आएको छ। सन् १९९३ मा इजरायल र प्यालेस्टाइन मुक्ति सङ्गठन (पिएलओ) बीच ओस्लो समझदारी भयो। समझदारी अनुसार दुवै देश दुई राज्य समाधानतर्फ जाने भयो। यसको लागि सीमित अधिकारको 'अन्तरिम प्यालेस्टिनी प्राधिकरण' स्थापना गरियो। तर फासीवादी इजरायलले प्यालेस्टिनीहरूलाई स्वतन्त्रपूर्वक बाँच्न नदिएकोमात्र

होइन जातिभेद, नाकाबन्दी, तुच्छ व्यवहार, प्यालेस्टिनीहरूको घर भत्काएर र गाउँबाट धपाएर यहुदीहरूलाई बस्न दिने कर्तुतमा कुनै कमी ल्याएन । त्यसको विरोध प्यलेस्टिनीहरूको विभिन्न सङ्गठनहरूले प्यालेस्टाइनमा र विदेशमा शान्तिपूर्ण विरोध दसकौंदेखि गर्दै आएका छन् । कतिपय समूहहरूले सशस्त्र प्रतिकार पनि गर्दै आएका छन् ।

यसैक्रममा गएको सेप्टेम्बर २२ (असोज ५ गते) इजरायलका प्रधानमन्त्री न्यतन्याहुले संरा सङ्घको ७८ औं महासभामा 'नयाँ मध्यपूर्व' भन्दै एउटा नक्सा देखाए । त्यसमा प्यालेस्टाइन भनेर छुट्याएको गाजा पट्टी र पश्चिम किनार हटाएर पूरै प्यालेस्टाइन क्षेत्रलाई 'इजरायल' बनाइएको थियो ।




कथित 'नयाँ मध्य पूर्व' नक्सा देखाउँदै न्यतन्याहु

त्यसको सर्वत्र विरोध भयो । आफ्नो देश लुट्ने यहूदीवादीले प्यालेस्टाइन र प्यालेस्टिनीहरूको अस्तित्व नै मेटेको विराधमा र लुटिएको देश फिर्ता लिन प्यालेस्टाइनीहरूको एक सशस्त्र समूह हमासले इजरायल माथि रकेट प्रहार गरेको थियो । त्यो आफ्नो भूमि लुट्ने र छुट्याइएको क्षेत्रमासमेत अतिक्रमण र कब्जा गर्ने फासीवादीहरूलाई एक जवाफ थियो । तर, साम्राज्यवादी अमेरिकाको धापमा इजरायलले मानव बस्ती, अस्पताल, विश्वविद्यालय, संरा सङ्घका भवनहरूलगायतमा अन्धाधुन्ध बमबारी गरिरहेको छ । सुरुमा इजरायलले उत्तरी गाजाका प्यालेस्टिनीहरूलाई सुरक्षित हुन दक्षिणी क्षेत्रमा जान 'आदेश' जारी गरेको थियो । हजारौं मानिसहरू समेट्न सक्ने पोको पुन्तुरो बोकेर दक्षिणतर्फ भागे । सबैले त्यसलाई 'दोस्रो नक्बा' को संज्ञा दिए । तर, इजरायलले दक्षिणका शरणार्थी शिविरहरूमा पनि हमला गरेर थुप्रैको ज्यान लिए ।



'दोस्रो नक्बा' भनिएको हजारौं प्यालेस्टिनीहरूको विस्थापन

तर, प्यालेस्टिनीहरू आफ्नो भूमि फिर्ता लिन र स्वतन्त्र राज्य स्थापना गर्न सात दसकदेखि सङ्घर्षरत छन् । प्यालेस्टिनीहरूको जायज मागप्रति विश्वका थुप्रै देश र अल्याख जनताले साथ र सहयोग गरिरहेका छन्, समर्थन गरिरहेका छन् ।

युद्ध निश्चय पनि प्रिय हुँदैन । तर, आफ्नो लुटिएको देश फिर्ता लिने कुनै विकल्प नभएपछि सङ्घर्ष र युद्ध गर्नु प्यालेस्टिनीहरूको बाध्यतापूर्ण कर्तव्य र हक हो ।

युद्धको पनि आफ्नै नियम हुन्छ । तर, फासीवादी इजरायल कुनै नियममा बाँधिएको छैन । ऊ छाडा साँढे होइन बहुलाएको कुकुर भएको छ । त्यसैले गाजा पट्टीलाई खाद्यान्न, पानी, बिजुली रोकेर, जथाभावी बम वर्षा गरेर 'नरक' बनाइदिएको छ । उसले गरेको बम वर्षाबाट आँखाले नभ्याउने टाढा सम्मका नागरिक बस्ती, अस्पताल, विद्यालय, शरणार्थी शिविर ध्वस्त भएका छन् । उसले 'आत्म रक्षा' मा हमासलाई होइन प्यालेस्टिनी बाल–बच्चा, महिला–वृद्ध, सुत्केरी–बिरामी सारमा प्यालेस्टिनी जातिकै हत्या गरिरहेको छ । गाजामा झन्डै ५० प्रतिशतभन्दा बढी घर, भवन, पूर्वाधार विनास पारेको छ । अल जजीराले जनाएअनुसार नोभेम्बर २ सम्ममा इजरायलले ३६५ वर्ग किमी क्षेत्रफल (हाम्रो ललितपुर जिल्ला ३८५ वर्ग किमी) को गाजामा २५,००० टनभन्दा बढी विस्फोटक पदार्थ प्रहार गरिसकेको छ । त्यसो भनेको २ ओटा आणविक बमबराबर भएको बताइन्छ ।

साम्राज्यवादी अमेरिकाको धापमा फासीवादी इजरायलले प्यालेस्टाइनलाई ध्वस्तै बनाउने अपराधविरुद्ध विश्वका जनता प्यालेस्टिनीहरूको पक्षमा उर्लिएका छन् ।

आफ्नो मातृभूमी फिर्ता लिन सात दसकदेखि लडिरहेका वीर प्यालेस्टिनीहरू अर्को सात पुस्ता लड्ने छन्, आफ्नो आजू पूरा गर्न साम्राज्यवादी र फासीवादी सामु कहिल्यै झुक्ने छैनन् ।

# यहुदीवादको समयक्रम

– कारा लेमिन र ग्याब्रियल स्पीर

सन् १८७८ : प्यालेस्टाइनमा पहिलो यहुदीवादी बस्ती बस्यो ।

सन् १८८१ : रुसमा यहुदी सफाया बढ्दै गर्दा प्यालेस्टाइनमा यहुदी बसाइसराइको पहिलो लहर (आलिया-Aliyah) सुरु भयो ।

सन् १८९६ : थियोडर हर्जलले 'यहुदी राज्य' नामक पुस्तक लेखेर यहुदीवादी आन्दोलनको जग हाले ।

सन् १८९७ : विश्व यहुदीवादी सङ्गठनको स्थापना भयो । यसले आफ्नो पहिलो सम्मेलन गर्‍यो ।

सन् १८९९ : यहुदीवादी आन्दोलनलाई पुँजी र ऋण दिलाउन यहुदी औपनिवेशिक कोष स्थापना भयो । यसलाई बैङ्कको रूपमा प्रयोग गरियो ।

सन् १९०१ : यहुदी बस्तीको लागि जमिन खोज्न यहुदी राष्ट्रिय कोष नामक संस्थाको स्थापना भयो ।

सन् १९०७ : यहुदी बस्तीको लागि बसाइसराइको दोस्रो आलिया सुरु भयो ।

सन् १९०९ : तेल अभिभको स्थापना भयो । प्यालेस्टाइनमा हाशोमर नामक पहिलो सैन्य 'आत्मरक्षा' यहुदी दलको स्थापना भयो ।

सन् १९१६ : साइक्स-पाइक सम्झौताले अटोमन साम्राज्यलाई बेलायत र फ्रान्सबीच बाँड्ने तय भयो । प्यालेस्टाइन बेलायतको भागमा पर्ने भयो ।

सन् १९१७ : बेलायती विदेशमन्त्री आर्थर बाल्फोरले प्यालेस्टाइनमा 'यहुदीहरूको राष्ट्रिय घर' बनाउने वचन दिए । यहुदी नरसंहारमा परेर बचेका शरणार्थीहरूलाई बेलायतबाट टाढा राख्न उनले यो उपाय लगाएका थिए ।

सन् १९२० : बेलायतको सहयोगमा भूमिगत सैनिक सङ्गठन 'हगाना' बन्यो । यो पछि इजरायली सुरक्षा निकायमा फेरियो ।

विन्स्टन चर्चिलले यहुदीवादलाई बोल्शेभिकहरूसँग भिडाउने नीति तयार गरे र यहुदीवादलाई समर्थन गर्न आह्वान गरे ।

सन् १९२९ : 'हगाना' ले प्यालेस्टाइनमा हतियार तस्करी गर्न थाल्यो ।

'हगाना' बाट 'इर्गुन' नामक शाखा छुट्टियो । यो सङ्गठन बेलायतको विरोधी थियो भने अरब जातिलाई देखिसहँदैनथ्यो ।

सन् १९३३ : जर्मनीमा हिटलर सत्तामा आए । यसले गर्दा यहुदी शरणार्थीहरू ठूलो सङ्ख्यामा प्यालेस्टाइनमा बसाइसराइ गर्न थाले ।

सन् १९३५ : 'हगाना' ले प्यालेस्टाइनमा हतियार तस्करी गरिरहेको कुरा खुल्यो । त्यसले गर्दा प्यालेस्टाइनमा 'महाविद्रोह' भयो । बेलायती सेनाको लागि त्यो उसको औपनिवेशिक इतिहासकै सबैभन्दा ठूलो विद्रोह थियो ।

सन् १९३६-३९ : बेलायतविरोधी 'महाविद्रोह' लाई 'इर्गुन' र 'हगाना' को सहयोगमा बेलायती सेनाले दबायो । यी तीनओटा सेना मिलेर ५ हजार प्यालेस्टाइनीहरूको हत्या गरे ।

सन् १९३९ : विद्रोह दबाएपछि बेलायतले बाल्फोर घोषणा थाती राखेको श्वेतपत्र जारी गर्‍यो । त्यसमा अरब र यहुदी दुवै धर्मावलम्बीको 'स्वतन्त्र प्यालेस्टाइनी राज्य' बन्नुपर्ने लेखिएको थियो । बेलायतले यहुदी आप्रवासनलाई सीमित गर्‍यो ।

सन् १९४२ : यसको जवाफमा यहुदीवादीहरूले बिल्टमोर कार्यक्रम अघि सारे । त्यसमा यहुदी राज्य निर्माण गर्न आह्वान गरिएको थियो ।

सन् १९४७ : संयुक्त राष्ट्र सङ्घले प्यालेस्टाइनलाई यहुदी र प्यालेस्टिनी राज्यमा बाँड्ने १८१ प्रस्तावना अघि सार्‍यो । प्यालेस्टाइनमा यहुदीहरूको ओइरो लाग्यो ।

सन् १९४८ मार्च : 'हगाना' ले 'डलेट' योजना बनायो । प्यालेस्टिनी गाउँहरू ध्वस्त पार्दै त्यहाँका जनतालाई लघार्नु यो योजनाको लक्ष्य थियो ।

**अप्रिल महिना :** यहुदीवादी अर्धसैन्य समूहले देअर यास्नि गाउँमा १०० भन्दा बढी प्यालेस्टिनीहरूलाई एकै चिहान बनायो ।

**मे महिना :** इजरायलले छिमेकी देशहरूलाई युद्ध गर्न उक्साउने गरी नयाँ राज्य स्थापना भएको घोषणा गर्‍यो । यसर्थ उसले इजरायली रक्षा बल (आइडिएफ) स्थापनाको घोषणा गर्‍यो । सन् १९४७ मा छुट्याएको भन्दा पनि बढी भूभाग कब्जा गर्न थाल्यो । उसले आफ्नो नयाँ सिमानालाई 'हरित रेखा' भन्यो ।

**डिसेम्बर महिना :** संयुक्त राष्ट्र सङ्घले प्रस्ताव १९४ पारित गर्‍यो । यो प्रस्तावना अनुसार प्यालेस्टिनी जनतालाई आफ्नो घरमा फर्किने अधिकार छ ।

सन् १९४९ : छिमेकी देशहरूसँगको इजरायलको युद्ध टुङ्गियो । साढे ७ लाख प्यालेस्टिनीहरू विस्थापित र

निर्वासित भए ।

सन् १९५० : इजरायलले 'फिर्ती कानुन' ल्यायो । विश्वका जुनसुकै कुनामा बसोबास गर्ने यहुदीहरूलाई आफ्नो देशमा स्वागत गर्दै तिनलाई नागरिकता दिने भनियो ।

सन् १९५६ : इजरायलले इजिप्टको साइनाइ प्राय:द्वीपमाथि हमला गर्‍यो । बेलायत र फ्रान्सले उसलाई सो हमलामा मद्दत गरे । स्वेज नहरमाथि पहुँच प्राप्त गर्न त्यो हमला गरिएको थियो ।

सन् १९५०–६० को दशक : संरा अमेरिकामा यहुदीवादीहरूले ठूलाठूला कार्यक्रमहरू गरे । ती कार्यक्रममा समाजवादी र मजदुर वर्गीय विचार राख्ने यहुदीहरू पनि सामेल भएका थिए । उनीहरूले त्यसलाई अमेरिकी यहुदीवाद भनेर धाक लगाए ।

सन् १९६७ : इजरायलले आफ्ना छिमेकी देशहरूमाथि आक्रमण गर्‍यो । उसले इजिप्टको साइनाइ, सिरियाको गोलन थुम्को र इजिप्ट नियन्त्रित गाजा, जोर्डन नियन्त्रित पश्चिम किनारा र पूर्वी जेरुसेलम कब्जा गर्‍यो । ३ लाख प्यालेस्टिनीहरू निर्वासित भए र बाँकी सबै प्यालेस्टिनीहरूलाई इजरायली भूभागमा राखियो ।

सन् १९७५ : संयुक्त राष्ट्र सङ्घले प्रस्ताव ३३७९ पारित गर्‍यो । त्यसमा यहुदीवादलाई जातिवादकै एक रूप किटान गरिएको छ ।

सन् १९७८ : क्याम्प डेभिड समभ्रुदारी भयो । सोही अनुसार इजरायल र इजिप्टबीच शान्ति सम्झौता भयो । उक्त सम्झौताअनुसार साइनाइ प्राय:द्वीप इजिप्टकै हुने भयो ।

सन् १९७९ : पादरी जेरी फालवेलले 'मोरल मेजोरिटी' नामक सङ्गठन स्थापना गरे । यो इजरायलको पक्षमा कटिबद्ध इसाई यहुदीवादी सङ्गठन हो । बाइबलमा भने अनुसार इजरायलले भूमि लिँदा यशु क्राइस्टले संसारमा पुन:जन्म लिनेमा यस सङ्गठनको विश्वास छ । बाइबलको भविष्यवाणीअनुसार क्राइस्टको दोस्रो आगमनले गैर इसाइहरू सबैको नाश हुनेछ ।

सन् १९८० : इजरायलले 'जेरुसेलम कानुन' पास गर्‍यो र जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गर्‍यो । यसको लागि उसले पूर्वी जेरुसेलम कब्जा गर्‍यो । माथि भनिएका इसाईहरूले इजरायलको सो पाइलालाई स्वागत गर्दै जेरुसेलममा अन्तर्राष्ट्रिय इसाई दूतावास स्थापना गरे ।

सन् १९८१ : इजरायलले आधिकारिक रूपमै सिरियाको गोलन थुम्को कब्जा गर्‍यो ।

सन् १९८२ : इजरायलले लेबनानमाथि हमला गर्‍यो । त्यहाँबाट प्यालेस्टिनी मुक्ति सङ्गठन (पिएलओ, प्यालेस्टिनियन लिबरेसन अर्गनाइजेसन) ले आफ्ना गतिविधि तीव्र पार्दै थियो । १९८२ सेप्टेम्बरमा 'लेबनिज फालान्ज' नामक दक्षिणपन्थी इसाई दल र इजरायली सेना मिलेर ३५ हजार प्यालेस्टिनी र लेबनानीहरूको हत्या गरे । मारिनेहरू पश्चिम बेरुत सहरका दुई शरणार्थी शिविरहरूमा बसोबास गर्दै आएका थिए । इजरायली हमलाका कारण लेबनानले 'पिएलओ' का कार्यकर्तालाई देशनिकाला गर्‍यो । इजरायलले सन् २००० सम्म दक्षिण लेबनानमा अड्डा जमाइरह्यो ।

सन् १९८७ : पहिलो इन्तिफादा आन्दोलन सुरु भयो । अरबी भाषामा इन्तिफादाको अर्थ विद्रोह हुन्छ । इजरायलले ठूलो सङ्ख्यामा व्यवस्थित रूपमा विद्रोहीहरूलाई घाइते बनायो ।

सन् १९९३ : इजरायल र 'पिएलओ' ले पहिलो ओस्लो समभ्रुदारीमा हस्ताक्षर गरे । समभ्रुदारी अनुसार दुवै देश दुई राज्य समाधानतर्फ जाने भयो । यसको लागि 'अन्तरिम प्यालेस्टिनी प्राधिकरण' स्थापना गरियो । त्यससँग सीमित अधिकार थियो । (समभ्रुदारीको पूर्ण कार्यान्वयन भने हुन सकेन ।)

सन् १९९४ : इजरायल र जोर्डनबीच शान्ति सन्धि भयो ।

सन् १९९५ : दोस्रो ओस्लो सम्झौता भयो । पश्चिम किनार क्षेत्रलाई क, ख र ग क्षेत्र भनी विभाजन गरियो । ती तीनै क्षेत्रमा इजरायलले फरकफरक तरिकाले नियन्त्रणमा राख्ने भयो ।

सन् २००० : दोस्रो इन्तिफादा आन्दोलन सुरु भयो ।

सन् २००२ : त्यसको जवाफमा इजरायलले पश्चिम किनार क्षेत्रमा 'प्रतिरक्षा कारबाही' सुरु गर्‍यो । यो सन् १९६७ यताकै सबैभन्दा ठूलो आक्रमण थियो । सोही दौरान उसले रङ्गभेदी पर्खालको निर्माण थाल्यो ।

सन् २००४ : इजरायली प्रधानमन्त्री एरियल स्यारोनले गाजा क्षेत्रबाट एकतर्फी रूपमा सम्बन्ध तोड्ने योजना घोषणा गरे ।

सन् २००५ : इजरायलको गाजाबाट एकतर्फी सम्बन्ध–तोड योजना अघि बढ्यो । हजारौँ इजरायली बासिन्दाहरूले प्यालेस्टाइन छोड्न थाले । प्यालेस्टिनी प्राधिकरणले गाजामा शासन गर्न थाल्यो तर गाजाको सीमा

इजरायलले नियन्त्रण गऱ्यो ।

सन् २००६ : अमेरिकी पादरी जोन हेजीले 'इजरायलका निम्ति इसाई एकता' नामक सङ्गठन खोले । यो संरा अमेरिकाको सबैभन्दा ठूलो इजरायलपक्षधर सङ्गठन हो । यसमा २० लाख सदस्य छन् ।

सन् २००७ : हमासले गाजामाथि नियन्त्रण कायम गऱ्यो । यही बहानामा इजरायलले सो क्षेत्रमा नाकाबन्दी सुरु गऱ्यो ।

सन् २००८–०९ : इजरायलले गाजामाथि तीनहप्ते हमला सुरु गऱ्यो । सो कारबाहीमा परेर १४ सय प्यालेस्टिनीले ज्यान गुमाए । इजरायलले गाजा क्षेत्रका भौतिक पूर्वाधारहरू नष्ट गऱ्यो । गाजा अब पूर्णतः पराश्रित बन्न पुग्यो ।

सन् २०१४ : इजरायलले गाजाविरुद्ध सातहप्ते हमला गऱ्यो । त्यस कारबाहीमा परेर १८ सय गाजावासीको मृत्यु भयो ।

सन् २०१७ : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेरुसेलमलाई इजरायलको राजधानीको मान्यता दिए । आफ्ना चुनावी प्रचारसभाहरूमा अमेरिकी यहुदीवादीहरूसँग गरेको प्रतिबद्धता उनले पूरा गरे । यसका साथै उनले अमेरिकी राजदूतावासलाई जेरुसेलममा सार्न निर्देशन दिए ।

सन् २०१८ : जेरुसेलमस्थित अमेरिकी दूतावासको उद्घाटनमा ट्रम्पले आफ्ना छोरी र ज्वाइँलाई पठाए । इजरायलले आफ्नो रङ्गभेदी शासन सुरु गरेको ७० औँ वार्षिकीको मौकामा सो उद्घाटन गरिएको थियो ।

सन् २०२० : इजरायलले पश्चिम किनारामा बढाइरहेको ठूलो आकारको कब्जाकारी गतिविधि रोक्यो । संयुक्त अरब एमिरेट्ससँग कूटनीतिक सम्बन्ध स्थापनाको सर्तअनुसार उसले उक्त निर्णय गरेको थियो । यसका साथै इजरायलले बहराइन, मोरक्को र सुडानसँग पनि सम्बन्ध सामान्य बनायो ।

सन् २०२३ : इजरायली प्रम नेतन्याहुले राष्ट्रसङ्घको महासभामा प्यालेस्टाइनविहीन मध्यपूर्वको नक्सा देखाएपछि र प्यालेस्टिनीहरूको पवित्र धार्मिकस्थल अल नक्सा प्रवेशमा प्यालेस्टिनी जनतामाथि प्रतिबन्ध थोपरेपछि गाजामा सक्रिय हमास समूहले प्रतिरोध युद्ध गऱ्यो ।

('अ ल्यान्ड विथ ए पिपल' बाट), मजदुर दैनिक, १९ कार्तिक २०८०

# गाजामा सहयोग रोक्नु 'अपराध' हुनसक्छ – आईसीसी

कायरो, ३० अक्टोबर (एएफपी) । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) का प्रमुख अभियोजकले गाजामा मानवीय सहयोग रोक्नु मानवीय अपराध हुनसक्ने कार्तिक १३ गते चेतावनी दिनुभएको छ ।

'जेनेभा महासन्धिले प्रदान गरेको राहत आपूर्तिमा अवरोध उत्पन्न गर्नु अदालतको क्षेत्राधिकारभित्र अपराध हुनसक्छ', कायरोमा पत्रकारहरूसँग करिम खानले भन्नुभयो ।

उहाँले इजिप्टको रफाह क्रसिङको भ्रमण गरेपछि सो कुरा बताउनुभएको हो । उहाँले अत्यावश्यकीय सामग्रीले भरिएका ट्रकहरू रफाह क्रसिङमा रोकिएको र गाजामा प्रवेश नपाएको बताउनुभयो ।

'मैले मानवीय सहयोगसहित भरिएका ट्रकहरू त्यहाँ रोकिएको दखेँ जहाँ कसैलाई त्यो सहयोग आवश्यक थिएन, इजिप्टमा रोकिएको थियो, रफाहमा रोकिएको थियो', उहाँले भन्नुभयो, 'यी आपूर्ति गाजाका नागरिकहरूलाई कुनै ढिलाइ नगरी उपलब्ध गराउनुपर्छ ।'

हाल हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवेश गराउने रफाह एउटा मात्र प्रवेश बिन्दु हो । हमास नियन्त्रित उक्त क्षेत्रले पूर्ण घेराबन्दी र इजरायली बमबारीको सामना गरिरहेको छ ।

अक्टोबर २१ मा रफाह क्रसिङमार्फत सीमित सहयोग सामग्री वितरण सुरु भएको थियो र अहिलेसम्म एक सय १७ ट्रक रफाह क्रसिङबाट गाजा प्रवेश गरेका छन् । घेराबन्दी हुनुभन्दा पहिला सहयोग सामग्री र अन्य सामग्री लिएर करिब पाँच सय ट्रक प्रत्येक दिन गाजामा प्रवेश गर्थे ।

गाजामा सर्वसाधारणलाई आधारभूत खाद्यान्न र औषधि सुनिश्चित गर्नका लागि इजरायलले बिना कुनै ढिलाइ ठोस प्रयास गर्नुपर्ने आफूले इजराइललाई स्पष्टरूपमा भन्न चाहेको खानले बताउनुभयो ।

'यसमा गाजा र पश्चिम किनारमा भएका हालका घटना सामेल छन्', उहाँले भन्नुभयो, 'सन् १९६७ देखि इजराइलले कब्जामा लिएको क्षेत्रमा प्यालेस्टिनी नागरिकहरूविरुद्ध आक्रमण गरेका घटनाको सङ्ख्या बढ्दै गएको रिपोर्टले म अत्यन्त चिन्तित छु ।'

# प्यालेस्टिनीहरूले कहिल्यै नबिर्सने नक्बा

विकास श्रेष्ठ





नेपालीहरूलाई बर्मा, आसाम, भुटान आदि ठाउँबाट त्यहाँका सरकार र स्थानीयहरूले लखेटेको घटना धेरैले पढेका र सुनेका छन् र कतिपयले भोगेका छन्। दसकौँदेखि बसिरहेका ती नेपाली मूलकाले जोडेका आफ्नो घर–खेत, सम्पत्ति आदि सबै छोडेर ज्यान जोगाउन भाग्न बाध्य पारिएको थियो। तिनीहरू घुम्दै फिर्दै आफ्नो पुर्खाको थलो नेपाल आए र ल्याइए। भुटानीहरू पुर्खाको थलोमा पनि शरणार्थी भएर बसेको र तीमध्ये हजारौँलाई विभिन्न मुलुकमा पठाइएको छ। ती भगाइएका, लखेटिएकाहरू नेपाली मूलका भए पनि तत् देशका नागरिक थिए। विदेशी मूलका भए पनि ती देशले आफ्नै नागरिकलाई बिना अपराध देश निकाला गर्नु अन्याय हो, अत्याचार हो।

यस्तै अन्याय र अत्याचार प्यालेस्टाइनमा झनै निर्मम ढङ्गले भएको छ। प्यालेस्टाइन क्षेत्रमा शताब्दीयौँ देखिको इतिहास, संस्कृति बोकेको क्षेत्रमा मुसलमान, अरबीहरू बस्दै आएका थिए र केही प्रतिशत यहूदीहरू पनि थिए। त्यहाँ झन्डै ८० प्रतिशत प्यालेस्टाइनी मुसलमानहरूको बसोबास थियो। त्यो भूगोलको नाम नै प्यालेस्टाइन हो, त्यसैले त्यो देश, त्यहाँको संस्कृति, सभ्यता, समाज सबै प्यालेस्टाइनी हो। यद्यपि, त्यहाँ अन्य जातजातिका बासिन्दा पनि मिलेरै बसेका थिए र आ–आफ्नो संस्कृति र समाजलाई निरन्तरता दिइरहेका थिए।



प्यालेस्टिनीहरूलाई थातथलोबाट जबरजस्ती लखेटिएका स्थानहरू

जर्मनीमा हिटलरको फासीवादी शासन सुरु भएपछि आफूलाई 'सर्वश्रेष्ठ जाति' र यहूदी जातिलाई निकृष्ट ठहऱ्याउँदै घोर दमन गऱ्यो, हजारौँ हजारको हत्या र पक्राउ गरी यातना शिविरमा कोच्यो। परिणाम यहूदीहरू लखेटिए र ज्यान बचाउन विभिन्न देशमा भागे। दोस्रो विश्वयुद्धपछि साम्राज्यवादीहरूले यत्रतत्र छरिएका यहूदीहरूलाई प्यालेस्टाइनमा बसाउने योजना बनाए। यहूदीहरूको जातिवादी सङ्गठनले त्यसलाई सघाए। यसरी आफ्नो देशमा विदेशी यहूदीहरूको देश 'इजरायल' बनाएपछि रैथाने




शताब्दीयौँदेखि बसिरहेका प्यालेस्टिनीहरूलाई लखेट्दै यहूदीहरूले हड्पेको भूमि





सम्पति लुटिएका प्यालेटिस्नीहरू पोकोपुन्तुरो बोकेर विस्थापित भए।


प्यालेस्टिनीहरूले विरोध गर्नु स्वाभाविक थियो, आवश्यक र अनिवार्य पनि थियो। तर, पश्चिमा साम्राज्यवादीहरूको साथ सहयोग पाएका जातिवादी यहूदीहरूले प्यालेस्टाइनको भूमि हडपेको मात्र होइन रैथाने प्यालेस्टिनीहरूलाई आफ्नै जन्मभूमिबाट लखेटे। त्यसक्रममा जातिवादी यहूदीहरूका विभिन्न सशस्त्र समूहहरूले नियोजित रूपमा प्यालेस्टिनीहरूलाई आफ्नै थातथलोबाट भगाउन र लखेट्न थुप्रै हत्याकाण्डहरू मच्चाए।



थातथलोबाट जबरजस्ती लखेटिएका प्यालेटिस्नीहरू यस्तै पालमा शरणार्थी जीवन जिउन बाध्य पारिए।

सन् १९४७ देखि १९४९ को बीचमा ७ लाख ५० हजारदेखि १० लाख प्यालेस्टिनीहरूलाई भगाएका थिए। तिनीहरू छिमेकी लेबनान, जोर्डान, सिरिया आदि देशमा शरणार्थी भएर बस्न बाध्य पारे। आफ्नो जातलाई 'सर्वश्रेष्ठ' ठान्ने हिटलरले यहूदीलाई नीच ठानेर लखेटेजस्तै यहूदीहरूले प्यालेस्टिनीहरू 'गैर यहूदी' भएकोले लखेटेका कारण हिटलर र जातिवादी यहूदीमा समानता देखिएको छ।

सन् १९९३ मा भएको ओस्लो सम्झौताले प्यालेस्टिनीहरूको लागि पश्चिम किनार र गाजापट्टी छुट्याइयो।



प्यालेस्टाइन राज्यको कूटनैतिक सम्बन्ध रहेका देशहरू

बेलायती साम्राज्यवाद, तत्कालीन संयुक्त राष्ट्रसङ्घ, साम्राज्यज्यवादी संरा अमेरिकालगायतको षड्यन्त्र र बल मिचाईमा प्यालेस्टिनीहरूको हत्या र विस्थापन गरी फासीवादी इजरायल स्थापना गरे पनि प्यालेस्टिनी जनताको



न्यायोचित हकप्रति विश्वका थुप्रै सरकार र अल्याख जनताको साथ–सहयोग र समर्थन छ। विश्वका १३९ देशसँग प्यालेस्टाइन राज्यको द्वीपक्षीय सम्बन्ध र कूटनैतिक सम्बन्ध रहेको छ।

तर, प्यालेस्टिनी राज्यमा पनि फासीवादी इजरायलले अतिक्रमण, आक्रमण गर्न छोडेन, नाकाबन्दी र स्वतन्त्र आवतजावतमा अवरोध गर्न सिमेन्टका पर्खाल र काँडेतार लगाएर विभेदलाई निरन्तरता दिइरहेको छ।




त्यसमाथि इजरायलका प्रम न्यतन्याहुले संयुक्त राष्ट्रसङ्घको महासभामा 'नया मध्यपूर्व' को नक्सा भन्दै प्यास्टिनीहरूको शासन रहेको पश्चिम किनार र गाजापट्टीलाई पनि इजरायल बनाएपछि हमासले प्यालेस्टिनीहरू जीउँदै




रहेको प्रमाणको रूपमा जवाफ दिएको थियो ।

संयुक्त राष्ट्रसङ्घले स्वीकृत गरेको आफ्नो घर फर्कन पाउने, भूमि र सम्पत्ति फिर्ता लिन पाउने अधिकारलाई यहूदीवादीहरू र तिनको 'इजरायल' ले अस्वीकार गर्दै आएको छ । हिजो हिटलरको यहूदी जाति नै सखाप पार्ने फासीवादी नीति कै पदचिह्नमा इजरायलले रैथाने प्यालेस्टिनी जाति नै सखाप पार्ने फासीवादी नीति नियोजित, योजनावद्ध र नियमित रूपमा अङ्गालिरहेको स्पष्ट छ । यो कार्य यहूदीहरूले इजरायलको स्थापनाभन्दा पहिले देखिनै गरेका थिए । तिनीहरूले ५०० भन्दा बढी सहर, गाउँ र बस्तीका प्यालेस्टिनीहरूलाई आक्रमण र हत्याको आतङ्क मच्चाएर लखेटेका थिए । त्यसमध्ये देअर यास्सिन गाउँ खालि गराउन १९४८ अप्रिल ९ मा विभत्स आमहत्या गरेको थियो । यस हत्याकाण्डका नाइकेहरू यहूदी सशस्त्र सङ्गठनहरू इर्गुनका नेता मेनाहम बेगिन र लेहीका नेता यित्जाक शमिर थिए जो पछि इजरायलका प्रधानमन्त्री भए । तर, त्यस अघिनै बेगिनलाई प्यालेस्टिनीहरूविरुद्ध आक्रमण र हत्याको आतङ्क मच्चाएकै कारण उनलाई 'एक नम्बरको आतङ्कवादी' भन्दै जीवित या लासको टाउकोको मूल्य १० हजार पाउण्ड तोकिएको थियो । 'कुख्यात आतङ्कवादी सङ्गठन इर्गुनको नेता' बेगिनलाई सन् ५० को दसकमा बेलायत आउन दिएको थिएन । देअर यास्सिन हत्याकाण्डबारे बेगिनले भनेका छन् –

'देअर यास्सिन आमहत्या आवश्यकमात्र थिएन; त्यो आमहत्या नगरेको भए इजरायलको जन्म हुनसक्ने थिएन ।'

अरब क्षेत्रका विभिन्न देशले देअर यास्सिन हत्याकाण्डको स्मृतिमा हुलाक टिकट जारी गरेका छन् ।




पटकपटकको हत्याकाण्डहरू गरेर आठ–दस लाख प्यालोस्टिनीहरूलाई पुर्खाको थातथलोबाट विस्थापित गरी शरणार्थी बनाए भने १५ हजारभन्दा बढीको हत्यापछि जन्माइएको इजरायलमा सन् १९४८ तिर करिब डेढ लाख प्यालेस्टिनीहरूलाई बस्न दिइएको थियो । तीमध्ये कतिपयलाई इजरायलले नागरिकता पनि दिए । तर, उनीहरू सैनिक कानुन अन्तरगत राखिए, दोस्रो दर्जाको नागरिकको व्यवहार गरिए, जातिवादी कानून बनाए र विभेद गरे । यसरी, यहूदीवादी इजरायलले आपार्थाइड प्रणाली अन्तरगत प्यालेस्टिनको भूमिमा प्यालेस्टिनीमाथिनै अन्यायी शासन चलाए ।

आपार्थाइड अर्थात् जाति र रङ्गको आधारमा विभेद गरिने बन्दोवस्तको कुरा आउँदा दक्षिण अफ्रिकामा गोरा जातिवादी शासकहरूले रैथाने कालाजातिमाथि गरेको घोर अन्यायपूर्ण शासनको स्मरण हुन्छ । गोरा शासकहरूले कालाजातिलाई मनुष्य मान्दैनथ्यो, कुकुरभन्दा तल्लोस्तरको पशु मान्दथ्यो । त्यस्तै, भारत बेलायतको उपनिवेश छँदा गोरा शासकहरूले भारतीयहरूलाई आफ्नै देशमा कुकुरकै दर्जा दिएको थियो । अहिल भारतमा नरेन्द्र मोदीको शासनमा गैरहिन्दूलाई विभेद गर्ने फासीवादी नीतिले भारतीय जनता आक्रान्त रहेका छन् ।

फासीवादी यहूदीहरूले आतङ्क र हत्याकाण्ड मच्चाई प्यालेस्टिनीहरूलाई लखेटेपछि खाली गाउँ, घर–खेतलगायतका सम्पति 'बेवारिसे सम्पत्ति' भन्दै यहूदीहरूलाई बसाउने र हडप्ने गर्थे । यो काम इजरायल राज्यको जानकारी र सहयोगमा सेना, प्रहरी, सशस्त्र र फासीवादी यहूदीहरूले गरेका थिए ।

तर, जहाँ अन्याय हुन्छ त्यहाँ सङ्घर्ष, प्रतिरोध र विद्रोह हुन्छ । प्यालेस्टिनीहरूले शान्तिपूर्ण र सशस्त्र विरोध दसकौंदेखि गर्दै आएका छन् । यसैक्रममा प्यालेस्टिनीहरूले हरेक वर्षको मई ५ तारिखमा नक्बा दिवस (Nakba Day) मनाउँछन् । नक्बा अरबी भाषा हो । इजरायलको स्थापना सन् १९४८ मई १४ मा गरिएको थियो भने त्यसको भोलिपल्ट मई १५ देखि प्यालेस्टिनीहरूले नक्बा दिवस मनाउँदै आएका छन् । यस दिवसले विदेशी यहूदीहरूले आक्रमण, हिंसात्मक दमन, हत्याकाण्डको आतङ्क मच्चाएर रैथाने प्यालेस्टिनीहरूलाई




लखेटेको, राज्यविहीन बनाएको, समाज, संस्कृति, चिनारी, राजनैतिक अधिकार र राष्ट्रिय आकाङ्क्षा विनास पारेकोविरुद्ध





नक्बाको पुनः स्मरण : उत्तरी गाजाबाट दक्षिणतर्फ लाग्दै

आफ्नो घर, गाउँ, भूमिमा फर्कन पाउनु पर्ने हकको स्मरण गराउँछ, आफ्नो स्वतन्त्र राज्य स्थापना हुनुपर्ने तथ्यलाई औँल्याउँछ । त्यसैले प्यालेस्टिनीहरू नक्बा दिवस कहिल्यै बिर्सँदैनन् र नयाँ पुस्तालाई नबिर्सन शिक्षा दिन्छन् ।



नक्बा आन्दोलनको प्रतीक साँचो हो जसले आफ्नो लुटिएको घर, भूमि, देश फर्कन ताला खोल्ने अर्थ दिन्छ ।

पछिल्लो समय फासीवादी इजरायलले उत्तरी गाजापट्टीका प्यालेस्टिनीहरूलाई दक्षिणतर्फ जान चेतावनी दिएपछि एकैदिनमा ५० हजारभन्दा बढी प्यालेस्टिनीहरू थातथलोबाट सुरक्षित हुन लागेका थिए । त्यस घटनाले विश्वलाई नक्बाको पुनः स्मरण गरायो ।

तर, साम्राज्यवादी अमेरिकालगायतको धाप र बम–बारुदको सहयोगमा अहिले फासीवादी इजरायलले प्यालेस्टिनीहरूको जातीय सखाप पार्ने र पूरै भूमि हड्पने दुस्साहसलाई प्यालेस्टिनीहरूले असफल पार्नेनै छ र जोर्डान नदीदेखि भूमध्य सागरसम्मको स्वतन्त्र प्यालेस्टिन राज्य स्थापना गर्न एक दिन निश्चय पनि सफल हुनेछ । प्यालेस्टिनीहरूको आफ्नो गौरवको झन्डा जस्तोसुकै गाह्रोसाह्रोमा पनि फहरिरहने छ !




संरासङ्घ प्रधान कार्यालयमा ७५ औँ नक्बा दिवस मनाइयो

संयुक्त राष्ट्र सङ्घले पनि ७५ औँ नक्बा दिवस गएको मई १५ (२०२३) मा प्रधान कार्यालयमा पहिलो पटक मनाएको थियो ।

# प्यालेस्टिनीहरूको नरसंहारलाई समर्थन गरेकोमा बाइडेनको कडा आलोचना



वासिङ्टन डिसी, ८ नोभेम्बर (प्रेस टिभी)। संरा अमेरिकाको डेमोक्रेटिक सांसद मिचिगनकी **रशिदा तलाइबले** गाजापट्टीमा प्यालेस्टिनीहरूको निरन्तर इजरायली नरसंहारलाई समर्थन गरेकोमा राष्ट्रपति जो बाइडेनको कडा आलोचना गरेकी छिन् ।

एक्समा पोस्ट गरिएको भिडियोमा, बाइडेनको डेमोक्रटिक पार्टीबाट आएका तलाइबले उनलाई चेतावनी दिइन् कि अमेरिकीहरूले उनी अर्को वर्ष पुनः निर्वाचन लड्दा सम्झनेछन् ।

उनले बोलिसकेपछि, स्क्रिन अँध्यारो हुन्छ र सेतो अक्षरमा एउटा सन्देश देखा पर्दछः 'जो बाइडेनले प्यालेस्टिनी जनताको नरसंहारलाई समर्थन गरे । अमेरिकी जनताले बिर्सने छैनन् । बाइडेन, अब युद्धविरामलाई समर्थन गर्नुहोस् वा २०२४ मा हामीलाई भरोसा नगर्नुहोस् ।'

गत महिनादेखि, रङ्गभेदी जियोनिष्ट (यहुदीवादी) इजरायली शासनले घेराबन्दी गाजामा फसेका प्यालेस्टिनीहरूविरुद्ध अथक हमला सुरु गरेको छ, लगभग ३९०० बालबालिका र २५०० महिलाहरूसहित दस हजारभन्दा बढी प्यालेस्टिनीहरूलाई मारेको छ ।

कब्जा गरिएका भूमिहरूमा इजरायलीहरूले दशकौँ लामो अत्याचारको प्रतिक्रियामा हमासले रकेट आक्रमण गरेको थियो ।

प्यालेस्टिनी-अमेरिकी सांसद, जो प्यालेस्टिनी अधिकारको लागि लामो समयदेखि वकालत गर्दै छन्, २०१८ मा उनको चुनावपछि कांग्रेसमा इजरायलको सबैभन्दा स्पष्ट आलोचना भएको छ ।

'म हिजो, आज र हरेक दिन प्यालेस्टिनी र इजरायली जीवन गुमाएकोमा शोक व्यक्त गर्छु । म सधैँको जस्तै न्यायपूर्ण भविष्यको लागि लड्न कटिबद्ध छु जहाँ सबैले शान्तिमा, बिनाडर साँचो स्वतन्त्रता, समान अधिकार र मानव मर्यादाका साथ बाँच्न सक्छन् ।' उनले अगाडि भनिन्, 'त्यस भविष्यको बाटोमा अगाडि बढ्नुपर्छ । नाकाबन्दी, पेशाको अन्त्य, र रङ्गभेदी प्रणालीलाई ध्वस्त पार्ने जसले प्रतिरोध निम्त्याउन सक्ने दमनकारी, अमानवीय अवस्था अन्त्य गर्नुपर्छ । घेराबन्दी, पेशा र रङ्गभेदअन्तर्गत जीवन बिताउने हिंसक वास्तविकतालाई चिन्न नसक्दा कोही पनि सुरक्षित हुँदैन ।'

यस बीचमा, बाइडेनले युद्धविरामको लागि इजरायलीहरूलाई दबाब दिन अस्वीकार गरेका छन्, र गत महिनामा, उनको प्रशासनका कसैले प्यालेस्टिनीहरूको क्रूर सामूहिक हत्यामा इजरायली शासनको आलोचना पनि गरेको छैन ।

तलाइबको टिप्पणी इजरायली शासनले गाजापट्टीको घेरामा परेको प्यालेस्टाइन क्षेत्रका मानिसहरूको नरसंहारको प्रतिक्रियामा आएको छ, जहाँ पानी, खाना, औषधि र बिजुली यहुदीवादी राज्यद्वारा काटिएको छ ।

मजदुर दैनिक, कार्तिक २३, २०८०

# गाजामा मानवीय युद्धविराम तत्काल आवश्यक : महासचिव गुटेर्रेस

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले गाजामा देखिएको मानवीय विपत्तिले युद्धविरामलाई प्रत्येक बितेको घण्टामा थप जरुरी बनाएकोमा जोड दिनुभएको छ ।

महासचिव गुटेर्रेसले नोभेम्बर ६ मा प्रेससित भन्नुभयो, इजरायलले अमेरिकी सरकारको सहयोगमा गाजामा

जातीय सफाया गर्ने क्रममा घेरामा परेको गाजामा मानवीयतामात्र सङ्कटमा परेको होइन मानवता नै सङ्कटमा परेको बताउँदै 'गाजा केटाकेटीको चिहानमा परिणत भएको' बताएका थिए ।

बढ्दो द्वन्द्वले विश्वलाई हल्लाइरहेको छ, यस क्षेत्रलाई त्रसित पारेको छ र सबैभन्दा दुःखलाग्दो कुरा के हो भने, धेरै निर्दोषको ज्यान नष्ट भएको छ, उहाँले भन्नुभयो ।

इजरायली सेनाको भूमि अपरेसन र निरन्तर गोलाबारीले नागरिकहरू, अस्पतालहरू, शरणार्थी शिविरहरू, मस्जिदहरू, गिर्जाघरहरू र आश्रयस्थलहरू लगायत संयुक्त राष्ट्र सङ्घका सुविधाहरूलाई मारिरहेका छन् । कोही पनि सुरक्षित छैन ।

यस सम्बन्धमा, उहाँले भन्नुभयो, 'द्वन्द्वका पक्षहरू – र वास्तवमा, अन्तर्राष्ट्रिय समुदायले – तत्काल र मौलिक जिम्मेवारीको सामना गर्नुपर्छः अमानवीय सामूहिक पीडा रोक्न र नाटकीय रूपमा गाजामा मानवीय सहायता विस्तार गर्न जरूरी छ ।'

गाजा बालबालिकाका लागि चिहान बनिरहेको बेलामा तत्काल मानवीय युद्धविराम मात्र अगाडि बढ्ने बाटो हो, जसमा हरेक दिन सयौं बालबालिका मारिने वा घाइते भइरहेका छन् । कम्तिमा तीन दशकमा कुनै पनि द्वन्द्वमा भन्दा चार हप्ताको अवधिमा धेरै पत्रकार मारिएका छन् र विश्व सङ्गठनको इतिहासमा कुनै पनि तुलनात्मक अवधिमा भन्दा धेरै संयुक्त राष्ट्र मानवीय कार्यकर्ता मारिएका छन्, गुटेरेें इजरायली सेनाले राफा नाकाबाट इन्धन ल्याउन प्रतिबन्ध लगाएको छ । इन्धन, इन्क्युबेटरबिना नवजात शिशुहरू र जीवन समर्थनमा बिरामीहरूको मृत्यु हुनेछ । पानी पम्प वा शुद्ध गर्न सकिँदैन । फोहोर सडकमा फालिन थालेका छन्, रोग फैलाउन सक्छ । महत्त्वपूर्ण सहायताका ट्रकहरू फसेका छन्, उहाँले चेतावनी दिनुभयो ।

इजरायलले गाजामा मानवीय सहायता वितरण गर्ने जिम्मेवारीमा रहेका संयुक्त राष्ट्र मानवीय कार्यकर्ताहरूलाई पनि आक्रमण गरेको छ, जुन इजरायल सरकारले एक महिनाभन्दा बढी समयदेखि पूर्ण नाकाबन्दीमा रहेको छ, इन्धन, बिजुली, पानी र खाद्य आपूर्तिहरू काटेको छ ।

संयुक्त राष्ट्र सङ्घ र यसका साझेदारहरूले पूर्वी जेरुसेलमसहित गाजाका १७ लाख मानिसहरू र पश्चिम किनारमा पाँच लाख प्यालेस्टाइनीहरूलाई मद्दत गर्न १.२ बिलियन डलरको मानवीय अपील सुरु गर्दैछन्, गुटेर्रेसले भन्नुभयो ।

– टेलेसुर/सिन्हवा/मजदुर

# इजरायली बमबारीका कारण गाजामा 'नरसंहारको जोखिम' : संयुक्त राष्ट्रका विज्ञहरू

जेनेभा, ३ नोभेम्बर (प्रेस टिभी) । इजरायलले घेरामा परेको गाजापट्टीलाई विनाश गर्ने योजनाहरू रोक्न अस्वीकार गरेकोमा गहिरो निराशा व्यक्त गर्दै संयुक्त राष्ट्र सङ्घका विज्ञहरूको समूहले गाजामा 'नरसंहार र मानवीय विपत्ति रोक्न' समय सकिन लागेको चेतावनी दिएका छन् ।

'हामी विश्वस्त छौँ कि प्यालेस्टिनी जनता नरसंहारको गम्भीर जोखिममा छन्,' विज्ञहरूले भने । 'अहिले कारबाही गर्ने समय हो । इजरायलका सहयोगीहरूले पनि जिम्मेवारी वहन गर्नुपर्दछ र यसको विनाशकारी मार्गलाई रोक्नको लागि अब कार्य गर्नुपर्छ,' उनीहरूले बिहीबार एक संयुक्त विज्ञप्तिमा भने ।

विज्ञहरूले मंगलबार रातिदेखि उत्तरी गाजामा रहेको जबलिया शरणार्थी शिविरमा इजरायली हवाई आक्रमणको बारेमा 'गहिरो त्रास' व्यक्त गरे, जसले सयौँ प्यालेस्टिनीहरूलाई मारेको र घाइते बनाएको छ, यसलाई इजरायलले गरेको अन्तर्राष्ट्रिय कानुनको निर्लज्ज उल्लङ्घन भनेको छ ।

'जबालिया शरणार्थी शिविरको आवासीय परिसरमा इजरायली हवाई आक्रमण अन्तर्राष्ट्रिय कानुनको निर्लज्ज उल्लङ्घन र युद्ध अपराध हो । महिला र बालबालिकासहित सर्वसाधारणलाई आश्रय दिने शिविरमा आक्रमण गर्नु लडाकु र नागरिकबीच समानुपातिकता र भेदभावको नियमको पूर्ण उल्लङ्घन हो' विज्ञहरूले भने ।

'कब्जा गरिएको प्यालेस्टाइन क्षेत्रहरूमा र गाजाका प्यालेस्टिनी जनता, विशेषगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, युवाहरू र वृद्धवृद्धाहरूले दशकौँको कठिनाइ र वञ्चितता सहेका छन्, खाद्यान्न, सुरक्षित पिउने पानीको अभावमा रहेको अधिकारसम्बन्धी धेरै संयुक्त राष्ट्र विशेष प्रतिवेदकहरूसहित विज्ञहरूले भने ।

'हामी इजरायल र यसका सहयोगीहरूलाई तत्काल युद्धविराममा सहमत हुन आह्वान गर्छौं । हामीसँग समय सकिएको छ ।'

विज्ञप्तिमा अन्यत्र, विज्ञहरूले नागरिकहरूको सुरक्षा र कानुनी र मानवीय दायित्वहरू पालना गर्ने महासभाको प्रस्तावलाई स्वागत गरे, २७ अक्टोबरमा सदस्य राष्ट्रहरूको भारी बहुमतले अनुमोदन गरेको थियो ।

'हामीले आशाका साथ सङ्कल्प प्राप्त गरेका छौँ, तर अब कारबाहीको आवश्यकता छ,' उनीहरूले भने ।

'सबै सङ्केतहरू यो हो कि हामी एक ब्रेकिङ बिन्दुमा पुगेका छौँ,' विज्ञहरूले चेतावनी दिए, सफा पानीको अभावमा बालबालिकालाई समुद्रको पानी पिउन बाध्य पारिएको, एनेस्थेसिया नदिई (बेहोस नपारी) शल्यक्रिया गराएका बालबालिकालगायत बिरामीको पीडादायी रिपोर्ट, अपाङ्गता भएका वृद्धवृद्धाहरू विस्थापित भएका र घरहरू भग्नावशेषमा परिणत भएकाले पालमा बस्न बाध्य भएको खबरले पनि उनीहरू चिन्तित भएका छन् ।

'गाजाको अवस्था विनाशको चरम बिन्दुमा पुगेको छ,' उनीहरूले खाद्यान्न, पानी, औषधि, इन्धन र अत्यावश्यक आपूर्तिहरूको लागि गम्भीर आवश्यकता र स्वास्थ्य जोखिम बढेको जोखिमको चेतावनी दिए ।

'पानी मानव जीवनको लागि आवश्यक छ र आज, गाजावासीहरू पिउने पानी पाउन सङ्घर्ष गरिरहेका छन्,' उनीहरूले भने ।

विज्ञहरूले घेरामा परेको गाजापट्टीमा मानवीय सहायताको पहुँच प्रदान गर्न संयुक्त राष्ट्र प्रमुखको प्रयासलाई कडा समर्थन गरे ।

उनीहरूले गाजाका मानिसहरूलाई शरण र जीवन बचाउने चिकित्सा सेवाहरू प्रदान गर्ने संयुक्त राष्ट्र र मानवीय कामदारहरू र अस्पताल र विद्यालयहरूको सुरक्षाको बारेमा गम्भीर चिन्ता व्यक्त गरे ।

गाजामा इजरायली बमबारीका कारण संयुक्त राष्ट्र सङ्घका ७० कर्मचारीको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय राहत कार्य एजेन्सीले जनाएको छ ।

जबलिया शरणार्थी शिविरमा भर्खरै इजरायली हमलाहरू 'अन्तर्राष्ट्रिय कानुनको निर्लज्ज उल्लङ्घन र युद्ध अपराध' हो भनी संयुक्त राष्ट्र मानव अधिकार कार्यालयले पनि उनीहरूको कथनलाई प्रतिध्वनित गऱ्यो ।

# इजरायलद्वारा गाजामा व्यापक विनाश युद्ध अपराध हो : संरासं विज्ञ

जेनेभा, ८ नोभेम्बर (प्रेस टीभी) । संयुक्त राष्ट्र सङ्घका एक स्वतन्त्र विज्ञले नागरिक पूर्वाधारमा व्यवस्थित बमबारी र इजरायलले घेरेको गाजापट्टीमा व्यापक विनाश युद्ध अपराध र मानवताविरूद्धको अपराध भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्र सङ्घका मानवीय आवासमा विशेष प्रतिवेदक बालकृष्णान राजगोपालले भन्नुभयो, 'गाजापट्टीका लक्ष्यहरूमा इजरायली आक्रमणले घेरामा परेको प्यालेस्टिनी मानव बस्तीका सबै आवास एकाइहरूको ४५ प्रतिशत ध्वस्त पारेको वा क्षति पुऱ्याएको छ ।'

उहाँले इजरायली विनाशले मानव जीवनमा ठूलो मूल्य चुकाउने चेतावनी दिँदै भन्नुभयो, 'उनीहरूले व्यवस्थितरूपमा नागरिकहरूको आवास र पूर्वाधारलाई ध्वस्त पार्ने र क्षति पुऱ्याउने र सम्पूर्ण सहरलाई नागरिकहरूको लागि बस्न नसक्ने बनाउनु युद्ध अपराध हो । आवास, नागरिक वस्तु र पूर्वाधारमा व्यवस्थित वा व्यापक बमबारी अन्तर्राष्ट्रिय कानुनद्वारा सख्त रूपमा निषेधित छ ।'

राजगोपालका अनुसार इजरायलीले उत्तरी गाजापट्टी खाली गर्न आदेश दिएको थियो, पानी, खाना, इन्धन र औषधि कटौती गर्दै बारम्बार निकासी मार्ग र 'सुरक्षित' क्षेत्रहरूमा आक्रमण गर्दै, 'अन्तर्राष्ट्रिय मानवीय कानुनको क्रूर र स्पष्ट उल्लङ्घन' भएको थियो ।

गत हप्ता पनि, संयुक्त राष्ट्र सङ्घका विज्ञहरूको समूहले गाजामा 'नरसंहार र मानवीय प्रकोप रोक्न' समय सकिन लागेको चेतावनी दियो, इजरायलले घेरामा परेको गाजापट्टीलाई विनाश गर्ने योजनाहरू रोक्न अस्वीकार गरेकोमा गहिरो निराशा व्यक्त गऱ्यो ।

उहाँहरूले गाजाका मानिसहरूलाई शरण र जीवन बचाउने चिकित्सा सेवाहरू प्रदान गर्ने संयुक्त राष्ट्र र मानवीय कामदारहरू र अस्पताल र विद्यालयहरूको सुरक्षाको बारेमा गम्भीर चिन्ता व्यक्त गर्नुभएको थियो ।

संयुक्त राष्ट्र प्रमुख एन्टोनियो गुटेर्रेसले बुधबार भन्नुभयो, 'गाजामा मृत्यु हुनेको सङ्ख्याले इजरायलको अपरेसन 'स्पष्ट रूपमा गलत' देखाउँछ । गाजामा मारिएका सर्वसाधारणको सङ्ख्याले इजरायलको सैन्य कारबाहीमा 'स्पष्टरूपमा गलत' भएको सङ्केत गर्दछ ।'

गाजाको स्वास्थ्य मन्त्रालयले अक्टोबर ७ यता गाजामा इजरायली हमलामा ४ हजार ३२४ बालबालिकासहित कम्तीमा १०,५६९ प्यालेस्टाइनीको मृत्यु भएको बताएको छ ।

### गाजामा २० लाखभन्दा बढी प्यालेस्टाइनी भोकमरीमा

गाजामा २० लाखभन्दा बढी प्यालेस्टाइनी भोकमरीमा रहेको मानव अधिकारवादी समूहहरूले जनाएका छन् । अल मेजान सेन्टर फर ह्युमन राइट्सले तीमध्ये आधा

बालबालिका रहेको बताएको छ ।

'गाजामा हजारौँ 'रोटीको एक टुक्रा पनि' खोज्न सङ्घर्ष गरिरहेका छन् । मानिसहरू धेरै थोरै काम गर्ने बेकरीहरूमा घण्टौँसम्म लाइनमा बस्छन्,' समूहले भन्यो ।

मार्टिन ग्रिफिथले इजरायलले कब्जा गरेको पश्चिम किनाराको अवस्था 'बढ्दो रूपमा डरलाग्दो' हुँदै गइरहेको बताउनुभयो ।

उहाँले इजरायली सेना र बसोबास गर्ने क्षेत्र आक्रमणको बीचमा बढ्दो प्यालेस्टिनीहरू मारिएका र घाइते भएका तथा बालबालिकाहरूसहित बढ्दो विस्थापनलाई औँल्याउनुभयो ।

यसैबीच, मानवअधिकार समूहहरूले भनेका छन् कि इजरायलले आक्रमणको सुरूवातदेखि नै प्रशासनिक नजरबन्दको प्रयोगलाई नाटकीयरूपमा बढाएको छ, जबकि जेलहरूमा यातना र अपमानजनक व्यवहारका घटनाहरूमा पनि आँखा चिम्लेको छ । प्रशासनिक नजरबन्द एक प्रक्रिया हो जसअन्तर्गत कैदीहरूलाई कुनै आरोपबिना राखिन्छ ।

स्थानीय गैरसरकारी संस्थाहरूलाई उद्धृत गर्दै उनीहरूले इजरायलले अक्टोबर ७ यता २,२०० भन्दा बढी प्यालेस्टिनीहरूलाई हिरासतमा लिएको बताए ।

मजदुर दैनिक, कार्तिक २४, २०८०

# गाजामा हरेक दिन १६० बालबालिकाको हत्या भइरहेको छ : डब्ल्यूएचओ

जेनेभा, ८ नोभेम्बर (टेलेसुर) । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का प्रवक्ता क्रिस्चियन लिन्डमेयरले कार्तिक ७ गते गाजापट्टीको कुल जनसङ्ख्याको लगभग ०.५ प्रतिशत वा ११ हजारभन्दा बढी मानिसहरू इजरायली आक्रमणबाट मारिसकिएका र औसतमा प्रत्येक दिन १६० बालबालिकाको हत्या भइरहेको बताउनुभएको छ ।

डब्ल्यूएचओका प्रवक्ताका अनुसार गाजामा स्वास्थ्य सेवाहरूमा १०५ पटक र पश्चिम किनाराका स्वस्थ्य सेवाहरूमा १२१ पटक इजरायली आक्रमणहरू भएका छन् । हाल, गाजाका १४ अस्पतालहरूले इन्धनको अभाव वा क्षतिको कारणले सेवा दिन सकिरहेका छैनन् ।

लिन्डमेयरले जेनेभामा एक पत्रकार सम्मेलनमा भन्नुभयो – आजसम्म १६ जना चिकित्सकहरू सेवा गर्ने क्रममा मारिएका छन् र डब्ल्यूएचओले गाजामा स्वास्थ्यकर्मीहरूलाई सहयोग गर्न काम गरिरहेको छ र फेरि उनीहरूको सुरक्षाको वकालत गरिरहेको छ ।

ती अधिकारीले गाजाका नागरिकहरूले भोग्नुपरेको मृत्यु र पीडाको स्तर अतुलनीय छ किनभने उनीहरूलाई पानी, खाना र चिकित्सा हेरचाहको आवश्यकता जरूरी रहेको बताउनुभयो ।

मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्र सङ्घको कार्यालयका प्रवक्ता जेन्स मार्केका अनुसार अक्टोबर २१ यता ५६१ ट्रक गाजा प्रवेश गरेका छन् तर इजरायली अधिकारीहरूले लगाएको प्रतिबन्धका कारण तीमध्ये कुनैमा पनि इन्धन थिएन ।

जेनेभामा संयुक्त राष्ट्र सूचना सेवाका निर्देशक अलेसेन्ड्रा भेलुचीले पत्रकार सम्मेलनमा गाजाका १५ लाखभन्दा बढी मानिस विस्थापित भएको र तीमध्ये झन्डै आधाले संयुक्त राष्ट्र सङ्घका सुविधाहरूमा शरण लिएको बताउनुभयो ।

गाजास्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता अशरफ अल–कुन्द्राले इजरायली बमबारीमा ४,१०४ बालबालिका र २,६४१ महिलासहित १०,००० प्यालेस्टाइनीको मृत्यु भएको पुष्टि गर्नुभएको थियो । तर सोमबार रातिदेखि यता १ हजारभन्दा बढीको मृत्यु भइसकेको छ ।

इजरायली सेनाले २५,४०६ जना मानिसहरूलाई घाइते बनाएको छ, जबकि हजारौँ प्यालेस्टिनीहरू नागरिक आवास र भवनहरूको भग्नावशेषमा फसेका छन् ।

इजरायली बमबारीमा मारिएका व्यक्तिहरूमा अन्तर्राष्ट्रिय संस्थाका अधिकारी र कार्यकर्ता पनि रहेका छन् । प्यालेस्टाइनी शरणार्थीहरूको लागि संयुक्त राष्ट्रसङ्घीय राहत कार्य एजेन्सीले पुष्टि गर्‍यो कि गाजामा अक्टोबर ६ देखि ८८ जना मानवीय उद्धार कार्यकर्ताहरूको मृत्यु भएको छ ।

इजरायली आक्रमणले अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान गर्दैन किनकि यसले स्वास्थ्यकर्मी र पत्रकारहरूलाई लक्षित गरिरहेको छ । सामाजिक सञ्जाल मार्फत, गाजामा अझै जीवित रहेका डाक्टरहरूले आफ्ना इजरायली सहकर्मीहरूलाई प्यालेस्टाइनी जनतामाथिको बम आक्रमणलाई समर्थन नगर्न आह्वान गर्नुभयो ।

'हामी डाक्टरहरू शान्तिका दूत हौँ । हामी जीवन बचाउँछौँ । इजरायली डाक्टरहरू जसले अस्पतालहरू भित्रका बिरामीहरूसँग बमबारीलाई रोक्न आह्वान गरिएको पत्रमा हस्ताक्षर गरे उनीहरूले आफ्नो महान पेशाप्रतिको आस्था कायम राखेर जिम्मेवारी बहन गरेका छन्' गाजा–आधारित डाक्टरहरूले जोड दिनुभएको छ ।

# गाजाका बिरामीहरूको अवस्था 'अवर्णनीय' - विश्व स्वास्थ्य सङ्गठन

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का प्रमुखले गाजापट्टीका अस्पतालहरू जबरजस्ती खाली गर्दा सयौँ बिरामीहरूको जीवन जोखिममा पर्ने बताएका थिए किनभने उनले यस अवस्थालाई 'अवर्णनीय' भने ।

'गाजा सहर र उत्तरी गाजामा तेईसओटा अस्पतालहरू खाली गर्न आदेश दिइएको छ, र यी परिस्थितिहरूमा जबरजस्ती खाली गर्नाले सयौँ बिरामीहरूको ज्यान जोखिममा पर्नेछ,' डब्ल्यूएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयससले जेनेभामा आयोजित पत्रकार सम्मेलनमा भने ।

टेड्रोसले गाजामा इजरायली युद्धमा हजारौँ घाइते र दीर्घकालीन बिरामीहरूलाई मद्दत गर्न मानवीय सहायताको लागि आह्वान पनि दोहोऱ्याए । 'गाजामा फैलिएको त्रासको वर्णन गर्न हामीसँग शब्दहरू सकिँदैछ ।'

गाजाको अवस्था 'अवर्णनीय' थियो, टेड्रोसले थपे, अस्पतालहरू भरिएका, शवहरू भरिएका, र डाक्टरहरूले एनेस्थेसियाबिना शल्यक्रिया गरिरहेका थिए । किनकि, परिवारहरूले आश्रय खोजेका थिए र शौचालयहरू ओभरफ्लो भएका छन्, जसले रोगको फैलावटलाई जोखिममा पारेको थियो ।

आपत्कालीन निर्देशक डा. माइक रायनले भने कि संयुक्त राष्ट्र एजेन्सीले कर्मचारीको सुरक्षाको ग्यारेन्टी गर्न नसक्दा मद्दत गर्न सङ्घर्ष गरिरहेको छ ।

उनले भने कि गाजामा प्रवेश गर्ने कुनै पनि अन्तर्राष्ट्रिय कर्मचारी वा क्षेत्र अस्पतालहरूलाई सुरक्षाको ग्यारेन्टी चाहिन्छ, र प्रभावकारी हुन अवस्थित प्रणालीसँगै चल्न आवश्यक छ । 'हामी यसमा साधन बन्ने छैनौँ । हामी यसमा पार्टी बन्ने छैनौँ । हाम्रो काम जीवन बचाउने हो । यो मात्र हाम्रो काम हो ।'

संयुक्त राष्ट्र सङ्घका महासचिवले गाजामा इजरायली शासनको निरन्तर आक्रमणको निन्दा गरेका छन् । एन्टोनियो गुटेरेसले जबलियामा इजरायलको हवाई हमलामा महिला र बालबालिकासहित प्यालेस्टाइनीको हत्या भएकोमा आफू स्तब्ध भएको बताए । अक्टोबर ७ देखि, गाजामा भइरहेका आक्रमणहरूमा ३२०० भन्दा बढी बालबालिकासहित ९००० प्यालेस्टाइनीको ज्यान गएको छ ।

# इजरायली घेराबन्दीले नर्कमा बदलिएको गाजा

गाजाका २२ लाख मानिसले युद्ध र पूर्ण घेराबन्दीको आघात सहन थालेको एक महिनाभन्दा बढी भइसक्यो । केहीले विस्थापित भएर युद्धको कहर भोग्न थालेको महिनादिन पुगिसक्यो । अक्टोबर १३ देखि इजरायलले उत्तरी गाजाका ११ लाख बासिन्दालाई सो ठाउँ खाली गरेर दक्षिणतर्फ पलायन हुन बारम्बार धम्की दिँदै आएको छ । अहिलेसम्म इजरायली चेतावनीबाट डराएर लगभग तीनचौथाइ बासिन्दाले उत्तरी गाजा छोडेको अनुमान छ । उत्तरी गाजाको तुलनामा दक्षिणमा इजरायली आक्रमण कम छ, तर यो पनि मुस्किलले सुरक्षित छ । उदाहरणका लागि, अस्ति नोभेम्बर ७ मा खान युनिसको एउटा स्कुलमा भएको बमबारीमा एक प्यालेस्टिनीको मृत्यु भयो भने अन्य नौजना घाइते भएका थिए । यो सहर इजरायली सेनाले उत्तरी गाजाका मानिसलाई भागेर जान भनेको दक्षिणी भेगकै एउटा सहर हो ।

विस्थापित हुनेमध्ये अधिकांश संयुक्त राष्ट्रसङ्घका सुविधा (भवन तथा परिसर), अस्पताल र अन्य सार्वजनिक भवनहरूमा आश्रय लिइरहेका छन् । ती पनि बमका धमाकाले चर्किएका छन् । खान युनिसको एक व्यावसायिक–तालिम/प्रशिक्षण केन्द्र संयुक्त राष्ट्रसङ्घको सबैभन्दा बढी भीडभाडयुक्त आश्रयस्थल भएको छ । यहाँ शरण लिएका व्यक्तिका लागि मुस्किलले प्रत्येक व्यक्तिलाई दुई वर्गमिटरभन्दा पनि कम ठाउँ उपलब्ध छ । एउटा शौचालयलाई कम्तीमा ६०० व्यक्तिले उपयोग गर्नुपर्छ ।


युद्धअघि गाजाका मानिसले औसतमा दैनिक ८० लिटर पानी पाउँथे । संयुक्त राष्ट्रसङ्घका अनुसार आपत्कालीन अवस्थामा पिउने, खाना पकाउने र सरसफाइका लागि न्यूनतम १५ लिटर पानी आवश्यक पर्छ । गाजामा अहिले दैनिक तीन लिटर मात्रै पानी वितरण हुने गरेको छ । त्यसमा पनि अधिकांश पानी पिउन अयोग्य खेतीमा प्रयोग गर्न खनिएका कृषिकुवाबाट निकालिएको पानी हुने गरेको छ । अहिले नुहाउने कुरा अधिकांश गाजावासीका लागि अकल्पनीय विलासिता बनेको छ । डिहाइड्रेसन (निर्जलीकरण)को गुनासो आम भएको छ । स्वास्थ्यकर्मीहरूका अनुसार सरसफाइको कमीका कारण हजारौँ मानिसमा झाडापखालाको प्रकोप फैलिएको छ ।

खानेकुराको पनि अत्यन्त अभाव छ । मानिसहरूले आधारभूत चिजबिज पाउन बडो सङ्घर्ष गर्नुपर्छ । डिब्बाबन्द

माछा, प्याज र पाउरोटीका दुई–चार टुक्राले छाक टार्नु नियमित भोजन भएको छ । केही आमाहरूले शिशुलाई खुवाउने फर्मुला (ल्याक्टोजिन आदि) तयार पार्न दूषित पानी प्रयोग गरिरहेका छन् ।

गाजामा खाद्यान्न, पानी र अन्य आधारभूत वस्तुहरूको आपूर्तिको अभाव भएको कुरालाई नोभेम्बर ७ मा इजरायली सेनाले अस्वीकार गऱ्यो । इजरायलले आफूले सहायता वितरणमा लगाएको भिटो गत अक्टोबर २१ मा हटाएपछि तीन हजार टन खाद्यान्न र ११ लाख ५० हजार लिटर पानी बोकेका ६६५ लरी उक्त क्षेत्रमा प्रवेश गरेको विवरण दिएको छ । २३ लाख मानिस र १८ दिनले भाग नलगाउँदासम्म यो आँकडा निकै ठूलोजस्तो सुनिन्छ । तर, यति सामग्रीले २३ लाख मानिसलाई १८ दिन दैनिक प्रतिव्यक्ति ७६ ग्राम खानेकुरा र पानी २९ मिलिलिटर मात्र पुग्छ । उत्तरी गाजाको अवस्था त अझै अत्यासलाग्दो छ । यहाँका अनुमानित तीन लाख मानिसले इजरायलले यो स्थान छाडेर दक्षिणतर्फ जान दिएको आदेशलाई या त मान्न सकिरहेका छैनन्, या त जानाजान अटेर गरी बसेका छन् । यस क्षेत्रमा सहायता एजेन्सीहरूले सहयोग पुऱ्याउन सकिरहेका छैनन्, जसलाई अहिले इजरायली सेनाले घेरेर दक्षिणबाट अलग गरेको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार उत्तरमा अहिले कुनै पनि बेकरी सञ्चालनमा छैनन् । पछिल्लो समय केही प्यालेस्टिनीहरू ढिला गरेर यो क्षेत्रबाट भागेका छन् । उनीहरूले उक्त यात्रा निकै खतरनाक भएको बताएका छन् । पैदलै उत्तरी गाजा छोडिरहेका उनीहरूमध्ये केही मानिस इजरायली सेनाको गोला वा बमबारीमा परेका थुप्रै रिपोर्ट छन् ।

– द इकोनोमिस्ट/मजदुर, कार्तिक २४




# मध्यपूर्वमा शान्ति कायम गर्न इजरायल राज्य विस्थापन गर्नु जरुरी

संरा अमेरिकाको वाशिङ्टनमा इजरायल समर्थक यहुदीहरूले प्रदर्शन गरे । त्यसको विरोधमा अमेरिका, क्यानडा, बेलायतलगायत देशहरूमा यहुदी धर्मगुरुहरूको प्यालेस्टिनको समर्थनमा प्रदर्शनहरू भए । अमेरिकामा भएका प्रदर्शनहरूमा हजारौँ हजार यहुदी सहभागी थिए । त्यो अक्टोबर ७ यताको सबैभन्दा विशाल प्रदर्शनी थियो ।




'इजरायली राज्य र यसका गतिविधिहरू समाधान होइनन् बरु यहुदीहरूको विरोध हुनुको मुख्य कारण हुन्, ७५ वर्षसम्म अरब र यहुदीहरूको पीडादायी हत्याका दोषी इजरायल हो, यहुदी संस्कृति र यहुदीवादी ठीक उल्टो हो, यहुदी संस्कृति भनेको धर्म हो, यहुदीवाद भनेको राष्ट्रियता हो, यहुदीवाद र इजरायल राज्यको सधैँ विरोध गरौँ, इजरायलको समर्थन गर्नु यहुदी र यहुदी संस्कृतिको समर्थन गर्नु होइन, संसारले चिन्नुपर्दछ– इजरायल यहुदीहरूको राज्य होइन, इजरायलले पूर्णरूपमा यहुदी संस्कृतिलाई अस्वीकार गर्दछ, यहुदीवादीहरूले अहिले र उहिले आगो बाल्ने काम गरे' आदि नाराहरू प्रदर्शनमा लगाइएका थिए ।

प्रदर्शनमा लगाइएका थप नाराहरूमा 'यहुदीहरूको




विरोध गराउने इजरायल हो, इजरायल राज्यले संसारका यहुदीहरूको प्रतिनिधित्व गर्दैन, सबै प्यालेस्टिनीहरू प्यालेस्टिनी सार्वभौमिकतामा फर्कनुपर्दछ, इजरायलको जङ्गली नीतिलाई संसारका यहुदीहरू विरोध गर्छन्, इजरायलको विरोध हुनु यहुदीहरूको विरोध होइन, यहुदी संस्कृतिले यहुदीवाद र 'इजरायल' राज्यको विरोध गर्दछ, समाधान शान्तिपूर्णरूपमा इजरायल राज्यको विस्थापन हो, यहुदी संस्कृति भनेको संरा अमेरिकादेखि प्यालेस्टिनसम्म सबै जातिको हुनु हो, यहुदी संस्कृति ठीक, यहुदीवाद बेठीक, इजरायल राज्य विस्थापन हुनै पर्दछ, इजरायलको समर्थन गर्नु यहुदी र यहुदी संस्कृतिको समर्थन गर्नु होइन' आदि थिए ।

यहुदीवादविरोधी यहुदीहरूले प्यालेस्टिनको पक्षमा न्युयोर्कलगायत अन्य सहरमा पनि प्रदर्शन गरेका थिए । कतिपयले सामाजिक सञ्जालमा यहुदी संस्कृतिले इजरायल राज्यको अस्वीकार गर्ने र तथाकथित यहुदीहरूले प्यालेस्टिनीहरूको भूमि चोरेको उल्लेख गरेका छन् । अरब र मुसलमान देशहरूमा यहुदी, क्रिश्चियन र मुसलमानहरू एउटै टोलमा मिलेर बसेका छन् । पश्चिमा सञ्चारले इजरायलका यहुदीवादीहरूको पक्षमा मात्र प्रचार गरेको गलत हो । क्रिश्चियन युरोप र अमेरिकामा सयौँ वर्षदेखि गोराहरूले जातीय विभेद गर्दै छन् ।

बेलायतको लण्डनमा पनि यहुदी धर्मगुरुहरूले प्यालेस्टिनी जनताको समर्थनमा प्रदर्शन गरेका थिए । क्यानाडाको टोरोन्टोमा पनि यहुदी धर्म गुरुहरूले प्यालेस्टिनी जनताको समर्थनमा यहुदीवादको विरोधमा प्रदर्शन गरेका थिए ।




यी प्रदर्शनहरूमा लाखौँ लाख सचेत र युद्धविरोधी यहुदीहरू सहभागी थिए । प्रदर्शनकारीहरूले इजरायलमा भइरहेको 'सम्पूर्ण अमेरिकी सहयोग बन्द गर, बाइडेन तिम्रो हातमा प्यालेस्टिनी जनताको रगत छ, प्यालेस्टिनी भूमिमाथि कब्जा खारेज गर' आदि नारा लगाएका थिए ।



जबरजस्ती इजरायल देश घोषणा गरिएकोले नै आज गाजापट्टीमा प्यालेस्टिनीहरूको रगत बगिरहेको हो । इजरायल देश घोषणा गर्नेहरू नै मध्यपूर्वमा भइरहेको युद्धका दोषी हुन् । यहुदी धर्मगुरु नेताहरूले यहुदीवादको सुरुमै इजरायल घोषणा गर्नु मानवजातिको लागि विध्वंस हुने चेतावनी दिएका थिए तर यसलाई बेवास्ता गरियो ।

यहुदीवादभन्दा अगाडि नै अस्तित्वमा रहेको प्यालेस्टिन देश पुनः स्थापना भएपछि मात्र मध्यपूर्वमा शान्ति कायम हुनसक्छ । यहुदीहरू प्यालेस्टिनी जनताको ऐक्यबद्धतामा छन् भने यहुदीवादले गाजामा भइरहेको जातीय नरसंहारलाई समर्थन गर्छ । इरानका यहुदी नेताले पनि इजरायलको यहुदीवादी सरकारले यहुदी संस्कृतिको प्रतिनिधित्व गर्न नसक्ने बताए ।

मजदुर दैनिक, मंसिर १, २०८०

# केही अभिव्यक्ति

## प्रेम सुवाल, नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद



प्यालेस्टाइनी जनताको समर्थन गर्दै इजरायल सरकारको विरोधमा संसारभरि 'बमबारी बढी भयो' भनी संरा अमेरिका, बेलायत, अस्ट्रेलिया, जर्मनी, क्यानडालगायत ५०-६० देशमा युद्धको विरोधमा जनताको प्रदर्शन भइरहेको छ। युद्धको समर्थन गरेका संसारका शासकहरू एक्लिँदै छन्।

प्यालेस्टाइनमा युद्धविराम गरी मानवीय सहयोग पठाउने सम्बन्धी प्रस्तावलाई संयुक्त राष्ट्र सङ्घको १२० देशले समर्थन गरेर पारित गर्‍यो भने विपक्षमा संरा अमेरिका र इजरायललगायत १४ ओटा देशमात्र भयो। तर, संरा अमेरिकाले सुरक्षा परिषद्मा विशेषाधिकार (भिटो) प्रयोग गरी उक्त प्रस्तावलाई विफल पारेर मानवताविरोधी अपराध गरे।"

असोज ५ गते संयुक्त राष्ट्र सङ्घमा इजरायली प्रम न्यतन्याहुले प्यालेस्टाइनी भूमि मेटेर नक्सा देखाए। यसको विरोधमा असोज २० गते प्यालेस्टिनीहरूको सैनिक सङ्गठन हमासले प्रत्याक्रमण गरेको हो। कार्तिक १ गते इजरायल पुगेर अमेरिकी राष्ट्रपति बाइडेनले प्यालेस्टाइनी जनताविरूद्ध युद्ध गर्न आवश्यक हतियार सहयोग दिने बाचा गरे र १५ अर्ब डलरको हतियार इजरायललाई बिक्री गरे। बेलायती प्रम सुनकले पनि तेल अभिभ पुगेर प्यालेस्टाइनी जनताविरूद्ध इजरायलको युद्धलाई समर्थन गरे।

"युद्ध अपराधमा संलग्न अमेरिकी राष्ट्रपति बाइडेन र न्यतन्याहुलाई सजाय हुनुपर्ने आवाज संसारभरि नै उठिरहेको छ। 'प्यालेस्टाइनी राज्य स्थापना गर' यो संसारभरिको आवाज हो। संसारको यो आवाज प्यालेस्टाइनी जनताले आफ्नो भूमि फिर्ता नपाएसम्म र इजरायली फासीवादलाई सजाय नभएसम्म उठिरहने छ।

"अफगानिस्तान, इराक, लिबिया, युक्रेन, प्यालेस्टाइनमा अमेरिकी सहयोगमा भइरहेको युद्धले लाखौँ लाख मानिसको हत्या भएको छ। अमेरिकी सरकारको हात मानव रगतले लटपटिएको छ। प्यालेस्टिनी जनता उठाएर तेल कब्जा गर्ने अमेरिकी षड्यन्त्रको कारण तेस्रो विश्व युद्ध एसियामै हुने खतरा बढ्दो छ।" "प्यालेस्टिनीहरू मर्न तयार हुन्छन् तर प्यालेस्टाइन भूमि छोड्दैनन्।"

## सुनिल प्रजापति, नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नपा प्रमुख



देशको निम्ति लड्नेहरू देशभक्त हुन्। प्यालेष्टाइन स्वतन्त्र नभएसम्म इजरायली फासीवादको विरोध र सङ्घर्ष रोकिने छैन।

अहिले प्यालेस्टाइनीहरूले दुःख पाइरहेका छन्। इजरायली सेनाले आम नरसंहार गरिरहेको छ। यस्तो सङ्कटको बेला हामीले आवाज उठाउनु नागरिकको अन्तर्राष्ट्रिय कर्तव्य हो।

इजरायलले प्यालेस्टाइनलाई विश्वको नक्साबाट मेट्ने उद्देश्यसहित क्रूर युद्ध गरी प्यालेस्टिनी जनतालाई अमानवीय व्यवहार गरी बालबालिका र महिलाहरूको समेत नरसंहार गरेकोमा नेमकिपाले विरोध गरेको छ। संसारको धेरै ठाउँमा प्यालेस्टिनी जनताको समर्थनमा जनप्रदर्शनहरू भइरहेको छ।

नेपालमा पनि प्यालेस्टाइनमा जस्तै भारतीय विस्तारवादले सीमा अतिक्रमणका साथै भारतीय एकाधिकार पुँजीले दुःख दिँदै आएको छ।

## सुरेन्द्रराज गोसाईं, नेमकिपा केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य



अमेरिकी साम्राज्यवादको बुई चढेर इजरायली फासीवादले प्यालेस्टाइनका निर्दोष जनतामाथि बमबारी गरिरहेको छ। आफ्नो सार्वभौमसत्ताको रक्षा गर्न अविराम सङ्घर्ष गरिरहेका वीर प्यालेस्टिनी जनताप्रति नेपालका साम्राज्यवादविरोधी

जनताको तर्फबाट ऐक्यबद्धता प्रकट गर्दछु । प्यालेस्टाइनमाथि अमेरिका र इजरायल मिलेर बर्बर हमला भइरहेको तर प्यालेस्टाइनको स्वतन्त्रता, स्वाधीनता तथा सम्प्रभुता रक्षाको पक्षमा संसारका न्यायप्रेमी जनता सङ्घर्षरत छन् ।

इजरायलले गाजामा प्यालेस्टिनी जनताको नरसंहार गरिरहेको र त्यसको विश्वभरबाट विरोध र निन्दा गरिरहेको तर नेपाल सरकार लाचार बुँख्याचा बनिरहेको छ ।

नेपालमा प्यालेस्टिनी जनतामाथिको अत्याचार र नरसंहारको विरोध गर्ने एउटै पार्टी नेमकिपा हो । नेमकिपा राष्ट्रिय र अन्तर्राष्ट्रिय कर्तव्यबाट कहिल्यै चुकेको छैन ।

संसारका युद्धविरोधी जनता एक ध्रुवीय विश्वको अन्त्यको पक्षमा छन् ।

**सिर्जना सैजु, नेमकिपा केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य**



इजरायलको बमबारीमा परेर प्यालेटाइनका अस्पताल र विद्यालयहरूमा प्यालेस्टिनी महिला तथा बालबालिकाले बिचल्ली भोग्नुपरिरहेको छ । आतङ्कवादका नाइके साम्राज्यवादी संरा अमेरिकाको चिहान प्यालेटाइनमै खनिने छ ।

(उपरोक्त अभिव्यक्तिहरू विभिन्न अवसरमा व्यक्त)

# गाजामा राष्ट्रसङ्घद्वारा सञ्चालित विद्यालयमा इजरायली आक्रमण

तेल अविव (इजराइल), १९ नोभेम्बर (एएनआई) । संयुक्त राष्ट्रसङ्घद्वारा उत्तरी गाजामा सञ्चालित एक विद्यालयमा इजरायलद्वारा आक्रमण भएको राष्ट्रसङ्घले शनिबार पुष्टि गरेको छ । राष्ट्रसङ्घका एक शीर्ष अधिकारीले यसलाई 'डरलाग्दो' घटनाका रूपमा वर्णन गरेको सीएनएनले बताएको छ ।

विस्थापितहरूका लागि आश्रयस्थलका रूपमा प्रयोग भइरहेको जबल्याको अल–फखौरा विद्यालयको भिडियोमा दुईतले भवनको दोस्रो तलामा एउटा कोठामा रगतले लतपतिएका शवहरू देखाइएको थियो । मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् ।

भिडियोमा एउटा कोठामा करिब एक दर्जन शव भुइँमा धूलोले ढाकिएको देखिन्छ । त्यस्तै डेस्कहरू छरिएका र क्षतिग्रस्त भएका छन्, कोठाको एउटा भित्तामा एउटा प्वाल देख्न सकिन्छ । सीएनएनका अनुसार भवनको छाना (धातुको) च्यातिएको र जमिनमा भग्नावशेष देख्न सकिन्छ ।

राष्ट्रसङ्घको राहत तथा कार्य निकाय (युएनआरडब्लुए) का प्रवक्ता जुलिएट टौमाले घटनाको पुष्टि गर्दै मृतकको सङ्ख्या अस्पष्ट रहेको र जानकारी आउन बाँकी रहेको बताउनुभयो । उहाँले घटना के कारणले भएको हो वा यसको जिम्मेवार को हो भन्नेबारे पुष्टि गर्न सक्नुभएन ।

युएनआरडब्लुएले प्यालेस्टिनी शरणार्थी शिविरहरूमा विद्यालयहरू सञ्चालन गर्नुका साथै गाजामा राष्ट्रसङ्घको प्रमुख राहत एजेन्सीका रूपमा काम गर्दछ । सामाजिक सञ्जाल एक्समा तस्बिरहरूलाई 'डरलाग्दो' भन्दै युएनआरडब्लुए प्रमुख फिलिप लेजारिनले घटनाको समयमा हजारौँ विस्थापितले त्यहाँ आश्रय लिइरहेको बताउनुभयो ।

युएनआरडब्लुएले उत्तरी गाजामा रहेको आफ्नो विद्यालयमा २४ घन्टामा यो दोस्रो आक्रमण भएको जनाएको छ । जैतुनमा रहेको अर्को विद्यालयमा शुक्रबार आक्रमण भएको थियो । उक्त विद्यालयमा चार हजार मानिसले शरण लिइरहेका थिए ।

# इजरायली नरसंहारविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा दायर

हेग, १६ नोभेम्बर (प्रेस टीभी) । घेराबन्दी गरिएको गाजापट्टीका मानिसहरूविरुद्ध इजरायली आक्रमणबाट पीडित प्यालेस्टिनीहरूको प्रतिनिधित्व गर्ने वकिलहरूको 'कानुनी फौज'ले इजरायलको कार्य नरसंहारको अपराध हो भनी तर्क गर्दै अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) मा उजुरी दायर गरेको छ ।




फ्रान्सेली दिग्गज वकिल गिल्स डेभर्स (Gilles Devers) ले बुधवार उजुरी पेस गरेपछि 'नरसंहारको अपराधका लागि सबै मापदण्डहरू पूरा भएका छन्' उहाँले जोड दिनुभयो ।

'यो मेरो लागि स्पष्ट छ कि नरसंहारको अपराधको लागि सबै



मापदण्डहरू छन्,' डेभर्सले भन्नुभयो। 'यो मेरो विचार होइन, यो कानुनको वास्तविकता हो।'

वकिलहरूले गाजामा प्यालेस्टिनीहरूविरुद्ध इजरायलका कार्यहरू नरसंहार हो र पश्चिमलाई अपराधलाई प्रोत्साहन गर्नबाट टाढा रहन आग्रह गरेका छन्।




मुद्दाका 'कानुनी फौज'। इन्सेटमा गिल्स डेभर्स

गाजामा गम्भीर युद्ध अपराधहरू भइरहेका छन् भन्ने चिन्ताको साथ डेभर्सले भन्नुभयो कि संलग्न हुन नचाहेका सरकारहरूले इजरायललाई समर्थन गर्नबाट टाढा रहनुपर्छ।

'सरकारहरूले मानवअधिकार वा नरसंहार कुनलाई समर्थन गर्ने हो ? भन्ने प्रश्नको जवाफले उनीहरू कुन शिविरमा छन् भनेर अनुमान गर्नुपर्छ। उनीहरूले अन्तर्राष्ट्रिय कानुन र मानव अधिकारको बारेमा भाषण दिन सक्दैनन् र त्यसपछि केही नगरी इजरायलको आक्रमण स्वीकार गर्न सक्दैनन्,' उहाँले भन्नुभयो।

समूहले प्यालेस्टिनी पीडितहरूको नरसंहारका साक्षीहरू पनि सङ्कलन गर्‍यो। उहाँहरू कानुनीरूपमा अदालतमा प्रतिनिधित्व गर्नुहुन्छ।

इजरायलले नरसंहारको प्रमाण लुकाउन कुनै प्रयास गरेको छैन, 'कानुनी फौज'ले गाजामा खाना र बिजुली काटेर, नागरिक र नागरिक पूर्वाधारमा आक्रमण गरेर र मानिसहरूलाई 'जनावर' सँग तुलना गर्ने अमानवीय अभिव्यक्ति प्रयोग गरेको तर्क उजुरीमा गरिएको छ।




डेभर्सले गाजाको पछिल्लो बम विस्फोटलाई अदालतले दशकौंमा देखेको सबैभन्दा पछिल्ला अपराध भएको बताउनुभयो।

'यदि आईसीसीले केही गर्दैन भने, यो आईसीसीको अन्त्य हो,' उहाँले भन्नुभयो। 'हामीसँग नेतन्याहुविरुद्ध गिरफ्तारीको जनादेशको लागि पर्याप्त प्रमाण छ,' डेभर्सले भन्नुभयो।

इजरायलले आईसीसीलाई मान्यता दिँदैन, तर डेभर्सले भन्नुभयो कि यसले अदालतलाई प्रभावकारी बनाउँदैन।

विज्ञहरू नागरिक समाजको पहलले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलगायतका शीर्ष इजरायली राजनीतिज्ञहरूविरुद्ध पक्राउ वारेन्ट जारी गर्नसक्ने बताउँछन्।

इजरायलले गाजामा गरिरहेको नरसंहार अन्त्य गर्न युद्धविराम लागू गर्न विश्वको असफलताको बीचमा इजरायलले आक्रोश, आलोचना र निराशा खिच्न जारी राख्दा थप घटनाक्रमहरू अगाडि आएका छन्।

डेभर्सको नेतृत्वमा गरिएको पहल विगतका हप्ताहरूमा आईसीसीमा पेस गरिएका धेरै मुद्दाहरूमध्ये एक हो।

नोभेम्बर ९ मा, तीन प्यालेस्टाइन मानव अधिकार समूहहरूले निकायलाई इजरायललाई 'रङ्गभेद' र 'नरसंहार' को लागि अनुसन्धान गर्न र इजरायली नेताहरूको लागि गिरफ्तारी वारेन्ट जारी गर्न आग्रह गरेका थिए।

अर्को पहलको रूपमा अन्तर्राष्ट्रिय नागरिक समाज, राजनीतिक नेताहरू र प्रतिनिधिहरूबाट विभिन्न आवाजहरूलाई एकसाथ अदालतमा निवेदन गर्नको लागि एक साथ ल्याउने बताइएको छ। प्यालेस्टिनी अधिकारको वकालत गर्ने प्रमुख युरोपेली राजनीतिज्ञहरू, जसमा स्पेनका इयोन बेलारा र बेलायतका जेरेमी कोर्बिनलगायतका ८० भन्दा बढी हस्ताक्षरकर्ताहरू छन्।



२०२१ मा, आईसीसीले भूमिमा कुनै पनि पक्षले गरेको सम्भावित युद्ध अपराधहरूसहित कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा गरिएका गम्भीर अपराधहरूमा अधिकार क्षेत्र रहेको फैसला गर्‍यो।

भर्खरको रिपोर्टले गाजाको अल-शिफा अस्पतालमा एक भयानक दुःस्वप्न देखापरेको सङ्केत गर्दछ। इजरायलले त्यहाँ फसेका हजारौं निर्दोष महिला र बालबालिकाको आक्रमणलाई रोक्न व्यापक अन्तर्राष्ट्रिय आक्रोशको अवज्ञा गर्दै परिसरमा निरन्तर हमला गरेको छ।

गाजामा मृत्यु हुनेको सङ्ख्या अहिले ११,५०० नजिक पुगेको छ, जसमा अधिकांश महिला र बालबालिका छन्। अक्टोबर ७ देखि करिब २०० मेडिकल स्टाफको पनि मृत्यु भइसकेको छ।

आवासीय क्षेत्र र अस्पतालहरू भर्खरै इजरायली आक्रमणको मुख्य लक्ष्य भएका छन्। बारम्बार विरोध र अन्तर्राष्ट्रिय अनुरोध भए पनि इजरायली सरकारले मानवीय युद्धविरामको लागि कुनै पनि प्रस्ताव स्वीकार गरेको छैन।

मजदुर दैनिक, मंसिर १, २०८०

# फासीवादी इजरालको युद्ध अपराधका केही तस्बिर

नागरिक बस्ती, अस्पताल, विद्यालय, शरणार्थी शिविर, संरा सङ्घका भवनलगायतमा बम प्रहार गरी ध्वस्त पारिएको छ ।






गाजा सहरको एक भाग पहिले र अहिले



हिजोका गाजाका रमणीय सहरहरू




































# प्यालेस्टाइनी बालक

– शीमा आजाद



जति बेला त्यो रकेटले मलाई मार्‍यो
म फूल रोपिरहेको थिएँ !
मेरो बाजे भन्ने गर्नु हुन्छ
वहाँको बाबुले
यो धरतीमा
धेरै सुन्दर फूल देख्नुभएको थियो ।
अब त्यो ठाउँमा
इज्रायली रकेटको टुक्रा उम्रेको छ
जसको पछाडिपट्टि लेखिएको छ
यू. एस .ए .।
मलाई
फूल यति धेरै मन पर्‍यो कि
म ठूलो भएपछि माली बन्न चाहन्थेँ
धरतीमा फूल सजाउने माली !
त्यो समय पनि म फूल नै रोप्दै थिएँ
मेरी बहिनीले
रकेटको त्यस टुक्रालाई
माटोबाट तानेर
काँडेदार तारको उतापट्टि फ्याँकेकी थिइन्
र खितिति हाँसेकी थिइन् ।
मेरो एउटा साथी
धरती फुटाएर निस्केको
अर्को एउटा फूललाई हेरेर
खुसीले बेस्सरी उफ्रेको थियो ।
अर्को एउटा साथी
नजिकै उभिएको थियो
परेवा आकासमा उडिरहेको थियो !
ठीक त्यही समयमा
त्यो रकेट हामीतिरै आएको थियो
र हामी सबै मारियौँ ।
म, मेरी बहिनी, मेरो साथी, परेवा
र त्यो फूल पनि,
जुन धरती फुटाएर बाहिर निस्केको थियो ।
तर त्यो मैले रोपिरहेको बिरुवा
उछिट्टिएर पर पुगेर झर्‍यो ।
त्यसलाई
मेरो अर्को साथीले फेरि रोपिरहेको छ
उसकी बहिनी
सहयोगको लागि
दौडेर आउँदै छिन् !

**(अनु– बलराम तिमल्सिना)**

*(भारतकी सीमा आजाद सामाजिक कार्यकर्ता एवम् पत्रकार तथा पीपुल्स यूनियन फर सिविल लिबर्टीज (पीयूसीएल) उत्तर प्रदेश इकाईका प्रमुख पदाधिकारी हुन् ।)*

AMNESTY INTERNATIONAL

# प्रेस विज्ञप्ति

## प्यालेस्टाइनीहरूविरुद्ध इजरायलको रङ्गभेदः दमन र मानवताविरुद्ध अपराधको एउटा क्रूर प्रणाली

इजरायलको गतिविधिमाथि भर्त्सना गरिएको एउटा नयाँ प्रतिवेदन सार्वजनिक गर्दै प्यालेस्टाइनीहरूविरुद्ध रङ्गभेदको अपराध गरेकोमा इजरायली अधिकारीहरूलाई जवाफदेही बनाइनुपर्दछ भनी एम्नेस्टी इन्टरनेसनलले आज बतायो। प्यालिस्टाइनी जनताहरूको अधिकारमाथि जहाँ जहाँ उसले नियन्त्रण गरेको छ त्यहाँ इजरायलले कसरी उनीहरूविरुद्ध दमन र प्रभुत्वको प्रणाली लादेको छ भन्ने बारेमा यो अनुसन्धानले विस्तृत रूपमा व्याख्या गरेको छ। यसमा इजरायल र अधिनस्त प्यालेस्टाइनी क्षेत्रहरू (अधिनस्त क्षेत्रहरू) मा बसोवास गरेका प्यालेस्टाइनीका साथै अन्य देशमा विस्थापित भएका शरणार्थीहरू समेत रहेका छन्।




'प्यालेस्टाइनीहरूविरुद्ध इजरायलको रङ्गभेदः दमन र मानवताविरुद्ध अपराधको एउटा क्रूर प्रणाली' नाम दिइएको यस विस्तृत प्रतिवेदनले इजरायलले गरेको प्यालेस्टाइनी भूभाग र सम्पत्तिको व्यापक कब्जा, गैरन्यायिक हत्या, जबर्जस्ती स्थानान्तरण, आवतजावतमा लगाइएको व्यापक बन्देज र प्यालेस्टाइनीहरूको राष्ट्रियता र नागरिकताको अधिकारको इन्कारीलगायतका विषयहरू कसरी अन्तर्राष्ट्रिय कानुनअन्तर्गत रङ्गभेदको अवयवहरूमा पर्दछन् भन्ने उजागर गरेको छ। मानवअधिकार उल्लङ्घनका श्रृङ्खलाहरूद्वारा कायम राखिएको यस प्रणालीलाई रोम विधान र रङ्गभेदसम्बन्धी महासन्धिमा परिभाषित गरिएअनुसार मानवताविरुद्ध अपराधको रूपमा पर्ने रङ्गभेदको चरणमा रहेको एम्नेस्टीले पाएको छ।

अधिनस्त क्षेत्रमा अहिले जारी आफ्नो अनुसन्धानमा रङ्गभेदको अपराधलाई पनि हेर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई आह्वान गर्दै एम्नेस्टी इन्टरनेसनले सबै राष्ट्रहरूलाई रङ्गभेदको अपराधका पीडकहरूलाई न्यायको कठघरामा ल्याउन विश्वव्यापी क्षेत्राधिकारको अभ्यास गर्न आह्वान गरेको छ। 'हाम्रो प्रतिवेदनले इजरायलको रङ्गभेदी शासनको वास्तविकतालाई झल्काएको छ। प्यालेस्टाइनीहरू चाहे गाजा, पूर्वी जेरुसेलम र वेस्ट ब्याङ्को बाँकी भूभागमा बसोवास गरेका हुन् वा इजरायलमै बसोवास गरेका किन नहुन् उनीहरूलाई एउटा निम्न जातीय समूहको रूपमा व्यवहार गर्नुका साथै व्यवस्थित रूपमा अधिकारबाट वञ्चित गरिएको छ। आफ्नो नियन्त्रणमा रहेका सबै क्षेत्रहरूमा व्याप्त रहेको इजरायलको पृथकीकरण, बेदखलीकरण र बहिष्करणका क्रूर नीतिहरू स्पष्ट रूपमा रङ्गभेदकै तहमा रहेको हामीले पाएका छौँ। यससम्बन्धमा केही गर्नुपर्ने जिम्मेवारी अन्तराष्ट्रिय समुदायमा रहेको छ,' एम्नेस्टी इन्टरनेसनलका महासचिव आग्नेस कालामर्डले भनिन्।

'दशौँ लाख मानिसहरूलाई संस्थागत रूपमा गरिएको लामो जातीय दमनका आधारमा निर्माण गरिएको प्रणालीको सम्भावित कुनै पनि औचित्य छैन। हाम्रो संसारमा रङ्भेदको कुनै स्थान छैन र इजरायललाई यस मामलामा छुट दिने विकल्प रोज्ने राष्ट्रहरूले आफूलाई इतिहासको गलत पाटोमा भएको पाउनेछन्। इजरायललाई हतियार आपूर्ती गर्ने तथा उसलाई संयुक्त राष्ट्र सङ्घमा जवाफदेहिताबाट जोगाउन भूमिका खेलिरहेका सरकारहरूले रङ्गभेदको प्रणालीलाई समर्थन गर्ने, अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई नै कमजोर पार्ने र प्यालेस्टाइनी जनताको पीडालाई बढाउने कार्य गरिरहेका छन्। अन्तर्राष्ट्रिय समुदायले इजरायलद्वारा भइरहेको रङ्गभेदको वास्तविकतलाई सामना गर्दै अहिलेसम्म निर्लज्ज तवरमा

नचालिएका न्यायका विविध बाटोहरू पछ्याउनेतर्फ अग्रसरता देखाउनुपर्दछ ।'

एम्नेस्टी इन्टरनेसनलका निष्कर्षहरू प्यालिस्टाइनी, इजरायली र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले इजरायल र प्यालेस्टाइनी अधिनस्त क्षेत्रहरूको अवस्थालाई बढ्दो रूपमा रङ्भेदको मापदण्डमा राखी गरेका विभिन्न अध्ययन अनुसन्धानका कार्यहरूमासमेत आधारित भएर तयार भएका छन् ।

## रङ्भेदको पहिचान

एउटा जातीय समूहले अर्को जातीय समूहमाथि गरिने दमन र प्रभुत्वको संस्थागत शासन प्रणाली रङ्भेद हो। यो मानवअधिकारको गम्भीर उल्लङ्घन हो जसलाई सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा निषेध गरिएको छ। बाह्य विज्ञहरूसँगको परामर्शमा गरिएको एम्नेस्टी इन्टरनेसनलको व्यापक अनुसन्धान र कानुनी विश्लेषणले प्यालेस्टाइनीहरूविरुद्ध लामो र क्रूर विभेदकारी व्यवहार सुनिश्चित गर्नका लागि कानुन, नीति र अभ्यासका माध्यमबाट इजरायलले प्यालिस्टाइनीहरूविरुद्ध यस प्रकारको शासन प्रणाली लादेको देखाएको छ ।

दमन र प्रभुत्वमा आधारित शासन प्रणालीमा उक्त प्रणालीलाई कायम गर्ने मनसायका साथ गरिएका विशेष गैरकानुनी कार्यहरू अन्तर्राष्ट्रिय फौजदारी कानुनअन्तर्गत रङ्भेदसम्बन्धी मानवताविरुद्ध अपराधमा पर्दछन् । रङ्भेदसम्बन्धी महासन्धि र रोम विधानमा व्यवस्था गरिएका यी कार्यहरूमा गैरकानुनी हत्या, यातना, जबर्जस्ती स्थानान्तरण र आधारभूत अधिकार र स्वतन्त्रताहरूको इन्कारीमा पर्दछन् ।

एम्नेस्टी इन्टरनेसनलले इजरायलद्वारा नियन्त्रित सबै क्षेत्रहरूमा रङ्भेदसम्बन्धी महासन्धि र रोम विधानद्वारा निषेध गरिएका कार्यहरू भएको दस्तावेज गरेको छ। यद्यपि त्यस्ता कार्यहरू इजरायलमा भन्दा प्यालेस्टाइनी अधिनस्त क्षेत्रमा धेरै पटक र बढी हिंसात्मक रूपमा भएका छन्। इजरायली अधिकारीहरूले जानाजानी प्यालेस्टाइनीहरूलाई तिनीहरूको आधारभूत अधिकार र स्वतन्त्रताहरू अस्वीकार गर्ने लगायत अधिनस्त क्षेत्रमा उनीहरूको आवतजावतमा कठोर प्रतिबन्ध लगाउने, इजरायलमा रहेको प्यालेस्टाइनी समुदायहरूमा लगातार विभेदजन्य तवरमा कम लगानी गर्ने र शरणार्थीहरूको स्वदेश फिर्ता हुने अधिकारलाई अस्वीकार गर्ने जस्ता धेरै उपायहरू लागू गरेका छन्। प्रतिवेदनले इजरायल र अधिनस्त क्षेत्र दुवैमा भएका जबर्जस्ती स्थानान्तरण, प्रशासनिक हिरासत, यातना र गैरकानूनी हत्याहरूको पनि दस्तावेज गरेको छ ।

एम्नेस्टी इन्टरनेसनलले यी कार्यहरू प्यालेस्टाइनी जनसङ्ख्याविरुद्ध निर्देशित एउटा व्यवस्थित र व्यापक आक्रमणको हिस्साको रूपमा रहनुका साथै दमन र प्रभुत्वको व्यवस्था कायम राख्ने उद्देश्यका साथ गरिएको पाएको छ। त्यसैले ती कार्यहरू रङ्भेदको मानवताविरुद्धको अपराधमा पर्दछन् ।

प्यालेस्टाइनी प्रदर्शनकारीहरूको गैरकानुनी हत्या यथास्थिति कायम राख्नका लागि इजरायली अधिकारीहरूले कसरी निषेधित कार्यहरू गर्दछन् भन्ने कुराको सबैभन्दा स्पष्ट उदाहरण हो। सन् २०१८ मा गाजाका प्यालेस्टाइनीहरूले शरणार्थीहरूको स्वदेश फर्कने अधिकार र नाकाबन्दीको अन्त्यको आह्वान गर्दै इजरायलसँगको सिमानामा साप्ताहिक विरोध प्रदर्शन गर्न सुरू गरेका थिए। विरोध प्रदर्शन सुरु हुनुभन्दा अघि नै वरिष्ठ इजरायली अधिकारीहरूले पर्खालमा पुग्ने प्यालेस्टाइनीहरूलाई गोली हान्ने चेतावनी दिए। सन् २०१९ को अन्त्यसम्ममा इजरायली सेनाले ४६ जना बालबालिका सहित २१४ जना सर्वसाधारणको हत्या गरेको थियो।

आफ्नो प्रतिवेदनमा अभिलेखित प्यालेस्टाइनीहरूको व्यवस्थित गैरकानूनी हत्याको आधारमा एम्नेस्टी इन्टरनेसनलले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्लाई इजरायलमा व्यापक हतियार प्रतिबन्ध लगाउन पनि आह्वान गरिरहेको छ। यस्तो प्रतिबन्धमा सबै हतियार र गोलाबारीका साथै कानून कार्यन्वनसम्बन्धी उपकरणहरू पनि समावेश गरिनुपर्दछ किनभने हजारौँ प्यालेस्टाइनी नागरिकहरूलाई इजरायली सुरक्षा दस्ताले गैरकानूनी रूपमा हत्या गरेका छन्। रङ्भेदको अपराधमा संलग्न इजरायली अधिकारीहरूविरुद्ध सुरक्षा परिषद्ले सम्पत्ति रोक्का जस्ता लक्षित प्रतिबन्धहरू पनि लगाउनु पर्दछ।

## प्यालेस्टाइनीहरूलाई जनसाङ्ख्यकीय खतराको रूपमा व्यवहार गरिएको

सन् १९४८ मा आफ्नो स्थापना भएदेखि नै इजरायलले यहूदी जनसाङ्ख्यकीय बहुमत स्थापना गरी त्यसलाई कायम राख्ने र यहूदी इजरायलीहरूलाई फाइदा हुनेगरी भूमि र स्रोतहरूमा अधिकतम नियन्त्रण गर्ने नीति अपनाएको छ। सन् १९६७ मा इजरायलले यो नीति वेस्ट ब्याङ्क र गाजा पट्टीमा विस्तार गर्‍यो। अहिले इजरायलद्वारा नियन्त्रित सबै क्षेत्रहरू प्यालेस्टाइनीहरूलाई हानि पुग्नेगरी यहूदी इजरायलीहरूलाई फाइदा पुर्‍याउने उद्देश्यका साथ प्रशासित गरिएको छ। जबकि प्यालेस्टाइनी शरणार्थीहरूलाई भने निरन्तर बहिष्करण गरिएको छ।

प्यालेस्टाइनीहरूले जस्तै यहूदीहरूले पनि आत्म–निर्णयको अधिकार दाबी गर्ने कुरालाई एम्नेस्टी इन्टरनेसनल स्वीकार गर्दछ र यहूदीहरूको घर बन्ने इजरायलको चाहनालाई चुनौती गर्दैन। त्यसैगरी, इजरायलले आफूलाई 'यहूदी राज्य' भनेर लेबल लगाउँदैमा यसले उसको दमन गर्ने र प्रभुत्व जमाउने मनसायलाई सङ्केत गर्छ भन्ने कुरा पनि एम्नेस्टी मान्दैन।




बेलायत अधिनस्त प्यालेस्टाइन सन् १९२०-१९४८

यद्यपि, एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले के देखाउँछ भने लगातार बनेका इजरायली सरकारहरूले प्यालेस्टाइनीहरूलाई जनसाङ्ख्यिकीय खतरा मानेका छन् र इजरायल र अधिनस्त क्षेत्रहरूमा उनीहरूको उपस्थिति र भूमिमाथिको पहुँचलाई नियन्त्रण गर्ने र घटाउने उपायहरू लागू गरेका छन्।

## सीमा बिनाको दमन

सन् १९४७–४९ र १९६७ मा भएका द्वन्द्वहरू, प्यालेस्टाइनी अधिनस्त क्षेत्रमा इजरायलद्वारा जारी राखिएको सैनिक शासन र उक्त क्षेत्रभित्र खडा भएको अलग्गै कानुनी र प्रशासनिक शासन व्यवस्थाले प्यालेस्टाइनी समुदायलाई अलग्याएर यहूदी इजरायलीबाट छुट्ट्याएको छ। प्यालेस्टाइनीहरू भौगोलिक र राजनीतिक हिसाबमा खण्डित भएका छन् र उनीहरूको हैसियत र बसोवास गरेको स्थानका आधारमा उनीहरूले विभिन्न तहका विभेद सामना गरेका छन्।

अधिनस्त क्षेत्रमा भन्दा इजरायलमा बस्ने प्यालेस्टाइनी नागरिकहरूले अहिले बढी अधिकार र स्वतन्त्रताको उपभोग गरेका छन्, जबकी गाजामा रहेका प्यालेस्टाइनीहरूको अनुभव वेस्ट ब्याङ्कमा बस्नेहरूको भन्दा धेरै फरक छ। यद्यपि, सबै प्यालेस्टाइनीहरू एकै खालको व्यापक व्यवस्थाको अधिनमा रहेको एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले देखाएको छ। सबै क्षेत्रहरूमा रहेका प्यालेस्टाइनीहरूसँग इजरायलले गर्ने व्यवहार एउटै उद्देश्यमा आधारित छः जमिन र स्रोतहरूको वितरणमा यहूदी इजरायलीहरूलाई विशेषाधिकार दिने र प्यालेस्टाइनीहरूको उपस्थिति र भूमिमाथि उनीहरूको पहुँचलाई न्यूनीकरण गर्ने।

इजरायली अधिकारीहरूले प्यालेस्टाइनीहरूलाई गैर–यहूदी, अरब हैसियतद्वारा परिभाषित निम्न जातीय समूहको रूपमा व्यवहार गर्ने गरेको एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले देखाएको छ। यो जातीय विभेदको व्यवस्थालाई इजरायल र अधिनस्त क्षेत्रका प्यालेस्टाइनीहरूलाई प्रत्यक्ष रूपमा असर पार्ने कानुनहरूमा नै मजबुत बनाइएको छ।

उदाहरणका लागि, इजरायलका प्यालेस्टाइनी नागरिकहरूलाई यहूदी इजरायलीहरूबाट कानुनी हिसाबमै भिन्न रहेको स्थापित गर्दै उनीहरूको राष्ट्रियतालाई अस्वीकार गरिएको छ। सन् १९६७ देखि नै जनसङ्ख्या दर्तामा इजरायलको नियन्त्रण रहेको वेस्ट ब्याङ्क र गाजामा प्यालेस्टाइनीहरूको कुनै नागरिकता छैन र धेरै जसो उनीहरूलाई राज्यविहीन मानिन्छ जसले उक्त क्षेत्रमा बसोवास गर्न र काम गर्नका लागि इजरायली सेनाबाट परिचयपत्र लिनु पर्दछ।

सन् १९४७–४९ र १९६७ मा भएका द्वन्द्वका कारण विस्थापित भएका प्यालेस्टाइनी शरणार्थी र तिनका सन्तानहरूलाई आफ्नो पुरानो निवास स्थानहरूमा फर्कने अधिकारबाट वञ्चित गरिँदै आएको छ। इजरायलद्वारा भएको शरणार्थीहरूको बहिष्करण अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घन हो जसले दशौं लाखलाई जबर्जस्ती विस्थापनको अन्त्यहीन अनिश्चिततामा धकेलेको छ।

इजरायलकै भूभागमा गाभिएको पूर्वी जेरुसेलमका प्यालेस्टाइनीहरूलाई नागरिकताको सट्टा स्थायी आवासको अनुमति दिइएको छ– यद्यपि यो स्थायी आवासको अनुमति नाममा मात्र स्थायी छ। सन् १९६७ देखि चौध हजारभन्दा बढी प्यालेस्टाइनीहरूको आवास अनुमतिलाई आन्तरिक मन्त्रालयले आफ्नो तजविजीमा खारेज गरिसकेको छ जसको परिणामस्वरूप उनीहरूले जबर्जस्ती रूपमा उक्त शहरबाट अन्यत्र स्थानान्तरण हुनु परेको छ।

## न्यून दर्जाका नागरिक

इजरायलको जनसङ्ख्याको झण्डै १९ प्रतिशत हिस्सा ओगट्ने प्यालेस्टाइनी नागरिकहरूले धेरै प्रकारका संस्थागत

विभेदको सामना गरेका छन्। सन् २०१८ मा पहिलो पटक इजरायललाई केवल 'यहूदी जनताहरूको राष्ट्र' को रूपमा परिभाषित गरेर प्यालेस्टाइनीहरूविरुद्धको भेदभावलाई संवैधानिक कानूनमै मूर्त रूप दिइयो। यस कानूनले यहूदी बस्तीहरूको निर्माणलाई पनि बढावा दिएको छ र अरबी भाषालाई आधिकारिक भाषाको रूपमा तल्लो स्तरमा झारेको छ।

नश्लवादी तवरमा गरिएको भूमिको कब्जा तथा भूमि वितरण, योजना र क्षेत्र निर्धारणमा विभेदकारी कानूनी जालोको माध्यमबाट इजरायलको ८० प्रतिशत भूमि प्यालेस्टाइनीहरूलाई भाडामा दिनबाट कसरी प्रभावकारी रूपमा रोकिएको छ भन्ने विषयलाई पनि प्रतिवेदनले दस्तावेज गरेको छ।

दक्षिणी इजरायलको नेगेभ/नकाब क्षेत्रको अवस्था इजरायलको योजना र निर्माण नीतिहरूले नियतवस कसरी प्यालेस्टाइनीहरूलाई बहिष्करण गर्ने गरेको छ भन्ने कुराको एउटा प्रमुख उदाहरण हो। सन् १९४८ देखि इजरायली अधिकारीहरूले नेगेभ/नकाबलाई यहूदीकरण गर्नका लागि ठूलठूला क्षेत्रहरूलाई प्राकृतिक आरक्ष वा सैन्य फायरिङ क्षेत्रका रूपमा तोक्ने र यहूदी जनसङ्ख्या वृद्धिको लक्ष्य निर्धारण गर्ने लगायतका विभिन्न नीतिहरू अपनाएका छन्। यसले यस क्षेत्रमा बसोबास गर्ने दशौँ हजार प्यालेस्टाइनी बेदुइनहरूको लागि विनाशकारी परिणामहरू पैदा गरेको छ।

लगभग ६८,००० मानिसहरू बसोवास गर्ने पैंतीसओटा बेदुइन गाउँहरूलाई हाल इजरायलले 'मान्यता दिएको छैन', जसको अर्थ ती गाउँहरू राष्ट्रिय विद्युत र पानी आपूर्तिबाट वञ्चित हुन पुगेका छन् र त्यहाँ रहेका संरचनाहरूलाई बारम्बार ध्वस्त पार्ने गरी लक्षित गरिएको छ। गाउँको कुनै आधिकारिक हैसियत नभएकाले त्यहाँका बासिन्दाहरूले राजनीतिक सहभागितामा पनि प्रतिबन्धको सामना गर्नुका साथै स्वास्थ्य सेवा र शिक्षा प्रणालीबाटसमेत उनीहरूलाई वहिष्करण गरिएको छ। यी अवस्थाहरूले जबर्जस्ती स्थानान्तरणकै हदमा धेरैलाई आफ्नो घर र गाउँ छाड्न बाध्य बनाएको छ।

नियतवस गरिएको दशकौँदेखिको असमान व्यवहारले इजरायलका प्यालेस्टाइनी नागरिकहरूलाई यहूदी इजरायलीहरूको तुलनामा लगातार आर्थिक रूपमा उपेक्षित र वञ्चितीकरणको अवस्थामा पुर्‍याएको छ। यो राज्यका स्रोतहरूको विभेदकारी विनियोजनले यसलाई थप बढाएको छः एउटा भर्खरको उदाहरणमा सरकारको कोभिड-१९ रिकभरी प्याकेजलाई लिन सकिन्छ जसको केवल १.७ प्रतिशत मात्र हिस्सा प्यालेस्टाइनी स्थानीय अधिकारीहरूलाई दिइएको छ।

## बेदखलीकरण

प्यालेस्टाइनीहरूलाई उनीहरूको घरबाट बेदखल र विस्थापित गर्नु इजरायलको रङ्गभेदी प्रणालीको एउटा महत्त्वपूर्ण स्तम्भ हो। आफ्नो स्थापना भएदेखि नै इजरायली राज्यले प्यालेस्टाइनीहरूविरुद्ध व्यापक र क्रूर भूमि कब्जाको नीति लागू गरेको छ र प्यालेस्टाइनीहरूलाई सानो सानो अधिनस्त इलाकामा सीमित गर्नका लागि अनगिन्ती कानुन र नीतिहरूलाई कार्यान्वयन गरिराखेको छ। सन् १९४८ देखि इजरायलले आफ्नो अधिकार क्षेत्र र प्रभावकारी नियन्त्रणमा रहेका सबै क्षेत्रहरूमा सयौँ हजार प्यालेस्टाइनी घर र अन्य सम्पत्तिहरू ध्वस्त पारेको छ।



सन् २०१६ मा पश्चिम किनारमा घर भत्काउन लागेकोमा विरोध गर्ने प्यालेस्टिनीलाई पक्राउ गर्दै इजरायली सुरक्षा बल

नेगेभ/नकाबमा जस्तै, पूर्वी जेरुसेलम र अधिनस्त प्यालेस्टाइनी क्षेत्रको खण्ड 'ग' मा बसोवास गरिरहेका प्यालेस्टाइनीहरू इजरायलको पूर्ण इजरायली नियन्त्रणमा रहेका छन्। अधिकारीहरूले यी क्षेत्रमा बस्ने प्यालेस्टाइनीहरूलाई भवन निर्माण गर्ने अनुमति दिन अस्वीकार गर्दछन् जसले गर्दा उनीहरू अवैध संरचनाहरू निर्माण गर्न बाध्य हुन्छन् र अनि त्यसरी निर्माण गरिएका संरचनाहरूलाई बारम्बार ध्वस्त पारिने गरिन्छ।



सन् २०१७ मा दक्षिणी इजरायलको नेगेभमा इजरायलले भत्काइदिएको घर छेउ पीडित महिलाहरू

अधिनस्त प्यालेस्टाइनी क्षेत्रमा अवैध इजरायली बस्तीहरूको निरन्तर विस्तारले स्थितिलाई थप जटिल बनाएको छ। अधिनस्त प्यालेस्टाइनी क्षेत्रमा यसरी बस्ती निर्माण गर्ने कुरा सन् १९६७ देखि नै एउटा सरकारी नीतिको रूपमा रहेको छ। यस्ता बस्तीहरूले हाल वेस्ट ब्याङ्कको १० प्रतिशत भूभाग ओगटेको छ र सन् १९६७ र २०१७ को बीचमा पूर्वी जेरूसेलमको करिब ३८ प्रतिशत प्यालेस्टिनियन जमिन जफत गरिएको छ।



सन् २०१८ मा पश्चिम किनारको आफ्नो घर इजरायलले भत्काइदिए पछि सामान खोज्दै एक महिला

पूर्वी जेरुसेलमका प्यालेस्टाइनी आवास क्षेत्रहरूलाई बस्ती निर्माण गर्ने संस्थाहरूले बारम्बार लक्षित गर्ने गरेका छन् जसले इजरायली सरकारको पूर्ण समर्थनमा प्यालेस्टाइनी परिवारहरूलाई विस्थापित गर्न तथा तिनीहरूको घर खोसी नयाँ बसोवास गर्ने इजरायलीहरूलाई हस्तान्तरण गर्ने कार्य गर्दछन्।



सन् २०१८ मा पश्चिम किनारमा घर भत्काउन आएको बुल्डोजर छेक्ने प्यालेस्टिनीहरूलाई घेरा दिँदै इजरायली प्रहरी

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं।



सन् २०२१ मा उत्तरी गाजामा इजरायलले बम प्रहार गरी ध्वस्त बनाएको आफ्नो घरमा सग्लो सामान खोज्दै एक प्यालेस्टिनी

एउटा यस्तै आवासक्षेत्र शेख जर्राहमा सन् २०२१ को मेदेखि बारम्बार विरोध प्रदर्शनहरू भइराखेको छ जहाँ आवास निर्माण गर्ने कम्पनीको मुद्दा हाल्ने धम्कीका बीच आफ्ना घरहरू जोगाउनका लागि परिवारहरूले सङ्घर्ष जारी राखेका छन्।

## आवागमनमा कठोर प्रतिबन्ध

सन् १९९० को मध्यदेखि इजरायली अधिकारीहरूले अधिनस्त प्यालेस्टाइनी क्षेत्रमा प्यालेस्टाइनीहरूलाई आवत जावत र हिँडडुलमा क्रमित तवरमा बढ्दो कडा स्वरूपका प्रतिबन्धहरू लगाएका छन्। सैन्य चौकीहरू, सडक अवरोधहरू, तारबार र अन्य संरचनाहरूको एउटा सञ्जालले अधिनस्त प्यालेस्टाइनी क्षेत्रभित्र प्यालेस्टाइनीहरूको आवागमनलाई नियन्त्रण गरेको छ र उनीहरूलाई इजरायल वा विदेशमा यात्रा गर्न प्रतिबन्धित गरेको छ।

इजरायलले अझै पनि विस्तार गरिरहेको ७०० किलोमिटरको तारबारले प्यालेस्टाइनी समुदायहरूलाई 'सैन्य क्षेत्रहरू' भित्र पृथक गरेको छ र उनीहरूले आफ्नो घरमा प्रवेश गर्दा वा छोड्दा जुनसुकै समयमा पनि धेरै खालका विशेष अनुमतिहरू प्राप्त गर्नुपर्ने हुन्छ। गाजामा २० लाखभन्दा बढी प्यालेस्टाइनीहरू इजरायली नाकाबन्दीमा बसिरहेका छन् जसले मानवीय सङ्कट सिर्जना गरेको छ। गाजाका बासिन्दाहरूका लागि विदेश वा अधिनस्त प्यालेस्टाइनी क्षेत्रको अन्य भागमा यात्रा गर्न लगभग असम्भव छ र उनीहरूलाई संसारको बाँकी भागबाट प्रभावकारी रूपमा अलग्याइएको छ।

'अधिनस्त प्यालेस्टाइनी क्षेत्रभित्रै र उक्त क्षेत्र भित्र र बाहिर यात्रा गर्नका लागि प्यालेस्टाइनीहरूका लागि जुन हदको कठिनाइ छ त्यसले उनीहरूको शक्तिहीनतालाई निरन्तर सम्झाई राख्दछ। तिनीहरूको

हरेक चाल इजरायली सेनाको स्वीकृतिमा आधारित छ र सबैभन्दा सरल दैनिक कार्यका लागि पनि उनीहरूले एउटा हिंसात्मक नियन्त्रणको जालभित्रबाट जोगिएर हिंड्नुपर्ने अवस्था छ,' आग्नेस कालामर्डले भनिन् ।

'अधिनस्त प्यालेस्टाइनी क्षेत्रमा रहेको अनुमति प्रणाली प्यालेस्टाइनीहरूविरुद्ध इजरायलले गर्ने गरेको निर्लज्ज विभेदको प्रतीक हो । प्यालेस्टाइनीहरू नाकाबन्दीमा थुनिंदा, सुरक्षा चेक जाँच चौकीहरूमा घण्टौँसम्म अड्किँदा, वा घर फिर्तीका लागि एउटा अर्को इजाजतको लागि पर्खिरहँदा, इजरायली नागरिकहरू र अधिनस्त क्षेत्रमा बसोवास गर्ने इजरायलीहरू भने आफूले चाहेअनुसार सहजै घुमफिर गर्न सक्दछन् ।'

इजरायलले प्यालेस्टाइनीहरूसँग गरिएको व्यवहारको सवालमा उसले उल्लेख गर्ने गरेका प्रत्येक सुरक्षा औचित्यहरूको एम्नेस्टी इन्टरनेसनलले परीक्षण गरेको छ । इजरायलका केही नीतिहरू वैध सुरक्षा उद्देश्यहरू पूरा गर्न तर्जुमा गरिएको हुन सक्ने भएपनि ती नीतिहरूलाई भयङ्कर तवरको असमानुपातिक हिसाबमा र विभेदकारी तवरमा कार्यन्वयन गरिएकोले त्यो अन्तर्राष्ट्रिय कानुन विपरित भएको एम्नेस्टीको प्रतिवेदनले देखाएको छ । अन्य नीतिहरूको सुरक्षाका सवालमा कुनै तार्किक आधार छैन र तिनलाई स्पष्ट रूपमा दमन र प्रभुत्व जमाउने नियतका साथ तर्जुमा गरिएका छन् ।

## अगाडिको बाटो

इजरायली अधिकारीहरूले रङ्गभेदको व्यवस्था र उक्त व्यवस्थालाई कायम राख्ने विभेद, पृथकीकरण र उत्पीडनलाई कसरी तोड्न सक्छन् भन्ने सवालमा एम्नेस्टी इन्टरनेसनलले थुप्रै विशिष्टिकृत सिफारिसहरू प्रदान गरेको छ ।

पहिलो कदमको रूपमा यो संस्थाले घरहरू भत्काउने र जबर्जस्ती निष्कासनको क्रूर अभ्यासको अन्त्य गर्न आह्वान गरिरहेको छ । इजरायलले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनका सिद्धान्तहरूअनुरूप इजरायल र अधिनस्त क्षेत्रमा रहेका सबै प्यालेस्टाइनीहरूलाई समान अधिकार दिनुपर्दछ ।इजरायलले प्यालेस्टाइनी शरणार्थी र उनीहरूका सन्तानहरूलाई उनीहरू वा उनीहरूका परिवारहरू पहिले बसोवास गरेको घरहरूमा फर्कने अधिकारलाई मान्यता दिनुपर्छ र मानवअधिकार उल्लङ्घन र मानवताविरुद्धको अपराधका पीडितहरूलाई पूर्ण परिपूरण प्रदान गर्नुपर्दछ ।

एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनमा अभिलेखित उल्लङ्घनको मात्रा र गम्भीरताले इजरायल र अधिनस्त प्यालेस्टाइनी क्षेत्रमा रहेको मानवअधिकार सङ्कटप्रति अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोणमा आमूल परिवर्तनको आह्वान गरेको छ ।

अन्तर्राष्ट्रिय कानूनअन्तर्गत रङ्गभेदको अपराध गरेको हुन सक्ने संदिग्ध व्यक्तिहरूमाथि सबै राष्ट्रहरूले विश्वव्यापी क्षेत्राअधिकारलाई प्रयोग गर्न सक्छन् र रङ्गभेदसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरू त त्यसो गर्न बाध्य छन् ।

'रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय प्रतिक्रिया अब नरम निन्दा र आलटाल गर्नमा मात्र सीमित हुनु हुँदैन । हामीले मूल कारणहरूलाई सम्बोधन नगरेसम्म प्यालेस्टाइनी र इजरायलीहरू हिंसाको चक्रमा फसिरहनेछन् जसले धेरै जीवन नाश गरिसकेको छ,' आग्नेस कलामार्डले भनिन् ।

'इजरायलले रङ्गभेदी प्रणालीलाई भत्काउनुपर्छ र प्यालेस्टाइनीहरूलाई समान अधिकार र मर्यादा भएका मानवको रूपमा व्यवहार गर्न सुरू गर्नुपर्दछ । यस्तो नगरेसम्म शान्ति र सुरक्षा इजरायली र प्यालेस्टाइनीहरू दुवैका लागि एउटा टाढाको सम्भावना मात्र हुनेछ ।'

स्रोतः एम्नेस्टी नेपाल, ओआरजी/१८ माघ २०७८

## युद्धविरामको अन्त्य

इजरायली जेलहरूमा थुनिएका कम्तीमा १५० प्यालेस्टिनी महिला तथा बालबालिकाको रिहाइको सट्टामा गाजापट्टीमा हालै हमासले बन्धक बनाइएका ५० महिला तथा बालबालिकाको रिहाइ गर्न चारदिने युद्धविराम सम्झौता मंसिर ६ गते भएको थियो ।

उक्त युद्धविराम पछि ३ दिन थपिएको थियो । त्यसक्रममा हमासले ७८ जना महिला र केटाकेटी गरी ११० जनालाई रिहा र इजरायलले २४० जना प्यालेस्टिनीहरूलाई रिहा गरेको समाचार प्रकाशमा आएको छ ।

यस अवधिमा मानवीय आवश्यकताहरूका लागि तोकिएको इन्धनसहित राहत गाजामा प्रवेश दिइने छ ।

युद्धविराम पछि इजरायलले गाजामा पुनः हमला गरेर सयौं प्यालेस्टिनीहरूको ज्यान लिएको छ ।

# विश्वभरि प्रदर्शन

## फासिवादी इजरायल र साम्राज्यवादी अमेरिकाको विरोधमा प्यालेस्टाइनको समर्थनमा




(प्यालेस्टाइनहरूप्रति ऐक्यबद्धता प्रदर्शन भएका स्थानहरू)




(हिटलर भन्छ) सबै यहुदीलाई मार्न सक्थें तर केहीलाई किन छोडें भन्ने कुरा मानिसहरूले बुझ्दै छन्।




(यो द्वन्द्व होइन नरसंहार हो)




(यहुदीवाद फासिवाद हो। उपनिवेशवादीहरू वासिङ्टन डीसीबाट निस्की)




(जनताकोलागि नबोल्ने हत्याराहरू)




(यो युद्ध होइन नरसंहार हो। इजरायल, संग अमेरिका आज कति केटाकेटी मार्यौ ?)




(युद्ध अपराध बन्द गर। हत्याराहरू)




(इजरायलले संरा अमेरिकी बमबाट बालबालिका मारिरहेको छ।)




(प्यालेस्टाइन स्वतन्त्र हुनेछ नदीदेखि समुद्रसम्म!)



(इजरायली फासिवादप्रतिको आक्रोश)




(इजरायलको अर्थ हत्या, युद्ध, मृत्यु, हत्यारा।)



(इजरायली फासिवादलाई साथदिने साम्राज्यवादी अमेरिकाप्रतिको आक्रोश)




(प्यालेस्टाइनमा रङ्ग-जातिभेद र नरसंहार बन्द गर।)




(गाजामा नरसंहार बन्द गर। युद्धविरामले पुग्दैन कब्जा अन्त्य गर।)


अमेरिकी साम्राज्यवाद मुर्दावाद ! इजरायली फासीवाद मुर्दावाद !
Down With US Imperialism ! Down With Israeli Fascism !
प्यालेस्टाइनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध
विरोध प्रदर्शन तथा सभा
Protest Rally and Mass Meeting
against Barbaric Attack and Genocide by Israel on Gaza Strip, Palestine
Nov 3rd, 2023
(Nepal Revolutionary Youths' Union)
(Nepal Revolutionary Students' Union)


प्यालेस्टिन बधशाला होइन !
Palestine is not a slaughterhouse !


Stop Killing Children In Gaza!
No MCC! NO SPP!


न्यतन्याहु, प्यालेस्टिनको गाजापट्टिका अस्पताल स्कुल र नागरिकको घरमा बम प्रहार बन्द गर !
Mr. Netanyahu, Stop bombarding hospitals, schools & civilians in Gaza !


बाइडेन, तिम्रो हात मानव रगतले लतपतिएको छ !
Mr Biden, You Have Blood on Your Hands !


विश्व यहुदीवादको विरोधमा छ !
The world is against Zionism !


इजरायल, तिम्रो युद्ध अपराध बन्द गर !
Israel, Stop Your War Crime !


Down With Israeli Fascism!
Let Palestine Live!
No MCC!









तस्बिर स्रोत : इन्टरनेट




(अस्पताल क्षेत्र चुप लाग्नुस्) ग्लोबकार्टुनबाट

**दुई सम्पादकीय**

# के बाइडेन र न्यतन्याहु युद्ध अपराधी हुन् ?

संरा अमेरिकी राष्ट्रपति बाइडेन सत्तामा पुग्दा प्रजातन्त्र र मानवअधिकारको पक्षमा केही सकारात्मक पाइला चालिने विषयमा साधारण बुद्धिजीवीहरूको आशा थियो । ती बुद्धिजीवीहरू संरा अमेरिकालाई एक आक्रामक साम्राज्यवादी देश, उपनिवेशवादी तथा संसारको प्रतिक्रियावादी शासक देशको नेतृत्व गर्दै छ भन्नेबारेमा प्रस्ट दृष्टिकोण राख्दैनथे । त्यस्तै संसारका मुसलमान बहुल देशका जनता पनि त्यस्तै कम्युनिस्टविरोधी विचार राख्थे तथा अमेरिकी शासकवर्ग र पूँजीपतिवर्ग शान्ति, प्रजातन्त्र, धर्म, जात एवम् मित्रताको प्रतीक हुन् भन्ने खोटो विचार राख्थे ।

तर, यो एक महिनामा संसारका सबैजसो राजधानी र सहरहरूमा विरोध प्रदर्शन र जनसभाहरूमार्फत प्यालिस्टाइनमा गरेको इजरायली आक्रमणमा अमेरिकाकै हात छ र यस अपराधका मुख्य कारक अमेरिकी राष्ट्रपति बाइडेन हुन् भन्नेबारे जनताले जानकारी प्राप्त गर्दै छन् ।

बेलायतमा प्यालिस्टाइनका अस्पतालहरूमा गरेको आक्रमण, खास गरेर केटाकेटीहरू र महिला, सुत्केरीहरूको अस्पतालमा गरेको आक्रमणबाट संसारले थाहा पाए कि इजरायलका प्रधानमन्त्री न्यतन्याहु वास्तवमा अमेरिकी सरकारको सल्लाहमा जातीय उन्मूलनको अपराध गर्दै छन् ।

जातीय उन्मूलन एकातिर छ भने अर्कोतिर तिनीहरू लाखौँ प्यालिस्टिनीहरूलाई मिश्र, लेबनान र अन्य अरब देशहरूमा शरणार्थी वा भगुवाको रूपमा लखेट्न चाहन्छन् ।

यसबाट थप केही प्रश्नहरू उठ्नु स्वाभाविक हो– पश्चिमीहरू आज पनि माल्थसकै खोटो जनसङ्ख्या सिद्धान्त स्वीकार्छन् र एसियाको जनसङ्ख्या अन्त सारेर तत्तत् देशका समस्याहरू समाधान चाहन्छन् वा ती एसियाली देशका जनतालाई विदेशमा पन्छाएर पश्चिमी देशहरू पुनः उपनिवेशवादलाई फर्काउन चाहन्छन् । विस्तारवादी प्रतिगामी सोच भएका केही एसियाली देशका शासकहरूले पनि राजनैतिक समस्यालाई सिक्किमजस्तै आफूमा मिलाएर वा भुटानमा जस्तै भुटानी जनतालाई विदेशमा स्थानान्तरण गर्न चाहन्छन् ।

साम्राज्यवादी र विस्तारवादीहरू मानिसलाई सामान्य प्राणीहरूमात्रै सम्झन्छन् । तर, मानिस एक सामाजिक र सांस्कृतिक प्राणी हुन् । उनीहरू आफ्नो समाजमा रमाएका हुन्छन्, उनीहरूलाई आफ्नो भाषा र संस्कृति मन पर्छ । मानिस एक राजनैतिक प्राणी पनि भएको हुँदा उनीहरू एक निश्चित बन्दोबस्तमा बस्न चाहन्छन् । समाज, कला र संस्कृति, राजनैतिक व्यवस्था निश्चित सभ्यताबाट उठेको एउटा संसार

हो। तर, अरूको सभ्यतालाई ध्वंश पार्ने र अरूको देश कब्जा गर्दै तथा आपसमा लडाउँदै र ध्वस्त पार्दै अगाडि बढ्न चाहने, अरूको पीडामा रमाउने 'परपीडक' नै प्यालेस्टाइन र इजरायलीहरूको युद्धका सञ्चालकहरू हुन्।

प्यालेस्टिनीहरू भन्छन्- ७० वर्षसम्म पनि त्यस समस्यालाई नसुल्झाउनुको अर्थ प्यालेस्टिनीहरूलाई आफ्नो देश र भूमिबाट निकाल्ने क्रूर उद्देश्यकै कारण बारम्बार त्यहाँका जनतालाई रगतमा डुबाउने अपराध गरिँदै छ।

पश्चिमा सभ्यता र अमेरिकी साम्राज्यवादीहरूको अरूलाई रगतमा डुबाउने राजनैतिक खेलको विरोधमा बेलायत, फ्रान्स, अमेरिका, युरोपका सबैजसो राजधानी र सहरहरूमा समेत ठूलठूला विरोध प्रदर्शन गर्दै प्यालिस्टाइन र इजरायलको युद्ध बन्द गर्न सचेत जनता उठ्दै छन्। सम्भवतः युरोप, अमेरिका, एसिया र अन्य महादेशहरूमा पनि अमेरिकी राष्ट्रपति बाइडेन र इजरायली प्रधानमन्त्री न्यतन्याहुलाई युद्धपिपासु र युद्ध अपराधीको रूपमा हेरिँदै छ। यो राम्रो सन्देश होइन। यसकारण, विश्वको जनमत शान्तिको पक्षमा छ। हामी नेपाली जनता पनि युद्धको विरोध र शान्तिको पक्षमा छौँ।

श्रमिक साप्ताहिक, २०८०।७।२८

# इजरायली राज्य आतङ्क बन्द गर्नुपर्छ

युक्रेनलाई हतियार बिक्री गरेर रूससँग लडाउने र इजरायललाई हतियार बिक्री गरेर प्यालेस्टिनी जनताको नरसंहार गर्दै भूमि कब्जा गराउने संरा अमेरिका साम्राज्यवादको नाइके देश हो। नेपालभाषा साहित्य तःमुंज्या, प्रगतिशील सांस्कृतिक समाज र विविध भाषा साहित्यिक समाजको आयोजनामा भएको छ्वाछ्वै न्हू दँ ऱ्यालीमा साम्राज्यवादी देश अमेरिका, युक्रेन र इजरायली सरकारको फासीवादी नीतिको विरोध भयो। ऱ्यालीमा युक्रेनी युद्धमा हतियार र आर्थिक सहयोग बन्द गर, प्यालेस्टिनी जनताको न्यायपूर्ण सङ्घर्षको समर्थन गरौँ, यहुदी बर्बरतावादीहरूले कब्जा गरेको प्यालेस्टिनी भूमि फिर्ता गर उल्लेखित प्ले कार्ड सहभागीहरूले बोकेका थिए। प्यालेस्टिनी मुक्ति सङ्घर्ष जिन्दावाद, गाजापट्टीमा खानेपानी, औषधि, खाद्यान्न, बिजुली आपूर्ति बन्द गर्ने इजरायली फासीवाद मुर्दावाद, प्यालेस्टिनीहरूको भूमि खोस्ने अमेरिकी-बेलायती साम्राज्यवाद मुर्दावाद उल्लेखित प्लेकार्ड पनि प्रदर्शनकारीहरूले बोकेका थिए। हो, इजरायल सरकारको विध्वंसात्मक कारबाही र राज्य आतङ्क बन्द गर्नुपर्छ। प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिनुपर्छ।

इजरायली प्रम नेतन्याहुको फासीवादको समर्थन गर्ने अमेरिकी राष्ट्रपति जो बाइडेन युद्ध सरदार हो। मध्यपूर्वमा युद्ध तत्काल बन्द गर्न संयुक्त राष्ट्र सङ्घले शीघ्रातिशीघ्र पहल गर्नुपर्छ, प्यालेस्टिनी जनताको नरसंहार गर्ने इजरायलका प्रधानमन्त्री नेतन्याहुलाई अन्तर्राष्ट्रिय अदालतमा उभ्याउनुपर्छ। अमेरिकाको सहयोग र साथमा इजरायलले केटाकेटी र बुढाबुढीको समेत हत्या गरिरहेको छ। प्यालेस्टाइनलाई केटाकेटीको मसानघाट बनाइरहेको छ। इजरायलले थालेको युद्ध अपराध बन्द गर्नुपर्छ। हरेक नागरिकको आफ्नो देश हुन्छ। तर, प्यालेस्टिनी जनताको देश छैन। आफ्नो देशमा अन्य जनजाति आएर हैकम जमाएको छ। त्यसकारण, प्यालेस्टिनी जनताको आफ्नो देश जोगाउन र आफ्नो सुरक्षाको निम्ति प्यालेस्टिनी जनता ज्यानको बाजी राखेर इजरायली सरकारविरुद्ध लड्दै छन्। आफ्नो राज्य कायम गर्न र आफूहरू सुरक्षित हुन सङ्घर्षरत प्यालेस्टिनी जनतामाथि इजरायली सरकारले बम वर्षा गर्दै सहर खरानी पार्दै नरसंहार गर्दै छ। विश्वका न्यायप्रेमी जनताले त्यसको घोर विरोध गर्दै छन्। नेपाल संवत् ११४४ को अवसरमा आयोजित सांस्कृतिक ऱ्यालीमा पनि इजरायली आक्रमणको घोर निन्दा र भर्त्सना गरियो।

दोस्रो विश्वयुद्धको क्रममा प्यालेस्टाइनमा शरणमा आएका यहुदीहरूलाई संरा सङ्घले यहुदी राज्यको घोषणा गरेर गलत काम गरेको थियो। साम्राज्यवादी देशहरूको इसारामा आज यहुदीहरूले पूरै कब्जा गर्ने दुस्प्रयास गर्दै छन्। प्यालेस्टाइन देश विश्वबाटै हटाउन इजरायलले देशको नक्सा नै मेट्ने दुःसाहस गऱ्यो। त्यही कारण हमासले इजरायलमा प्रत्याक्रमण गरेको हो। के आफ्नो देश बचाउनको निम्ति लड्नु अन्याय हो ? संसारका न्यायप्रेमी जनताले प्यालेस्टाइन देश बचाउन र त्यहाँका जनताको सुरक्षा गर्न स्वरमा स्वर मिलाउँदै इजरायली आक्रमणको निन्दा र भर्त्सना गर्दै छन्। भर्त्सना र निन्दाको विरोध प्रदर्शन जारी छ। प्यालेस्टाइन कब्जा गर्ने यहुदीहरूलाई त्यो देशबाट फर्काउनुपर्छ। अरूलाई जुधाएर, लडाएर, युद्ध गराएर आफ्नो हतियारको व्यापार गर्ने संरा अमेरिकालाई संसारबाट एक्लो पार्नुपर्छ। संयुक्त राष्ट्र सङ्घ संरा अमेरिकाको कठपुतली होइन संसारका सबै देशको प्रतिनिधित्व गर्ने साझा संस्था हुनुपर्छ।

संरा अमेरिकाले अरू देशमा आक्रमण गरेर ध्वस्त पार्ने काम गऱ्यो; अरू देशका राष्ट्र प्रमुखहरूको हत्या गर्ने काम गऱ्यो; अरू देशमा आन्तरिक कलह गराउने, सरकार कमजोर बनाउने र हातहतियार र सेना पठाएर द्वन्द्व चर्काउने काम गऱ्यो। रूस-युक्रेन र इजरायल-प्यालेस्टाइनको युद्ध यसको पछिल्लो दृष्टान्त हो। यसकारण, नेपाल संवत् ११४४ को अवसरमा आयोजित विभिन्न साहित्यिक, सांस्कृतिक तथा रचनात्मक गतिविधिमा आक्रमणकारी, ध्वंसकारी संरा अमेरिकाको चर्को विरोध भएको हो। यो हरेक अन्तर्राष्ट्रवादी दल, नेता र देशभक्त जनताले उठाउनैपर्ने विषय हो। हरेक गलत, देशविरोधी, जनविरोधी कार्यको निन्दा गर्नुपर्छ। विश्वका न्यायप्रेमी जनताले उठाएको उक्त समर्थन र ऐक्यबद्धताको प्रशंसा गर्नुपर्छ।

मजदुर दैनिक, कार्तिक २८, २०८०

# प्यालेस्टिनीहरूको समर्थनमा विद्यार्थीहरूको विशाल प्रदर्शन




विद्यार्थी हित समिति भक्तपुर जिल्ला समितिको आयोजनामा प्यालेस्टाइनमाथि इजरायली फासीवादको बर्बर हमला तथा नरसंहारविरूद्ध हजारौँको सङ्ख्यामा विद्यार्थी जुलुस तथा सभा मङ्सिर ८ गते टौमढीमा सम्पन्न भयो ।

कमलविनायक र दरबार स्क्वायरबाट छुट्टाछुट्टै सुरू भएको विद्यार्थी जुलुस टौमढीमा पुगी सभामा परिणत भएको थियो ।

सभामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिका अध्यक्ष **प्रकाश गुरूङ**ले यहुदीवाद जातिवाद र फासीवादको अर्को रूप भएको तर्क राख्नुहुँदै इजरायलले प्यालेस्टाइनमा गरिरहेको हमला मानवताविरोधी अपराध भएको बताउनुभयो ।

नेपाल पनि भारतको हिन्दू फासीवादको खतरामा परेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'फासीवादको पक्षपोषण संरा अमेरिकी साम्राज्यवादले गरिरहेको छ ।'

संयुक्त राष्ट्र सङ्घको महासभामा इजरायली प्रधानमन्त्री नेतन्याहुले प्यालेस्टाइनी भूमि हटाएर इजरायलको नक्सा देखाउनु र भारतले अखण्ड भारतको नक्सामा नेपाललाई गाभ्नु उस्ताउस्तै भएकोले नेपाली जनताले प्यालेस्टाइनलाई समर्थन गर्नुपर्नेमा जोड दिनुभयो ।

प्यालेस्टाइनी जनता अरब क्षेत्रका शिक्षित र प्रतिभाशालीहरूमध्ये पर्ने र उनीहरूको देशभक्ति भावनाबाट नेपाली जनताले सिक्नुपर्ने धारणा उहाँले राख्नुभयो ।



नेक्राविसङ्घ भक्तपुर जिल्ला समिति सदस्य **सुजी ह्यंगोजू**ले इजरायलले प्यालेस्टाइनका १८ वर्ष मुनिका बालबालिकाहरूलाई मार्नु र कैदी बनाउनु तथा विद्यालय र अस्पतालहरूमा हमला गर्नु खेदपूर्ण भएको बताउनुभयो ।

प्यालेस्टिनी बालबालिका र विद्यार्थीहरूको दुःख र पीडामा नेपाली विद्यार्थीले ऐक्यबद्धता र समर्थन गर्नु शिक्षित र सचेत विद्यार्थीको अन्तर्राष्ट्रिय दायित्व भएको र जुलुस प्रदर्शनीले विश्व समुदायमा नेपालको इज्जत राखेको औँल्याउनुभयो ।

उहाँले भारतले लिपुलेक र लिम्पियाधुरा आफ्नो नक्सामा गाभ्दा पनि विद्यार्थी हित समितिले यस्तै र्‍याली निकालेको स्मरण गर्नुभयो ।

कार्यक्रममा **सनम फैजू**, **राज प्रजापति**लगायतले बोल्नुभएको थियो ।

## विद्यार्थीहरूको अपिल

अमेरिकी साम्राज्यवाद मुर्दावाद !
यहुदी जातिवाद मुर्दावाद !
प्यालेस्टिनीहरूको जातीय सफाया बन्द गर !!




बेलायतलाई एक समय संसारमा सूर्य नअस्ताउने साम्राज्य भनिन्थ्यो । अङ्ग्रेजहरूले संसारभरि उपनिवेश फैलाएका थिए । २० औँ शताब्दीमा बेलायतको दबदबा घट्दै गयो ।

बेलायतले धेरै देशमा ठूलाठूला घाउ छोडेर गयो। हाम्रै छिमेकी देश भारत र चीनबीच सीमा समस्याको बीउ रोपेर झगडा लगायो। भारतलाई तीन टुक्रा बनायो। प्यालेस्टाइनको समस्या पनि बेलायतले नै बनाएको गहिरो घाउ हो।

आजभन्दा झण्डै १०० वर्षअघि प्यालेस्टाइनमा सबै धर्मका मानिसहरू मिलेर बसेका थिए। युरोपमा त्यसबेला 'विश्व यहुदी महासङ्घ' नामको यहुदी जातिवादी (Zionist) सङ्गठन बन्यो। त्यस सङ्गठनलाई बेलायतले प्यालेस्टाइनका जनतालाई नसोधी 'यहुदीहरूको देश' बनाइदिन्छौँ भनेर वचन दियो। पहिलो विश्वयुद्धपछि ३० वर्षसम्म बेलायतले त्यहाँ यहुदी बस्ती बसाल्दै गयो। १५ हजारभन्दा बढी प्यालेस्टिनी जनता मारेर तथा ५०० भन्दा बढी गाउँ ध्वस्त पारेर सन् १९४८ मा इजरायल स्थापना भयो। 'संयुक्त राष्ट्रसङ्घ' ले प्यालेस्टाइनलाई दुई टुक्रा पारेर इजरायल बनाउन मद्दत गरेको थियो। त्यसैले प्यालेस्टाइनको घाउ चर्काउने अर्को पक्ष बेलायती दबाबमा रहेको संयुक्त राष्ट्रसङ्घ हो।

इजरायलको पहिलो प्रधानमन्त्रीले भन्यो, 'प्यालेस्टिनी अरबीहरू, देश छोडेर भाग !' इजरायलका शासकहरू जातिवादी (Racist) छन्। उनीहरू अर्को जाति वा धर्मका मानिसलाई घृणा गर्छन्। तिनीहरूले साढे ७ लाखभन्दा बढी प्यालेस्टिनीहरूलाई बेघर बनाएर 'घर फर्किन नपाउने कानुन' बनाए। अहिले आधाभन्दा बढी प्यालेस्टिनीहरू परदेशमा बाँच्न विवश छन्। आधा प्यालेस्टिनी गाजापट्टी र पश्चिम किनारामा इजरायलको खुला जेलमा कैदीजस्तै बाँच्न विवश छन्। इजरायलले बर्सेनि प्यालेस्टाइनमाथि बमबारी गर्दै आएको छ।

इजरायली प्रधानमन्त्री नेतन्याहुले गत असोज ५ गते संयुक्त राष्ट्रसङ्घको महासभामा मध्यपूर्वको नयाँ नक्सा देखाए। त्यसमा प्यालेस्टाइनको नक्सा नै थिएन। प्यालेस्टिनीहरूको राजनीतिक र लडाकु सङ्गठन हमासले असोज २० गते त्यसको जवाफ दियो। यही बहानामा प्यालेस्टिनी जनतालाई नै नामेट पार्न जातीय सफाया (Genocide) गर्ने योजनामा इजरायल छ। इजरायलको कृषिमन्त्रीले केही दिन अगाडि 'हामी गाजामा नक्बा गर्दै छौँ' भन्यो।

नेपाल अङ्ग्रेजहरूसँग लडेको देश हो। आज देशघाती एमसीसी सम्झौतामा फसाएर हाम्रा नदीनालाको बिजुली विदेशमा लग्ने षड्यन्त्र भइरहेको छ। प्यालेस्टिनीहरूसँग घरको चाबी छ, घर यहुदी जातिवादीहरूले खोसेका छन्। नेपालीसँग नदीनाला छन् तर त्यसको बिजुली भारतीय एकाधिकार पुँजी र साम्राज्यवादीहरूले खोस्दै छन्। अर्कोतिर नेपालीलाई विभिन्न जात र धर्ममा बाँड्न जातिवादी सोचले काम गर्दै छ। भारतका फासीवादी तथा विस्तारवादी नेता नरेन्द्र मोदीले 'अखण्ड भारत' को नक्सामा नेपाललाई पनि गाभे। हिन्दू फासीवाद पनि यहुदीवादजत्तिकै हानिकारक छ।

संरा अमेरिकाको आर्थिक र सैनिक सहयोग प्राप्त गरी यहुदी जातिवादीहरूले ६ हप्ताभित्र गाजामा २५,००० टनभन्दा बढी बम खसाले र १४,५०० भन्दा बढीको हत्या गरे। हरेक १० मिनेटमा एक बालबालिका मारे। ५,६०० भन्दा बढी बालबालिका तथा ४,००० भन्दा बढी महिला मारे। अस्पताल र विद्यालयमा बमबारी गरे। करिब ३४–३५ हजार प्यालेस्टिनी घाइते भइसकेका छन्। भग्नावशेषमा पुरिएका हजारौँलाई अझै निकाल्न सकिएको छैन। यस्तो स्थितिमा यहुदी जातिवादीहरूले खाना, पानी, औषधि, इन्धन, इन्टरनेटलगायत सम्पूर्ण अत्यावश्यक वस्तुको आपूर्ति बन्द गरे। ५०,००० गर्भवती महिला आवश्यक स्वास्थ्य सेवाको अभावमा छटपटिँदै छन्। यहुदी जातिवादीहरूले करिब ५० प्रतिशत भौतिक संरचना ध्वस्त पारे। २ सयभन्दा बढी चिकित्सक–नर्स मारे। दर्जनौँ पत्रकारहरू मारे। युद्धकै बीच 'लर्न एन्ड अर्न' को नाउँमा पठाइएका १० नेपाली युवाहरूको मृत्यु भएको छ भने १ जना बेपत्ता छन्। युद्धग्रस्त भूमिमा नेपाली युवा पठाउने नेपालका प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारी र म्यानपावर कम्पनीहरू यसका दोषी हुन्।

अरूको पीडामा पशु पनि खुसी हुन्न। हामी सचेत मानव हौँ। तसर्थ, साम्राज्यवाद र जातिवादको विरोध गर्नु हाम्रो दायित्व हो। प्यालेस्टिनी जनताको स्वतन्त्रता तथा स्वाधीनताको लडाइँप्रति हरेक शान्तिप्रेमी नेपालीले ऐक्यबद्धता जनाउँदै छन्। हमास र इजरायल सरकारबीच चार दिनको युद्धविराम भयो। यो युद्धविराम स्थायी शान्तिमा बदल्न जरूरी छ। अमेरिकी सरकारले प्यालेस्टाइनको सार्वभौमिकतालाई स्वीकार गर्न आवश्यक छ। यो न्यायपूर्ण सङ्घर्षमा हातेमालो गर्नुहुन सम्पूर्ण संवेदनशील विद्यार्थी, शिक्षक तथा अभिभावकलाई हार्दिक अनुरोध गर्दछौँ।

विद्यार्थी हित समिति
भक्तपुर
२०८० मङ्सिर ८

## महिलाहरूको आवाज

# अमेरिकी साम्राज्यवाद मुर्दावाद ! यहुदी जातिवाद मुर्दावाद ! प्यालेस्टिनीहरूको जातीय सफाया बन्द गर ! स्थायी युद्धविराम सम्झौता गर !




## सात हप्ताको इजरायली आक्रमणले विश्वबाट अलग भएको गाजापट्टीमा के-के भयो ?

- १७ लाख मानिसहरू विपत्ति र अभावमा छन् ।
- दैनिक १६ लाख डलर कृषि उत्पादनमा घाटा भयो । बेरोजगारी ७० प्रतिशत पुग्यो ।
- २ लाख ३४ हजार क्षतिग्रस्त आवासमध्ये ४६ हजार घर पूर्ण क्षति भए ।
- विद्युत् प्रणाली, पानीको भण्डारण र वितरण प्रणाली, ढल निकास ध्वस्त भएका छन् ।
- विश्व स्वास्थ्य सङ्गठनले गाजापट्टीमा इजरायली बम विस्फोटभन्दा रोगबाट धेरै मानिसहरूको मृत्यु हुने चेतावनी दिएको छ ।

इजरायलले गाजापट्टीका जनताविरुद्ध घेराबन्दी गरी आक्रमण गरेको नरसंहार हो । विश्वभरिका जनताले गाजापट्टीमा भइरहेको आक्रमण नरसंहार नै भएको बताएका छन् । बेलायतको संसद्मा इजरायली राजदूत फिर्ता पठाउने आवाज उठ्यो । आइरिस सरकारले इजरायली राजदूतलाई फिर्ता पठायो ।

बोलिभियाले इजरायलसँग कूटनीतिक सम्बन्ध तोड्यो । कोलम्बियाले इजरायलबाट आफ्नो राजदूत फिर्ता बोलायो । बहराइनले इजरायलबाट राजदूत फिर्ता बोलाएर इजरायलसँगको आर्थिक सम्बन्ध नै तोड्यो । दक्षिण अफ्रिकी सत्तारुढ दल अफ्रिकी नेसनल कङ्ग्रेसले इजरायलसँगको कूटनीतिक सम्बन्ध तोड्न विश्वलाई आह्वान गर्‍यो । अस्ट्रेलियाले प्यालेस्टाइनको पक्षमा आफ्नो झन्डासँगै प्यालेस्टिनी झन्डा फहरायो । गाजाको नरसंहारविरुद्ध जोर्डनले इजरायलसँग पानी र ऊर्जा सम्झौता बहिष्कार गर्‍यो ।

प्यालेस्टाइन र सिङ्गो मानवताका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा १२० देशले मत खसाले । चीनले सुरुदेखि नै इजरायली बर्बरताविरुद्ध प्यालेस्टिनी जनताको समर्थनमा बोल्दै छ । नेपाल सरकारले पनि इजरायली राजदूतलाई फिर्ता पठाउनुपर्दछ । जापानलगायत मुलुकले मानवीय सहयोग जम्मा गर्दै छन् ।

प्यालेस्टिनमाथि नरसंहार र जातीय सफायाविरुद्ध स्वयम् संरा अमेरिका, लन्डन (बेलायत), भारत, क्यानडा, अस्ट्रेलिया, स्पेन, इजरायललगायत ५-७ दर्जन देशहरूमा लाखौँ सहभागीसहित शक्तिशाली प्रदर्शनीहरू भइरहेका छन् ।

नेपाल सरकार र सत्ता पक्ष एवम् प्रमुख विपक्षी पार्टीहरू प्यालेस्टाइनमाथि इजरायली नरसंहार भइरहँदा किन मौन छन् ? युद्धकै बीच 'सिक र कमाउ' को नाउँमा इजरायल पठाइएका १० नेपाली युवाहरूको ज्यान गुमेको छ भने १ जना बेपत्ता छन् । युद्धग्रस्त भूमिमा नेपाली युवा पठाउने नेपालका प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारी र म्यानपावर कम्पनीहरू यसका दोषी हुन् ।

हमास र इजरायल सरकारबीच मङ्सिर ८ गतेबाट सुरु भएको चारदिने युद्धविराम मङ्सिर १४ गतेसम्मको लागि थप दुई दिन थपियो । विगतमा पनि शान्ति सम्झौता भएको थियो । प्यालेस्टिनलाई राजनीतिक मान्यता दिनुपर्ने भएको हुँदा इजरायल शान्ति सम्झौताबाट पन्छिँदै आएको छ । युद्धविरामको अवधिमा इजरायलले प्यालेस्टिनी क्षेत्रमा गोलाबारी गर्न छोडेको छैन । प्यालेस्टिनी जनताको हितमा र विश्वमै शान्ति कायम गराउने एक महत्त्वपूर्ण पाइलाको रूपमा अमेरिकी सरकारले इजरायललाई स्थायी युद्धविराम गराउन जरुरी छ । अमेरिकी सरकारले प्यालेस्टिनी सार्वभौमिकतालाई स्वीकार गर्न आवश्यक छ ।

इजरायली शासकहरूले प्यालेस्टिनी जनतालाई पशुजस्तै मार्ने दाबी गर्दै छन् । हामी सचेत मानव हौँ । तसर्थ, साम्राज्यवाद र जातिवादको विरोध गर्नु हाम्रो दायित्व हो । प्यालेस्टिनी जनताको स्वतन्त्रता तथा स्वाधीनताको लडाइँप्रति हरेक शान्तिप्रेमी नेपाली जनताले ऐक्यबद्धता जनाउँदै छन् । यही मङ्सिर १५ गते ललितपुरको लगनखेलबाट इजरायली फासीवादको विरोधमा प्रदर्शन सुरु गरी मङ्गलबजार परिसरमा हुने सभामा उपस्थित भई प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउने कार्यक्रममा हातेमालो गर्नुहुन सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौँ ।

नेपाल क्रान्तिकारी महिला सङ्घ

२०८० मङ्सिर १४

(नेपाल क्रान्तिकारी महिला सङ्घले प्यालेस्टिनी जनताको समर्थनमा मङ्सिर १५ गते ललितपुरमा जुलुस प्रदर्शन तथा सभा गर्न जारी गरेको अपिलको अंश ।)

# नेपालको शान्ति प्रक्रिया र गुटेर्रेसको सुझाव

विवेक

नेपालका शासक दलका नेताहरूमा अरूको आदेश, निर्देशन पालना गर्ने बानी नै बसिसकेको छ। उनीहरू हरेक कुरा अरूले भनेपछि मात्रै निर्णय गर्ने कठपुतली बन्दै गएका छन्। हुँदा हुँदा शान्ति प्रक्रियाको अन्तिम टुङ्गो लगाउन पनि संयुक्त राष्ट्र सङ्घको महासचिवको भ्रमण नै कुर्नु पर्‍यो।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले कार्तिक १२ देखि १५ सम्म नेपालको भ्रमण गरे। उनले नेपालको प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त सदनलाई सम्बोधन गरे। उनको सम्बोधनका विभिन्न विषयहरूमध्ये एउटा महत्त्वपूर्ण विषय थियो – नेपालको शान्ति प्रक्रिया। उनले 'पीडित पक्षको अधिकारको रक्षा गर्दै शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन आग्रह' गरे। उनले भने– 'समावेशी र पीडित केन्द्रित रहेर मात्रै सङ्क्रमणकालीन न्याय टुङ्ग्याउन सकिनेछ। हामीलाई थाहा छ, सङ्क्रमणकालीन न्याय त्यतिबेला मात्रै सफल हुने सम्भावना रहन्छ जब त्यो समावेशी तथा बृहत हुन्छ र यसको केन्द्रमा पीडितहरू हुन्छन्।'

महासचिव गुटेर्रेसको भ्रमणपछि प्रधानमन्त्री 'प्रचण्ड' निकै हौसिएका देखिन्छन्। 'प्रचण्ड' र एमाले अध्यक्ष केपी ओलीबीच भेट र चियापानको बहानामा शासक दलका नेताहरूको संयुक्त भेटघाटलगायतका जमघटहरू भए। राष्ट्रिय समस्याकाबारेमा त्यसरी दलहरूबीच आपसी छलफल, अन्तरक्रिया, विचार आदानप्रदान गर्नु नराम्रो होइन। संसद्मा प्रतिनिधित्व गरेका सबै दलहरूबीच समय समयमा विषयगत छलफल गरेको भए सरकारलाई काम गर्न धेरै सजिलो हुने थियो। विपक्षीहरूले गर्ने आलोचनाले पनि सरकारलाई काम गर्न मद्दत गर्छ। धेरै सङ्ख्या हुँदैमा बुद्धि पनि धेरै हुने होइन।

शान्ति प्रक्रिया अहिलेसम्म नटुङ्गिनुमा सबभन्दा बढी माओवादी नै जिम्मेवार छन्। २०६२ मंसिर ५ गते आन्दोलनरत ७ दल र माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको थियो (नेमकिपाको सम्झौतामा सहभागिता थिएन)। त्यो सम्झौता अहिले १८ वर्ष भइसकेको छ। यस अवधिमा सबभन्दा बढी कुनै दल सरकारमा छ भने त्यो माओवादी नै हो। माओवादीले ४ पटक सरकारकै नेतृत्व गरिसकेको छ। अहिले पनि माओवादीकै नेतृत्वमा सरकार छ। तापनि शान्ति प्रक्रिया टुङ्गोमा पुग्न सकेन किन ?

माओवादीहरू युद्ध जितेर आएको नभई सम्झौताबाट आएका हुन्। त्यसैले शान्ति सम्झौताअनुसार शान्ति प्रक्रियाको अन्तिम टुङ्गो नलागेको अवस्थामा सबभन्दा बढी समस्या माओवादीलाई नै हुनेबारे माओवादी नेताहरू पनि अवगत नभएका होइनन्। २०६४ सालमा माओवादीहरू संविधान सभामा प्रत्यक्षतर्फ ५० प्रतिशत जित्ने हैसियतमा थिए। त्यतिबेला माओवादीले शान्ति प्रक्रिया टुङ्ग्याउन चाहेको भए सजिलै सम्पन्न हुने थियो। संसद्मा ठूलो सङ्ख्यामा माओवादीको उपस्थिति थियो, नेका र एमालेजस्ता दलहरू रक्षात्मक अवस्थामा थिए र माओवादीप्रति जनताको विश्वास पनि थियो। माओवादीको निम्ति त्यो अत्यन्त अनुकूल वातावरण थियो। माओवादी नेतृत्वले समयलाई सही मूल्याङ्कन गर्न सकेन। एकपटक सरकारमा गएपछि त्यो सधैँका लागि आफ्नो ठान्ने र राजनैतिक मुद्दालाई ध्यान नदिई सबै नेता र कार्यकर्ताहरू कमाउ धन्धातिर लागे। परिणाम शान्ति प्रक्रियाजस्ता महत्त्वपूर्ण कार्य अधुरो रहन गयो। 'प्रचण्ड', बाबुरामजस्ता तत्कालीन सशस्त्र सङ्घर्षको नेतृत्व गर्नेहरूको टाउकोमा अड्डा-अदालतमा दर्जनौँ मुद्दा रहेकोबारे समेत ध्यान दिएनन्।

२०७१ सालमा मात्रै 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपन तथा मेलमिलाप आयोग ऐन २०७१' बन्यो। ऐन निर्माण हुनै ८ वर्ष लाग्यो भने आयोगले काम गरेको ९ वर्षमा पनि शान्ति प्रक्रिया निष्कर्षमा पुग्न सकेन। यस अवधिमा माओवादीको शक्ति झन् झन् कमजोर हुँदै गयो। २०६४ सालमा एक्लै चुनाव लड्दासमेत प्रत्यक्षमा ५० प्रतिशत जित्ने हैसियत राख्ने माओवादीले अहिले नेकाजस्ता ठूलो दल र अन्य विभिन्न दलहरूसँग गठबन्धन गरेर चुनाव लड्दासमेत ३२ सिट मात्रै जित्न सक्ने अवस्थामा पुग्यो। एक्लै निर्वाचनमा गएको खण्डमा कुनै पनि क्षेत्र जित्ने अवस्था छैन। 'प्रचण्ड' स्वयम् कहिले चितवन, कहिले सिराहा त कहिले गोरखा जानुपर्ने स्थिति आयो। विचार र सिद्धान्तलाई थाँती राख्दै निर्वाचन जित्नकै लागि कहिले एमालेसँग गठबन्धन त कहिले नेकासँग गठबन्धन गर्नुपर्‍यो। माओवादीहरूले सरकारमा पुग्नकै लागि आफूलाई चुनाव जित्न साथ दिने, सरकार गठन गर्न मद्दत गर्ने दललाई समेत लात मारेर अघि बढ्ने जस्ता हदैसम्मको राजनैतिक अनैतिकता प्रदर्शन गरे।

द्वन्द्वकालका मुद्दालाई अब राजनैतिक मुद्दाको रूपमा लिन पनि छाडिसकेका छन्। क्रमशः ती मुद्दाहरूले व्यक्तिगत मुद्दाको रूप लिँदैछन्। सर्वोच्च अदालतले २०७१ सालमै

गम्भीर मानव अधिकार उल्लङ्घन गर्नेहरूलाई आम माफी दिन नमिल्ने आदेश दिइसकेको थियो । माओवादीसँग सम्बन्धित अधिकांश मुद्दाहरू मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित छन् । आममाफीको अर्थ सबैलाई क्षमादान दिनु हो, त्यसमा कुनै किसिमको घटनाको अनुसन्धानसमेत हुँदैन । अर्को, पीडित समक्ष क्षमा मागेमा, परिपूरण दिने वाचा गरेमा वा घटना अनुसन्धानको लागि सहयोग गरेमा वा गल्ती स्वीकारेको अवस्थामा पनि आम माफीमा पर्न सक्छ । संसद्मा विचाराधीन बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक पारित हुन नसक्नुको कारण 'आममाफी' को व्यवस्था नै हो ।

माओवादीहरू जति कमजोर हुँदै जान्छ त्यति नै त्यो विधेयक पारित गर्न जटिल हुँदै जानेछ । प्रधानमन्त्री समेत रहेका 'प्रचण्ड'लाई विपक्षी बनाई सर्वोच्च अदालतमा द्वन्द्वका एक पीडितले मुद्दा नै दर्ता गरिसकेका छन् । उनी नेका नजिकका हुन् भन्ने सार्वजनिक भएको छ । माओवादी नेता कार्यकर्ताहरूको भोलिको अवस्था के हुन्छ भन्ने त्यो एक उदाहरण मात्रै हो ।

सशस्त्र सङ्घर्ष सुरु गरेको दिन फागुन १ गतेलाई राष्ट्रिय बिदा दिने निर्णय माओवादी नेतृत्वको सरकारले गऱ्यो । त्यसले जनताबीच सकारात्मक सन्देश दिएन । त्यो माओवादीको लागि मात्रै महत्त्वपूर्ण दिन थियो । अरू राजनैतिक दलले पनि त्यसरी आ–आफ्नो पार्टीको महत्त्वपूर्ण दिनहरूलाई बिदा दिन थाले भने के हुन्छ ? देश र जनताको हितभन्दा पनि क्षणिक चर्चाको लागि भावनामा बगेर निर्णय गर्ने शैली नै 'प्रचण्ड'को कमजोर पक्ष हो । उनले 'द्वन्द्वमा मारिएका १७ हजारमध्ये ५ हजारको जिम्मा म लिन्छु' भनी सार्वजनिक अभिव्यक्ति दिए । त्यही विपक्षीहरूका लागि सावित्ती प्रमाण भयो र सर्वोच्चको ढोकासम्म पुग्ने आधार बन्यो ।

हुन पनि ऐन बनेको ९ वर्षसम्म बेपत्ताहरूको स्थितिसम्म सार्वजनिक गर्न नसक्नु सरकारको लाचारीपन नै हो । सामूहिक रूपमा हेर्नुपर्ने मुद्दाहरू जब व्यक्तिगत मुद्दाको रूपमा जान्छ, त्यसले जटिल रूप लिनु त स्वाभाविक नै हो । अझै पनि कानुन निर्माण गरी शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन सकेनन् भने अहिले सरकारमा बसेका र नबसेका माओवादी नेताहरू सबैको छिटो जेल बास हुने दिन आउने सम्भावना छ । विगतमा सरकारले फिर्ता लिएका मुद्दाहरू समेत ब्युँताउन बेर छैन । पुँजीपति वर्ग कति हिंस्रक र क्रुर हुन्छ भन्ने कुरा माओवादी नेताहरूले त्यतिबेला राम्ररी बुझ्नेछन् जतिबेला उनीहरूले कुनै पनि रूपमा प्रतिरक्षा गर्नसक्ने स्थिति रहने छैन ।

मानव अधिकारवादीहरूले द्वन्द्वकालका धेरै घटनाहरूलाई लिएर अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठन र अन्तर्राष्ट्रिय अदालतमा पनि उजुरीहरू राखेका छन् । राष्ट्रिय कानुनले सम्बोधन नगरेमा अन्तर्राष्ट्रिय कानुन आकर्षित हुनेछ । अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि मानव अधिकार उल्लङ्घनको घटनामा आममाफी दिन मिल्दैन । समयमै कानून बनाएर शान्ति प्रकृयाको व्यवस्थापन गर्न सकिएन भने भोलि 'प्रचण्ड'हरूलाई अन्तराष्ट्रिय अदालत हेगमा लानबाट कसैले बचाउन सक्ने छैन ।

अन्तर्राष्ट्रिय मानव अधिकार होस् या मानव अधिकार त्यो पुँजीपति वर्गले आफ्नो हितमा बनाइएका कानुनहरू हुन् । तिनीहरूको परिभाषामा कम्युनिष्टहरू भनेकै 'आतङ्कवादी' हुने गर्छन् । कम्युनिष्टहरूलाई उनीहरू मानव अधिकार विरोधी ठान्छन् । संरा अमेरिकाले गरेको मानव अधिकारको परिभाषा नै अहिले अन्तर्राष्ट्रिय मानव अधिकारको परिभाषा हुन्छ । उसले अन्य देशहरूमाथि आक्रमण वा थिचोमिचो मानव अधिकार र प्रजातन्त्र नभएको बहाना मै गर्छ । इराक, लिबिया, आफ्गानिस्तान, सिरियालगायत देशहरूमाथिको आक्रमण पनि त्यही बहानामा गरिएको थियो । यसर्थ नेपाल भ्रमणका बेला सं.रा. सङ्घका महासचिव गुटेरेसले संसद्मा सम्बोधन गर्दै 'अन्यका अतिरिक्त जब मानव अधिकार उल्लङ्घनका सबै पीडितले अर्थपूर्ण समाधान पाउन सक्छन्' तबमात्रै सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न सकिने बताएको निकै अर्थपूर्ण छ ।

नेपाल सरकारले गणतन्त्र दिवसको दिन छाडेका बन्दीहरूको कैद माफीबारे योगराज ढकाल (रिगल) को मुद्दामा हालै सर्वोच्च अदालतले माफी निर्णय बदर गरेकोबाट अब सरकार र संसद्ले चाहेर मात्रै हुँदैन न्यायको सिद्धान्तअनुसार हुनुपर्छ भन्ने सन्देश दिन खोजेको देखिन्छ । वास्तवमा कानुन, अड्डा–अदालत, कर्मचारी, सेना र प्रहरी नै शासन सत्ता हो । अहिले माओवादी नेतृत्वमा सरकार छ, तर सत्तामाथि कब्जा पुँजीपति वर्गकै छ । प्रधानमन्त्री केपी ओलीले आफ्नो सार्वभौम अधिकार प्रयोग गरी दुई दुई पटक संसद् विघटन गर्दा समेत सर्वोच्च अदालतले बदर गरिदिएको कारणबाट समेत संसदीय सर्वोच्चता कि न्यायालयको सर्वोच्चता भन्नेमा प्रश्न उठ्ने गरेको छ । नेपालले अङ्गिकार गरेको प्रजातन्त्रले संसदीय सर्वोच्चतामा विश्वास गर्छ तर व्यवहारमा त्यो अदालतको सर्वोच्चताउन्मुख हुँदैछ । ३ करोड नेपाली जनताका प्रतिनिधिको सार्वभौम शक्तिको प्रयोग गर्ने संसद्भन्दा ५–६ जना न्यायाधीश शक्तिशाली हुनु खतराको घण्टी भन्ने अवश्य हो । संसद्मा विचाराधीन व्यक्ति बेपत्ता, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयकमा जन भावनाअनुसार आवश्यक संशोधन गरेर शान्ति प्रक्रिया छिटो टुङ्ग्याउनु बुद्धिमानी हुनेछ ।

# पदाधिकारीको आचरण र संस्थाको पहिचान

समिर

कुनैपनि मुलुकको पहिचान त्यस मुलुकका नागरिकहरूको सांस्कृतिक स्तर र व्यवहारिक आचरणको आधारमा निर्धारित हुन्छ। हुनत संसारको कुनैपनि समुदायमा राम्रा नराम्रा र असल खराब दुवै किसिमका मानिसहरू विद्यमान हुन्छ। तर वाहुल्यताको आधारमा सामान्यीकरण गरेर बुझ्ने प्रचलन छ। जस्तै नेपाली समुदायमा राई, लिम्बु, गुरुङलाई साहसी र निडर जनजातिको रूपमा लिइन्छ। तर यसको अर्थ ती जातिका सबै मानिसहरू साहसी र डर नमान्ने हुन्छ भन्ने होइन। त्यस्तै क्षेत्री बाहुनलाई चलाख र आदिवासी जनजातिलाई सोझा र सिधा समुदायको रूपमै सामान्यीकरण गरेर बुझ्ने गरिन्छ। त्यस्तै विभिन्न किसिमका सङ्घसंस्थामा काम गर्ने जनशक्तिको व्यवहार र आचरणले सम्बन्धित संस्थाको पहिचान र छवि निर्माण हुन्छ। त्यसैले आजभोलि संस्थामा काम गर्ने सबै जनशक्तिलाई विभिन्न किसिमका व्यवहार, आचरण, नैतिकता अध्यात्म र दक्षतासम्बन्धी तालिमहरू सञ्चालन गरी संस्थाको छवि उजिल्याउने प्रयास गरिन्छ। यसरी आवश्यक तालिम प्राप्त र अभिप्रेरित जनशक्तियुक्त सङ्घसंस्थाहरू सामाजिक रूपमा साखयुक्त संस्थाको रूपमा स्थापित भएको पाइन्छ भने परम्परागत रूपमै शास्त्रीय ढङ्गले सञ्चालित सङ्घसंस्था र कार्यालयहरू विस्तारै निस्प्रभावि हुन थालेको महसुस गरिएको छ।

सङ्घसंस्था र राज्यको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूको व्यक्तिगत स्वभाव र आचरणले कहिलेकाहीं सो सँग सम्बन्धित पद र संस्था नै बद्नाम हुने गरेको हामीले महसुस गरेकै हौं। कुनै बेला नेपालको कृषि मन्त्रीले धान दिवसको अवसरमा आयोजित कार्यक्रममा उपस्थित महिलालाई गरेको अमर्यादित व्यवहारले निजको पद मात्रै गएन देशको उच्च तहको राजनैतिक संस्थाको साखसमेत गिरेको थियो। त्यस्तै केही समय अगाडि नेपालका विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र मातहतका विभिन्न शाखाका विपरीत लिङ्गी कर्मचारीसँगको अनैतिक सम्बन्ध सम्बन्धी सामाजिक सञ्जालमा फैलिएको श्रव्य दृश्यले देशभरिकै प्रमुख प्रशासकीय अधिकृतहरू र स्थानीय तहहरूलाई अप्ठ्यारोमा पारेको थियो। कुनै बेला सरकारले निर्वाचित सांसदहरूलाई पजेरो सुविधा प्रदान गर्दा सांसदहरूले विभिन्न व्यापारीहरूसँग आर्थिक लाभ लिई पजेरो सुविधाको दुरूपयोग गर्दा सांसदहरू बद्नाम भएको घटना अझै स्मरण गरिन्छ। पुरुष सांसदहरूले सुत्केरी महिलाले खाने औषधीको बिल पेश गरी भुक्तानी लिँदा र मृत्यु शय्यामा पुगेका अन्तिम अवस्थामा पुगेका बिरामीलाई लगाउने सुईको बिल समेत पेश गरी ढाँटेर बिल भुक्तानी लिँदा तात्कालीन संसद्मा निकै चर्चा भएको थियो। यी र यस्ता घटनाहरूले निस्वार्थ देश र जनताको सेवा गर्ने उद्देश्यका साथ राजनीति गरेर सांसद बनेका केही इमानदार सांसदहरूलाई आफ्नो परिचय सांसदको रूपमा प्रस्तुत गर्दा हिनताबोध हुने गरेको त्यतिबेला सुनिन्थ्यो र आज पनि बेलाबखत त्यस्तै विभिन्न घटना सुनिन्छ। यसरी कुनै पेशा, वर्ग, पदाधिकारी र कर्मचारीहरूले पद अनुकूलको आचरण र व्यवहार गर्न नसक्दा समग्र सम्बन्धित समाज नै लज्जा बोध हुनुपर्ने अवस्था सिर्जना हुने गरेको हामीले विभिन्न समयमा प्रकाशित सामाचारहरूबाट बुझ्ने गरेको छौं।

नेपाल जस्तो विकासोन्मुख देश पूर्ण रूपमा आत्मनिर्भरका साथ राज्य सञ्चालन र विकास निर्माणमा अगाडि बढ्न नसकेको धरातलीय यथार्थ हो। विभिन्न विकसित मुलुक अन्तर्राष्ट्रिय वित्तीय र विकास संस्था तथा दातृ निकायहरूसँगको सहकार्य र समन्वयमा विभिन्न कार्यक्रम, योजना र परियोजनाहरू सञ्चालन गर्दै आर्थिक विकासमा अगाडि बढ्नु पर्ने बाध्यता रहेको हुन्छ। पुँजीको अभावमा ठूलठूला योजना र परियोजनाहरू सञ्चालन गर्न सम्भव नहुने भएकोले दातृ निकाय, अन्तर्राष्ट्रिय वित्तीय सङ्घसंस्थाहरू र विकास संस्थाहरूसँगको वित्तीय सहकार्यमा यस्ता योजना र परियोजनाहरू सम्पन्न गर्नुपर्ने हुन्छ। यसका साथै प्राकृतिक विपत्ति, महामारी, युद्ध र गृहयुद्धको समयमा पनि विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र मध्यस्थकर्ता सङ्घसंस्थाहरूसँगको सहकार्य र समन्वय आवश्यक हुन्छ। यसरी अन्तर्राष्ट्रिय समुदायसँग विभिन्न कारणले सहकार्य गर्ने क्रममा गोष्ठी, अन्तरकृया, बैठक र छलफलहरूको आयोजना हुने गरिन्छ। यस्ता कार्यक्रमहरूमा सङ्घसंस्था र सरकारको प्रतिनिधित्व गरेर सहभागी हुने पदाधिकारी र कर्मचारीहरूले गर्ने व्यवहारले सम्बन्धित देश र सरकारको प्रतिनिधित्व गरेको हुन्छ। तर जिम्मेवार पदाधिकारीले यस्ता गम्भीर कुराहरूमा ध्यान पुऱ्याउन नसक्दा सम्बन्धित व्यक्तिको मात्र नभई सरकारको र राज्यको समेत बद्नामी हुन जान्छ। नेपालका सरकारका प्रतिनिधिहरू र सरकारी कर्मचारीहरूले विभिन्न विदेशी मुलुकको राजदूतावास, दातृ र विकास सहयोगी संस्थाहरू र अन्तर्राष्ट्रिय वित्तीय सङ्घसंस्थाहरूमा व्यक्तिगत र राष्ट्रिय स्वाभिमान, सम्प्रभुसत्ता, स्वतन्त्रता र अखण्डताको भावना अनुकूल हुने व्यवहार गर्न नसक्दा देश र राज्य कमजोर हुँदै गएको धेरै दृष्टान्तहरू नेपालको राजनीतिक इतिहास अध्ययन

गर्दा हामीले भेटाउन सक्छौँ। पदीय मर्यादा अनुकूल व्यवहार गर्न सकिएन भने सम्बन्धित व्यक्तिको मात्र इज्जतमा ह्रास आउने होइन सम्बन्धित संस्थाको समेत गरिमा घट्ने हुन्छ।

कुनैपनि समाजमा प्रचलित सामाजिक मूल्य र मान्यता कायम भएको हुन्छ। स्थानीय धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, नैतिक र आध्यात्मिक आधारमा यस्ता मूल्य र मान्यताहरू स्थापित भएको पाइन्छ। जुन संसारका सबै ठाउँहरूमा निरपेक्ष रूपमा एक समान लागु नहुन सक्छ। जस्तै उदाहरणको लागि यूरोप अमेरिकामा महिलाले सन्तान जन्माउन विवाह अनिवार्य नहुन सक्छ तर नेपाल जस्तो पूर्वेली मुलुकहरूमा बिनाविवाह सन्तान जन्माउने महिला समाजबाट तिरस्कृत र बहिस्कृत हुनसक्छ। त्यस्तै मानिसको खानपिन, पहिरन, बोलीव्यवहार, अतिथि सत्कार र सामाजिक प्रचलन पनि स्थान विशेष अनुसार भिन्न भिन्न हुन्छ। तर, यति हुँदाहुँदै पनि मानव समाजमा विभिन्न किसिमका आचरण र व्यवहारलाई सबै ठाउँहरूमा अस्वीकार गरेको पाइन्छ। चोरी, डकैती, हत्या, हिंसा, व्यभिचार, अनैतिक सम्बन्ध, भ्रष्टाचार, देशद्रोह, शोषण, अमानवीय व्यवहार र आचरण संसारका सबै ठाउँहरूमा अस्वीकृत मानव व्यवहारको रूपमा लिइन्छ। यसका साथै संसारका सबै ठाउँमा विभिन्न पदीय जिम्मेवारी अनुसार मर्यादाको आचरणको व्यवस्था गरेको पाइन्छ। राज्य र सरकार प्रमुखदेखि सरकारी कर्मचारीसम्मको सामाजिक पद धारण गर्ने व्यक्तिहरूको लागि पदीय मर्यादा अनुसार आचारसंहिता नै बनेको पाइन्छ। यसैको आधारमा सबै अधिकार प्राप्त जनशक्तिहरूले आफ्नो स्वभाव र आचरण देखाउनु पर्ने बाध्यात्मक व्यवस्था भएको पाइन्छ।

मानव समाज विकासलाई अध्ययन गर्दा यसका निर्धारक तत्वहरूमा आर्थिक र राजनैतिक परिवर्तन मुख्य रूपमा रहेको हुन्छ। प्रजातान्त्रिक र दलीय व्यवस्था भएका सबै मुलुकहरूमा राजनैतिक दलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। दल प्रतिबन्ध भएको राजनीतिक व्यवस्थामा समेत राजनैतिक दलहरू विभिन्न रूपमा कृयाशील रहेको हुन्छ। यसरी सबै किसिमका समाजहरूमा राजनीतिक सामाजिक गतिविधिहरूका लागि राजनैतिक दलका नेता र कार्यकर्ताहरू समाजसँग भिजेर सक्रियतापूर्वक लागिरहेको हुन्छ। यस्ता राजनैतिक दलका नेता र कार्यकर्ताहरूलेनै आवधिक निर्वाचनबाट छानिएर जनप्रतिनिधिका रूपमा स्थानीय तहदेखि सङ्घीय तहसम्म विभिन्न पद धारण गरी जनप्रतिनिधिको रूपमा राज्य र सरकार सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गर्छन्। तर उही राजनैतिक दलका नेता कार्यकर्ताहरूले अनैतिक, असामाजिक र विकृत व्यवहार र आचरणहरू देखाउँदा राजनैतिक दलका साथसाथै समाज, सरकार र राज्य समेत बदनाम भएको धेरै दृष्टान्तहरू भेटिन्छन्। भूमिगत रूपमा राजनैतिक दलहरू कार्यरत रहँदा भूमिगत रहेका घरकै चेलिबेटी विवाह गर्ने, जनप्रतिनिधि भई सार्वजनिक लाभको पद धारण गरेपछि भ्रष्टाचार, नातावाद, कृपावाद र विभिन्न काण्डहरूमा मुछिने, राज्य र सरकार प्रमुखको रूपमा रहँदा पदीय मर्यादा अनुकूल व्यवहार गर्न नसक्दा अन्तर्राष्ट्रिय समुदायमा देशकै बदनाम हुने अवस्था समेत सृजना भएका धेरै घटनाहरू राजनीतिक अध्ययनको क्रममा थुप्रै भेटिन्छन्। जनप्रतिनिधिहरूले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्ने भएको हुँदा जनप्रतिनिधिहरूको व्यवहार र आचरण सम्पूर्ण समाजको सुधार गर्ने खालको मर्यादित र अनुकरणीय हुनुपर्छ। यसर्थ राजनैतिक दलका नेता कार्यकर्ताहरूले सो विषयमा गम्भीरता देखाउन नसकिए आन्तरिक र वाह्य जगतमा समय समयमा सामना गर्न नसकिने परिस्थितिहरू सृजना हुन सकिने अनुमान गर्न सकिन्छ।

सार्वजनिक र लाभको पद धारण गर्ने सबै किसिमका जनशक्तिको लागि आवश्यक कानुन नै निर्माण गरी पालना गर्नुपर्ने आचरणसम्बन्धी नियमहरूको व्यवस्था गरेको पाइन्छ। तर यो नियमको पूर्ण रूपमा पालना भने भएको पाइँदैन। यसैकारणले समय समयमा विभिन्न सञ्चार माध्यमहरूमा विभिन्न तहका पदाधिकारी र कर्मचारीहरूबाट अवान्छनीय, अनैतिक र गैरकानुनी आचरण र व्यवहार गरेको सूचना र समाचारहरू पढ्न र हेर्न पाउँछौँ। यसरी सङ्घसंस्थामा काम गर्ने माथिल्लोदेखि तल्लो तहसम्मका जनशक्तिहरूले देखाउने यस्ता अस्वीकृत व्यवहारले निज सम्बन्धित व्यक्तिको मात्र चरित्रमा आँच आउने नभई सम्बन्धित सङ्घसंस्थाको समेत बदनाम हुने गरेको छ। यस्ता व्यवहार र आचरणको न्युनीकरण र नियन्त्रणको लागि सम्बन्धित सङ्घसंस्थाहरूले समय समयमा सम्बन्धित सबै जनशक्तिहरूलाई सचेत पार्न विभिन्न किसिमको गतिविधिहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। कानुनी व्यवस्थासम्बन्धी जानकारीको लागि सम्बद्ध अधिवक्ताहरू, प्रहरीहरूबाट अभिमुखीकरण कार्यक्रम, नैतिक र आध्यात्मिक ज्ञानको लागि विषय विज्ञहरूबाट अभिमुखीकरण तथा विभिन्न किसिमका विकृत मानसिक समस्या भएकाहरूका लागि मनोवैज्ञानिक परामर्शहरूको व्यवस्था गरेर जनशक्ति सबलीकरण र व्यवस्थापन गर्न सकिन्छ। जुन आजभोलि सरकारी र व्यवसायिक सङ्घसंस्थाहरूमा नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गरी सचेतना प्रदान गर्दै आएको पाइन्छ। यस्ता संस्था र संस्थामा कार्यरत जनशक्तिको इज्जत, मान, प्रतिष्ठा र गरिमासँग जोडिएका अत्यन्त गम्भीर र सम्वेदनशील विषयमा सम्बन्धित समाजका अगुवाहरू, दलका नेताहरू, सङ्घसंस्थाका नेतृत्वकर्ताहरूले गम्भीरताका साथ लिइ समयमै आवश्यक पाइला चाल्न सके भविष्यमा यस्ता लाजमर्दा परिस्थितिबाट गुज्रीनु पर्ने बाध्यता नआउने विश्वास गर्न सकिन्छ।

# नेवार समाजमा छा ज्वलंबारे एक अध्ययन



ओम धौभडेल

नेवार समाजका विभिन्न चाडपर्व, मौसम तथा संस्कारमा फरक फरक शैली, फरक फरक स्वाद तथा फरक फरक चीजविजले बनेका रोटीहरूको उपयोग गर्ने परम्परा छ। रोटीलाई मारि (मन्हि) भन्ने सर्न्दभमा नेवार समाज भित्र थुप्रै मारिहरू पाइन्छ। मारिको पूर्व रूप मधि वा माधे हो। नेवार समाजमा आ–आफ्नो पेशाअनुसार थर कायम हुने सन्दर्भमा रोटी वा मधि बनाउनेलाई मधिकर्मीको समेत ब्यवस्था पहिलेदेखि नै भएको पुष्टि हुन्छ। घरघरमा दिनदिनै खाने पिठोको रोटी होस्, योमारी पूर्णिमाको दिन खाने योमारी होस्, सिथीको दिन खाने चतामारी, जन्मदिन, म्हापूजा, जंको आदिलाई चाहिने मुतुमारी आदि घर घरमा पाक्ने रोटी हो। यो बाहेक मिठाईको रूपमा ध्यु, चाकु, सक्खर, पिठो, दुध तथा खुवा, चिनी तथा मिश्रीलगायतका खाद्य पदार्थबाट रोटी बनाउने चलन छ। यसरी बनेका कयौं रोटीहरूको नाम यस प्रकारका छन्– लड्डु, प्यारा, जेरि स्वारी, माल्पा, बमेसन, बर्फी, हलुवा, माथा, फिनी, आँती, अनारसा, लालमोहन, खाजा, पुरी, रोथ, बालसाही, गजरा, गजा, सेगुली, पेडा आदि गुलियो तथा मिठो रोटीहरू हुन्। जसमा आयातित एवम् स्थानीय दुवै थरिका रोटीहरू पर्छ।

## मौलिक मारिहरू

त्यस्तै नेवार समाजमा आफ्नै मौलिक रोटीहरू धेरै प्रकारका छन्। उदाहरणको लागि अक्षता मारि, यो मारि, किग मारि, मुतु मारि, म्हुचा मारि, लाँचा मारि, म मारि, थु मारि, श्रीपक्ष मारि, ग्वारा मारि, खचा मारि, चखुँ मारि, बखुँ मारि, जिल्ल मारि, पचिता मारि, ध्वज मारि, मुसि मारि, ऐथा मारि, लाखा मारि, ब्यां मारि, चाकुमारि, छुचुं मारि, चता मारि, ङा मारि, ब्यां मारि, सहि मारि, सुर्यान्त मारि, दुसि मारि, पु मारि, गोरक्ष मारि, सुलुजु मारि, सुकु मारि, दुरुमारी, लाब्जामारी जस्ता रोटीहरू यहीँकै स्थानीय रोटीहरू हुन्।

भक्तपुर तलेजुभित्र हुने पूजापर्वहरूमा थरि थरिका रोटीहरू चढाउनु पर्छ। तलेजु भित्र यस्ता ३४ ओटाभन्दा बढी था पूजाहरू छन्। प्रत्येक थापूजामा विभिन्न १२ थरिका रोटीहरू आवश्यक पर्छ। जसमा मिठाई जोडा, सेगुली लधु, गोल टुक्रा लधु, लामो टुक्रा लधु, गोल माथा, त्रिकोण माथा, त्रिकोण माथा जोडा, गोलपान रोटी, खाजा रोटी, वापा खाजा, आति, देवी प्रसाद आति जस्ता रोटीहरू चढाउने चलन छ। यसमा पनि आषाढ बदि मसान्तको दिन हुने तलेजु मूलचोकको तुलादानको अवसरमा पाँच पाँच थान गरी १६ प्रकारका रोटीहरू चढाउने गर्छ। जसमा किस्ती माथा, चारकोण माथा, त्रिकोण माथा, श्रीपक्ष, ठूलो आति, देवीप्रसादआति, भौख्वा, गोलपान, फिनी, बाको फिनी, झांगीवाल, पंग लधु, ठूलो सैगुली लधु, गोल टुक्रा लधु, लामो टुक्रा लधु, हामो लधु आदि रोटीहरू माटोको भाँडा कासिँचामा राखी चढाउँछ। यी रोटीलाई **छा ज्वँल** पनि भन्ने गर्छ। त्यस्तै फागुन बदि अष्टमीको दिन हुने सुमिथा थापूजाकोदिन पनि विभिन्न ६ थरिका ७८ थान रोटी राखी थापूजा गर्छ। त्यस्तै महालक्ष्मी ब्रतको थापूजा, योमारी पूर्णिमा र फागु पूर्णिमाको दिन पनि विशेष रोटीहरू चढाउने गर्छ। मल्लकालदेखि चल्दै आएको यो रोटी बनाउने काम निरन्तर चलोस भनी पुर्खाहरूले गुथिको ब्यवस्था गरेको देखिन्छ। यसको लागि करिब ६ रोपनीभन्दा बढी जग्गाको ब्यवस्था भएबाट यसको पुष्टि हुन्छ।

## ८४ प्रकारका रोटी

यसबाहेक नेवार समाजमा विशेष मौकामा ८४ प्रकारको रोटीको उल्लेख आएको छ, यसबाट जसरी ८४ ब्यन्जन भने झैँ रोटीको मामिलामा पनि ८४ प्रकारको सर्न्दभ जोडिएको छ। जुन यसप्रकार छन्–

| | | |
|---|---|---|
| १.पस्मा | २.यालाचिदाना | ३.छुचुंमाढे |
| ४.शर्क्कवारा | ५.बालुसायी | ६.ममृर्त्ति |
| ७.दनमेस | ८.बर्फि | ९.पेडा |
| १०.हेस्मि | ११.मोतिचुल्या | १२.पुवाता |
| १३.चूर्म्मालड्डु | १४.गुजिलड्डु | १५.खोरा |
| १६.वातासा | १७.मालपुवा | १८.शक्रान्नलड्डु |
| १९.दुदुमाधेमाथा | २०.जहागिरवाला | २१.खाडवाला |
| २२.लालड्डुवा | २३.लाकचवरि | २४.आति |
| २५.खसुरस दाना | २६.मरचदाना | २७.फिणि |
| २८.लड्डुचुडि | २९.गुंजि | ३०.जलेबि |

३१.गुञ्जिखत्ति ३२.फनसेपु ३३.पियाव
३४.खाजा ३५.चाकुमाढे ३६.केमाथा
साखलतोका ३७.दुदु थङालडु ३८.भुति
३९.तिरवाला ४०.मासमाथाकस्तितोका ४१ झिला
४२.देगुल्यातवकल्ला ४३.केलडुवा ४४.खडंवति
४५.लाझिलाता ४६.लावतक ४७.माथा
४८.सबुयिबेर ४९.मेथायि ५०.सियु लडुवा
५१.चकल्ला ५२.बलभद्रभोग ५३.कचवलि
५४.मुगसबुयिक ५५.जिलिबी कस्तिथाङा ५६.माथलडु
५७.साखलपापडे ५८.देवीप्रसाद ५९.निबासमली
६०.साखसालापु ६१.भुबल्लभ ६२.सियु झिला
६३.घोगी ६४.आपि ६५.फतसि
६६.सबुयिकु ६७.दधिवाला ६८.खण्डवाला
६९ .त्रिकोण ७०.लुचै ७१.शर्क्कपाराचा
७२.केमाथा ७३.नारी ७४.पद्यमनारी
७५.घेलथाङा लडु ७६.मुतिझिला ७७.ग्वलोवैद्या
७८.थाकुरभोग ७९.मुगलडु ८०.घोगा
८१.खलिका ८२.तवसे ८३..धाले
८४.मोहनभोग ।

यसमा पनि देवदेवीलाई समेत विशेष खालको रोटी चढाउने आफ्नै परम्परा छ । गणेशलाई चाकु र तीलको लडुका साथै खुवाको पेडा पनि चढाउँछ । सिथीको दिन घर अगाडि स्थापित पिखालखु याने कुमार देवतालाई व चतामारी चढाउँछ । प्रायः तान्त्रिक पूजामा सम्ये प्रसादको तलमाथि चता मारिले छोपीदिने चलन छ । श्राध्दकर्ममा पितृलाई दिने पिण्डमा समेत खाजा नामको रोटी राख्ने परम्परा छ । शिवरात्रीको समयमा मठ मठबाट सेगुलीलगायतका रोटी बाँड्ने चलन अहिले हराए झैँ लाग्छ । यता तान्त्रिक पूजा एवम विशेष पूजापर्वको क्रममा देवदेवीलाई छा ज्वलं नामका रोटी आवश्यक पर्छ । जहाँ **छा** भन्नाले चढाउने र **ज्वलं** भन्नाले समूह भन्ने अर्थ लाग्छ । अर्थात देवदेवीलाई चढाउने रोटीको समूह नै छा ज्वलं हो भन्ने बुझिन्छ । जसमा पाँचथरिका विभिन्न रोटीहरू हुन्छ । पाँच विभिन्न आकारका रोटीहरूमा गोलो, चारपाते, तीनकुने, डल्लो र श्रीपक्ष नाम गरेको बुट्टेदार रोटी हुन्छ । यी पाँच थरिको रोटी भएकोले अचेल धेरैले छा ज्वलंलाई **पन्चमेल** भन्ने गरिन्छ । त्यसो त यहाँ पन्चमेलले पाँचथरिका रोटीको मिलन भन्ने अर्थ लाग्छ । यी पाँच रोटीबारे पनि अचेल जुनसुकै पाँच थरिका रोटीलाई एकैठाँउमा राखी पन्चमेल भनी दिने सन्दर्भमा अलिकति परम्परातिर ध्यान दिनुपर्ने देखिन्छ । विशेष गरी ठूल्ठूला पूजापर्वमा पन्चमेलको आवश्यकता पर्छ । मिठाई पसल वा

**छा ज्वलं र क्रम**



पूजा सामग्री बेच्ने पसलहरूमा पन्चमेल भनी पाँच विभिन्न थरि वा आकारका रोटीहरू एकै ठाउँमा राखी दिने गर्छ । छा ज्वलंले चिनिने पन्चमेल रोटीले धेरै अर्थ लाग्छ । जसमा सबैभन्दा मुनि पुरी जस्तै गोलो कडा खालको रोटी हुन्छ । त्यसको माथि श्रीपक्ष हुन्छ । त्यस माथि चारपाते रोटी हुन्छ । त्यसको पनि माथि त्रिकोण आकारको रोटी हुन्छ । सबैभन्दा माथि सानो डल्लो रोटी गुलिचा हुन्छ । यी सबै पाँच प्रकारको रोटीलाई क्रमशः मिलाएर एकै ठाउँमा नेपाली कागजको पोका भित्र राखेको हुन्छ ।

हेर्दा साधारण झैँ लाग्ने यो छा ज्वलं रोटीको ठूलो अर्थ छ । गोलो, चारपाते, श्रीपक्ष, त्रिकोण र गोलो आकारको रोटी राम्ररी नियालेर हेर्ने हो भन्ने यो छा ज्वलं रोटीले एउटा निश्चित स्वरूप देखाउँछ । त्यो स्वरूपलाई हामी श्रीयन्त्र भन्न सक्छौं । प्राचीनकालदेखि नै नेपाल एक तान्त्रिक विधाको केन्द्रको रूपमा प्रख्यात रहँदै आएको एक महत्त्वपूर्ण पवित्र भूमि हो । यहाँ तन्त्र, मन्त्र र यन्त्रको ठूलो स्थान छ । त्यसो त यन्त्र आफै रहस्यपूर्ण एवं जटिल संरचनाले युक्त भएको हुन्छ । यन्त्रको विषयमा कोलावलीय तन्त्रमा यसरी उल्लेख गरिएको छ *'यन्त्र मन्त्रमय प्रोक्त मन्त्रात्मा दैवतेही ही । देहात्मनोयर्था मेदो यन्त्र देवता योस्तवां'* अर्थात यन्त्र मन्त्रमय हुन्छ । मन्त्रको आत्मा निश्चय नै देवता हुन्छ । जसरी शरीर आत्माको भेद छ त्यसरी नै यन्त्र र देवताको छ । वास्तवमा यन्त्र बन्नलाई मन्त्र चाहिन्छ भन्ने तथ्य यहाँ स्पष्ट हुन्छ । सर्सर्ती हेर्दा यन्त्रमा कुनै खास देवदेवीको मूर्ति कुँदिएको हुँदैन । तान्त्रिक मतअनुसार सबै यन्त्रहरू समान प्रकारका हुँदैनन् ।

फरक फरक प्रयोजन एवं उपासनाको लागि अलग अलग प्रकारका यन्त्रहरू प्रादुर्भाव भएको हुन्छ। जस्तै श्रीवृद्धी र लक्ष्मीवासको लागि श्रीयन्त्र, मृत्यु भयबाट जोगिन महामृत्युञ्जय यन्त्र, विघ्नबाधा दूर गर्न भैरव यन्त्र, आध्यात्मिक उन्नति एवं विजय प्राप्तिको लागि बगलामुखी यन्त्र, रोग भयबाट मुक्त हुन सूर्य यन्त्र, सन्तान प्राप्तिको लागि छिन्नमस्ता यन्त्र आदि यसका केही उदाहरण हुन्। यी सबै यन्त्रहरूमा सबैभन्दा महत्त्वपूर्ण र सबै यन्त्रको मूल स्रोतको रूपमा श्रीयन्त्रलाई लिने गरिन्छ। अन्य यन्त्र बिन्दुबाट सुरु भएझैं श्रीयन्त्रको शुभारम्भ मध्यभागमा रहेको श्रीबाट भएको हुन्छ। यही श्रीलाई बिन्दुको रूपमा लिने र मध्य भागमा रहेको यो बिन्दुलाई सर्वआनन्दमय पनि भनिन्छ। यहाँ छा ज्वलंको गुलिचा नै यहि बिन्दु हो। जुन छा ज्वलंको सबैभन्दा माथि बीचमा हुन्छ। यसले यन्त्रको बिन्दुको सङ्केत गर्छ। तान्त्रिक विधाले बिन्दुलाई एउटा साधारण थोप्ला मात्र मानेको छैन। तन्त्रअनुसार यही बिन्दुको सङ्कल्प शक्तिबाट प्रकृति र पुरुषको जन्म भएको हुन्छ। अझ प्रकृतिले नै संसारको सृष्टि गरेको हुनाले प्रकृतिलाई नारीको संज्ञा दिएको छ। सारांशमा भन्नुपर्दा यस बिन्दुलाई मूलशक्तिको रूपमा यन्त्रको मध्यभागमा राखेको हुन्छ। बिन्दुको बाहिर तीनओटा वृत्तहरूले तीनलोकको सङ्केत गर्दछ। छा ज्वलंको त्रिकोण आकारको रोटीले नै यही तीनलोकको सङ्केत गरेको छ। वृत्तमा भएको भुपुरहरूले द्वारको सङ्केत गर्दछन्। र प्रत्येक द्वारमा रक्षकको रूपमा विभिन्न देवदेवी रहेका हुन्छन्। त्यस्तै सम्पूर्ण यन्त्रलाई आठ भागमा बाँडी अष्टकमलमा विभाजित गरेको हुन्छ। तन्त्र अनुसार उक्त अष्टकमललाई नारी अर्थात शक्तिको प्रतीकको रूपमा लिएको हुन्छ। त्यस्तै त्यसभन्दा बाहिर रहेको सोह्रओटा कमलको फूलको पातलाई चन्द्रमाको १६ कलाहरूको संज्ञा दिएको हुन्छ। यो सबैको प्रतिनिधित्व श्रीपक्ष नामको रोटीले गरेको हुन्छ। यसरी बनेको छा ज्वलं रोटीले यन्त्रको स्वरूप लिएको हुन्छ।

विक्रमको सातौं शताब्दीतिर नै नेपालमा तन्त्रको बोलवाला भइसकेकोमा आठौं नवौं शताब्दीतिर नगरबस्ती समेत यन्त्रलाई आधार मानी बसाउने चलन बन्यो। पछि नेपाल संवत् ४४४ मा तुलजा भवानीको यन्त्ररूपी मूर्ति भक्तपुर ल्याएपछि यहाँका मल्ल राजाहरूले आफ्नो इष्टदेवीको रूपमा लिएको कारणले यन्त्रले अझ व्यापकता लिएको मानिन्छ। आफूहरूलाई रामचन्द्र कुलका मान्ने मल्लहरूले मर्यादा पुरुष भगवान रामको इष्टदेवी तुलजा भवानीलाई पनि आफ्नो इष्टदेवता मान्नु स्वभाविकै हो। यही यन्त्ररूपी तुलजा भवानीको स्थापनापछि सर्वसाधारण जनतामा समेत तन्त्रविधाको माध्यमबाट आफ्नो इष्टदेवी स्थापना गर्ने प्रथाको विकास भई यहाँ आगम मतले प्रभाव फैलाउन पाएको थियो। यसरी एकातिर आगम देवताको रूपमा यन्त्ररूपी इष्टदेवी दीक्षाधारी बाहेक यन्त्रको लागि वर्जित गरी गुह्यस्थानमा स्थापना गर्ने चलन आयो भने अर्कोतिर तान्त्रिक विधिअनुसार कुनै पनि देवदेवी स्थापना गर्दा देवदेवीको सम्मुख वा माथिपट्टी यन्त्र कुँदी देवदेवीको आह्वान गर्ने, सिद्धि साधना वा उपासना गर्ने चलन चलेको पाइन्छ। त्यस समयमा यहाँ मूर्तिमा भन्दा यन्त्रमा बढी ध्यान पुगेको आभास हुन्छ। तन्त्रको अत्यधिक प्रभाव पर्न गएपछि जटिल मूर्तिहरू बन्न पुगी मूर्तिमा अङ्गभङ्ग हुने, श्रृङ्गार पूर्ण नहुने र मूर्तिमा सिद्ध साधना गर्दा ध्यान नमिल्ने भई कतै अनिष्ट हुन्छ भनी दोष निवारणार्थ यन्त्रमा बढी झुकाव हुन पुगेको देखिन्छ।

यसरी प्रारम्भमा इष्टदेवीको लागि प्रयोग भएका यस्ता यन्त्रहरू पूजा एवं सिद्धीसाधनादेखि नगर बस्ती बसाउन समेत प्रयोग भएको देखिन्छ। यसमा विशेष पूजापर्वमा उपयोग हुने छा ज्वलं रोटीमा समेत यन्त्रको अभ्यास भएकोलाई अझ बढी महत्त्व दिनुपर्छ। यसबाट तत्कालीन समयमा यहाँ तान्त्रिक विधाको बोलबाला प्रशस्त थियो भन्ने सङ्केत गर्छ। त्यही भएर हुन सक्छ, त्यसबेलाका प्रायःजसो सम्पूर्ण शास्त्र, पुराण, महात्म्य ग्रन्थहरू तन्त्र र यन्त्रको विषयले भरिएको हुन्थ्यो। अनि यसको प्रभाव हिन्दू धर्ममा मात्र सीमित नरही बौद्ध धर्ममा समेत प्रत्यक्ष प्रभाव परेको हुनाले बौद्ध धर्मावलम्बीहरू 'ॐ प्रज्ञा प्रज्याय' भनी चक्रसंवरलाई यन्त्रको माध्यमबाट आफ्नो इष्टदेवता मान्न पुगेको थियो। अचेल तान्त्रिक विधा पाखण्डीहरूको हातमा पुगेपछि यहाँ तन्त्र, मन्त्र, यन्त्रको प्रभाव दिनानुदिन ह्रास हुँदै गइरहेको छ। जुन चिन्ताको विषय बनेको छ। यसै सर्न्दभमा नेवार समाजमा प्रचलित छा ज्वलंमा समेत यन्त्रलाई स्थान दिन सक्नुबाट हाम्रो तान्त्रिक एवम् विशेष पूजा पर्वमा पन्चमेल होइन, छा ज्वलं नै उपयोग गरौं। मौलिक छा ज्वलं संस्कृति जोगाऔं।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।


# पृथ्वीमा जीव कहाँबाट कसरी आयो ?



विष्णुभक्त राजचल

यो प्रश्नको उत्तर स्रष्टा समाजले प्रकाशित गरेको 'समाज विकासको एक झलक' नामको पुस्तकमा हरिबहादुर श्रेष्ठले पृथ्वीको उत्पत्ति शीर्षकमा जीवको उत्पत्ति र विकासबारे अत्यन्त सरल तरिकाले छोटो वर्णनमा प्रस्ट पारिएको छ। त्यसबारे थप जानकारी होस् भन्ने उद्देश्यले यो लेख यहाँ प्रस्तुत गर्न खोजिएको छ।

पृथ्वीमा जीवको उत्पत्ति ३ अर्ब वर्ष अघिनै भएको प्रमाणित गरेका छन्। विद्वान दार्शनिकहरूले **'एबायोजेनेसिस'** (अजैविक पदार्थबाट जैविकमा बदल्ने विधि) सिद्धान्तको आधारमा पृथ्वीको प्रारम्भिक चरणको अवस्था झल्कने प्रयोगशाला तयारपारी उक्त प्रयोगशालामा प्रयोगात्मक परीक्षण गर्दै पृथ्वीमा प्रारम्भिक जीवहरूको उत्पत्ति बारे अनुसन्धान गर्दै आएका छन्।



डार्विन

जीवहरू कसरी सुरु भयो भन्ने सन्दर्भमा विभिन्न वैज्ञानिक दार्शनिकहरू बीच धेरै सैद्धान्तिक व्याख्याहरू भए। ती मध्ये **डार्विन** (Charles Robert Darwin-1809-1882) को **'प्रि बायोटिक सुप'** भन्ने अवधारणा अनुसार आदिमकालमा न्यानो स्यानो पोखरीमा जीवहरूको लागि सबभन्दा उपयुक्त स्थान हुन सक्थ्यो भन्ने कल्पना गरे।


फेब्रुअरी १ सन् १८७१ मा डार्विनले साथी जोसेफ डाल्टन हकरलाई पठाएको एक पत्रमा लेखेका थिए कि यो धरतीमा जीवको पहिलो उत्पत्तिका लागि चाहिने सबै सर्त उहिले जहिल्यै पनि थियो। प्रकाश, ताप र विद्युत् आदि सबै र सबै प्रकारको एमोनिया तथा फस्फोरिक लवणयुक्त एउटा न्यानो स्यानो पोखरीमा सबै जीवको उत्पत्ति सम्भव भएको हो। जीवको उत्पत्ति हुनुभन्दा अघि त्यो पोखरीमा त्यस्तो केही अवस्था भएन।



लाजकानो

डार्बिनले त्यो न्यानो स्यानो पोखरी भनेको न्यानो पानी भएको सागर हुनुपर्छ। सुरुमा त्यस्तै सागरमा सर्वप्रथम जीवहरू देखापरे। पानीमा पहिलोपल्ट देखापरेका ती जीवहरू कुनै विकसित र कुनै अविकसित खालको थियो। जस्तो एउटा ठूलो भाँडोमा पानी राखेर त्यसलाई केही दिन त्यसै छाड्यो भने पछि त्यसमा ससाना कीराहरू देखापर्न थाल्छन्। तिनीहरू सबै एउटै जीवकोषबाट बनेका हुन्थे। समुद्रमा ती जीवहरू लाखौँ लाख वर्षसम्म त्यस्तै रहेका हुन्थे।

सन् २००४ मा प्रकाशित **'इभोलुसन द फस्ट फोर बिलियन इयर्स'** नामको पुस्तकमा **'द ओरिजन अफ लाइफ'** शीर्षकको एक खण्डमा वैज्ञानिक द्वय **जेफी एल वडा** र **एन्तोनियो लाजकानो** (Antonio Eusebio Lazcano Araujo Reyes-1950) ले पनि जीवहरूको उत्पत्तिबारे डार्विनको समयमा प्रचलित आधारभूत जैनिक प्रक्रियाको आणविक प्रकृतिका बारेमा गरिएका विचारलाई समर्थन गरी लेखेका छन्।



हल्डान



ओपरिन

सन् १९२० को दशकमा रूसी बायोकेमिष्ट **एलेक्जान्डर आई. ओपरिन** (Alexander Ivanovich Oparin-1894-1980) र बेलायती विकासवादी जीन वैज्ञानिक **जे. बी.एस. हल्डान** (John Burdon Sanderson Haldane-1892-1964) द्वारा प्रस्तुत प्रयोगवादी सिद्धान्तमा ब्याख्या गरिएअनुसार पृथ्वीको आदिम वायुमण्डलमा सूर्यको पारावैजनी किरण र चट्याङको मुद्दतबाट बनेका अकार्बनिक ग्यासको मिश्रणबाट पृथ्वीमा पहिलो पटक जैविक अणुहरूको उत्पादन भयो। त्यसपछि यो योगिक आदिम सागरमा घुल्न पुगे। फलस्वरूप उनीहरूमा प्राकृतिक छनोटद्वारा आफ्नै नक्कल बनाउन उत्प्रेरित गर्ने क्षमताको विकास भएर अन्तमा यो धरतीमा जीवहरूको उत्पत्ति भयो भनिएको छ।

जापानी वैज्ञानिक त्रय **सिगेनोरी मारुयामा** (Shigenori Maruyama 1949), **केन**



मारुयामा



केन कुरोकावा



तोसिकाजु

**कुरोकावा** (Ken Kurokawa) र **तोसिकाजु एबिसुजाकी** (Toshikazu Ebisuzaki 1958) को प्रकाशित The origin of life: The conditions that sparked life on Earth लेखमा भन्छन्- जीवनको लागि चाहिने आवश्यक तत्त्व सबै पृथ्वीमै पाइन्छ तर ती सबै तत्त्व सजिलैसित जैविक यौगिक बन्दैनन्। सन् १९५० को दशकमा गरिएका प्रारम्भिक परीक्षणले सुरुको पृथ्वीको वायुमण्डलको नक्कल गर्ने प्रयोगात्मक अवस्थामा एमिनोएसिड पानीमा घुल्ने प्रक्रियामा बन्न सम्भव त थियो तर यसकोलागि शक्तिशाली शक्तिको आवश्यकता थियो। धेरै वर्ष पछि पृथ्वीमा उर्जाको विकासले हाइड्रोजन, कार्वन र नाइट्रोजनमा आधारित यौगिक बनाउन सक्ने रासायनिक प्रक्रिया उत्पन्न भए। यही कारण अन्ततः जैविक अणु बन्ने अवस्था सिर्जना भयो।

अर्का वैज्ञानिक त्रय जेम्स ट्रेफिल (James Stanley Trefil 1938), हेरोल्ड जोसेफ मोरोविट्ज (Harold Joseph Morowitz-1927-2016) र एरिक स्मिथ (Erik Smith) ले सन् २००९ मा **अमेरिकन साइन्टिस्ट** नामको पत्रिकामा प्रकाशित **'द ओरिजन अफ लाईफ'** शीर्षकको लेखमा पृथ्वीमा जीवको सुरुवात सम्बन्धी प्रयोगात्मक अध्ययनका विभिन्न पाटालाई केलाउने प्रयत्न गरेका छन्। यो अध्ययनको प्रयोगात्मक अनुसन्धान सन् १९५३ मा युनिभर्सिटी अफ सिकागोको रसायण विभाग अन्तरगत पर्ने बेसमेन्ट प्रयोगशालामा सुरु भएको थियो।



ट्रेफिल



मोरोविट्ज



स्मिथ

नोवेल पुरस्कार विजेता ह्यारोल्ड र उनका विद्यार्थी स्टान्ली मिलरले एमीनोएसिड इन्जाइमको

मध्यस्थताबिना अम्लीय घोल, ताप र चट्याङबाट विद्युतीय निस्कासन जस्ता प्राकृतिक वातावरणीय अवस्थाद्वारा अकार्बनिक पदार्थबाट जैविक अणु सिर्जना गर्न सकिन्छ भन्ने कुरा देखाउने प्रयत्न गरेका थिए। उनीहरूले यो प्रयोगबाट जीवको सुरुवात र प्रकृतिबारे बुझ्न वैज्ञानिक जगतमा नयाँ सोचाइ उत्पन्न गऱ्यो।

सन् १९२० को दशकमा वैज्ञानिक हल्डानले विषाणुलाई कोसिका भन्दा पहिलेनै देखापरेको आदिम चरणको जीव हो भनेका थिए। त्यस्तै वैज्ञानिक ओपारिनको एनारोविक परिपोषणकर्ताको रचना गर्ने कोलोइडल र जेल जस्तो प्रणालीको विकास आदिम सुपबाट नै भएको हो भन्ने मान्यता छ। तीनै परिपोषणकर्ताहरूले वरिपरिको जैविक यौगिकहरूलाई आफूमा समाहित गर्नुका साथै सोझै वृद्धि र प्रजननको लागि समेत प्रयोग गर्न सक्दछ। यसरी हल्डान र ओपारिनको अकल्पना जीव उत्पत्ति सम्बन्धी अध्ययन र प्रयोगात्मक अवधारणाको लागि नयाँ रूपरेखा मान्नु पर्छ।

लण्डन विश्वविद्यालयका वैज्ञानिक **युआननिस्वेट** र स्ट्रायानफोर्ड विश्वविद्यालयका वैज्ञानिक **नोर्मन स्लिप**ले सन् २००१ मा जीवको उत्पत्तिबारे ओपारिन र हल्डानका रासायनिक, नमुनाभन्दा फरक मान्यताको हाइड्रोथर्मल मोडल प्रस्तुत गरेका थिए। मोडलको व्याख्या गर्दै उनीहरूले सबै जीवको पूर्वज हाइपरथर्मोफाइल अर्थात एमिनो एसिडबाट डिएनएमा भएको पृथकीकरण प्रणालीमा सम्भव भएको हो भन्ने मान्यता राखे।

सन् २०१५ मा प्रकाशित एक पुस्तकमा वैज्ञानिक **सिडनी लिच**ले लेखेका छन् की जीवको सुरुवातसम्बन्धी धारणाबारे केलाउँदा यो धरतीमा कुखुरा पहिला जन्मियो कि अन्डा पहिला जन्मियो भन्ने प्रश्न जस्तै नाभिकीय अम्बल र प्रोटिनमा कुन पहिले देखापऱ्यो भन्ने नै हो।

जीवको उत्पत्तिबारे अध्ययन गर्ने वैज्ञानिकहरूलाई कुन रसायनको उत्पत्ति पहिले भयो वा कुन समिश्रणबाट प्रारम्भिक जीव बन्यो र उसले आफूलाई नक्कल गर्न सकेको थियो भन्ने कुरो अझै एकीन भएको छैन। प्रयोगशालामा सरल रसायनबाट एक जीवित कोष बनाउन सकिए पनि प्रकृतिले अर्बौं वर्ष पहिले प्रारम्भिक पृथ्वीमा त्यस्तै तरिका अपनाएर जीव उत्पत्ति भएको भन्ने बारे प्रमाणित गर्दैन। वैज्ञानिक अनुसन्धानले जीवको रसायनिक उत्पत्ति तथा अन्तरनिहित सिद्धान्तको प्रक्रियाका विवरण मात्र दिन सक्छ, अरू बाँकी सबै कुरा प्राकृतिक घट्ना नै हुन्।

वैज्ञानिकहरू भन्छन्- हालको जीव रसायनिक प्रक्रिया, जीव उत्पत्तिको समयमा अस्तित्वहीन थियो र त्यसवेलाको जैविक रसायनशास्त्र र भौतिक रसायनसास्त्र आजको संस्करणसँग समान थियो यो थिएन।

अहिले प्रयोगात्मक पक्षमा वासिङटन डिसीमा अवस्थित कार्नेजी संस्थाका **जर्ज कोडी**जस्ता केही खोजकर्ताले जीवनको उत्पत्तिसँग मिल्न सक्ने अनौठो वातावरण निर्माणकोलागि जैविक रसायनशास्त्रका आधारभूत नियम पत्तालगाउने प्रयास गरिरहेका छन्। वैज्ञानिक कोडीको प्रयास भनेकै समुद्रको गहिराइमा हुने तापक्रम र दबाबसँग हुने वा मिल्ने जैविक अन्तरक्रिया पत्तालगाउने हो।

क्यालिफोर्नियाको पासाडेनास्थित जेट प्रपन्सन प्रयोगशाला नासामा



रसेल

कार्यरत वैज्ञानिक एवं भूगर्भविद् **माइक रसेल** (Michael Russell 1939) ले अहिले वातावरणको भूरासायनिक नमुना बनाउन ठूलो कक्षको निर्माण गरिरहेका छन्। त्यस्तै कोलोराडो विश्वविद्यालयका वैज्ञानिक **सेलीकोप्लि** कुखुरा र अन्डाको समस्या सुल्झाउन प्रचलित न्युक्लिक एसिड-प्रोटिन प्रणालीलाई अनुवंसिक कोडिङ प्रणालीतर्फ डोऱ्याउन मध्यवर्ती रसायनशास्त्रको समाधान खोजीमा छन्। यी प्रयोगहरूले विश्वपरिदृश्यमा कल्पना गरिएको धेरै मान्यताको पुष्टि गर्नुका साथै ठूलो परिवर्तन समेत ल्याउने आकलन छ। अर्को लोकप्रिय सिद्धान्तहरू मध्ये समुद्रका पर्वतमालामा हाइड्रोथर्मल भेन्ट जीवहरूको विकास गर्ने उपयुक्त स्थान हुनु पर्छ भनेका छन्। कतिपयले त ब्रम्हाण्डको अन्य कुनै ठाउँबाट आएका जीव वाहक क्षुद्र ग्रहको प्रभावद्वारा पृथ्वीमा वितरण भएको थियो भनेका छन्।

त्यस्तै अजैविक पदार्थबाट यो धरतीमा जैविक जीवन कसरी सुरु भयो भन्ने बारेको रहस्य समेत सुल्झने र प्रयोगशालामा जीव निर्माणको रहस्य समेत निकाल्न सक्ने सफलता मिल्ने आशा गरेको छ।

## सारांशमा

पृथ्वीको उत्पत्ति सँगै बनेका विशाल खाडलमा भरिएका जलखण्डमा एमोनिया, फस्फोरिक लवण, एमिनो एसिड, कार्बन, नाइट्रोजन, हाइड्रोजन आदि नामका विभिन्न रासायणिक पदार्थ तथा सूर्यबाट निस्केका पाराबैजनिक किरण, ताप एवं चट्याङबाट निस्केका करेन्ट आदिको मद्दतले ती पानीमा घुलेर अजैविक पदार्थबाट जैविकमा बदल्न सक्ने शक्तिशाली शक्तिको प्रभावले वातावरण सिर्जना भई पृथ्वीमा स्वतःविभिन्न प्रकृतिका जैविक अणु बन्ने अवस्था सिर्जना भएर जीवहरू उत्पत्ति भएका हुन् भन्न सकिन्छ।

स्रोत सामग्री : विभिन्न पत्रपत्रिकाहरू।

# छेपारे भट्टराईको गैर जिम्मेवार अभिव्यक्ति

श्याम श्रेष्ठ

एमालेका एक नेता निर्मल भट्टराईले केही दिनअघि भक्तपुरको एक कार्यक्रममा नेमकिपा र भक्तपुर नगरपालिकामाथि जथाभावी झूटा लान्छना लगाएर भ्रम फैलाउने कोसिस गरे। उनले तिहारपछि एमाले नेमकिपाविरुद्ध लाग्ने बताउँदै एमाले कार्यकर्ताहरूलाई तयार भएर बस्न आह्वान गरे।

## भट्टराईका अभिव्यक्तिको सार :

१. नेमकिपाले ५० वर्षमा भक्तपुरमा के गऱ्यो ?

२. भक्तपुरका विद्यालयहरूमा गठित विद्यार्थी हित समिति खारेजीको अभियान चलाउँछौँ,

३. बिस्काजात्रा, गाईजात्रा र गुठीहरू नेमकिपाले एकलौटी कब्जा गऱ्यो, एमालेलाई पनि हिस्सेदारी चाहियो।

## पहिले चर्चा गरौं भट्टराईका बारेमा



निर्मल भट्टराइ पहिले पनि एमालेकै थिए अहिले पनि एमालेमै छन्। पहिले र अहिलेमा फरक यति छ कि उनले बितेका डेढ दशकको अवधिमा करिब आधा दर्जन पार्टी परिवर्तन गरिसके। २०६४ सालपछि माओवादीको शक्ति बढेको बेला उनले एमाले छोडेर माओवादी पार्टी प्रवेश गरे। त्यतिबेला एमाले रक्षात्मक अवस्थामा थियो। २०७० सालपछि माओवादीको ओरालो लाग्ने क्रम सुरु भयो। २०७२ सालपछि बाबुराम भट्टराइले नयाँ शक्ति पार्टी खोलेपछि उनी माओवादी त्यागेर नयाँ शक्तिको पछि लागे। नयाँ शक्तिबाट केही पद पाउने आशा नभएपछि उनी पुनःएमालेमै फर्किए। पद पाउञ्जेल पार्टीमा बस्ने पदबाट हट्नासाथ पार्टीलाई लात मारेर पार्टी परिवर्तन गर्ने उनको विशेषता हो। उनी छेपारोलाई पनि माथ गर्ने खालका रङ्ग फेर्ने वा पार्टी बदल्ने एक अवसरवादी, स्वार्थी र सिद्धान्तिहीन राजनैतिक व्यक्ति हुन्।

झलनाथ खनाल प्रधानमन्त्री भएका बेला उनी प्रधानमन्त्रीका निजी सचिव थिए। त्यही बेला उनले ताथलीमा गाईपालनको नाटक गरे; नक्कली गोठहरू बनाए। मन्त्रालयबाट अनुगमन आउने दिन गाउँका भएभरका सबै गाई गोरु त्यहाँ जम्मा गरे। गाउँलेले पछिमात्रै उनको नक्कली काम थाहा पाए। अनुगमन समितिको आँखा छलेर १ करोडभन्दा बढी अनुदान रकम पचाएका उनी एक ठगको रूपमा परिचित छन्। त्यसमा एमालेकै कार्यकर्ताहरूले कारबाही चलाउन नखोजेका पनि होइनन्, शक्तिको भरमा उनी अहिलेसम्म बच्दै आएको एमाले निकटहरू नै बताउँछन्। साथै, संयुक्त सरकारको बेला गरिबी निवारण आयोगका उपाध्यक्ष बनेर अकुत सम्पत्ति जोडेको आरोप पनि उनले खेप्दै आएका छन्। एमाले सरकारमा नभएपछि पानीबिनाको माछाझैँ उनी छटपटिरहेका छन्। कुनै दिन उनी नेकामा प्रवेश गरेमा आश्चर्य मान्नुपर्ने छैन। अहिले नक्कली जोगीले बाक्लो खरानी घसेझैँ उनले नेमकिपा र भक्तपुर नगरपालिकाको विरोध गरेर एमालेमा विश्वास जित्ने कोसिस गर्दै छन्। त्यसैको परिणाम हो, उनको असन्तुलित अभिव्यक्ति।

अब लागौँ, नेमकिपाको विरुद्ध उनको अभिव्यक्तिबारे।

## १. नेमकिपाले के गऱ्यो भन्ने प्रश्नमा:

नेमकिपाले भक्तपुरमा के गऱ्यो भनेर प्रश्न गर्नुभन्दा के गरेन भनी सोच्नुपर्ने थियो। भक्तपुर जिल्लाका सारा जनताको मोहियानी हक सुरक्षित गर्ने काम नेमकिपाका अग्रजहरूले गर्नुभयो। अहिले एमाले, माओवादीलगायत विभिन्न पार्टीमा लागेकाहरूको मोहियानी नेमकिपाकै कारण सुरक्षित भएको हो।

शिक्षामा नेमकिपाले जितेको भक्तपुरमा शिशुस्याहार केन्द्रदेखि कलेजहरूसम्म नगरपालिकाले नै सञ्चालन गरी सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। गरिब विद्यार्थीहरूका लागि शैक्षिक ऋण, छात्रवृत्तिको बन्दोबस्तले कुनै पनि विद्यार्थी गरिबीको कारण उच्च शिक्षाबाट वञ्चित हुन नपर्ने ठाउँ हो भक्तपुर। के एमाले जितेका कुनै स्थानीय पालिकामा यस्तो व्यवस्था छ ?

स्वास्थ्यमा घर-घरमा नर्सहरू गएर नागरिकको हेरचाह गर्नेदेखि वडा वडामा स्वास्थ्य केन्द्र र १०० शय्याको आफ्नै अस्पताल सञ्चालन गरी २० मिनेटमा जनताको स्वास्थ्य केन्द्रसम्म पहुँच पुग्ने ठाउँ पनि भक्तपुर नै हो। एमालेले जितेको पालिकाहरूमा पनि भक्तपुरमा जस्तै सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार गरेको भए जनतालाई फाइदा नै पुग्ने थियो। छ त्यस्तो कहीँ ?

आत्मनिर्भरतालाई जोड दिँदै विदेशीको अर्बौं रुपैयाँ अस्वीकार गरी स्थानीय जनताको सहयोगमा आफ्नै मौलिक सीप, प्रविधि र साधन प्रयोग गरी सयौँ सम्पदाहरू पुनःनिर्माण पनि भक्तपुरले गरेको छ। एमालेले जस्तै सबै काम ठेकेदारलाई जिम्मा दिएर कमिसन खाने काम भक्तपुरका जनप्रतिनिधिहरूले गरेनन्। नेमकिपाका कार्यकर्ता र जनप्रतिनिधिहरू एनजीओहरूका पछि लागेनन्। जे काम गरेको छ, त्यो पारदर्शी गरेको छ।

प्रत्येक युवालाई हातमा सीप दिनुपर्छ भन्ने भावनाले विभिन्न सीपमूलक तालिम, भाषा तालिम, युवा स्वरोगजार कोषको व्यवस्था गरी युवाहरूलाई आत्मनिर्भर बनाउने प्रयत्न पनि भक्तपुरले गर्दै आएको छ ।

केही दशक अघिसम्म फोहोरी, अनपढ, ज्यापु भनी हेला र घृणा गरिएका भक्तपुरका जनता आज सभ्य र शिक्षित नागरिकका दर्जामा पुग्दै छन् । भक्तपुर एउटा देशकै सफा, सुन्दर र कला संस्कृतिको संरक्षित सहर, पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै छ । के यो साँचो होइन ?

निजी विद्यालय तथा कलेजका सञ्चालक भएर काम गरेका, निजी अस्पतालबाट अकुत सम्पत्ति जोड्ने भट्टराईजस्ता सामन्तहरूका लागि भक्तपुर नगरपालिकाले गरेका कामहरू नदेख्नु आश्चर्यको विषय होइन । आँखा, कान, दिमाग भएर पनि देख्न, सुन्न र बुझ्न नसक्ने भट्टराई कस्ता प्राणी हुन् ? उनकै अभिव्यक्तिले प्रमाणित गर्दैन र ?

## २) विद्यार्थी हित समिति खारेज गर्नेबारे

विद्यालयहरूमा विद्यार्थीहरूको हक हितको निम्ति आवश्यकताअनुसार विद्यार्थी हित समितिहरू गठन गरिएका हुन्छन् । समय समयमा साहित्यिक, सांस्कृतिक, खेलकुदलगायतका कार्यक्रमहरू त्यस्ता समितिहरूमार्फत हुने गर्छन् । त्यसमा भट्टराईको आपत्ति किन ? के उनले सबै विद्यार्थीहरूलाई पिँजडामै राख्न चाहेका हुन् ? भक्तपुरका विद्यार्थीलाई एक्काइसौँ शताब्दीका लागि योग्य अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउने उद्देश्यले भक्तपुर नपाले विद्यालय तहदेखि तयारी गरिरहेको छ; स्थानीयदेखि राष्ट्रिय र अन्तर्राष्ट्रियसम्मका जानकारी विद्यालय तहदेखि नै दिँदै आएको छ । भट्टराईजस्ता सामन्ती सोचका व्यक्तिहरूले चाहे पनि नचाहे पनि विद्या विकासको रथ अघि बढिरहने छन् । त्यसमा कसैले बाधा पुऱ्याउन आए त्यस्तालाई फोहोर फाल्ने नालीमा फालिनेछ र विकासको रथ भने अगाडि बढिरहने छ ।

उनी विद्यार्थीहरूले राजनीतिमा भाग लिन्छन् भनेर डराएका देखिन्छन् । आफू भक्तपुर क्याम्पसमा विद्यार्थी राजनीति गरेर अहिले विभिन्न पार्टीका नेता भएर हिँडेको उनले बिर्से । आफूले गर्दा ठीक अरूले गर्दा बेठीक भन्ने सोच अनैतिकता हो । जनताका छोराछोरीहरूलाई राजनीतिमा सहभागी नगराउने भट्टराइको सोच राणा र सामन्तहरूको सोचभन्दा के नै फरक भयो र ? अनि त्यस्तालाई जनताले कम्युनिस्ट पार्टीका नेता मान्नुपर्ने ? धन्य एमाले कार्यकर्ताहरू !

## ३) बिस्काजात्रा, गाईजात्रा र गुठीहरूमा हिस्सेदारी सम्बन्धमा

भक्तपुरका जात्राहरूबारे भक्तपुरका जनतालाई मात्रै थाहा हुन्छ । कलकारखानाहरू, बैङ्कहरू, कलेज र विश्वविद्यालयहरू भागबन्डा गरेर सिध्याएर देशलाई आर्थिकरूपमा टाट पल्टाइसकेकाहरू अब भक्तपुरका जात्राहरूलाई पनि ध्वंस गर्ने अभिव्यक्ति दिँदै छन् । आफूले गर्न पनि नसक्ने अरूले गरेको कामलाई पनि बिगार्ने बाँदर बुद्धिका भट्टराईले परम्परादेखि चलिआएका जात्राहरू, गुठीहरूमा भाग चाहियो भन्नुको अर्थ के हो ? यहाँका मूर्त र अमूर्त संस्कृति, परम्पराहरू हाम्रा सम्पदाहरू हुन् । त्यसलाई नगरपालिकाले व्यवस्थित गर्दै संरक्षण गर्दै आएको छ । समय समयमा सरोकारवालाहरूको बैठक गरी हरेक जात्राहरूलाई व्यवस्थितरूपमा सम्पन्न गर्दै आएको छ । एमालेलाई पनि भाग चाहियो भन्नुको अर्थ जात्रामा अशान्ति मच्चाई आफ्नो निहित स्वार्थ पूरा गर्नुबाहेक अरू के हुनसक्छ ?

हो, नेमकिपाले राष्ट्रघाती सन्धि सम्झौताहरू महाकाली सन्धि, नेपाललाई अमेरिकाको सैन्य क्याम्पमा पुऱ्याउने एमसीसी र देशघाती नागरिकता विधेयकको विरोध गऱ्यो । देशलाई जोगाउन नेमकिपा एक्लैले पनि सदन र सडकमा निरन्तर सङ्घर्ष गर्दै आयो । नेमकिपाले देश र जनताको सेवालाई नै राजनीति ठान्यो र त्यहीअनुसार व्यवहार गर्दै आएको छ । एमालेले जस्तै नेमकिपाले भागबन्डा खोजेन, भ्रष्टाचार गरेन र कलकारखाना कौडीको मूल्यमा पुँजीपतिवर्गलाई बेचेर युवाहरूलाई खाडी मुलुकमा पठाउने अपराध गरेन । बालुवाटारको जग्गा काण्ड, ओम्नी काण्ड, गोकर्ण रिसोर्ट काण्ड, गिरिबन्धु टी स्टेट काण्ड, पशुपतिमा सुनको जलहरी काण्ड, १०० केजी सुन काण्डमा एमालेका कति जना नेताहरू फसे ? भट्टराईकै नेता झलनाथको नाउँमा खोलिएको एनजीओले जस्तै सर्प पाल्न ६०-७० करोड राजस्वमा ब्रह्मलुट नेमकिपाले गरेन । हो, त्यसैले त भट्टराईले नेमकिपालाई प्रश्न गरेका होलान्, ५० वर्षमा नेमकिपाले के गऱ्यो ? नेमकिपाले जस्तै देश र जनताको पक्षमा एमालेले सरकारमा गएको बेला (अहिले पालिकाहरूमा भएको बेला) काम गरेको भए देश अहिले कहाँ पुगिसक्थ्यो होला । के भट्टराईले अनुमान गर्न सक्छ र ? देशलाई यो अवस्थामा पुऱ्याउनेमा नेका र माओवादीभन्दा एमाले कम दोषी छैनन्, चेतना भया !

*मजदुर दैनिक, मंसीर १ गते*

(भक्तपुर नपाले गरेको कामबारे जानकारी लिन र अनुभव आदान-प्रदान गर्न थुप्रै थुप्रै पालिकाका जनप्रतिनिधिहरू भक्तपुरमा आउने गरेका छन् । त्यसमा एमालेका जनप्रतिनिधिहरू पनि छन् । सायद तिनीहरू 'छेपारे' नभएकोले र आँखा, कान, दिमाग सद्दे भएकोले भक्तपुर नपाले 'राम्रो' गरेको देख्दो रहेछन् । एमालेका कतिपय नेता र कार्यकर्ताको पार्टीबाट 'विशेष फाइदा' लिन नेमकिपाको आँखा चिम्लेर तल्लोस्तरमा ओर्लेर आक्षेप लगाउनु पुरानै संस्कार हो, जसरी पञ्चायतकालमा भ्रष्ट पञ्चहरू बहुदलवादीहरूको विरोध गर्थे । यस प्रवृत्तिमा भट्टराई अन्तिम नहुने पनि निश्चित छ-सम्पादक)



# समालोचनाया सिद्धान्त



## (समालोचनाया सिद्धान्त-२२)

– प्रो. माणिकलाल श्रेष्ठ

## नां काये बहपिं समालोचकपिं (२) झिंगुंगूगु शताब्दीया महान उपलब्धि

वंगु अध्याये हे धाये धुन विश्वया साहित्यया इतिहासे झिंगुंगूगु शताब्दी दकले उन्नतिया युग खः, साहित्य व कलाया सिर्जना व समालोचनाया विकास निताय् नं तस्सकं चवन्ह्यागु ई। रोमान्टिक सिद्धान्त व यथार्थवादी प्रवाह निगुलिं च्वका थ्यंक थ्व युगे थहाँ वन। थ्व शताब्दीं फ्रान्सया **बाल्जाक, ह्युगो, ड्युमा, जोला, मोपास्सां** व **अनातोले फ्रांस** थेंजोपिं उपन्यासकार, कहानीकारपिं, **बाउदेलायरे** थेंजोम्ह कवि पिकाल, **मार्क्स, हिगेल** व **नित्से** थेंजोपिं दार्शनिकपिं बुइकल। थ्व शताब्दीइ जर्मनं जन्म बिउम्ह कार्ल मार्क्सया दर्शनं राजनीति व अर्थनीतिया क्षेत्रे जक मखु, साहित्य व कलाया सिर्जना व समालोचना जक नं मखु, मनुखं बिचा याइगु फुक्क क्षेत्रे विश्वया दृष्टिकोण हे हिला बिल। रूसे नं थ्व शताब्दी ततःधंपिं लेखक, समालोचक व विचारकपिं पिहाँ वल, अमिसं याना रूसी साहित्य व समालोचनाया विश्व-साहित्ये तःधंगु स्थान दत। **पुश्किन्, तुर्गनेव, तल्स्ताय्, दोस्तोएव्स्की** व **चेखोव** थेंजोपिं लेखक व **बेलेन्स्की** व **चर्निशेव्स्की** थेंजोपिं समालोचकपिं थ्व हे शताब्दीइ रूसं पिकाल। विश्वया नाटक साहित्ये हे न्हूगु युग हम्ह नर्वेया **इब्सन्** नं थ्व हे झिंगुंगूगु शताब्दी पिकागु खः। अंग्रेजी साहित्ये ला थ्व शताब्दी दकले प्रगतिया युग हे जुल। **वर्डस्वर्थ, कलरीज्, साउथे, शेली, बाइरन्, कीट्स्, टेनिसन, ब्राउनिङ्ग** थेंजोपिं कवि, **स्कट, डिकेन्स्, थाकरे, जर्ज् इलिएट, ट्रोलोप्, मेरेडिय्, बटलर** व **हार्डी** थेंजोपि उपन्यासकार व **कलरीज्, म्याथ्यु आर्नल्ड्, रस्किन, पेटर, मौरिस्** थेंजोपिं समालोचकपिं नं थ्व दे शताब्दीइ पिहाँ वोगु खः।

कलरीज्, वर्डस्वर्थ व शेलीपिनि समालोचना सम्बन्धी धारणा च्वय् हे विवेचना जुइ धुंकल, रस्किन व पेटरया विचार नं छुं भति झीसं स्वये हे धुन। आ थ्व अध्याये झिंगुंगूगु शताब्दीया मेपिं नां काये बहपिं समालोचकपिनि विचार छुं भति उल्लेख याये।

झिंगुंगूगु शताब्दीइ निगू स्वंगू प्रवाह न्ह्यात, गाक्कं विकास नं जुल धका न्हापा हे धाये धुन। समालोचना साहित्ये धाथें हे शुद्ध यथार्थवाद ला नीगूगु शताब्दीइ तिनि क्वातुक्क हा कागु खः, अथेसां यथार्थवादी समालोचनाया मूल तत्व दकले न्हापां नी स्वनेगु ज्या याम्ह रूसया **बेलिन्स्की** (Vissarion Grigoryevich Belinsky 1811-1848) खः। समालोचनायात हे गतिशील अर्थात न्ह्यान्ह्यां पापां वनीगु सौन्दर्यशास्त्र धका व्याख्या याना बेलिन्स्कीं समालोचना धयागु युग व समाज ल्वयेक जुइ मागु खँ क्यना बिल, काव्य धयागु वास्तविक व सत्य विचारया कला खः धका यथार्थवादया आधार तया बिल। छुं



बेलिन्स्की



चर्निशेव्स्की



तायने

कलाकृति गुलि ग्यं धका स्वयेबेले गन तक वास्तविकताया चित्रण यात धका स्वयेगु हे कसी जुइमा, बरु चित्रण बांलाये मा। नत्र खालि बांलाक्क न्ह्याइपुक्क व अभ्र फ्मीत प्रभाव जुइकथं हे क्यंसां वास्तविक मखुगुयात नं कला धायेगु जूसा जादु व चटकयात नं काव्य थें हे धाये माली। अथे जूगुलिं मनोरञ्जन जक हे कलाया उद्देश्य मखु। अले 'कलात्मकता' या स्रोत हे जीवन खः धका बेलिन्स्की धाल। ख ला काव्यं जीवनया धाथें जूगु हे खँ काइगु मखु, खालि जीवनया जुइ फइखु खँ दयेका क्यनीगु खः धका बेलिन्स्कीं सिउ, अथे जूगुलिं **'वास्तविकताय् द हे मदुगु बस्तुइ काव्य-तत्व दइ हे मखु।'** कवि व वैज्ञानिकया विषय-बस्तु छगू हे, बरु वैज्ञानिकं छुं खँ तर्क याना सिद्ध याना क्यनी, कवि कलाकारं ब्वया क्यनी। अथे जूगुलिं साधारण जनतां वैज्ञानिकयातसिकं कवियात थुइका काये फइ। बेलिन्स्कीया विचारकथं शुद्ध कला बा 'निरपेक्ष' कला धयागु बस्तु द हे मदु।

बेलिन्स्कीया व विचारयात मेम्ह रूसी समालोचक **चर्निशेव्स्कीं** (Nikolay Gavrilovich Chernyshevsky1828- 1889) न्ह्यज्याकल। हिगेल व वया विचार काइपिनि विरोध यासे चर्निशेव्स्कीं सौन्दर्य (बांला) सम्बन्धे थःगु हे सिद्धान्त दयेकल। वास्तविकतां पिने च्वंगु छुं आदर्श 'भावया जगत' दुने सौन्दर्य मालेगु सितिकं वनीगु ज्या खः। मनुखं दकले प्रेम याइगु व महत्व ताइगु बस्तु जीवन खः धका चर्निशेव्स्कीं धाल - **'जीवन हे सौन्दर्य खः।'** कलां **'हाकनं सृष्टि याइगु उजोगु फुक्क बस्तु खः, गुगु मनुखं थःगु धाथेंया जीवने चिउता तइगु बस्तु खः।'** थुकथं एरिस्टोटलं **'मिमेसिस'** धागु थासे चर्निशेव्स्कीं **'हाकनं सृष्टि याइगु'** धका धाल। सौन्दर्यवादीतय् विरोधे चर्निशेव्स्कीं थ्व क्यना थकल कि बांलागुलिं जक थःगु मन सायेका चित्रण याइगु कवि कलाकारया ज्या मखु। कविं **'छुं बांलागु ख्वाया किपा'** दयेकीगु मखु, **'छुं ख्वाया बांलागु किपा'** दयेकीगु ख अले बांलाक चित्रण यायेगु धयागु हे छुं छता विचार पूवंक हे कने क्यने फइगु खः। चर्निशेव्स्कीया विचारकथं 'बांला' धयागु मालीगु ललित कलां व मेगु कलां जक मखु, मनुखं याइगु न्ह्यागु ज्याय् व कुतले नं बांलाकेगु कुतः याइ। अथे जूगुलिं कला बांलाके ला मा हे माल, नापं तुं स्वये मागु बस्तु कलाया विषय बस्तु खः। चर्निशेव्स्कीया यथार्थवादया मतलब कवि कलाकारं अभिव्यक्तिया निंतिं ल्यइगु विषय-बस्तु यथार्थवादी जुइगु खः।

थुकथं बेलिन्स्की व चर्निशेव्स्की निम्ह रूसी समालोचकपिंसं यथार्थवादी विचार प्रचार यागु खः, तर रूसं पिनेया साहित्य जगतं उबेले अमि विचार ब्वने मखं। रूसे दुने धासा तत धंपिं लेखक फुक्कसिकें अमि प्रभाव लात। थ्व निम्ह रूसी समालोचक रूसे पिहाँ वोबेले विश्वया मेमेगु थासे नं थ्व जोगु हे तालया विचार दुपिं समालोचकपिं वोगु खः, तर सुं हे नं बेलिन्स्की व चर्निशेव्स्की ति च्वन्ह्यापिं मदु *(थौंया यथार्थवादी समालोचकपिनि विचार व दृष्टिकोणे दकले अपो प्रभाव जर्मनीया मार्क्स व विलायतया एंगेल्सपिनिगु लागु दु। मार्क्स व एंगेल्स्पि निम्ह ला विश्वया युग हे हिला बिउपिं विचारक खः, तर अपिं निम्ह दार्शनिक खः, राजनैतिक व अर्थनैतिक विचारकपिं खः, सौन्दर्य- सिद्धान्त, कला, साहित्य फुक्क क्षेत्रे अमिसं थःगु विचार कना थकूगु दु, अथेसां मार्क्स व एंगेल्स् मुक्कं समालोचक मखु। अथे जूगुलिं उगु इले ला विश्वया दकले च्वन्ह्यापि समालोचक धका बेलिन्स्की व चर्निशेव्स्कीयात हे धायेमा)*।

थुगु हे इले फ्रान्से पिहाँ वोम्ह समालोचक **तायने** (Hippolyte-Adolphe Taine, 1828-1893) या विचार नं बिचा याये बह जू। तायनेया विचारकथं छम्ह समालोचकं वैज्ञानिकया थेंजोगु तटस्थता कायेमा। सुं छम्ह लेखक वा कलाकार बा वया कृतियात भिं मभिं बांला बांमला धायेगु मखु। थ्व खँय् ला तायनेया विचार 'इण्डक्टिव' समालोचक *(अध्याय १ स्वया दिसँ)* **मोल्टन**या थें खने दु। अथेसां तायनें छुं साहित्यिक वा कला-कृतिया विश्लेषण गुकथं यायेमा धागु खः, व मोल्टनया विचार नाप पा। तायनेया विचारकथं छम्ह समालोचकं छुं कृतिइ खनेदुगु प्रवृत्ति व प्रवाहया बारे खालि तथ्य जक मुंका व गथे वल, उगु कथं विकास जुगु पिनेया कारण (सामाजिक) छु धका माला क्यना बिइमा, छुं कृति बांला बांमला यो मयो ला पाठकपिंसं हे कोछिइ। तायनें साहित्यिक कृति व साहित्ययात स्वता बस्तुया आधारे व्याख्या याना तःगु दु। तायनें नां कना तःगु व स्वता खः **जाती** (रेस् च्बअभ), **वातावरण** (मिले milieu) व **ई** (मोमेन्ट ̄ण्क्षभलत)। 'रेस्' या मतलब छुं छगू राष्ट्र वा जातीया थःगु हिं हे वइगु विशेष प्रवृत्ति व मनस्थिति जुल, 'मिले' धयागु उगु जातीया जनताया चाकलिया वातावरण, ल:फय् (आबहावा) भौगोलिक स्थिति, राजनैतिक व्यवस्था, सामाजिक स्थिति आदि अले 'मोमेन्ट' धयागु उगु इले न्ह्याना च्वंगु प्रवाह- थ्व स्वताया आधारे छुं कृति वा साहित्यया व्याख्या याये फु। तायनें खंकथं व्यक्तिया उलि तःधंगु महत्व मदु, व्यक्ति फुक्क गुगुं छगू राष्ट्रे गुगुं छगू युगया स्वंगू बस्तुगत धारां पिकाइगु


खः। व्यक्ति धयाम्ह ला छुं जाती वा राष्ट्रया नमूना जक। लेखकयाके थ गु ईया छु प्रभावलाइ धयागु खँ ला तायनें बांलाक वाला क्यना बिल, तर लेखकं युग हे हिले फइगु खँ धासा तायनें वास्ता मतः। मनूया विचार वा चेतनां अमिगु अस्तित्व निर्धारण याइ, थ्व ला खः, अथे हे विचार धयागु हे समाजया बस्तुगत स्थितिं हइगु नं खः, तर बस्तु वा पदार्थ विचार पिकया बिइ धुंका, अले व विचारं हा काये धुनेव विचार हे नं बस्तु जुइ *(मार्क्सवादी दृष्टिकोणया मूल आधार थ्व हे)*। अथे हे सामाजिक स्थितिं अर्थात युगं लेखकया जन्म बिइ, तर सुं छम्ह विचारक वा लेखकया विचारं समाजे हा कायेव व विचारं हे नं युग हिला बिइ फु, थ्व खँ तायनें वास्ता मतः। तायनेया सिद्धान्त माने मयासां झीसं साहित्यया सामाजिक पक्ष बांलाक अध्ययन याये हे मा। विभिन्न क्रिया प्रक्रियाया फुक्क विश्वनाप साहित्यया सम्बन्ध तया अध्ययन याये मा।

भिंगुंगूगु शताब्दीया बिलायतया छम्ह नां काये बहम्ह समालोचक **म्याथ्यु आर्नल्ड्** नं खः। 'आर्नल्डं थम्हं हे जक समालोचना यागु मखु, वं करपिंत नं आलोचना यायेगु स्यना बिल। वं समालोचनाया सिद्धान्त नियम दयेका बिल, बरु थम्हं हे गवसं गवसं व नियमकथं मया। *(स्कट जेम्स)* यूरोपे थ्व युगे विज्ञान थहाँ वंगुलि, विशेष याना **डार्विनया 'विकासवादी सिद्धान्त'** पिहाँ वोगुलिं धर्मया पुलां पुलांगु मान्यता व विश्वास फुक्क कोदल। धर्म व परम्पराकथं विश्वास व विज्ञानं हया बिउगु सन्देहया ल्वापुइ लाना मनूया चिन्तनया फुक्क क्षेत्रे, अथे हे समालोचना-सम्बन्धी नं पुलांगु मान्यता कोदला वन। विज्ञानं कोथले मफुगु न्हूगु नैतिक मूल्य व विश्वासया निम्तिं छगू स्रोत माला च्वंगु युगे म्याथ्यु आर्नल्डं काव्ययात थ्व स्रोत धाल। अले कवितायात (फुक्क साहित्ययात नं) आर्नल्डं **'सारे ला जीवनया आलोचना'** धका धाल। साहित्य छु धयागु कोमजिइगु खँय् ब्वांय् मजुसे आर्नल्डं समालोचनाया छु ज्या खः, समालोचकया कर्तव्य छु खः धयागु खँ व्याख्या यात। भिंगुंगूगु शताब्दी भर ला अंग्रेजी साहित्ये आर्नल्ड्या थुलि प्रभाव दु कि वयात एरिस्टोटलयात थें हे हनीगु। आर्नल्ड्या कथं समालोचक निस्वार्थी जुइमा समालोचना धयागु हे ***'विश्वे सिउगु व खंगु दकले भिंगु खँ सिइका प्रचार याना बिइगु निस्वार्थ व निर्लिप्त कुतः'*** खः, उकिं समालोचकं छु छगू रचनाया ऐतिहासिक वा व्यक्तिगत मूल्याङ्कन याये मजिउ, **'वास्तविक मूल्याङ्कन'** यायेमा। अथे याये फयेकेत समालोचकयाके महान कृतितय्गु ज्ञान दयेमा। थ्व खँय् आर्नल्ड् छम्ह 'क्लासिकल' विचारयाम्ह समालोचक खः।


आर्नल्डं थःगु युगे धर्म कोदला वंगु खना चाल धर्म युगलिसे हिलावं वनीगु जुइमा। थुकिया निंति संस्कृति मा, *संस्कृति धयागु 'बांलागुयात ययेकेगु' (सौन्दर्य-प्रेम) खः*। थ्व हे कारणं आर्नल्डं कवितायात थुलि च्वछाया तःगु खः। *कवि धयाम्ह ऋषि खः, कविता हे कन्हेया धर्म खः। थौं तक छुं हे धर्मया जग मसंगु मदु, लिपा फ्यासुया मवनीगु मदु, छाय् धासां गुगु तथ्यया भरे धर्म दना च्वंगु खः, व तथ्य हे कोदली*। तर कवितायात विचार वा भाव दयेव गा। जीवनया व्याख्या यायेत कविताया शरण वनेमा, कविता मदयेक विज्ञानं जक पूवनी मखु धयागु विचार आर्नल्डया। कवि तःधनीगु हे थःगु विचारयात बांलाक क्वातुक्क जीवने छ्यलेगु, 'जीवन गथे छ्यायेगु' धयागुया लिसः बिवइत छ्यलेगु शक्ति दुसा। नैतिक भावनाया अःखः वंगु कविता जीवनया अःख गु



वाल्टर पेटर



जोन रस्किन



तल्स्ताय

कविता खः। नैतिक खँयात अपो जोड बिया कला पक्षयात ध्यान मबिइगु प्रवृत्ति आर्नल्ड्या दु।

थ्व खँय् आर्नल्ड्या अःखः हे जुइक व हे देशे मेम्ह समालोचक **वाल्टर पेटर** (Walter Horatio Pater 1839- 1894) वल। पेटरं काव्यया कला पक्ष जक, सौन्दर्य जक स्वया मेमेगु खँ तोतल। पेटरया 'शैली' धयागु निबन्धे थःगु सिद्धान्त कना तःगु दु। शब्द हनेगु ज्या, छुं धायेगु शैली व काव्यया रूप विधान, थ्व स्वता हे कलाया शरीर खः, थ्व स्वंगू बांलाक स्वाना हवने फत धायेव कलाया आत्मा पिदनी। समालोचकं स्वये मागु बस्तु थ्व हे स्वंगू धका पेटरं धया तःगु दु। लेखकया उद्देश्य वास्तविकताया 'अनुकरण' यायेगु मखु वास्तविकता खनीबेले वइगु थःगु भावना जक कनेगु ख, अथे जूगुलिं छुं कृति सफल जू मजू स्वयेगु हे भावना गुलि तक बांलाक कने फु धका स्वयेगु खः धयागु विचार पेटरया। थ्व विचार अस्कर वाइल्डं बांलाक विकास याना छगू सिद्धान्तया रूपे क्वातुक्क प्रचार यात *(वाइल्ड्या विचार 'सौन्दर्यवाद छपुलु' धयागु अध्याये वने धुंकूगु दु)*।

थ्व हे भिंगुंगूगु शताब्दीया बिलायतं पिकाम्ह छम्ह आलोचक **जोन रस्किनं** (John Ruskin 1819-1900) नं समालोचना साहित्ये तःधंगु देन बिउगु दु। रस्किन कल्पनाया प्रकार फाया क्यना वर्गीकरण याना बिल। रस्किनया समालोचनाया आधार नैतिकता ख। कविता व कलाया स्रोत हे मनूया कल्पनाया माध्यम व्यक्त जुइगु चेतना खः। अथे जूगुलिं भिंगु कला अनैतिक जुइ फइ मखु। बांला (सौन्दर्य) धयागु देवं बिउगु बस्तु, थ्वजोगु वरदानया उद्देश्य ला मनूतय्त उपदेश बिया भिंकेगु जुइमा, खालि न्ह्याइपुकेत जक कला छ्यले मजिउ। *थः के हे च्वन्ह्याक नैतिकता मदुम्ह कवि कलाकारं उच्च कला पिकाये फइ हे मखु।* थुकथं भ्नीसं धाये फु पूँजीवाद थहाँ वना च्वंगु समाजे पूँजीवादी 'नैतिकता' थहाँ वोगु व कलायात पूँजीवादी मनोरञ्जनया साधन याना यंकूगु कला-विरोधी प्रवाहया विरोधे विद्रोह याना रस्किन पिहाँ वोगु खः।

भिंगुंगूगु शताब्दीया 'कला कलाया निम्तिं' धयागु नारा प्रचार *(अध्याय १५ (सौन्दर्यवादया छपुलु) स्वया दिसँ।)* जुया वंगुया रस्किनं थें हे तस्सकं विरोध याम्ह रूसया प्रसिद्ध लेखक **तल्स्ताय्** (Lev Nikolayevich Tolstoy 1828-1910) नं खः। तल्स्ताय् छम्ह उपन्यासकारया नामं ला प्रसिद्ध, 'कला छु खः ?' धयागु सफुलिं याना तल्स्ताय् छम्ह समालोचकया रूपे नं नां काये बह जू। थःगु मौलिक रचनाय् उपन्यास, नाटक व कहानी नं नैतिकताया प्रचार याइम्ह तल्स्ताय् खः। तल्स्ताय्या थःगु हे कृति नं वया समालोचना सिद्धान्त नाप पागु खने दु, हानं वया सौन्दर्य सिद्धान्ते नं थाय्थासे द्वन्द दु, अथेसां तल्स्ताय्या कला-सिद्धान्त तस्सकं महत्वपूर्ण जू। कला द्यःया रहस्यया अभिव्यक्ति नं मखु, मनूतय् मुंका तःगु शक्ति फुकेगु कासा नं मखु, न्ह्याइपुकेगु साधन नं मखु, कला ला मनूतय् दथुइ एकता हइगु लँपु खः। धाथें हे भिंगु कृति उजोगु खः गुगुलिं मनूतय कल्याण, प्रगति व जीवनया निंतिं मदयेक मगागु मंका भावनाय् फुक्कसित छधी याना बिइ। 'कला कलाया निंतिं' धयागु नारा वोगु हे दांया च्यो मनूत जूगुलिं खः, पूँजीवादी नैतिकतां याना कलायात नं तःमिपिनि न्ह्याइपुकेगु साधन यात, थुकियात तल्स्तायं **'वेश्या ज्या'** धया तःगु दु। कलाकृति गुलि ग्यं धका धायेत विचार-बस्तु जक बा रूप (सौन्दर्य) जक बा निष्ठा (सत्य) जक स्वइपिं समालोचकपिं छगू पक्ष जक स्वइपिं खः, अथे मयासें स्वंगुलिं खँयात कसी याना समालोचकं स्वयेमा। बरु तल्स्ताय्या नैतिकता आदर्शवादी, 'सत्य' व 'अहिंसा' धाइगु। 'मनूयात हिंसा मखु प्रेमं छधी याइगु, मनूयात छधी याना उकिं आनन्द हइगु' यात हे तल्स्तायं 'सत्य' व नैतिकता धया तःगु। तल्स्ताय्या विचार वैज्ञानिक मजू, आदर्शवादी भावना वयाके दुः अथेसां साहित्य मनूया निंतिं खः, समाज न्ह्यज्याकेत खः, वास्तविकताया सत्य क्यनेमा धयागु मानवतावाद, सत्य व यथार्थवादया प्रवाहया दुने तल्स्ताय् ला। भारतया महात्मा गान्धी व आचार्य विनोबा भावेपिनि साहित्य कला सम्बन्धी धारणा तल्स्ताय्नाप आपा हे जो ला।

**(कथहं)**


# 'भक्तपुर'

## मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस्। सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाको आयोजनामा विद्यालयका शिक्षक शिक्षिकाहरूको खेलकुद प्रशिक्षक प्रशिक्षण तालिमको प्रमाणपत्र वितरण । कार्तिक २४ गते



पुरातत्त्व विभागका महानिर्देशक र पुरातत्त्वविद्हरूसहितको टोलीबाट भक्तपुरको थन्थु दरबार पुनःनिर्माण क्षेत्रको स्थलगत निरीक्षण । मंसिर १२ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नवगठित नगर परीक्षा समितिका पदाधिकारीहरूलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभयो । मंसिर १८ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग घाना, तान्जानिया र अर्जेन्टिनाका प्रतिनिधि टोलीको भेट । कार्तिक १४ गते

## तस्बिरमा केही गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट ४३ औं नेपालभाषा साहित्य त: मुंज्या र सांस्कृतिक कार्यक्रममा पुरस्कृतहरूलाई पुरस्कार तथा मायाको चिनो वितरण । मंसिर ९ गते



नेमकिपाका सचिव प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईंलगायतद्वारा भक्तपुरको तिहार बजार निरीक्षण । कार्तिक २६ गते



बत्तीसौं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नपाबाट विभिन्न प्रतियोगिताको आयोजना । मंसिर १७ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट नेपालभाषाको गीत 'डेडापा झ्यया दरबार' म्युजिक भिडियोको सार्वजनिकीकरण । मंसिर ११ गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपा १० नं. वडा, कमलविनायक प्लानिङ सडक पिच कार्य । मंसिर १८ गते



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट भनपा ६ स्थित दुबंकेगु फल्चा छाना छाउने कार्यको निरीक्षण । मंसिर १० गते



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा २० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका दिवस । मंसिर १९ गते



## तस्बिरमा केही गतिविधि









सकिमना पुन्हिको दिनमा भक्तपुर नपाको टोल टोलमा भएको ह्लिमली ब्वज्या (नसा ब्वज्या) अवलोकन गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत । मंसिर ११ गते

# पाठक पत्र

## काठमाडौं मनपा नगर प्रहरीलगायतको निर्देशनमा निषेधित क्षेत्र तोडेर शुभकामना र्‍याली

नेपाल संवत् नेवारहरूको मात्रै होइन सम्पूर्ण नेपालीहरूको हो । नेपाल संवत् संयुक्त राष्ट्र सङ्घमा दर्ता भएको थियो । भक्तपुरका जनताको नेपाल संवत्प्रति दिलैदेखिको माया छ । दत्तात्रयको जँलामा शङ्खधर साख्वाको शिलापत्र भएको पाटी नै छ । प्रत्येक वर्ष म्ह:पूजाको दिन न्हू दाँया भिन्तुना गरिन्छ । नेपालभाषाको निम्ति सङ्घर्ष गर्ने मास्टर जगतसुन्दर मल्लको सालिकमा माल्यार्पण गरेर न्हू दँ ११४४ मनाइएको थियो । यसरी न्हू दँ मनाउने क्रममा कार्तिक २८ गते भक्तपुरमा सिक्री लगाएको ताला फोरेर विश्व सम्पदा क्षेत्रमा निषेधित गाडीहरू लाने काम भयो । काठमाडौँ महानगरका नगर प्रहरीलगायतको निर्देशनमा यो कार्य हुनु राम्रो होइन । महानगरपालिकाले हालै सम्पन्न इन्द्र जात्रामा वसन्तपुरमा राष्ट्रपतिलगायत विशिष्ट व्यक्तिहरूलाई हिँडाएर कुमारी दर्शन गराएको थियो । कुमारी दर्शनमा राष्ट्रपतिलाई हिँड्न बाध्य बनाइएको थियो ।

भक्तपुर नगरबाट सिक्ने वकालत गर्दै हिँड्ने मेयर बालेनले विश्व सम्पदा सूचीमा सूचिकृत टौमढी जहाँ विश्वको अग्लो मन्दिर पाँचतले (ङातापोल्हँ) छ, जुन मन्दिर कोलम्बसले अमेरिका पत्ता लगाउनु अगाडि बनिसकेको थियो । त्यस्तो मन्दिरको संरक्षणको लागि गाडी निषेधित गरिएको क्षेत्रमा आफूलाई किलागलबाट आएको भन्दै एक युवाले अब आइन्दा भक्तपुरमा न्हू दँ र्‍याली नल्याउने भन्दै धन्यवाद पनि दिए । महानगरपालिकाका नगर प्रहरीअगाडि राखेर भक्तपुरको सम्पदा बिगार्न लालायित मान्छे देखेर देशकै ठूलो नगरपालिका भनेर भक्तपुरलाई हेप्ने महानगरले अर्काको घरमा ताल्चा फोडी भित्र पस्ने दुस्साहस गरेको मलाई अनुभव भयो । *(यस अघि भक्तपुर नपाले संरक्षण गरेको सल्लाघारीको खुल्ला चौरमा पार्किङको कुरा गरेको थियो – भक्तपुर)* ताला फोड्ने व्यक्तिलाई महानपाले कारबाही गर्नुपर्छ । भक्तपुरको सम्पदा नष्ट गरेर काठमाडौँले भक्तपुरबाट के सिक्ने हो ?

भक्तपुरमा न्हू दाँया भिन्तुना र्‍याली मौलिक बाजागाजाका साथ हजारौँ हजार जनताको सहभागितामा सम्पन्न भएको थियो । सम्पदा नष्ट गर्न चाहने व्यक्तिहरू नेपाल संवत्लाई माया गर्ने व्यक्ति हुनै सक्दैन । भक्तपुरका जनताले भक्तपुरलाई एउटा सांस्कृतिक नगर घोषणा गराउन वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) लाग्नुभएको चार दशकभन्दा बढी भइसकेको छ । त्यसैले सम्पदा नष्ट गर्न खोज्ने यो निषेधित क्षेत्र तोड्नेलाई कारबाही गर्नुपर्छ । नत्र हाम्रो सम्पदा बचाउन गाऱ्हो हुनेछ । नेपालीको पहिचान र मौलिकता भएन भने विस्तारै नेपाल नै हराएर जान सक्नेमा हेक्का राखे हुन्छ ।

पि.के., कार्तिक ३० गते

## ख्वप अस्पतालको बद्नाम किन गर्दैछ ?

नितु मेरो पनि साथी हो । नितुको निधनले मलाई मर्माहित बनाएको छ । तर विभिन्न अस्पताल हुँदै पाटन अस्पतालमा मृत्यु भएकोलाई दोष किन ख्वपलाई ?

ख्वप अस्पताल जनताको अस्पताल हो । ख्वप अस्पताल निर्माण गर्न सबै नगरवासीहरूको रगत पसिना परेको छ । झूटो आरोप लगाई ख्वपलाई बद्नाम गर्ने अधिकार कसैलाई छैन । एउटा प्रादेशिक अस्पताल सरह सेवा दिइरहेको अस्पताल अथवा गरिब निमुखा जनताको सेवामा समर्पित ख्वप अस्पताल दैनिक छ सात सय जना विरामीहरूको सेवा गरी ख्याती कमाइरहेकोले निजी अस्पताल सञ्चालकहरूको उक्साहत त होइन ? यसमा निजको मामा भनिएका 'चैते माओवादी' को भूमिका विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा ख्वपको बद्नाम गरेबाट प्रष्ट हुन्छ । जिले भदौ ३१ गते आफ्नी भान्जीको 'ख्वप अस्पतालमा मृत्यु भएको' भनी झूट समाचार सम्प्रेषण गरेको कारण धेरैलाई भ्रम पर्न गएको थियो । अझ नितुको मृत्युको दिनमा पनि हनुमानघाटमा निजले यहाँ ख्वपको कोही छ ? छ भने अगाडि नबस्नु काट्दिन्छु समेत भन्न भ्याए । राजनीतिक विचार नमिले कै भरमा राजनीतिक पूर्वाग्रह राखेर जथाभावी धम्काउने जथाभावी कराउने अधिवक्ता जस्तोलाई सुहाउने कुरा होइन जस्तो लाग्छ ।

नितु ख्वप अस्पताल आउनु अगाडि धुलिखेल अस्पतालमा डण्डिफोरको लागि देखाएर औषधि सेवन गरिरहेको आफन्तबाट समेत सुनियो । त्यहाँ उपचार गर्दागर्दै कम नभएकोले त्यहाँका डाक्टरले ख्वप मै राम्रो डाक्टर छ । यति टाढा किन आउने भनेर धुलिखेलको डाक्टरको सुझाब अनुसार ख्वपमा पनि उपचारको लागि गएको र रिफर लिएर विभिन्न अस्पतालमा गई अन्तमा पाटन अस्पतालमा निधन भएको देखियो ।

ख्वप अस्पतालमा डण्डीफोर रोगका कारण असार २२ गते पुगेको, त्यसपश्चात साउन २ गते फलोअपमा त्यहीँ

गएको अस्पतालको रेकर्डले देखाउँछ। त्यतिबेला केही ज्वरो आएको देखिएकोले सम्बन्धित चिकित्सकले ज्वरोको औषधी दिएको देखाइएको छ। त्यसपछि साउन १२ गते इमर्जेन्सीमा ल्याइएको बिरामीलाई टाइफाइड हुनसक्ने आशङ्का गरी अस्पतालमै रहन पटक–पटक चिकित्सकहरूले अनुरोध गर्दा समेत नमानी आफ्नो परीक्षा भएको कारण देखाई दिउँसो २ बजे अस्पताल पुगेको बिरामी ३:४० मा अस्पतालबाट फिर्ता गएको समेत अस्पताल रेकर्ड र त्यहाँका चिकित्सकहरूको भनाइ छ।

साउन १४ गते पुन: बिरामी इमर्जेन्सीमा ल्याइएकोलाई भर्ना गरी साउन १७ गतेसम्ममा सामान्य भइसकेपछि साउन १७ गते डिस्चार्ज गरिएको र पुन: १८ गते इमर्जेन्सीमा ल्याई २१ गतेसम्म उपचार गरिएकोमा बिरामीको आफन्तको अनुरोधमा अन्य अस्पतालमा रिफर गरेको देखिन्छ। साउन २१ देखि २५ गतेसम्म अन्य अस्पतालमा भर्ना रहेकै क्रममा साउन ३२ गते रगत जाँचको क्रममा पुन: निज बिरामीको नाम अस्पतालको रेकर्डमा भेटिन्छ।

तत्पश्चात पाटन अस्पतालमा भर्ना रहेकै बखत भदौ ३१ गते निजको दु:खद् निधन भएको देखिन्छ।

यसरी १ महिना १० दिन अगाडि नै बिरामीको आफन्तले आफै रिफर मागेर विभिन्न अस्पतालहरूमा गएको बिरामीलाई ख्वप अस्पतालमा मृत्यु भयो र ख्वपको लापरबाही भनेर अस्पतालकै बद्नाम गर्न खोज्यो। त्यसको कारणहरू के हुन सक्छन् ?

१) मृतककी मामा एक निजी अस्पतालका कानुनी सल्लाहकार पनि हुन्। निजी अस्पतालको तलबमा बाँचेकाहरू सरकारी अस्पतालहरू राम्रो भएको चाहँदैनन्। भक्तपुर अस्पताल र ख्वप अस्पताल राम्रो हुँदै जानु उनको स्वार्थ विपरीत हुने नै भए।

२) निज मामा राजनैतिक रूपले फरक विचारको हुँदा भनपा र नेमकिपाको नाम सुन्नै नचाहने व्यक्ति हुन्। उनी चाँगु नपामा पर्ने इथुलीमा ख्वप विश्वविद्यालय स्थापनाको कुरा उठ्दा विरोध गर्ने मध्येका एक हुन्। सहकारी र घरजग्गाको कारोबार गरी प्रशस्त सम्पत्ति जोडेका उनी बद्नाम व्यक्ति पनि हुन्।

३) ख्वप अस्पतालबाट रिफर लिएर काठमाडौँ स्थित बी.एण्ड.बी. अस्पतालमा भर्नारत रहँदा 'चिकित्सकहरूले प्रगति भइरहेको छ, केही दिन अझै भर्ना गर्नुपर्छ भनी अनुरोध गर्दागर्दै' निजकै सल्लाहबमोजिम विदेश जान अन्तरवार्ता दिनुपर्छ भन्ने बहानामा अस्पतालबाट डिस्चार्ज गरेको भन्ने बुझ्न आएको छ। उनैले बिरामीलाई मोटरसाइकलमा राखेर ल्याउँदा 'पानीले रुझेको' समेत प्रत्यक्षदर्शीहरूको भनाइ छ।

४) बिरामी व्यक्ति विदेश जान उचित हुँदैन भनी चिकित्सकहरूले सम्झाउँदा समेत डिस्चार्ज भएको बिरामी केही दिनपछि नागरिक आरोग्य अस्पतालमा छालाको रोगको उपचार गराएको रेकर्डले देखाएको छ।

५) त्यसपछि पनि रोग निको नभएपछि पाटन अस्पताल भर्ना गरेको र त्यहीं मृत्यु भएको देखिन्छ।

यस्तो घामजस्तै स्पष्ट कुरामा पनि ख्वप अस्पताललाई दोष देखाउन मरिमेटी लागेका छन्।

गल्ती गर्नेले छुट पाउनुहुन्न। तर, ख्वप पछि तीनओटा अस्पतालमा उपचार गर्दा पनि निको नभएको बिरामीबारे निराधार रूपमा जथाभावी लान्छना लगाउनु के गैरजिम्मेवार होइन ? एकजना वकिलको लागि सुहाउने विषय नै होइन।

सत्य बोल्ने एक्लो पर्न सक्छ। तर सत्यको पक्षमा सधैँ कलम चलाउन कोही पनि डराउनु हुँदैन। त्यसैले सत्यको पक्षमा सारा जनताले आवाज उठाउने छ र भ्रम चिर्नेछ।

– सृजना श्रेष्ठ, भनपा ९

# जीवन–आचरण

## ज्योतिष र भाग्य

उसले ज्योतिषीलाई आफ्नो हात हेर्न भन्यो। ज्योतिषले उस्को हात हेर्दै उस्को भविष्य खरर बताउन थाल्यो। आफ्नो सुन्दर भविष्य देखेर ऊ खुशी थियो र उस्ले त्यो ज्योतिष खुशी हुने गरी दक्षिणा दिएर घर फर्कियो।

वर्ष दिनसम्म पनि त्यो ज्योतिषीको भविष्यवाणी फिटिक्कै नमिलेपछि ऊ फेरि त्यो ज्योतिषीलाई भेट्न भनी गयो। नभन्दै त्यो ज्योतिष पहिले बसेकै रत्नपार्कको फुटपाथको त्यही कुना मै भेटियो।

उसले आक्रोशित हुँदै ज्योतिषीलाई गाली गर्न थाल्यो, 'के हो तँलाई, मान्छेहरूलाई बेवकुफ बनाएर पैसा ठग्न लाज लाग्दैन ?' भविष्य हेर्न नआउने मान्छे किन यता बसिरहेको ?' आइन्दादेखि तँलाई यता भेट्यो भने राम्रो हुने छैन।'

उसको कुरा सुनेपछि त्यो ज्योतिषले बिस्तारै उसले मात्र सुन्ने स्वरमा भन्न थाल्यो, 'अरे बाबु, यदि मलाई साँच्चिकै भविष्य हेर्न आएको भए के म यस्तो फुटपाथमा भिखारी जस्तै जीवन बिताएर बस्थेँ र ? मेरो आफ्नै जिन्दगीको भविष्यवाणी गर्न असमर्थ मान्छेले तिम्रो भविष्यवाणी कसरी गर्न सक्ला र ? मेरो काम भनेको बाबुहरू जस्तालाई जीवनमा अगाडि बढ्न सकारात्मक कुरा गरेर प्रेरित मात्र गर्नु हो। बाबुको भविष्य बाबु आफैंको हातमा छ।'

ज्योतिषीको कुरा सुनेर ऊ केही नबोली फर्कियो।

# बुद्धिचाल खेलाडी एण्डिज ग्वाछा

राजकुमार लघु

बुद्धिचाल खेलाडी एण्डिज ग्वाछाको जन्म २०३७ साल फागुन २४ गते गोल्मढी याताको किसान परिवारमा भएको थियो। उनका पिता कुमार ग्वाछा र माता तुल्सीमाया ग्वाछा हुनुहुन्छ। उनका बुबा इँटा व्यवसायी हुनुका साथै कृषि पेशामा संलग्न छन्। उनका चार दाजुभाइ विभिन्न पेशा र व्यवसायमा छन्। उनका जीवन सङ्गीनी रिना ग्वाछा सिलाइ ब्यवसाय गर्छिन्। एण्डिजका एक छोरा र एक छोरी छन्।

एण्डिजले प्रारम्भिक शिक्षा घलाटेस्थित शान्ति निकेतन ई. स्कूलबाट र एसलसी वागिश्वरी मावि च्याम्हासिंहबाट पूरा गरे। उनले भक्तपुर बहुमुखी क्याम्पसबाट अर्थशास्त्र र समाजशास्त्रमा स्नातक गरे। उनी आफ्नै टोलको क्लव भक्तपुर युवा टीममा आवद्ध छन्। सोही क्लवबाट प्रायः प्रतियोगितामा भाग लिन्छन्। एण्डिज ग्वाछा भक्तपुर नपा वडा नं. ७ बाट टोलमा भएका विकास निर्माणमा उपभोक्ता समितिमा रही सामाजिक कार्यमा पनि संलग्न छन्। उनी टोलको दमरेश्वर दाफा भजनमा संलग्न भई भजनको गीत गाउँछन् र बाजागाजाको विकासमा सक्रीय छन्। सोही दाफाबाट उनले दाफा भजनको गीत गाउने प्रशिक्षण पनि ८ महिना लिएका छन्।



एण्डिज ग्वाछा इलेक्ट्रिक व्यवसाय पेशामा पनि संलग्न छन्। उनको हालको आम्दानीको श्रोत इलेक्ट्रिक व्यवसाय नै हो । उनले २०६२ सालमा स्कील नेपालबाट प्रदान गरिएको ६ महिने इलेक्ट्रिक तालिम लिएका थिए।

एण्डिजको रुचि चेस खेल्नु र राजनीति क्रियाकलापमा सक्रीय रहनु हो। उनी आफ्नो प्रेरणा श्रोत भक्तपुर युवा टीमका केदार तुइतुई र स्व. त्रिरत्न ग्वाछा र चेस खेलाडी कुमार ग्वाछालाई लिन्छन्। उनीहरूकै माध्यमबाट बुद्धिचाल खेलमा निरन्तर लाग्नुको साथै सामाजिक क्रियाकलापमा संलग्न रहेको बताउँछन्।

एण्डिजको प्रमुख उद्देश्य राजनैतिक कार्यकर्ता बनी देश र जनताको सेवा गर्ने र नेपालको सार्वभौमिकता र स्वतन्त्रता जोगाउने हो। त्यसैले उनी नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिमा विगत १० वर्षदेखि निरन्तर क्रियाशील छन्। त्यसक्रममा उनी जनआन्दोलन २०६२ र २०६३ को प्रतिगमन विरोधी आन्दोलनमा सहभागी हुँदा पटक पटक गरी सात पटक हिरासतमा परेका थिए।

उनले नेपाल क्रान्तिकारी युवा सङ्घको स्थापना दिवस (२०४८ असोज ३) को अवसरमा आयोजित तीन ओटा राष्ट्रिय प्रतियोगिता खेल्नुको साथै आर्थिक संयोजक भई प्रतियोगिता सफल पार्न योगदान दिएका थिए। उनी नेक्रायुसङ्घको ३३ औँ स्थापनादिवसको अवसरमा आयोजित खुल्ला फिडे रापिड रेटिङ प्रतियोगिता (२०८०) मा आर्थिक संयोजक भई खटेका थिए। उनी नेमकिपा वडा नं ७ को पार्टी कमिटीमा आवद्ध भई कामदार वर्गका जनताको सेवामा पनि लागेका छन्। उनी २०७९ सालमा गठित भक्तपुर नगर बुद्धिचाल सङ्घको उपाध्यक्ष रहेर नगरमा यस खेलको विकास गर्न प्रयासरत छन्।

उनी भक्तपुर क्याम्पसको स्ववियु सदस्य, २ कार्यकाल कोषाध्यक्ष निवार्चित भए। उनी क्याम्पसको स्ववियुमा रहँदा पटकपटक विभिन्नस्तरका प्रतियोगिता आयोजना गर्नुको साथै विभिन्न क्याम्पसमा भक्तपुर क्याम्पसबाट प्रतिनिधित्व गरी खेल ब्यवस्थापकको जिम्मेवारी सम्हालेका थिए।

एण्डिज ग्वाछाले २०६२ सालमा भारतको दिल्लीमा सम्पन्न पार्श्वनाथ अन्तराष्ट्रिय बुद्धिचाल प्रतियोगिता मार्फत खेल्ने सौभाग्य पाए। तसर्थ उनी भक्तपुरका अन्तराष्ट्रिय बुद्धिचाल खेलाडी बन्न सफल भएका छन्। पार्श्वनाथ अन्तराष्ट्रिय बुद्धिचाल प्रतियोगितामा स्वीस लिग प्रणालीअनुसार सम्पन्न खेलमा ६ प्वाइन्ट बटुल्न सफल भएको उनी गर्वका साथ बताउँछन्। उनको रेटिङ १४०० रहेको छ। एण्डिज ग्वाछा भक्तपुर तथा नेपालमा आयोजित जिल्लास्तरीय तथा राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइरहन्छन्। उनले भक्तपुर क्याम्पसबाट २०६२ सालमा आयोजित उपत्यकाब्यापी अन्तर क्याम्पस बुद्धिचाल प्रतियोगितामा दोश्रो भई नगद पुरस्कार जित्न सफल भएका थिए। उनले एथ्लेटिक्स खेल अन्तरगत २०६१ सालमा दौड प्रतियोगितामा पनि भक्तपुर क्याम्पसबाट प्रतिस्पर्धामा सहभागी भई दोश्रो स्थान प्राप्त गर्न सफल भएका

थिए। त्यस्तै उनी २०५७ सालमा पद्म स्कूलमा आयोजित जिल्ला स्तरीय बुद्धिचाल प्रतियोगिता र २०५५ सालमा वाचु टोलको स्टार वाचनालयद्वारा आयोजित जिल्लाब्यापी बुद्धिचाल प्रतियोगितामा सहभागिता जनाए।

बुद्धिचाल खेल किन खेल्ने भन्ने जिज्ञासामा बुद्धिचाल खेलाडी एण्डिज ग्वाछा भन्छन्, यो खेल खेल्दा मन शान्त हुन्छ। यो खेल युद्धकला र रणनीतिक खेलसँग सम्बन्धित छ। बुद्धिचाल खेल जहाँ पनि खेल्न सकिन्छ। सम्भवतः नेपालमा सबैभन्दा बढी आयोजना हुने र आकर्षक नगद पुरस्कारको बन्दोवस्त भएको प्रतियोगिता पनि हो। यसलाई ब्यवसायिक रूपमा लान सकिने भएकोले यस खेलबाट आर्थिक लाभ र विदेश यात्राको पनि अवसर आइरहन्छ।

बुद्धिचाल खेलको फाइदाबारे उनी भन्छन्, यस खेलमा नगद पुरस्कारको बन्दोबस्त हुन्छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय आर्विटर बनी आय आर्जन गर्न सकिन्छ। बुद्धिचालको प्रशिक्षक बनेर रोजगारी सिर्जना गर्न पनि सकिन्छ।


खेलकुद प्रतियोगितामा सहभागी हुँदाका अविस्मरणीय क्षणबारे प्रश्न गर्दा एण्डिज स्मरण गर्छन्, भारतको दिल्लीमा आयोजित पार्श्वनाथ अन्तराष्ट्रिय बुद्धिचाल प्रतियोगितामा उनको विपक्षी १२-१३ वर्षको केटो थियो। उनले घरी घरी आर्विटर बोलाएर खेलमा दबाब सिर्जना गरी खेलमा डिर्स्टव गर्न चाहेको क्षण सम्झन्छन्। त्यही प्रतियोगितामा छैटौं चरणको खेलमा उनको विपक्षी पाकिस्तानी खेलाडी थियो। उनले निरन्तर गरेको 'ड्र' को अफरलाई स्वीकारी नगरी खेल्दा खेलमा विजय भएको क्षण अविस्मरणीय रहेको बताउँछन्।


खेलको भावी योजनाबारे एण्डिज भन्छन्, २०६२ सालदेखि २०६८ सालसम्म भक्तपुर क्याम्पसको स्ववियुमा रहँदा बुद्धिचालमा राम्रो गरौँ भन्ने लागेको थियो। अहिले बुद्धिचाल खेल विद्यालयमा गई प्रशिक्षण दिने योजना छ। बुद्धिचाल खेलको निर्णायक वा आर्विटर भई खेलमा निरन्तरता दिने सोच छ उनी भन्छन्।

युवा पुस्ताका बुद्धिचाल खेलाडीहरूलाई केही सल्लाह सुझाव छ कि भन्ने जिज्ञासामा एण्डिज ग्वाछा भन्छन्, बुद्धिचाल शारीरिक परिश्रम गर्न नपर्ने खेल हो, बौद्धिक खेल भएकोले स्मरण शक्ति विकास हुन्छ। यो खेल अनलाइनको माध्यमबाट पनि खेल्न र हेर्न सकिन्छ। जुनसुकै ठाउँमा बसेर सजिलै खेल्न सकिन्छ। हरेक ठाउँमा अनुशासनको आवश्यकता भएझैं यस खेलमा पनि त्यतिकै अनुशासन आवश्यक छ। प्रत्येक युवा अनुशासनमा रहनुपर्छ। खेल खेलेरमात्र पुग्दैन। देशको अवस्था पनि बुझेर देशको सार्वभौमिकता र स्वतन्त्रता जोगाउने कार्य र आन्दोलनमा निरन्तर सहभागी हुनुपर्छ। प्रत्येक युवा देशभक्तिको भावनाले ओटप्रोत हुन आवश्यक छ। आजकल बुद्धिचाल प्रतियोगितामा सहभागी नहुने तर पैसाको बाजी राखी बुद्धिचाल खेल्ने प्रचलन बढेको छ। त्यसो गर्नुको सट्टा विद्यालय विद्यालयमा गई प्रशिक्षण दिई रोजगारी सिर्जना गर्ने तर्फ लाग्न सके राम्रो हुन्छ।

(एण्डिज ग्वाछासँगको भेटवार्तामा आधारित)


## बासिबियाँलो





बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस्।

# नवयुवकसँग अपिल



## 'प्रिन्स' क्रोपाट्किन

## महिलाहरू

कुनै दिन आकर्षक चाल, निष्कपट व्यवहार र मिठो बोलीकी सुन्दरी युवतीको कहानी सुनेर तिम्रो मन प्रसन्न हुने गर्थ्यो। त्यस युवतीले आफ्नो गरीब अवस्था सुधार्न भरसक प्रयत्न गरिन्, तर अन्तमा कुनै उपाय नभएर कुनै ठूलो सहरमा बस्न आइन्। यस्ता ठाउँमा गुजारा चलाउन निकै कठिन हुन्छ भन्ने कुरा तिन्लाई थाहा नभएको होइन तर पनि मिहिनेत-मजदुरी गरी कमसेकम आफ्नो पेट भर्न सकिने आसा तिन्मा थियो। तर, परिणाम के भयो तिमीलाई थाहा छ ? कुनै धनी युवकले तिन्लाई मिठो-मिठो कुरा गरी भुलाइन्। युवतीले आफ्नो सर्वश्व त्यस युवकलाई अर्पण गरी दिइन्। तर केही दिनपछि दूधबाट झिँगा फालेझैँ तिनी फालिइन् र तिन्को टाउकोमा एक शिशुको बोझ पनि थपियो। तिनो साहसी आइमाई थिई र बाधाहरूसँग सामना गर्दै रहिन् तर भोक र चिसोको मार सहन नसकी स्वास्थ्य बिग्रँदै गयो र अन्तमा एउटा साधारण अस्पतालमा आफ्नो जीवन समाप्त पारिन्।

गरीब वर्गका दिदी बहिनी ! यस्ता घटनाहरू देखेर तिमी शान्त बनिरहन्छ्यौ ? यसको कुनै प्रतिकार गर्दिनौ ? जब तिमी आफ्नो शिशुलाई दूध खुवाउँदै उस्को टाउको सुमसुम्याउँदै माया गर्छौ त्यसबेला यदि समाजको वर्तमान अवस्थामा परिवर्तन भएन भने ठूलो भएपछि कस्तो दुःख भोग्नु पर्नेछ भन्नेतिर कहिल्यै सोचेकीछ्यौ ? के तिमी कहिल्यै तिम्रा बहिनी र सन्तानको भविष्यमा के के सहनु पर्ने होला भनी ध्यान दिँदैनौ ? तिम्रो सन्तान पनि तिम्रो बाबु बाजेझैँ घाँसपात सरह उम्रेर नष्ट भएको तिमी चाहन्छ्यौ ? उस्लाई सधैँ यस चिन्ताले सताओस् कि भोलि खाना कहाँबाट पाउने ? उसको निम्ति मन बहलाउन ताडी (एक प्रकारको नशादिने पदार्थ) को पसलबाहेक अरू केही नहोस् ? के तिमी चाहन्छ्यौ कि तिम्रो पति र छोरा सधैँ त्यस मानिसको दयाको भिखारी बनोस् जसलाई पैतृक सम्पत्ति पाएको होस् र नोकर-चाकर राखेर फाइदा उठाउन सकोस् ? के तिमी मनपराउँछ्यौ कि तिम्रा पति र पुत्र कुनै ठूला मानिसको दास बनोस्, बन्दुकको शिकार भैरहोस् र अरूको सम्पत्ति लुट्ने पूँजीपतिहरूको फाइदाको निम्ति सधैँ आफ्नो हाडछाला घोटिरहोस् ?

हैन, कडापी हैन ! मलाई राम्रो थाहा छ जब तिम्रो पति बढी उत्तेजना र दृढ प्रतिज्ञाका साथ सुरु गरेको हडतालको अन्तमा हात जोडेर घमण्डले फुलेका मालिक सामु अत्यन्त अपमानजनक सर्तहरू स्वीकार गरिरहेको तिमी देख्नेछ्यौ तब तिम्रो रगत उम्लिन थाल्ने छ। म सम्झन्छु कि तिमी ती वीराँगनाहरूलाई आदर्श मान्छ्यौ जसले स्वतन्त्रताको रक्षाको निम्ति चर्को सङ्घर्षमा आफ्नो टाउको कटाए। मलाई निश्चय छ कि तिमी ती महिलाहरूलाई आदरको दृष्टिले हेर्नेछ्यौ जस्ले अत्याचारी हाकिमहरूको विरुद्ध सङ्घर्ष गरेर गरीब जनतामाथि गरिने अन्यायको साटो फेरे। मलाई पूर्ण विश्वास छ कि राज्य-क्रान्तिको बेला गोला र गोली वर्षाको माझ रहेर आफ्ना परिवारलाई वीरतापूर्ण कार्यको निम्ति उत्साहित गर्ने विदेशी महिलाहरूको वर्णन पढेर तिम्रो मन उत्साहले प्रफुल्ल हुने छ।

\+ \+ \+

त्यसैले गरीब वर्गका युवा, पुरुष, स्त्री, किसान र मजदुर, कालिगड र सिपाहीहरू ! तिमीहरू आफ्नो अधिकार बुझ र हामीसँग हिँड्न तयार होऊ ! तिमी आउ र आफ्ना साथीभाइसँग मिलेर त्यस महान् क्रान्तिको तयारीको निम्ति प्रयास गर, जुन क्रान्तिले दासताको अवशेष मेटाउने छ, सिक्रीलाई टुक्राटुक्रापारी फाल्ने छ, र सम्पूर्ण मानवजातिको निम्ति, एक नयाँ र विस्तृत सुखी जीवनको मार्ग खोल्ने छ- त्यस क्रान्तिको निम्ति जस्ले अन्तमा सम्पूर्ण मानव समाजमाझ सच्चा स्वतन्त्रता, वास्तविक समानता र द्वेषरहित भ्रातृत्व स्थापना गर्नेछ, त्यस क्रान्तिको निम्ति जस्ले सबैलाई काम गराउँछ र काम पनि दिने छ, जसबाट मानिसले आफ्नो परिश्रमको फल पूर्णरूपले आनन्दपूर्वक उपभोग गर्न सक्नेछ, तिनीहरूको शक्ति पूर्णरूपले विकास हुनसक्छ र सबैको जीवन विवेकयुक्त, मनुष्यत्वको अनुकूल र सुखी हुनेछ।

हाम्रो लक्ष रहेको त्यस महान् कार्य सिद्ध गर्न हामी धेरै कमजोर छौँ, किनभने हामी सङ्ख्यामा थोरै छौँ भन्ने मौका कसैलाई नदेऊ।

गनेर हेर, अत्याचार सहनेहरूको सङ्ख्या कति बढी छ !

अरूको निम्ति काम गर्ने र जमिनदारहरूलाई चामल ख्वाएर आफू कनिका खाने किसानहरूको सङ्ख्या करोडौँ छन्।


आफू थाङ्नो बेरेर रेशम र मलमल बुन्ने मजदुर र जुलाहाहरूको सङ्ख्या थुप्रै थुप्रै छन्। कारखानाहरूमा छुट्टीको घण्टी बजेपछि तिनीहरूले ठूलठूला शहरका सडकहरू समुद्रीलहरले झैँ भरीदिन्छ।

अधिकारीहरूको हुकुम या डन्डाले चल्ने ती सिपाही जो गोली आफू थाप्छ तर तक्मा र भत्ता तिम्रै भाइहरूमाथि गोली चलाउन दिने बाहेक कुनै राम्रो काम गर्न नजान्ने अधिकारीहरूलाई दिलाउँछ। ती सिपाही पनि यति धेरै छन् कि जुन दिन सिर उँचागरी खडा हुने छन् तब ती हुकुम चलाउने अधिकारीहरूको अनुहार निलो हुनेछ।

साँच्चै, प्रत्येक दिन अन्याय सहने र अपमानित हुनेहरू सबै मिलाउँदा यति धेरै छन् कि गिन्ती नै छैन। ती त्यस महासागर जस्तै हो जस्ले सबैलाई आफूमा मिलाउन र डुबाउन सक्छ।

जुन दिन हामी उपरोक्त काम कुरामा दृढ निश्चयी हुन्छौँ त्यस घडी न्याय स्थापना हुनेछ र त्यस बेला संसारका अत्याचारीहरूले धूलो चाट्ने छन्।

*(नवयुवकहरूसँग दुई कुराबाट) अनु. : श्रेष्ठ)* **(समाप्त)**




## नेपाल सरकारको

# वैधानिक कानून (८)

## भाग ६

## विविध

**६०.** यो कानूनवमोजिम काम आरम्भ भएपछि शकभर चाँडो र अवस्थाले दिएसम्म भरमुलुकमा प्रारम्भिक शिक्षा निःशुल्क अनिवार्य गरिदिन र मातृभूमिको सेवालाई चाहिने शिल्प शिक्षा र उच्च शिक्षाको प्रबन्ध सरकारबाट हुनेछ । साथसाथै निरक्षरता हटाउने व्यवस्था पनि जतिसक्यो उति हुनेछ । शिक्षाको मुख्य लक्ष्य नैतिक उपदेश व्यक्तिगत योग्यता र कार्यकुशलता राष्ट्रप्रेम र अन्तर्राष्ट्रिय मैत्रीभाव फैलाउने हुनुपर्दछ ।

**६१.** मुलुकको उन्नति सम्बन्धी काम निमित्त र संकट परिआएका बखत सरकारबाट ऋण लिने वा उठाइनेछ । तर सो ऋण लिएको कुरा व्यवस्थापक सभाको अर्को सभामा पेस गरी थाहा दिनुपर्नेछ ।

**६२. (क)** सरकारबाट बनेको नियमबमोजिम मुलुकको आमदानी खर्चको हरहिसाब जाँच्नलाई एक प्रधान जांचकी श्री ३ महाराजबाट भर्ना गरिबक्सनेछ । निजले सरकारबाट तोकिबक्सेबमोजिम तलब खाई काम गर्नेछ । निजको बहाली बर्खासी प्रधान न्यायालयको न्यायाधीशसरह हुनेछ ।

**(ख)** मुलुकको आमदानी खर्चको तेरीज बनाई हरेक सालतमाम पछि निज प्रधान जांचकीले सो फेहरिस्तविषयक रिपोर्ट व्यवस्थापक सभाको दुवै सभामा पेस गर्नाका निमित्त श्री ३ महाराजमा चढाउनेछ ।

**६३.** मंत्रिमण्डलले गरेका काम पट्टा कबुलियतहरू सबै नेपालसरकारतर्फबाट भएका मानिने छन् ।

**६४. (क)** मौलिक हकहरूको विषय; पंचायतको काम; न्यायप्रवन्ध जांच (अडिटर); जंगी निजामती नोकरीसम्बन्धी भर्ती सरुवा बढुवा, शिक्षा, जंगी निजामती कर्मचारीहरूको स्वार्थको संरक्षण र यो विधानपद्धतिमा नजनाइएका कुराहरू खुलाउने र सोबमोजिम कारवाई गर्न नियमहरू सरकारबाट बनाइने छन् ।

**(ख)** हरेक कक्षाको निर्वाचित विषय नियमहरू, वोट दिन पाइने र चुनिन पाउनेहरूको योग्यता, सदस्यहरू आउने इलाका छुट्याउने इत्यादि विषय पनि सबै कुरामा सरकारबाट नियमहरू बन्नेछन् ।

**६५. (क)** मुलुकभर सबै ठाउँमा योग्य कर्मचारीहरू भर्ना हुन् भनी श्री ३ महाराजबाट एक 'दरखास्त परिषद' खडा गरिबक्सनेछ ।

**(ख)** यसमा श्री ३ महाराजका तजवीजबाट खटिएका सदस्यहरू र जुन विभागमा भर्ना गर्नु छ सोही विभागको एक प्रतिनिधिसमेत रहनेछन् ।

**(ग)** यस विषयमा बन्ने नियमबमोजिम सरकारी नोकरीका उम्मेदवारहरूको दरखास्त आएमा यस परिषदले योग्यता वा ल्याकत जाँच बुझ गरी सरकारमा शिफारिस पेस गर्नेछ ।

**६६.** यो ऐनबाट काम गर्दा पहिला पटकलाई चुनाव गर्ने विधिमा वा अरू कुनै कुरामा अडकाउ देखियो भने श्री ३ महाराजबाट सो बाधा अडकाउ हटाउने जरुरी आडर बक्सी कानूनको मनसाय पुग्ने कारवाई गर्ने गर्न लगाइबक्सनेछ ।

**६७.** यो कानूनको दफा र सो दफाबमोजिम बनाइएका नियमहरूका अर्थ खुलासा नबुझी राय बाझिन गएमा सरकारी कर्मचारी वा कुनै सरोकारवाला व्यक्तिले विन्तिपत्रद्वारा प्रधान न्यायाधिकारिणी समितिमा त्यसबारेको उजूरी दिनुपर्छ । उजुर परेका दुइ महीनाभित्र सो उजूरको फैसला हुनेछ र सो फैसला अन्तिम निर्णय मानिनेछ ।

**६८.** यो विधानपद्धति जारी भएको सात वर्ष अथवा श्री ३ महाराजका तजवीजअनुसार हुन सके सोभन्दा अगावै शासनपद्धतिका काम शिक्षा र उत्तरदायी संस्थाहरूको प्रचार इत्यादिबारे जाँचबुझ गर्नानिमित्त एक परिषद मुकर्रर गरिनेछ । सो परिषदका सदस्यहरूमा लगभग आधा व्यवस्थापक सभाले आफ्नो सदस्यहरूमध्येबाट छान्नेछ सो परिषदले अहिले स्थापित भएको शासनपद्धतिमा कतिसम्म थप घट वा अदल बदल गर्न मनासिब हुन्छ सो बारे जाहेरी पेस गर्नेछ । यो परिषद श्री ३ महाराजबाट हुकुमबक्सेबमोजिम अरू कुराहरूबारेमा पनि जाँचबुझ गरी रिपोट गर्नेछ । सो परिषदले गरेका रिपोटमा श्री ३ महाराजबाट विचार भै परिषदको शिफारिशमा उचित ठहरिएको कारवाई गरिबक्सनेछ ।

# फेहरिश्त 'क'

## 'राष्ट्रसभा' को रचना

### १. निर्वाचित सदस्यहरू : ४२

(क) तपसीलका जिल्ला पंचायतका प्रधान पंचहरू : ३२

| | | |
|---|---|---|
| १. पूर्व १ नं. | २. पूर्व २ नं. | ३. पूर्व ३ नं. |
| ४. पूर्व ४ नं. | ५. धनकुटा | ६. इलाम |
| ७. प. १ नं. | ८. प. २ नं. | ९. प. ३ नं. |
| १०. प. ४ नं. | ११. पाल्पा | १२. गुल्मी |
| १३. सल्ल्यान | १४. प्युठान | १५ दैलेख |
| १६. डोटी | १७. डडेलधुरा | १८. वैतडी |
| १९. जुम्ला | २०चिसापानी | २१. चार भंज्यांगभित्र |
| २२. वारा पर्सा | २३. रौतहट | २४. महोत्तरी |
| २५. सर्लाही | २६. सप्तरी | २७. सिरहा |
| २८. मोरंग र झापा | २९. पाल्ही र माझखण्ड | |
| ३०. खजहनी र स्यूराज | ३१. बाँके र वर्दिया | |
| ३२. कैलाली र कंचनपुर | | |

**(ख)** तपसीलका नगर पंचायतका प्रधान पंचहरू : ४

| | |
|---|---|
| ३३. काठमाडौ | ३५. भक्तपुर |
| ३४. ललीतपुर | ३६. वीरगंज |

**टिप्पणी :-** जनसंख्या वा क्षेत्रफलको हिसावबाट इलाकाको बाँडफाँड भएमा जम्मा संख्यामा फरक नपारी माथि तोकिएका ठामठामबाट आउने सदस्यको संख्यामा घटबढ हुन सक्दछ।

**ग.** तपसीलबमोजिमका विशेष काम वा योग्यताद्वारा भरमुलुकका विशेष प्रतिनिधिबाट सदस्य हुन पाउने

१. साहु महाजन व्यापारीहरूबाट - १

सरकारलाई सालियाना रु. १०० वा सोभन्दा बढी अङ्क भन्सार वा बजार महसूल ३ वर्षसम्म लगातार बुझाउनेहरूले आपसबाट प्रतिनिधि छान्ने।

२ विर्तावाल जिमिन्दारहरूबाट - १

२० रोपनी वा १० पाथी व्यू जाने वा १० विगाहा वा सोभन्दा बढी जग्गाका धनीहरू वा रु. १००० सम्मं वा वढी मालपोत तिर्नेहरूले आपसबाट प्रतिनिधि छान्ने।

३. लेखपढ गरेकाबाट - २

म्याट्रिक वा मध्यमा र सोभन्दा बढी योग्यता हुनेले ग्राजुएट, आचार्य वा नेपालीमा सोही सरह योग्यता भएकाहरूलाई सदस्य छान्नेछन्।

४. सरकारी कर्मचारीहरूबाट - १

५. श्रमजीवीबाट - १

४ र ५ दफा विषय नियम सरकारबाट बन्नेछ।

### २. नियुक्त सदस्यहरू - २८

श्री ३ महाराजबाट यी सदस्यहरू नियुक्त हुने छन्।

**(समाप्त)**

# प्रेरणीय

## अन्याय सहने किन ?

उतिवेला भारतमा अङ्ग्रेजको शासन थियो। भारतमा उनीहरूको अत्याचार दिनदिनै बढ्दै गइरहेको थियो। उनीहरू भारतीय नागरिकमाथि अनेक प्रकारका अत्याचार गर्न पछि पर्दैनथे। उनीहरू भारतीयमाथि शोषण गर्न पाउँदा निकै खुसी हुन्थे। एक दिन प्रतापगढ स्टेसनमा एउटा अङ्ग्रेज सर्जेन्ट केरा खाइरहेका थिए। उनको नजिकै एक भारतीय युवती रेलको प्रतीक्षामा उभिएकी थिइन्। अङ्ग्रेज सर्जेन्टले ती भारतीय युवतीलाई अगाडिदेखि नै विभिन्न हर्कत गरेर जिस्काइरहेका थिए।

खाँदाखाँदै उनले केराको बोक्रा छेउमा उभिएकी तिनै युवतीतिर फ्याँकिदिए। उनको यस्तो असभ्य व्यवहार देखेपछि आफूलाई सम्हाल्दै ती युवती केही टाढा गइन्। त्यो देखेपछि ती सर्जेन्टको साहस झन् बढ्यो। यसपटक उनले ती युवतीको अगाडि गएर जोडले सिटी बजाए।

ती युवतीले उद्दण्ड सर्जेन्टको यस्तो व्यवहारको विरोध गर्ने साहस जुटाउन सकिनन्। तर, त्यसै वेला एक भारतीय युवा कतैबाट त्यहाँ आइपुगे। उनले नम्रतापूर्वक ती सर्जेन्टलाई सोधे, 'तिमी यस्तो व्यवहार किन गरिरहेका छौ ? यिनलाई किन यसरी जिस्काइरहेका छौ ?'

सर्जेन्टले उनको कुरामा चासो दिएनन्। उल्टो धम्की देखाउन थाले। उनको यस्तो असभ्य चाला ती युवकका लागि सह्य भएन। त्यसपछि उनले ती अङ्ग्रेज सर्जेन्टको गालामा एक जोडदार थप्पड प्रहार गरे। कडा थप्पड खाएपछि ती अङ्ग्रेज सर्जेन्ट लड्खडाएर झन्डै-झन्डै पछारिए।

बल्लतल्ल सम्हालिँदै उनी ती युवकतिर खनिए। युवक पहिल्यै जवाफी हमलाका लागि तयार थिए। उनले ती अङ्ग्रेज सर्जेन्टलाई यसरी जमाएर मर्मत गरे कि अन्त्यमा उनले ती युवतीसित माफी नै माग्नुपर्‍यो।

त्यसरी अन्यायविरुद्ध निडर भएर आवाज उठाउने ती भारतीय युवा थिए, चन्द्रशेखर आजाद। पछि उनी एक क्रान्तिकारी शहीदका रूपमा परिचित भए।

भक्तपुर नगरपालिका गतिविधि

# युद्धको समर्थन गरेका संसारका शासकहरू एक्लिँदै जानेछन्




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कानुनको अनभिज्ञता क्षम्य नहुने बताउनुहुँदै कर्मचारीहरूले कसैको दबाबमा काम गर्न नहुने र कानुनबमोजिम काम गरे त्रुटी नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक २१ गते भएको सहकारीका कर्मचारीहरूको भेलामा उहाँले युद्धको समर्थन गरेका संसारका शासकहरू एक्लिँदै जाने बताउनुभयो । देशको निम्ति लड्नेहरू देशभक्त हुने बताउनुहुँदै उहाँले प्यालेष्टाइन स्वतन्त्र नभएसम्म इजरायली फासीवादविरुद्ध निरन्तर आवाज उठिरहने बताउनुभयो ।

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाप्रति जनताको विश्वास बढाउन समय समयमा शिक्षा र स्वास्थ्य शिविरहरू सञ्चालन गरी सहकारी क्षेत्रमा नमुनायोग्य बन्नु आवश्यक भएको बताउनुहुँदै उहाँले राजनैतिक रूपले सचेत व्यक्तिले समाजलाई सही दिशातिर दोऱ्याउने प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाले सिङ्गो नगरलाई सक्रीय बनाउन विविध गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै उहाँले सहकारीहरूले नयाँ नयाँ क्षेत्रमा काम गर्नेतर्फ सोच्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाकी उपप्रमुख **रजनी जोशी**ले सहकारी संस्थाहरू जनताका सानातिना समस्याहरू समाधान गर्न निकै सहयोगी संस्थाको रूपमा विकास भइरहेको बताउनुँदै जनताको विश्वास कायम हुने ढङ्गले आफ्नो कार्य सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । जनताले खाइनखाई सहकारीमा जम्मा गरिराखेको रकम लिएर भाग्ने क्रम बढेसँगै सहकारी संस्था र सञ्चालकहरूप्रति जनताले शङ्काको दृष्टिले हेरिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले जनसमुदायमा आधारित सहकारीबारे सदस्यहरूलाई सचेत गर्नु जरुरी रहेको बताउनुभयो ।



त्यस्तै सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले सहकारी संस्थाहरूमा सञ्चालक समितिभन्दा व्यवस्थापन हाबी हुनु, कर्मचारीहरूमा लेखासम्बन्धी ज्ञानको कमी हुनुजस्ता समस्याहरू रहेको बताउनुहुँदै भक्तपुर नपाको सहकारी अनुगमन समितिमार्फत भक्तपुर नपाभित्र सञ्चालित सहकारी संस्थाहरूलाई व्यवस्थित गर्ने प्रयासरत रहेको बताउनुभयो ।

सहकारी संस्थामा कार्यरत कर्मचारीहरूलाई सक्षम बनाउन भक्तपुर नपाले समयसापेक्ष ढङ्गले तालिमहरू आयोजना गर्दै आएको बताउनुहुँदै उहाँले सामुदायिक विकास कोषमा जम्मा भएको रकमलाई स्वास्थ्य क्षेत्र प्रवर्द्धनमा प्रयोग गरिरहेको बताउनुभयो ।

त्यस्तै भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखाजु**ले सहकारी अभियान अगाडि बढाउन सहकारीमा कार्यरत कर्मचारीहरूको ठूलो भूमिका रहने बताउनुहुँदै कर्मचारीहरूले आफ्नो काम, कर्तव्य र अधिकारबारे प्रष्ट हुनुपर्ने र सहकारीको मूलभूत सिद्धान्त, मूल्य मान्यताबारे बुझ्न जरुरी रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा सहकारी अनुगमन समितिका सदस्यद्वय **हरिरत्न गोर्खाली** र **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

## चिनियाँ भाषा प्रशिक्षणको प्रमाणपत्र वितरण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा सञ्चालित चिनियाँ भाषा प्रशिक्षणको समापन कार्यक्रममा कार्तिक २३ गते प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

## खेलकुद प्रशिक्षक प्रशिक्षण तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण




भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक १७ गतेदेखि २४ गतेसम्म सञ्चालन भएको संस्थागत एवम् सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूको खेलकुद प्रशिक्षक प्रशिक्षण तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम कार्तिक २४ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले नगरवासीहरूको साझा संस्थाको रूपमा रहेको भक्तपुर नगरपालिकालाई माथि उठाउन सबै सरोकारवाला निकायहरूसँग हातेमालो गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले तालिम सञ्चालनबाट प्रशिक्षकहरू उत्पादन हुनुका साथै विद्यार्थीहरूको खेलकुदमा व्यापक सहभागिता रहने उल्लेख गर्नुहुँदै खेलकुद क्षेत्रको विकास शैक्षिक उन्नतिको लागि सहयोगी हुने बताउनुभयो ।

सांस्कृतिक नगर भक्तपुरको मूर्त र अमूर्त सम्पदा संरक्षण गरी यहाँको मौलिकता संरक्षणमा नपाले जोड दिँदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालमा सांस्कृतिक अतिक्रमणको खतरा बढ्दै गइरहेकोतर्फ नयाँ पुस्तालाई सजग बनाउनुपर्ने बताउनुभयो ।

विकासको परिभाषा ठूलठूला भवन र संरचना मात्र नभएको बताउनुहुँदै उहाँले जनताको राजनीतिक र सामाजिक चेतनास्तर अभिवृद्धि हुनु नै ठूलो उपलब्धी हुने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले नगरवासीको स्वास्थ्य सेवालाई अझ व्यवस्थित गर्ने उद्देश्यले खेलकुद गतिविधिलाई व्यापकता दिँदै आएको बताउनुहुँदै खेलकुदमा अग्रसरता हुनु भनेको जनतालाई स्वस्थ राख्ने अभियानको सिलसिला हो भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले खेलकुद प्रतियोगिता आयोजनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै प्रतियोगीतामा सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**, वडा सदस्य **रामसुन्दर बासी**, सैनिक आवासीय महाविद्यालयका प्रअ **दलबहादुर पुन**, शिक्षाशास्त्र संकाय केन्द्रीय विभागका प्राध्यापक **शान्तबहादुर श्रेष्ठ**, प्रशिक्षार्थीहरू **लक्ष्मी जाकिबन्जार** र **विनय खड्का**लगायतले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रमुख प्रजापतिले प्रशिक्षणका प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

# कृषि बाली माटो परीक्षण शिविर



## वडा नं. ४

### स्वास्थ्यको जस्तै माटोको परीक्षण गरे राम्रो हुने

भक्तपुर नगरपालिका वडा नं. ४ कृषि समितिको आयोजनामा वडाका कृषकहरूले खेत तथा बारीको माटो परीक्षण शिविर तथा अभिमुखीकरण कार्यक्रम कार्तिक २२ गते सम्पन भयो ।

उक्त शिविर कार्यक्रममा भक्तपुर नगरपालिका कृषि समितिका संयोजक तथा वडा नं ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले हाम्रो स्वास्थ्यको परीक्षणजस्तै माटोको परीक्षण गरी उपचार गरे राम्रो हुन्छ भन्नुभयो । उहाँले नगरपालिकाले कम्पोस्ट मल उत्पादन गरी प्रतिबोरा रु. ३५० ले वडा र सहकारीहरूबाट कृषकहरूलाई वितरण गरिरहेको बताउनुभयो ।

वडाध्यक्ष **उपेन्द्र सुवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले नगरपालिका र वडाका विभिन्न कार्यहरूबारे बताउनुभयो ।

कृषि विशेषज्ञ **रवि ख्याजु**ले माटो परीक्षण गर्नुपर्ने कारणबारे र माटो परीक्षण गर्न खेतको आकारअनुसार माटो निकाल्ने तरिका र आवश्यक उपचार गर्नुपर्नेबारे जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका ४ वडा कृषि समितिका संयोजक **कृष्णसुन्दर प्रजापति** र पूर्ववडा सदस्य **राजेन्द्र माकजु**ले पनि बोल्नुभएको थियो ।

## वडा नं. ९

### सरकारको बेवास्ताले देशमा आर्थिक सङ्कट

भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा मङ्सिर १ गते दत्तात्रय चोकमा कृषि बाली माटो परीक्षण शिविर भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि नगर समितिका संयोजक **राजकृष्ण गोरा**ले कृषि बाली उत्पादन घट्दै गइरहेको, कृषकहरूको सुझाव र कृषि प्राविधिकहरूको माटो बिग्रँदै गएको सुझावअनुसार माटोको उपयोग गरेर बाली उत्पादन बढाउन माटो परीक्षण गरेको बताउनुभयो ।

बाली उत्पादन घटेसँगै खाद्यान्न अभाव भई महँगी बढ्ने र त्यसको असर सबैमा पर्ने हुँदा बाली राम्रो बनाउन माटो परीक्षण गर्नु परेको विचार व्यक्त गर्नुहुँदै उहाँले सरकारको बेवास्ताले देशमा आर्थिक सङ्कट देखिएको बताउनुभयो ।

देशको पैसा ठूलठूला खर्बपति, अर्बपतिको हातमा परेको र उनीहरूले विदेशमा लगानी गरिरहेको चर्चा गगर्नुहुँदै उहाँले शोषक सामन्तहरू नेताहरूको संरक्षणमा रहेको कारण देश परनिर्भर रहेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले मानिसको स्वास्थ्य परीक्षणझैँ बालीको परीक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै कम जग्गामा बढीभन्दा बढी उत्पादन गर्नेतर्फ हाम्रो ध्यान जानुपर्ने बताउनुभयो ।

शरीरको रोगअनुसार औषधि सेवन गरेझैँ माटोको गुणअनुसार मल प्रयोग गर्नुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

भनपा वडा नं. ९ कृषि समितिका अध्यक्ष **इन्द्रबहादुर प्याठ**को सभापतित्वमा भएको उक्त कार्यक्रममा कृषि प्राविधिक **रवि ख्याजु**ले मानव, बाली र माटोको परीक्षण बरोबर गरिरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कृषि समितिका सदस्य एवम् वडा समितिका सदस्य **छोरीमैयाँ सुजखु**ले आर्थिकरूपमा सबल बनाई आत्मनिर्भर बनाउन भनपाले समय सापेक्ष विभिन्न तालिम र शिविर सञ्चालन गरिरहेको बताउनुभयो ।

## वडा नं. ६

### नयाँ पुस्ताले पढाइसँगै कृषिलाई पनि निरन्तरता दिनुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं

सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ६ को आयोजनामा माटो परीक्षणसम्बन्धी अभिमुखीकरण कार्यक्रम मङ्सिर ५ गते सम्पन्न भयो ।



कार्यक्रममा सांसद **सुवाल**ले कृषि उत्पादन बढाई देश खाद्यान्नमा आत्मनिर्भर हुनुपर्ने बताउनुभयो । माटोको गुणस्तर कायम राख्न समय–समयमा माटो परीक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले नयाँ पुस्ताले पढाइसँगै कृषि कामलाई पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । पहिले धान–गहुँ निर्यात गर्ने देश हाल खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा पुगेकोले सरकारले नयाँ नीति ल्याउनुपर्ने विचार राख्नुभयो ।

भक्तपुर नपा ३ का वडाध्यक्ष एवं कृषि समितिका संयोजक **राजकृष्ण गोरा**ले देशमा कृषि उत्पादन बढाउन समय–समयमा माटो परीक्षण गर्नुपर्ने र मलको सही मात्रा प्रयोग गर्नुपर्ने कुरा राख्नुभयो । खाद्यान्नमा देश परनिर्भर हुँदै गएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**ले जनताको जीवनस्तर उकास्न शिक्षा, स्वास्थ्य, कृषि र आर्थिक अवस्था उकास्नुपर्ने, युवा पुस्ता विदेश जाने रोक्न स्वदेशमै रोजगारीको व्यवस्था सरकारले गर्नुपर्ने धारणा राख्नुभयो ।

कृषि विशेषज्ञ **रवि ख्याजु**ले भक्तपुर नपाका विभिन्न वडामा १३० ओटा नमुना सङ्कलन गरी माटो परीक्षण गर्दा माटोमा अधिकांश क्षेत्रमा कृषि चुनको मात्रा कम भएको पाइएको कुरा राख्नुभयो । माटोमा १६ थरीका खाद्य तत्व हुने र समय–समयमा माटो परीक्षण गरी पोषक तत्व कायम गरी राख्नसके माटो प्रदूषण हुनबाट बच्न सकिने उहाँले बताउनुभयो ।

भनपा ६ न. का वडाध्यक्ष **हरिराम सुवाल**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा खेत बाँझो राख्न नहुने, युवा पुस्तालाई देशमै कृषि तालिम दिएर कृषिप्रति आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा ६ न. का वडा सचिव **बुद्धिप्रसाद दुवाल**ले पनि बोल्नुभएको थियो ।

## वडा नं २

### युवाहरू विदेश पठाएर कृषिमा आत्म निर्भर हुन नसक्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले युवाहरू विदेश निर्यात गरेर देश कृषिमा आत्म निर्भर हुन नसक्ने बताउनु भयो ।

भक्तपुर नगरपालिका वडा नं २ मा भएको माटो परीक्षण शिविरको कार्यक्रममा प्रमुख प्रजापतिले कृषि प्रधान देशमा तरकारी, अन्न, फलफुल, माछामासु जस्ता कृषि जन्य वस्तुहरूमात्र वर्षको करिव ३ खर्बको आयात गर्नुपर्ने स्थितिमा पुऱ्याएर सरकारले देशलाई कृषिमा समेत परनिर्भर बनाएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके आवास योजनामा आइरहेको केही समस्याबारे स्पष्ट पार्नुहुँदै उहाँले भन्नुभयो– 'विवाद र समस्याको समाधान सम्वाद र सहमतिमा टुङ्गिन्छ । गुनासाहरू छन् भने त्यसको निराकरण गर्ने समिति छ । जबर्जस्ती काममा बाधा पुऱ्याउने कोसिस गर्छ भने अबको ढिलाइको जिम्मेवारी पनि उसैले लिनु पर्छ ।

उहाँले भन्नुभयो– 'समस्या समाधानको निमित्त हामी जनप्रतिनिधिहरू सधैं प्रयत्नरत रहनेछौं ।'

वडा नं. २ का वडाअध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले आयोजनाबारे विस्तृत जानकारी दिनुहुँदै गुनासो अध्ययन समितिले एक एक छलफल गरी समाधानको कोसिस गरिरहेको जानकारी दिनुभयो । जनताको हितमा आयोजना सञ्चालन गरिरहेको स्पष्ट पार्नुहुँदै नगरपालिका र जनप्रतिनिधिमाथि जथाभावी लान्छना लगाउनु गलत हो भन्नुभयो ।

भक्तपुर नपा कृषि समितिका संयोजक **राजकृष्ण**

**गोरा**ले नगरवासीहरूले आ–आफ्नो जग्गाको माटोबारे जानकारी पाउन, उर्वर शक्ति बढाउन माटो शिविरको आयोजना गरेको बताउनुहुँदै भनपाले किसानहरूलाई सस्तोमा कम्पोस्ट मल वितरण गरिरहेको जानकारी दिनु भयो ।

कार्यक्रममा कृषि प्राविधिक **रवि ख्याजु**ले माटो परीक्षण शिविरको आवश्यकता र महत्त्वबारे प्रकाश पार्नु भएको थियो ।

## पुरातत्व विभागको टोली थन्थु दरबार पुन:निर्माणको निरीक्षणमा

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर, वरिष्ठ पुरातत्त्वविद् कोष आचार्य, स्मारक संरक्षण एवम् दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख अरुणा नकर्मी तथा दुर्हाम विश्वविद्यालयका प्रो. रोबिन कनिङघमसहितको टोलीले मंसिर १२ गते भक्तपुर नगरपालिकाको पुरानो नगरपालिका भवन रहेको भक्तपुर दरबार क्षेत्रमा अवस्थित थन्थु दरबार पुन:निर्माण क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीसहितको उपस्थितिमा भएको उक्त निरीक्षणका क्रममा नगर प्रमुख प्रजापतिले २०७२ सालको भूकम्पले क्षतिग्रस्त भएको भक्तपुर नपाको पुरानो भवनको रुपमा रहेको थन्थु दरबार पुन:निर्माण कार्य बहुवर्षीय योजनाको रुपमा अगाडि बढाइएको र सो दरबार मल्लकालीन शैलीमै पुन:निर्माण गर्ने योजनाअनुसार नगरपालिका अगाडि बढेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सम्पूर्ण लागत आफैं व्यहोर्ने गरी पुरातत्त्व विभाग समेतबाट नक्सा स्वीकृत गराई पुन:निर्माण कार्यलाई अगाडि बढाइएको हो । पुरानो भवन भत्काइसकेको र पुरातत्त्व विभागसँग समन्वयमा उक्त दरबार पुन:निर्माण कार्य नगरपालिकाले गरिरहेको छ ।

## संसारका देशभक्तहरुले प्यालेस्टाइनी जनताको समर्थनमा आवाज उठाउनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले इजरायल सरकारले प्यालेस्टिनीहरूलाई आम नरसंहार गरिरहेको हुँदा संसारका देशभक्त जनताले प्यालेस्टिनीहरूको समर्थनमा आवाज उठाउनुपर्ने बताउनुभयो ।

नगरपालिकाको गतिविधि र समसामयिक विषयमा जानकारी दिने उद्देश्यले भनपा वडा नं. ६ वडा समितिको आयोजनामा मंसिर १३ गते भएको सभामा उहाँले इजरायलमा नेपाली विद्यार्थीहरू मारिनु दु:खद भए पनि ती विद्यार्थीहरू पठाउने सरकार र म्यानपावर कम्पनीहरूले मृत्युको जिम्मेवारी लिनुपर्छ भन्नुभयो ।

जातीय हिंसा कस्तो हुन्छ अफ्रिकी देश रुवान्डा हेरे पुग्छ । त्यहाँ सन् १९९० को दशकमा हुतु र तुत्सी जातिबीचको युद्धमा १ वर्षमा १० लाख मान्छे मारिएको थियो । अहिले प्यालेस्टाइनमा त्यही इतिहास दोहोरिँदै छ, उहाँले भन्नुभयो ।

नगर प्रमुख प्रजापतिले भनपाले निर्वाचन घोषणापत्रअनुसार काम गरिरहेको स्पष्ट पार्नुहुँदै भन्नुभयो, 'जनप्रतिनिधिहरू जनताको सेवामा समर्पित भएर काम गर्दै छन् । विभिन्न पक्षले भनपाको काममा बाधा पुऱ्याइरहेका छन् ।'

उहाँले नगरपालिकाले सञ्चालन गरिरहेको देको मिबा इटापाके आवास योजना छिटो सम्पन्न गर्न आफूहरू लागिरहेको स्पष्ट पार्नुहुँदै कतिपय मानिसहरू समस्या समाधान तिरभन्दा समस्या देखाएर आयोजना अगाडि बढाउन बाधा पुऱ्याउने कोसिस गर्दै छन् भन्नुभयो ।

जहाँ समस्या त्यहाँ समाधानको उपाय हुन्छ भन्नुहुँदै उहाँले गुनासा अध्ययन समितिले समस्या समाधानको लागि

निरन्तर प्रयास गरिरहेको स्पष्ट पार्नुभयो ।

भनपा वडा नं. २ का अध्यक्ष **हरिप्रसाद बासुकला**ले देको मिवा इटापाके आवास योजना किसानहरूकै हितमा भइरहेको बताउनुहुँदै जथाभावी नगरपालिकाविरूद्ध लाञ्छना लगाउनु गलत हो भन्नुभयो ।

उहाँले आवास योजनाबारे विस्तृत जानकारी दिनुहुँदै नगरपालिकाले नाफाको निम्ति नभई व्यवस्थित आवास योजना सम्पन्न गर्ने सोचले काम गरिरहेको स्पष्ट पार्नुभयो ।

जनतालाई अन्याय पर्ला भन्नेमा हामी अत्यन्त सचेत छौँ, उहाँले भन्नुभयो ।



नगरसभा सदस्य **गोविन्द दुवाल**ले भक्तपुरमा अहिलेको विकास र प्रगति विगतमा किसान आन्दोलनको परिणाम हो भन्नुभयो ।

नेमकिपा ६ नं वडा इन्चार्ज **गोपीकृष्ण चाँगुभारी**ले भक्तपुर परिवर्तन हुनुमा यहाँका जनताको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

सभापतिको आसनबाट भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडा बजेटबाट भएका विकास निर्माण र नगरस्तरीय योजनाबारे स्पष्ट पार्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**ले भनपाले गर्दै आएको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणबारे जानकारी दिनुभएको थियो ।

## अन्तर्राष्ट्रिय अपाङ्गता दिवसमा विभिन्न प्रतियोगिता

बत्तीसौं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नपाभित्रका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाले मंसिर १७ गते घैंटो फुटाउने खेल, चित्रकला प्रतियोगिता र बास्केट बल तथा स्वास्थ्य शिविर आयोजना गरेको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देकोचास्थित ख्वप कलेज प्राङ्गणमा आयोजित घैंटो फुटाउने खेल (बौद्धिक अपाङ्गता र सुस्त मनस्थिति भएकाहरूको लागि) र चित्रकला



प्रतियोगिता (बहिरा, बौद्धिक अपाङ्गता र सुस्त मनस्थिति भएकाहरू)लाई लक्षित गरी उक्त प्रतियोगिता आयोजना गरेको हो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूले देश र समाज चिनाउन उल्लेखनीय कार्यहरू गरेका उदाहरणहरू प्रस्तुत गर्नुहुँदै यसबाट अपाङ्गता भएका व्यक्तिहरू पनि समान क्षमताका छन् भन्ने दरिलो उदाहरण भएको बताउनुभयो ।

भक्तपुर नपाले हरेक क्षेत्रमा राम्रो काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले शैक्षिक क्षेत्रमा भक्तपुर नपाले विभिन्न विषयसहितका कलेजहरू सञ्चालन गरी देशकै नमुना नपाको रूपमा विकास गरिरहेको विचार राख्नुभयो ।



कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले अपाङ्गता भएका बालबालिकाहरूको उज्ज्वल भविष्यको कामना गर्नुहुँदै उनीहरूलाई हरेक क्षेत्रमा व्यक्तित्व विकास गर्ने अवसरहरू प्रदान गरिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले शारीरिक असशक्तता भएका व्यक्तिहरूलाई थप माया र स्नेहको खाँचो भएको र अपाङ्गता भएका व्यक्तिहरूलाई

सकारात्मक दृष्टिकोणको खाँचो रहेको बताउनुहुँदै प्रतियोगिता आयोजनाले उनीहरूमा उत्साह थपेको बताउनुभयो ।



कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**, कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**, ख्वप माविका प्रअ **प्रकाशकुमार श्रेष्ठ**लगायतले अपाङ्गता भएका व्यक्तिहरू पनि समाजका विशेष भूमिका भएका व्यक्तित्व हुन् भन्नुभयो ।

प्रतियोगितामा घैँटो फुटाउने खेलमा ४२ जना, चित्रकला प्रतियोगितामा ३५ जना अपाङ्गता भएका बालबालिकाहरूले सहभागिता जनाएका थिए ।

अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित स्वास्थ्य शिविर बिहान १० बजेदेखि सोही स्थानमा भएको थियो ।

प्रमुख प्रजापतिले प्रतियोगिताका सहभागी खेलाडीहरूलाई प्रमाणपत्र र मेडल वितरण गर्नुभएको थियो भने अपाङ्गता भएका सबै बालबालिकाहरूलाई टोपी र मफलर वितरण गरिएको थियो ।

## प्रमुख प्रशासकीय अधिकृत विजयकुमारलाई बिदाइ तथा शुभकामना



भक्तपुर नगरपालिकाबाट सरुवा हुनुभएका भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालाई मंसिर १७ गते बिदाइ तथा शुभकामना कार्यक्रम गरिएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको उक्त कार्यक्रममा नपा प्रमुख **सुनिल प्रजापति**ले प्रमुख प्रशासकीय अधिकृत शर्मालाई पुष्पगुच्छा, खादा र भादगाउँले टोपीसहित बिदाइ गर्नुभयो ।

बिदाइ कार्यक्रममा नगर प्रमुख प्रजापतिले संस्थाको प्रशासनिक र कार्यकारी काममा कर्मचारीहरुले सधैँ समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो ।

कर्मचारीहरुले सुगम ठाउँ मात्र रोजेमा देश विकासमा बाधा पुग्छ भन्नुहुँदै उहाँले आफू जुनसुकै क्षेत्रमा बसेर काम गरे पनि देश र जनताको हितमा इमानदारीपूर्वक काम गर्नु एक असल नागरिकको कर्तव्य भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरबाट सिकेको ज्ञान, सीप र अनुभव अन्य क्षेत्रहरुमा पनि प्रयोग गर्न सके संस्थागत विकासमा सकारात्मक परिवर्तनहरु देखिने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत **शर्मा**ले भक्तपुरलाई आफ्नो कार्यक्षेत्र बनाएर काम गर्न पाउनु आफैमा सुखद् पक्ष भएको बताउनुहुँदै भक्तपुरका जनप्रतिनिधिको तर्फबाट सदाशयता र कर्मचारीहरुबाट कार्य प्रक्रियामा सहजता भएको बताउनुभयो ।

उहाँले शारीरिक असमर्थताका कारण निकै छोटो अवधिमा भक्तपुरबाट सरुवा हुन परेको बताउनुहुँदै भक्तपुरबाट आफूले धेरै कुरा सिक्ने अवसर प्राप्त भएको बताउनुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एसोसिएसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष गौतमप्रसाद लासिवा र योजना शाखाका प्रमुख दिलभक्त जयनाले पनि बोल्नुभएको थियो ।

बिदाइ कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य तथा शाखा, उपशाखाका प्रमुखहरूको उपस्थिति थियो । अधिकृत शर्मालाई नगरपालिकाको तर्फबाट भक्तपुरको प्रसिद्ध मयूर झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गरिएको थियो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

## पुजारी मठ पुन:निर्माण सम्बन्धी बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपा वडा नं. ९ स्थित पुजारी मठ पुन:निर्माण गर्ने विषयमा सम्बन्धित सरोकारवालाहरूसँग मंसिर १८ गते बैठक बस्यो ।

बैठकले भक्तपुर नपा वडा नं. ९ स्थित पुजारी मठ पुन:निर्माण कार्यको दौरानमा मठ भत्काउने क्रममा भेटिने प्रत्येक वास्तु र सम्पदाहरूको अभिलेखीकरण गर्ने र महत्त्वपूर्ण सम्पदाहरू सुरक्षित प्रदर्शनीको व्यवस्था गर्ने निर्णय गऱ्यो ।



बैठकले पुजारी मठ पुन:निर्माण कार्य व्यवस्थित रूपमा सञ्चालन गर्न भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वको संयोजकत्वमा सदस्यहरू आ. रामगोविन्द श्रेष्ठ, सम्पदा शाखा भनपा, आ. रिचा पौडेल, राष्ट्रिय कला सङ्ग्रहालय र ठेकेदार प्रतिनिधि पर्शुराम वैद्य, पुरातत्त्व विभागका इन्जिनियर विनिता भण्डारी रहने गरी सहजीकरण समिति गठन गर्ने निर्णय गऱ्यो ।

## प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईलाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सोलुखुम्बुबाट भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईलाई मंसिर १८ गते एक कार्यक्रमबीच पुष्पगुच्छा, खादा र भादगाउँले टोपीले स्वागत गर्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत भट्टराईको स्वागतमा आयोजित परिचयात्मक कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले प्रप्रअ भट्टराईलाई सिङ्गो नपा र नगरवासीहरूको तर्फबाट स्वागत गर्नुहुँदै भक्तपुरको विकासको सन्दर्भमा भक्तपुर नपाले अरूको भन्दा फरक शैली अपनाएकै कारण भक्तपुर आज देशकै लागि नमुना नगर बन्न सम्भव भएको बताउनुभयो ।



भक्तपुरमा देश विदेशका विशिष्ट व्यक्तिहरूको अध्ययन भ्रमण र अनुभव आदानप्रदानको सिलसिला अत्यन्त स्वागतयोग्य भएको बताउनुहुँदै उहाँले देशकै सानो नगरपालिका भएर पनि भक्तपुर नपाले देशलाई सकारात्मक सन्देश दिने महत्त्वपूर्ण नगरपालिकाको रूपमा आफ्नो परिचय स्थापित गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई सधैँ उत्कृष्ट नै बनाउने उद्देश्यले जनप्रतिनिधि र कर्मचारीहरूले काम गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुरलाई अझ उचाइमा पुऱ्याउन नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृतले महत्त्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो ।

उपप्रमुख **रजनी जोशी**ले जनतालाई सरल र सहज ढङ्गले सेवा प्रवाह गर्ने नगरपालिकाको उद्देश्य भएको बताउनुहुँदै नगरपालिकाको उद्देश्यअनुरूप कार्यसम्पादनमा साथ र सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराइ**ले भक्तपुर गौरवपूर्ण इतिहास बोकेको ठाउँ भएकै कारण आफ्नो कार्यक्षेत्रको रूपमा पाउँदा ज्यादै हर्षित भएको बताउनुभयो ।

सुशासन, आर्थिक पारदर्शिता र नागरिक सेवामा भक्तपुर अगाडि बढेको नपा भएको बताउनुहुँदै उहाँले भक्तपुरको मान मर्यादालाई अझ उँचो रहने गरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, नेपाल नगरपालिका कर्मचारी एसोसिएसन भक्तपुर नपा समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

# eQmk'/ gkfsf]cgudg

## वंशगोपालमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा बशंगोपालमा खाद्य पसलको कार्तिक २२ गते अनुगमन गरियो। अनुगमनमा म्याद नाघेको सामानहरू धेरै भेटिएकोले जफत गरी नष्ट गरेको संयोजक गोराले बताउनुभयो।

अनुगमनको क्रममा भेटिएका राजाराम किराना स्टोरमा म्याद नाघेको विभिन्न परिमाणका सामानहरू कुकिज चेरि बिस्कुट, चोको लेक चलकलेट, पशुपति पापड, रियल जुस, वाइवाई चाउचाउ, चोको मिल्क, अमिलो, जिरा कुकिज विस्कुट, बिएमसि मसला, हाल्डिएनस् दालमोठ, केशब बेशन, जस्मिन तेल, शिब शंकर दालमोठ, कोकोस, न्युट्रिक्रन्च क्रेकर, रुक्स, खजुरा, फेबियन चकलेट, नेस्को मिल्क, जेल, अचार जफत गरी नष्ट गरियो भने नगरपालिकाको दर्ता प्रमाणपत्र लिई तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै अजिमा स्टोरमा म्याद नाघेको सामानहरू जोन्सन बेबी पाउडर, पोस्टल हेयर तेल, जोन्सन बेबी तेल, अलैची, सोना पापड जफत गरी नष्ट गरियो भने प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञा पत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्न, तराजु नवीकरणको कागजात, खाद्य अनुज्ञापत्र र दर्ता प्रमाणपत्र लिई तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै इश्वर स्टोरमा म्याद नाघेका सामानहरू मेथि, बेकिङ सोडा, गरम मसला , मसरुम सुप, अमिलो, लेयज्, क्रेकर चिप्स, चना जफत गरी नष्ट गरियो भने पसल दर्ता प्रमाणपत्र देखिने गरी पसलमा राख्न, म्याद नाघेको सामानहरू छुट्टै बोरामा राखेर ग्राहकले सामान लिने ठाउँमा नराख्न निर्देशन दिएको छ। राज्य स्टोर, लक्ष्मी नारायण किराना स्टोर, रोयम किराना पसल, रमेश स्टोरमा पनि अनुगमन गरेकोमा सालाखाला पन्ध्रह हजार रुपैयाँ बराबरको सामान बरामद गरेको छ।

## सुकलढोकामा

अनुगमन टोलीले कार्तिक २३ गते सुकुलढोकामा खाद्य पसल अनुगमन गरियो। तिहारलाई लक्षित गरी पसलहरूमा बारुदपटाक बेचबिखन रोक्न पनि अनुगमन गरिएको थियो।

अनुगमनमा अधिकांश पसलमा खाद्य अनुज्ञापत्रबिना खाद्य सामान प्याकेजिङ्ग गरी बिक्री वितरण गरेकोले सबैजसोलाई प्याकेजिङ्ग सामान खाद्य अनुज्ञापत्र लिई लेवल राखीमात्र बिक्री वितरण गर्न निर्देशन दिइयो।

नवदुर्गा स्वीट एण्ड चाट हाउसमा भान्छा कोठा सरसफाइ गर्न, खानेकुरा र मिठाइ झिँगाले नभन्किने गरी जालीले छोपेर राख्न, मिठाइमा रङ्ग बढी नहाल्न र पेटीमा सामान र पकाउने चुल्हो नराख्न निर्देशन दिई रङ्ग बढी भएको विभिन्न परिमाणका लड्डु, निम्की, पापड, रसबरी, लालमोहन र छिन्नापानी नष्ट गरी तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

जय माता जी फ्रुट सेन्टर म्याद नाघेको र बिग्रेको सामानहरू रियल जुस, केरा, अचार जफत गरी नष्ट गरियो भने मूल्य सूची राख्न र पेटीमुनि सामान नराख्न पटक पटक दिएको निर्देशन पालना नगरेकोले तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

भक्तपुर मिनिमार्टमा प्याकेजिङ्ग सामान खाद्य अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्न विगतमा निर्देशन दिएको पालना नगरेको र खरिद बिल अनुसार बीस प्रतिशत भन्दा कममात्र नाफा राखी बिक्री वितरण गर्नुपर्नेमा पच्चीस प्रतिशत नाफा राखी बिक्री वितरण गरेको पाइएकोले कार्यवाहीको लागि तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

भक्त बी स्टोरमा पसल नवीकरण गर्न, म्याद नाघेको सामानहरू सनपापड, कोकाकोला र फाण्टा जफत गरी नष्ट गरियो।

त्यस्तै बलराम मुनंकर्मीको किराना पसलको दर्ता प्रमाणपत्र लिई कार्यालयमा उपस्थित हुन र निर्देश स्टोर २०७७ साल पछि नवीकरण भएको नदेखिएको र करिब छ हजार रुपैयाँ बराबरको सामान जफत गरियो।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्यहरू रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेबी व्याञ्जु, जिल्ला प्रशासन कार्यालयका यादव प्रसाद मिश्र, महानगरीय प्रहरी परिसरका प्रहरी भगउर प्रसाद हरिजन र राम विनोद यादव, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारीलगायतको सहभागी रहेको थियो।

# शैक्षिक गतिविधि

## ख्वप माविमा भक्तपुर काण्डसम्बन्धी कार्यक्रम

ख्वप मा.वि.मा कानुन विषय लिई कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीहरूलाई भक्तपुर काण्ड (भदौ ९) र जालसाजी मुद्दाबारे जानकारी दिने उद्देश्यले मङ्सिर १४ गते विद्यार्थीसँग अन्तरक्रिया कार्यक्रम भयो।



भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप मा.वि. सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**को आतिथ्यमा भएको उक्त कार्यक्रममा प्रमुख प्रजापतिले न्याय भनेको दिनेले होइन अन्यायमा परेकोले न्याय पाएको अनुभूति हुनुपर्छ भन्नुभयो।

पञ्चायतकालमा रहेका ३६ ओटा नगरपञ्चायतमध्ये भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान सङ्गठनका सदस्यहरूले जिती जनताको सेवा गरेको र पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चायतको भण्डाफोर गरेको सहन नसकी पञ्चहरूले राज्यस्तरबाट भक्तपुर काण्डको षड्यन्त्र रचेको र त्यो षड्यन्त्र असफल भएको उहाँले बताउनुभयो।

६७ जनालाई फसाइएको उक्त मुद्दामा १३ जनालाई सर्वस्वसहित मृत्यु दण्डको माग गरी विशेष अदालतमा मुद्दा दायर गरिएको जानकारी दिनुहुँदै उहाँले यस्तै घटना जर्मनीको नाजी सरकारले त्यहाँका कम्युनिस्टहरूलाई दबाउन आफैले संसद् भवन राइखस्तागमा आगलागी गरी त्यसको आरोप कम्युनिस्टहरुलाई लगाई षड्यन्त्र रचेको उल्लेख गर्नुभयो।

ज्ञानको दायरा फराकिलो बनाउन अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश, जनता र समाजको सेवा गर्ने उद्देश्य राख्नुपर्नेमा जोड दिनुभयो।

'कालो कोटको कालै धन्दा' भन्ने गलत उक्तिलाई बदल्नै पर्ने धारणा राख्नुहुँदै उहाँले अन्यायमा परेका र कानुनमा पछि परेकालाई सहयोग गर्नेतर्फ कानुनका विद्यार्थीहरूले ध्यान दिनुपर्छ भन्नुभयो।

कानुन भनेको अनुशासितरूपमा समाजलाई अगाडि बढाउन हुनुपर्नेमा त्यसो नभई शासक पार्टीहरूले कानुनी डकैती गरी भ्रष्टाचारलाई प्रोत्साहन गरिरहेको प्रमुख प्रजापतिले भन्नुभयो।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवम् अधिवक्ता **रामप्रसाद प्रजापति**ले देश र जनताको पक्षमा लड्ने कानुन व्यवसायी अहिलेको आवश्यकता हो भन्नुभयो।

कानुन शिक्षाको महत्त्वबारे जानकारी दिनुहुँदै उहाँले कानुनका विद्यार्थी समाज विज्ञानको इन्जिनियर हुने धारणा राख्नुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले नेपाल जेलहरूमा रहेका बन्दीहरूमध्ये २० देखि ३० प्रतिशत झूटा मुद्दामा फसाइएकाहरू रहेको एक अध्ययनले देखाएको चर्चा गर्नुहुँदै त्यस्ता निर्दोष बन्दीहरूलाई सहायता गर्ने काममा कानुनका विद्यार्थीहरू अघि बढ्नुपर्छ भन्नुभयो।

सत्ता टिकाउनको लागि राज्यले जस्तोसुकै षड्यन्त्र गर्न सक्नेतर्फ विद्यार्थीहरू सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य** र शिक्षक **राजु कैती**ले पनि बोल्नुभएको थियो।

## परीक्षा समितिका पदाधिकारीहरुद्वारा पद तथा गोपनीयताको सपथग्रहण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नवगठित नगर परीक्षा समितिका पदाधिकारीहरूलाई मंसिर १८ गते एक कार्यक्रमबीच पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभयो।

यसअघि भक्तपुर नगरपालिका क्षेत्रभित्र शैक्षिक सत्र २०८० मा सञ्चालन हुने कक्षा ५ को वार्षिक परीक्षा, कक्षा ८ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०८० र कक्षा १० को एसईई तयारी परीक्षा २०८० को परीक्षा सञ्चालन, समन्वय तथा आवश्यक व्यवस्थापन गर्न भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को परिच्छेद ६ दफा १५ बमोजिम भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको अध्यक्षतामा ९ सदस्यीय परीक्षा समिति गठन भएको थियो।

परीक्षा समितिमा भक्तपुर नपाका जनप्रतिनिधि, सामूहिक परीक्षा समितिका प्रतिनिधि, संयुक्त परीक्षा समितिका प्रतिनिधि, ब्याब्सन, एनप्याब्सन र इसानका प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको छ।

# स्वास्थ्य सेवा

कुराकानी

## जनताको अपनत्व र विश्वास नै ख्वप अस्पतालको ऊर्जा हो : डा. मल्ल



**■ ख्वप अस्पताल अहिले कस्तो चलिरहेको छ ?**

जनस्वास्थ्य केन्द्रबाट रूपान्तरित हुँदै २५ शय्याको अस्पतालबाट हाल १०० शय्याको अस्पताल सञ्चालनमा छ। ख्वप अस्पताल जनताको अस्पतालको रूपमा विकास हुँदै छ। भक्तपुर नगरपालिकाको सहयोग र आफ्नै स्रोत-साधनले आज विभिन्न सेवा विस्तार हुँदै छ।

हाल यस अस्पतालमा दैनिक ७५० देखि ८०० भन्दा बढी बिरामीले सेवा लिँदै आएका छन्। प्रसूतिदेखि हाडजोर्नी/जनरल सर्जरीका शल्यक्रियाहरू गराउन टाढा पुग्नुपर्ने र महँगा निजी अस्पतालहरूमा पुग्नुपर्ने बाध्यतालाई धेरै हदसम्म ख्वप अस्पतालले कम गरेको छ। जेठदेखि सुरु भएको प्रसूति तथा अन्य शल्यक्रियाहरू दैनिक जस्तो चलिरहेको छ। हालसम्म करिब १४० जनाभन्दा बढीको सफल प्रसूतिसेवा पुगिसकेको छ भने अन्य शल्यक्रियाहरू जस्तै हाडजोर्नी र जनरल सर्जरी पनि दैनिक हुने गरेका छन्। सामान्य शल्यक्रियादेखि जटिल शल्यक्रिया पनि यसै अस्पतालले दिँदै आएको छ। सेवामा गुणस्तरीयता र सुलभतालाई प्राथमिकता दिइएकोले ख्वप अस्पताल बिरामीहरूको आशा भरोसाको केन्द्र बनेको छ।

**■ ख्वप अस्पतालबाट के कस्तो सेवा प्रदान गरिरहेको छ, जानकारी दिनुहुन्छ कि ?**

ख्वप अस्पताल भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सामुदायिक अस्पताल हो। नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल वर्षको ३६५ दिन, ११ घण्टा ओपीडी सेवा दिने सम्भवतः देशको एकमात्र अस्पताल हो। हाल यस अस्पतालबाट प्रवाह हुने सेवाहरू निम्न रहेका छन् –

२४ घण्टा नै इमर्जेन्सी सेवा, ल्याब सेवा, एक्स-रे सेवा, फार्मेसी, अन्तरङ्ग सेवा, प्रसूति सेवा, शल्यक्रिया सेवा, ओपीडी सेवा, इन्टरनल मेडिसिन, हाडजोर्नी, स्त्री तथा प्रसूति, नाक, कान, घाँटी सेवा, छालारोग सेवा, दन्त सेवा, बाल रोग सेवा, जनरल सर्जरी, मुटुरोग सेवा, साइक्याट्री, रेडियोलोजी, प्याथोलोजी, एनेस्थेसिया, घरदैलो नर्सिङ सेवा आदि।

हाल ख्वप अस्पतालमा २४ जना विशेषज्ञ डाक्टर, १५ जना मेडिकल अफिसरहरूसमेत १८० जना कर्मचारीहरू कार्यरत हुनुहुन्छ।

**■ ख्वप अस्पतालको सेवा प्रवाहमा केही ढिलो भएको जनगुनासो छ, त्यसबारे के भन्नुहुन्छ ?**

ख्वप अस्पतालमा सेवाग्राहीहरू दिनानुदिन बढ्ने क्रम जारी छ। करिब ८० प्रतिशत बिरामी नेपाल सरकारको राष्ट्रिय बीमा कार्यक्रममा आबद्ध छन्। बीमा कार्यक्रमका नियमहरू सेवा प्रदायक संस्था र बिरामीले मान्नुपर्ने हुन्छ। सो नियमहरू पालना गर्न अलि झन्झटिलो नै छ। त्यसमाथि बिरामीको चापले गर्दा पनि केही ढिलाइ हुने गरेको छ। यसर्थमा हामीले सेवा दिन ढिलाइ गरेका छैनौँ। बरु अन्य सरकारी तथा निजी अस्पतालमा भन्दा चाँडो सेवा पुऱ्याउँछौँ। शल्यक्रियाका लागि पनि अन्य अस्पतालमा जस्तो धेरै दिन कुर्नुपर्ने छैन।

**■ भनपा ८ कि नितु दुवालको मृत्युबारे ख्वप अस्पतालको नाम पनि जोडिएर आएको छ, वास्तविकता के हो ?**

सुश्री नितु दुवालको भदौ ३१ गते पाटन अस्पतालमा उपचारको क्रममा दुःखद निधन भएको जानकारी हामीलाई पनि प्राप्त भयो। त्यसपछि सामाजिक सञ्जालमा विभिन्न किसिमको अभिव्यक्ति पनि हामीले पढ्यौँ। वास्तवमा यो सार्है दुःखद घटना हो। ख्वप अस्पताल परिवार मृतकप्रति श्रद्धाञ्जली र परिवारप्रति समवेदना प्रकट गर्दछौँ। सामाजिक सञ्जालमा ख्वप अस्पतालप्रति विभिन्न किसिमका गलत आक्षेप लगाइयो। ख्वप अस्पताल राम्रो भएको हेर्न नचाहने कतिपय मानिसहरू त्यसको बदनाम गर्न निरन्तर लागिरहेको बारे हामी सचेत छौँ।

मृतक बहिनी हाम्रो अस्पतालमा डण्डीफोरका लागि उपचार गर्न आएकी थिइन्। सोही समस्याका लागि निजले औषधि सेवन गर्दै थिइन्। लगभग २ हप्तापछि उनलाई ज्वरो आयो। ज्वरोको लागि पनि यहाँबाट उपचार भयो। तर, मुखबाट खाने औषधिले ज्वरो कम नहुँदा लगभग १० दिनपछि इमर्जेन्सीमा आइन्। इमर्जेन्सीबाट भर्ना हुन पनि भनियो तर त्यस दिन भर्ना भइनन्। फेरि पछि आउँदा

पिसाबमा सङ्क्रमण देखियो र भर्ना गरियो। तीनदिनको बसाइँपछि केही सुधार देखियो र बिरामीका आफन्तका अनुरोधमा घर पठाइयो। तर, फेरि भोलिपल्टै ल्याइयो। त्यसबेला पनि भर्ना गरियो। बिरामीलाई सुरुमा ज्वरो आएको दिनबाट नै हल्का शरीर चिलाउने कुरा त्यस भर्नामा बताइयो। उपचारकै क्रममा शरीरमा दाबरहरू देखियो र निजलाई आफन्तको अनुरोधमा अर्को अस्पताल पठाइयो। त्यसपछि बिरामी अन्य अस्पतालमा उपचार गराएको भन्ने बुझियो।

घटनाक्रम यसप्रकारका छन् :

असार २२ – छाला रोगमा चिकित्सकसँग भेट र उपचार
साउन २ – फलोअप र ज्वरोका लागि उपचार
साउन १२ – इमर्जेन्सीमा ज्वरोका लागि
साउन १४ – भर्ना
साउन १७ – पुनः भर्ना
साउन २१ – रिफर (आफन्तको आग्रहमा)

उनको मृत्यु भदौ ३१ गते भएको जानकारी पायौँ। धेरै ओटा अस्पतालमा विभिन्न किसिमका उपचार गराएको कुरा स्वयं बिरामीको परिवारले स्वीकारेको छ। कैयौँ ठाउँमा उपचार गराउँदा पनि निको नभएको दोष महिनौँ अगाडि नै रिफर गरेर पठाएको अस्पताललाई दिनु गलत हो। कसैको भनाइलाई भन्दा हामी सत्यतथ्य कुरालाई विश्वास गर्छौं। कुनै निजी अस्पतालका कुनै अमुक व्यक्तिले भनेको भन्ने भरमा अस्पतालप्रति भ्रम सिर्जना गर्न खोज्नु राम्रो होइन।

### ■ ख्वप अस्पतालले चुप लागेर बस्दा मौन स्वीकार जस्तो भएन र ?

सर्वप्रथमतः हामी कुनै पनि विषय सामाजिक सञ्जालमै उत्थान भएकै भरमा प्रतिक्रिया दिनुपर्छ भन्ने पक्षमा छैनौँ। सामाजिक सञ्जालमा कसैको चरित्र हत्या गर्न निकै सजिलो हुने र भ्रामक सूचना फैलाउने सम्भावना धेरै हुन्छ। आरोप लगाउनुभन्दा पहिले परिवारले सोच्नुपर्ने थियो। हामी आफै आश्चर्यमा छौँ।

### ■ ख्वप अस्पतालको भावी योजनाबारे केही भन्नुहुन्छ कि ?

ख्वप अस्पताल भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देशकै कान्छो अस्पताल हो। हामी सेवा विस्तारकै क्रममा छौँ। दक्ष जनशक्ति तथा आवश्यक आधुनिक उपकरणसहित जनताको सेवा गर्ने हाम्रो लक्ष्य हो। उच्चत्तम उपचार न्यून खर्चमा गर्ने हाम्रो तरिका हो। त्यसको लागि आवश्यक काम गर्दै छौँ। जनताको अपनत्व र विश्वासले नै हामीलाई ऊर्जा दिँदै आएको छ।

हाम्रो आगामी योजनाहरू यस प्रकारका छन् :

- सीटी स्क्यान खरिद तथा सञ्चालन गर्ने,
- आइसीयू/एनआइसीयू सेवा सुरु गर्ने,
- शल्यक्रिया कक्षहरू बढाउने,
- सामुदायिक फार्मेसी सेवा सञ्चालन गर्ने,
- आधुनिक उपकरणहरू थप्ने,
- विशेषज्ञ चिकित्सकहरू थप्ने,

### ■ अन्य केही ?

यस ख्वप अस्पताल जनताका लागि जनताकै स्वामित्वमा सञ्चालित अस्पताल हो। यसको मूल लक्ष्य नै सेवा हो। कुनै पनि बिरामीले उपचारको लागि बाहिर जान नपरोस् भन्ने नै हाम्रो लक्ष्य हो। सीमित स्रोत साधनका बीच गुणस्तरीयतालाई प्राथमिकता दिँदै जाने हाम्रो उद्देश्य हो। गुनासो, सुझाव सिधै अस्पतालका पदाधिकारीहरूलाई दिँदा त्यसको उचित सम्बोधन हुनेछ। सामाजिक सञ्जालका कुराहरू सही हुन्छन् भन्ने भ्रमबाट टाढा हुनुपर्छ। हाम्रो अस्पतालको ढोका गुनासा र सुझावहरूको लागि २४ सै घण्टा खुला छ। धन्यवाद !

(ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताव मल्लसित 'मजदुर' दैनिकका संवाददाताले गरेको सङ्क्षिप्त कुराकानी–कार्तिक २४ गते)

## घरदैलो नर्सिङ सेवाको मासिक बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सामुदायिक घरदैलो नर्सिङ सेवाको मासिक बैठक मंसिर ७ गते बस्यो।

बैठकमा १० ओटै वडाका वडा नर्सहरूले २०८० कार्तिक महिनाको भक्तपुर नगरपालिकाभित्र स्थानीयवासीहरूको विभिन्न दीर्घरोग, सामान्य रोग, बालरोग, गर्भवती, सुत्केरीको स्वास्थ्य अवस्थाबारे विस्तृतमा प्रस्तुत गरे।

साथै विद्यालय नर्सहरूले पनि आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गरे।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप अस्पताल
# Khwopa Hospital

2078

**विज्ञप्ति**

मितिः २०८० कार्तिक १६ गते बिहीबार

भनपा ८ निवासी सुश्री नितु दुवालको निधनबारे उनकी आमा, बुवा र दिदीले सामाजिक संजालमा मिति २०८० कार्तिक १४ गते लेखेका कुराहरुले समाजमा ख्वप अस्पतालबारे भ्रम सिर्जना गरेको हुँदा वास्तविकता प्रष्ट पार्न चाहन्छौं।

ख्वप अस्पताल परिवार २१ वर्षकी नितु दुवालको कलिलो उमेरमा निधन भएकोमा दुःख व्यक्त गर्दै परिवारप्रति समवेदना व्यक्त गर्दछौं । शोकाकुल परिवारका लागि यो एक अपूरणीय क्षति हो । मृतक आत्माको चिर शान्तिको कामना गर्दै गर्दा समाजमा ख्वप अस्पतालबारे केही नकारात्मक भ्रम फैलाउन खोजिएको हामीलाई महसुस भयो । नितु दुवाल २०८० साल श्रावण २१ गते ख्वप अस्पतालबाट रिफर भई बिरामीको भाद्र ३१ गते अन्य अस्पतालमा मृत्यु हुँदा समेत यस अस्पतालमा मृत्यु भएको भनी गलत प्रचार गर्नुबाट यो नियोजित हो भन्ने स्पष्ट हुन्छ । मृतक परिवारप्रति सहानुभूति र समवेदना प्रकट गर्न जाने जनप्रतिनिधिहरु,स्वास्थ्यकर्मीहरुलाई समेत गलत अर्थमा प्रचारप्रसार गरेको पाईयो ।

मृतक नितु दुवाल असार २२ गते पहिलो पटक डण्डिफोरको उपचारका लागि आएकी थिईन् । डण्डिफोर सम्बन्धी उपचारका लागि उनलाई खाने औषिधी, Face Wash र मलम दिईएको थियो। छाला रोग विशेषज्ञद्वारा उनलाई २ हप्तापछि Follow Up को लागि पनि बोलाईएको थियो । श्रावण २ गते उनी डा. नितु मानन्धरको ओपिडी टिकट भएतापनि छालारोग विभागमा नै गई Follow up गरेकी थिईन्। अघिल्लो दिनदेखि सामान्य ज्वरो आएको भन्ने उनले छालारोग विशेषज्ञलाई बताएपछि डण्डिफोर सम्बन्धि औषधि यथावत खाने र जनरल डाक्टरलाई भेट्न आग्रह गरियो । सोही अनुसार जनरल डाक्टरले ज्वरोको लागि Paracetamol र vitamin दिनुभयो ।

यसपछि उनलाई श्रावण १२ गते यसै अस्पतालको ईमर्जेन्सी विभागमा रातको २ बजे ज्वरो आएको भनी ल्याईयो । सम्पूर्ण जाँचहरु पश्चात् उनलाई भर्ना हुन आग्रह गरियो तर विदेश अध्ययनका लागि परिक्षा भएको कारण देखाई उनी राती ३:३० बजेनै घर गईन । निजको सो परीक्षणमा पिसाबमा खराबी देखिएको थियो । डाक्टरको सल्लाह विपरीत बिरामीलाई घर लगियो। त्यस पश्चात् श्रावण १४ गते उनलाई भर्ना गराउन ल्याईयो। पिसाबको परीक्षणमा किटाणु देखिएको र सोही अनुरुप औषधिहरु चलाई वार्डमा भर्ना गरियो । श्रावण १७ गतेका दिन पुनः बिरामी र परिवारका सदस्यहरुको आग्रह अनुसार उनलाई घर पठाईयो । चिकित्सकहरुद्वारा अझ केही दिन राख्नु पर्ने भन्ने कुरा बुझाईएको थियो तर परिक्षाकै कारण बताई चिकित्सकको सल्लाह विपरीत पुनः घर लगियो । त्यसपश्चात श्रावण १८ गते यसै अस्पतालमा ल्याईयो ।

श्रावण २१ गते निज बिरामीको उपचार चल्दाचल्दै परिवारका सदस्यहरुले अन्य अस्पताल लैजाने आग्रह गरे अनुसार यस अस्पतालबाट रिफर गरियो। त्यसपछि यस अस्पताल र निजको परिवारबीचमा कुनै पनि सम्पर्क रहेको थिएन।

बिरामीको निधनमा दुःख हुँदाहुँदै पनि विभिन्न व्यक्तिहरुको उक्साहटमा अस्पतालप्रति जनतामा भ्रम सिर्जना गर्ने उद्धेश्यले ख्वप अस्पताललाई दोष दिन खोजिएकोले यो स्पष्ट पार्न मात्र खोजिएको हो ।

औषधिको बढी डोज दिईएको, गलत औषधि दिईएको भन्ने कुरा सत्य होईन ।

डा. मजेश प्रताप मल्ल,
नि. मेडिकल डाईरेक्टर

ठेगाना: भ.न.पा. वडा नं.९ च्याम्हासिंह, भक्तपुर — फोन: ६६१०३१७, ६६२०३७४ (च्याम्हासिंह)

# राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस



'स्वास्थ्य क्षेत्रमा दिगो विकास, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाको संयुक्त प्रयास' नाराका साथ भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा २० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस २०८० मंसिर १९ गते एक कार्यक्रमबीच सम्पन्न भयो।

उक्त अवसरमा नगर प्रमुख **सुनिल प्रजापति**ले महिला स्वास्थ्य स्वयम्सेविकाहरूको अथक मिहिनेत र सेवाभावकै कारण आज भक्तपुरको स्वास्थ्य अवस्था तुलनात्मक रूपमा राम्रो हुँदै गएको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल जनताले अपनत्व ग्रहण गरेको अस्पतालको रूपमा विकास भइरहेको बताउनुभयो।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त हुने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा पहुँच हुने हक प्रदान गरेको उल्लेख गर्नुहुँदै उहाँले शिक्षा क्षेत्रमा जस्तै स्वास्थ्यमा पनि देशकै नमुना बनाउन ख्वप अस्पतालमा कार्यरत चिकित्सक र कर्मचारीहरू दत्तचित्त भई काम गरिरहेको बताउनुभयो।

स्वास्थ्य बीमालाई व्यवसायीकरणतर्फ लाने सरकारको नीति उचित नभएको बताउनुहुँदै प्रमुख प्रजापतिले सरकारी अस्पताललाई विश्वसनीय र भरपर्दो बनाउन सबै अस्पतालहरूमा स्वास्थ्य बिमाको व्यवस्था हुनु जरुरी रहेको बताउनुभयो।

त्यस्तै वडा नं. ९ का वडाअध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नपाले नगरका विभिन्न वडाहरूमा आधारभूत स्वास्थ्य केन्द्र विस्तार गर्ने काम गर्दै आएको बताउनुहुँदै स्वास्थ्य स्वयम्सेविकाहरूले नसर्ने रोगबारे जनतालाई प्रष्ट गर्न जरुरी रहेको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले स्वास्थ्य स्वयम्सेविकाहरूले जनप्रतिनिधि र जनताबीच समन्वयकारी भूमिका खेल्दै नगर विकासमा सकारात्मक भूमिका निर्वाह गर्दै आइरहेको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले महिला स्वास्थ्य स्वयम्सेविकाहरू स्वास्थ्य क्षेत्रका मेरुदण्ड र प्रेरणा स्रोत भएको बताउनुहुँदै उहाँहरूको मिहिनेतले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताउनुभयो।

कार्यक्रममा ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**, जिल्ला जनस्वास्थ्य भक्तपुरका प्रतिनिधि **शान्तिराम खतिवडा** र महिला स्वास्थ्य स्वयम्सेविका **तारादेवी धन्छा**ले पनि बोल्नुभएको थियो।

२० औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवसको अवसरमा प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट ३ जना महिला स्वास्थ्य स्वयम्सेविकालाई नगद पुरस्कारसहित प्रशंसा-पत्र वितरण गर्नुभयो।

आज सम्मानित हुनेमा स्वास्थ्यस्वयम् सेविका भक्तपुर नपा वडा नं. ७ का लक्ष्मीकेशरी तुईतुई, भनपा वडा नं. ५ का सजना सुवाल र भनपा वडा नं. २ का बबीमैंया लघु रहेका छन्।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Kartik Report, 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1377 | 8.41 |
| 10-14. | 566 | 3.46 |
| 15-19 | 595 | 3.63 |
| 20-59 | 10833 | 66.14 |
| ≥60 | 3009 | 18.37 |
| Total | 16380 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 515 | 3.14 |
| General | 2649 | 16.17 |
| Insurance | 13216 | 80.68 |
| Total | 16380 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Mugu | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Sindhuli | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Dailekh | 1 | 0.01 |
| Achham | 2 | 0.01 |
| Bara | 2 | 0.01 |
| Kailali | 2 | 0.01 |
| Morang | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Surkhet | 2 | 0.01 |
| Jajarkot | 2 | 0.01 |
| Siraha | 2 | 0.01 |
| Rolpa | 2 | 0.01 |
| Gulmi | 2 | 0.01 |
| Dolkha | 4 | 0.02 |
| Jumla | 4 | 0.02 |
| Kalikot | 4 | 0.02 |
| Dhading | 4 | 0.02 |
| Khotang | 9 | 0.05 |
| Lalitpur | 11 | 0.07 |
| Ramechap | 12 | 0.07 |
| Sindhupalchowk | 25 | 0.15 |
| Kathmandu | 29 | 0.18 |
| Kavrepalanchok | 56 | 0.34 |
| Bhaktapur | 16196 | 98.88 |
| Total | 16380 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 83 |
| Suryabinayak | 711 |
| Changu | 2463 |
| Bhaktapur | 12939 |
| Total | 16196 |

| Department | Number | In Percentage |
|---|---|---|
| Psychiatric | 9 | 0.05 |
| Gynae Ward | 77 | 0.47 |
| Cardiologist | 102 | 0.62 |
| General Ward | 113 | 0.69 |
| Physiotherapy | 153 | 0.93 |
| MDGP | 274 | 1.67 |
| General Surgery OPD | 313 | 1.91 |
| Laboratory | 354 | 2.16 |
| Dermatology | 465 | 2.84 |
| Internal Medicine | 549 | 3.35 |
| ENT | 850 | 5.19 |
| Paediatric | 911 | 5.56 |
| Obs. & Gynaecology | 995 | 6.07 |
| Dental | 1084 | 6.62 |
| Emergency Ward | 1491 | 9.10 |
| Orthopedic | 1746 | 10.66 |
| General OPD | 6894 | 42.09 |
| Total | 16380 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 179 |
| Discharge | 171 |
| LAMA | 2 |
| Refer | 6 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1532 |
| Total Cataract Surgery | 31 |

### Operation

| | |
|---|---|
| Major | 44 |
| Minor | 41 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Male | 7060 | 43.10 |
| Female | 9320 | 56.90 |
| Total | 16380 | 100 |

# अनुभवको आदान-प्रदान

## भक्तपुर नपाका प्रमुख प्रजापति र पर्शुराम नपाका प्रमुख जोशीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग डडेल्धुरा जिल्लाको पर्शुराम नगरपालिकाका प्रमुख भरत बडायर जोशीले मंसिर १२ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा उहाँहरूबीच नगरपालिकाबाट सम्पादित कार्यहरू, बजेट व्यवस्थापन, राजश्व सङ्कलन, शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा भए गरेका विविध गतिविधिबारे अनुभव आदानप्रदान भयो ।

नगर प्रमुख जोशीलाई स्वागत गर्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपाको विशेषताबारे प्रष्ट पार्दै जनताको बीचमा काम गर्दा जनताको साथ र सहयोग प्राप्त हुनु नै भक्तपुर नपाको सकारात्मक पक्ष रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका भूगोलको हिसाबले देशकै सानो नगरपालिका भए पनि सांस्कृतिक हिसाबले देशकै महत्त्वपूर्ण नगरपालिका भएको बताउनुहुँदै भक्तपुरको पर्यटन विकासमा नपाले विशेष जोड दिँदै आइरहेको बताउनुभयो ।

स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेका प्राकृतिक स्रोतसाधनको सदुपयोग गरी मनग्य आम्दानी गर्न सकिने बताउनुहुँदै उहाँले भन्नुभयो, भक्तपुर नपाले सामुदायिक शिक्षामा सुधारको नीति अवलम्बन गरेकै कारण आज शैक्षिक क्षेत्रमा देशकै उत्कृष्ट गन्तव्य स्थल बन्न सफल भएको हो ।

सोही क्रममा पर्शुराम नपाका प्रमुख **जोशी**ले डडेल्धुरा जिल्लामा अवस्थित पर्शुराम नपाको कुल क्षेत्रफल ४१४.०७ वर्ग किमि रहेको; भक्तपुरको कार्यशैलीबाट आफूहरू निकै प्रभावित भएको बताउनुहुँदै भक्तपुरको शिक्षा, स्वास्थ्य, पर्यटन, सरसफाइलगायतका विषयबाट केही सिक्ने अभिप्रायले भक्तपुर भ्रमणमा आएको स्मरण गराउनुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माको पनि उपस्थिति रहेको थियो ।

# भेटघाट

## अध्यक्ष बिजुक्छेँसँग प्रजग कोरियाका राजदूत मेनको बिदाइ भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग प्रजग कोरियाका महामहिम राजदूत जो योङ मेनले कार्तिक २४ गते भक्तपुरमा बिदाइ भेट गर्नुभयो ।

प्रजग कोरिया सरकारले नेपाललगायत केही देशमा रहेका दूतावासहरू बन्द गर्ने निर्णय गरेको उल्लेख गर्दै राजदूत मेनले सो निर्णयअनुसार दूतावासका सम्पूर्ण कर्मचारीहरू शुक्रबार नै स्वदेश फिर्ता हुने बताउनुभयो ।

राजदूत मेनले दुई देशका जनताबीचको सम्बन्ध बलियो बनाउन नेपाल मजदुर किसान पार्टीका अध्यक्षलगायत नेता कार्यकर्ताहरूबाट प्राप्त सहयोगको लागि आभार व्यक्त गर्नुभयो र अर्को व्यवस्था नभएसम्म नयाँ दिल्लीस्थित प्रजग कोरियाको राजदूतावासले नेपाललाई समेत सेवा दिने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष बिजुक्छेँले नेपालस्थित प्रजग कोरियाको दूतावास बन्द हुने समाचार



प्रकाशित हुँदा आश्चर्य लागेको उल्लेख गर्नुहुँदै नेपाली र कोरियाली जनताको सम्बन्ध र सहकार्यमा कुनै कमी नआउने अपेक्षा गर्नुभयो ।

अध्यक्ष बिजुक्छैँले राजदूत मेनलाई पार्टी प्रकाशनहरू उपहार दिनुभयो ।

राजदूत मेनले नेपाल र प्रजग कोरियाको सम्बन्ध बलियो बनाउन आफूहरू सदाझैँ लागिपर्ने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवाल, केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभाका सदस्यहरू सुरेन्द्रराज गोसाई र सृजना सैंजु अन्तर्राष्ट्रिय विमानस्थलमा राजदूत मेन, काउन्सुलर किम ह्योक र दूतावासका अन्य साथीहरूको बिदाइमा सहभागी हुनुभयो ।

## नेमकिपाका अध्यक्ष बिजुक्छेँ र चिनियाँ नेता वाङको भेटवार्ता

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग नेपाल भ्रमणमा आएका मित्र देश चीनको सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिस्ट पार्टीका सचिव वाङ च्युनचङले कार्तिक २६ गते भेटवार्ता गर्नुभयो ।



अध्यक्ष **बिजुक्छेँले** नेपाल र चीनको सम्बन्ध धेरै पुरानो भएको र तिब्बतमा विवाह भएकी नेपालकी छोरी भृकुटीको समयदेखि नै नेपाल र चीनबीच सांस्कृतिक आदानप्रदान बढेको चर्चा गर्नुभयो ।


बरोबरको भूकम्प र युद्धको कारण प्राचीन नेपालको अभिलेख थोरैमात्र बाँकी भएको उल्लेख गर्नुहुँदै उहाँले प्राचीन नेपाल र बौद्ध दर्शनबारे बुझ्न चिनियाँ र तिब्बती भाषाका अभिलेख अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

दुई देशका नयाँ पुस्तालाई भाषा र संस्कृतिबारे प्रशिक्षण दिएर पुरानो सम्बन्ध र सहकार्यलाई घनिष्ट बनाउन सकिने उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छैँले चिनियाँहरू नेपालीका पुराना मित्र भएको स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छैँले उत्तरको वास्तुकला र दक्षिणको धर्म दर्शनको प्रभाव नेपालमा परेको अर्थात् उत्तर र दक्षिणको मिलनबिन्दु नेपाल भएको उल्लेख गर्नुहुँदै मार्क्सवाद र माओ त्सेतुङ विचारधाराका पुस्तकहरू दक्षिणबाट हिन्दी र अङ्ग्रेजी भाषामा नेपाल ल्याइएको बताउनुभयो ।

'हामीले माओ त्सेतुङ विचारधारालाई देश र जनताको नि:स्वार्थरूपले सेवा गर्ने रूपमा लिएका छौँ', अध्यक्ष बिजुक्छैँले थप्नुभयो ।

'नेपालमा स्थानीय उत्सवको समय चिनियाँ मित्रहरूको भ्रमणले अर्को उत्सव थपिएको छ', अध्यक्ष बिजुक्छैँले भन्नुभयो ।



सचिव **वाङले** भक्तपुरको संस्कृति र सम्पदा अवलोकनले आफूलाई गहिरो छाप परेको उल्लेख गर्नुहुँदै विश्व सम्पदा सूचीमा परेको भक्तपुर मानव जातिको लागि महत्त्वपूर्ण भएको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छैँ चीनको असल र पुरानो साथी भएको र आगामी दिनमा चिनियाँ कम्युनिस्ट पार्टी र नेपाल मजदुर किसान पार्टीबीचको मित्रता थप घनिष्ट हुने विश्वास व्यक्त गर्नुहुँदै सचिव वाङले आफू चीनका पुराना र असल मित्रसँग भेटवार्ताको लागि भक्तपुर आएको बताउनुभयो ।

चीनका राष्ट्रपति सिन चिनफिङको सन् २०१९ मा भएको नेपाल भ्रमणमा दुई देशबीच भएको सम्झौतालाई कार्यान्वयन गर्न यसपटक आफ्नो नेपाल भ्रमण जोडिएको उल्लेख गर्नुहुँदै सचिव वाङले नेपालको पूर्वाधार निर्माण गर्न हरेक वर्ष ४० करोड रुपैयाँ सहयोग गर्ने र सो सहयोग सीमावर्तीका नेपाली जनताको हितमा जोड दिने बताउनुभयो ।

सचिव वाङले भर्खरै पश्चिम नेपाल जाजरकोट केन्द्र भई गएको भूकम्प पीडित जनतालाई सहयोग गर्न केन्द्र सरकारको सहमतिमा सिंचाङ सरकारले थप ५ करोड रुपैयाँ सहयोग गर्ने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँलाई चीन र सिन्चाङको भ्रमणको निमन्त्रणा दिनुहुँदै सचिव वाङले देश र जनताको निःस्वार्थ सेवा मुख्य विषय भएको बताउनुभयो।

'भाषा जुनसुकै भए पनि माओ त्सेतुङ विचारधाराको आधारभूत विषय देश र जनताको सेवा नै हो; दुई पार्टी र दुई देशको उद्देश्य जनताको सेवा हो; पहाड र नदीले जोडिएको नेपाल र चीनका जनताको सम्बन्ध पनि उत्तिकै महत्त्वपूर्ण छ', सचिव वाङले थप्नुभयो।

सचिव वाङले चिनियाँ कम्युनिस्ट पार्टीको कुनमिनको एक सहरको जिल्ला प्रमुख, लिचियाङ सहरको मेयर र सचिव भएर पनि सेवा गर्नुभएको थियो।



अध्यक्ष बिजुक्छेँले सचिव वाङलाई काष्ठकलाको मयूर झ्याल र पार्टी प्रकाशनहरू उपहार दिनुभयो भने सचिव वाङले अध्यक्ष बिजुक्छेँलाई चिनियाँ आधुनिक प्रविधिबाट बनेको सेरामिक्सका कप र सिंचाङका तस्बिरहरू संलग्न पुस्तक उपहार दिनुभयो।

भेटवार्तामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापति र केन्द्रीय सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजुको उपस्थिति थियो।

चिनियाँ टोलीमा नेपालका निम्ति चिनियाँ राजदूत चेन सङसहित १३ जनाको उपस्थिति थियो।

## चिनियाँ टोलीलाई भक्तपुर नपाबाट स्वागत

पार्टी सचिव च्युनचङसहितको टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति लगायत जनप्रतिनिधिहरूले भक्तपुर दरबार क्षेत्र (लायकू) को प्रवेशद्वारमा स्वागत गर्नुभयो।





उक्त टोलीले भक्तपुर दरबार क्षेत्रस्थित न्ह्यकं झ्या दरबार, लुं ध्वाका, पचपन्न झ्याल दरबार, फसि देग, चर्तुब्रम्ह महाविहार हुँदै भक्तपुरको टौमढीस्थित पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको समेत अवलोकन गर्नुभएको थियो।

## चीनको चिङकाङशान नपाका उपप्रमुख वाङ ह्वामिङ भक्तपुर भ्रमणमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जनवादी गणतन्त्र चीनको चिङकाङशान नगरपालिकाका उपप्रमुख वाङ ह्वामिङले मंसीर ३ गते भेट गर्नुभयो।



सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्ध वर्तमानमा विभिन्न आयामसहित घनिष्ट हुँदै गएको बताउनुहुँदै उच्च तहका चिनियाँ प्रतिनिधिमण्डलहरूको नेपाल भ्रमण अत्यन्त स्वागतयोग्य भएको बताउनुभयो ।

नेमकिपा वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी भएको बताउनुहुँदै उहाँले नेमकिपाका जनप्रतिनिधिले देश र जनताको निःस्वार्थ सेवा गरिरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपाले शिक्षा र स्वास्थ्य जस्ता आधारभूत विषयलाई प्राथमिकता राख्दै काम गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यअनुरुप काम गरिरहेको बताउनुभयो ।



चिङ्काङ्शान नगरपालिकाका उपप्रमुख **हवामिङ**ले भक्तपुरको न्यानो स्वागत र व्यवस्थित अवलोकनको निम्ति धन्यवादज्ञापन गर्नुहुँदै दुई नगरबीच मैत्रीपूर्ण सहरको सम्बन्ध स्थापित गरी विभिन्न विषयमा सहकार्य गरी अगाडि बढ्न सकिने धारणा राख्नुभयो ।

चिङ्काङ्शान चीनको च्याङ्सी प्रान्तको दक्षिण पश्चिम क्षेत्रको महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै उहाँले पर्यटन र संस्कृतिमा भक्तपुर र चिङ्काङ्शानबीच धेरै विषयमा समानता रहेको बताउनुभयो । उहाँले चिङ्काङ्शान चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनगणतन्त्र सुरु गरेको ठाउँ भएको बताउनुभयो ।

टोलीलाई भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरको दरबार क्षेत्र प्रवेशद्वारमा स्वागत गर्नुभएको थियो । सोही क्रममा उहाँहरूले भक्तपुरका सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको अभिरुचिपूर्वक अवलोकन गर्नुभएको थियो । साथै टोलीले भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप अस्पताल, ख्वप कलेज, ख्वप मावि र ख्वप कलेज अफ ल समेतको स्थलगत अवलोकन गर्नुभयो ।

भेटमा चिङ्काङ्शान नगरपालिकाका मुख्य प्रशासक लोङ ल्यानहवाउ, माओपिङ नगर समितिका पार्टी सचिव लि स्याओफेङ, चिङ्काङ्शान नगर स्वास्थ्य कमिसनका निर्देशक, चिङ्काङ्शानका उपनिर्देशक ऊ जुआनलगायतको उपस्थिति रहेको थियो ।

भेटमा नगर प्रमुख प्रजापति र उपप्रमुख हवामिङबीच उपहार आदानप्रदान भयो ।

## कला, संस्कृति र सम्पदा अध्ययन गर्न चिनियाँ टुर अपरेटर र टुर लिडरहरूको टोली भक्तपुरमा



पेइचिङ सेङतु खेलकुद कम्पनीका महाप्रवन्धक ली चाओसिनको नेतृत्वमा चिनियाँ टुर अपरेटर र टुर लिडरहरूको ६० जनाको टोलीले मङ्सिर ५ गते भक्तपुर नगरको अध्ययन भ्रमण गरेको छ ।

भक्तपुरमा बढीभन्दा बढी चिनियाँ पर्यटकहरूको भ्रमण गराउने उद्देश्यले यहाँको कला संस्कृति र सम्पदाको अध्ययनका साथै सांस्कृतिक आदान प्रदान गर्ने भ्रमण टोलीको इच्छा रहेको महाप्रबन्धक लीले बताउनुभयो । काठमाडौँ उपत्यकाको शान्त र सफाका साथै सम्पदा संरक्षित सहरको रूपमा परिचित भएकोले भक्तपुर नगरको भ्रमणमा जोड दिएको पनि उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ५ का वडा अध्यक्ष एवम् भक्तपुर नगरपालिका पर्यटन समितिका सदस्य योगन्द्रमान बिजुक्छेँले टोलीलाई टौमढीमा स्वागत गर्नुभयो । वडा अध्यक्ष बिजुक्छेँले सम्पूर्ण टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्न पाउँदा खुशी भएको र नेपाल र चीनको सम्बन्ध भ्रमणबाट अझ प्रगाढ हुने बताउनुभयो ।

भ्रमण टोलीका टोली नेताहरूलाई भक्तपुर नगरपालिकाको प्रकाशनहरू प्रदान गरेको कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि भक्तपुर नगरपालिकाको कला संस्कृति र सम्पदा संरक्षण कार्यबारे बताउनुभयो ।

# प्रमुख प्रजापतिसँग बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेसहितका पदाधिकारीहरूको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेसहितका पदाधिकारीहरूले मंसिर १९ गते भनपा सभाकक्षमा भेट गर्नुभयो। भेटमा उहाँहरूबीच भक्तपुरमा बक्सिङ खेल विकासबारे छलफल भयो।

सोही क्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सामाजिक विकाससँगै खेलकुदलाई पनि विशेष महत्त्व दिँदै खेलकुद विकाससम्बधी गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै फुटबल, भलिबल, बक्सिङ, कराँते र टेबुलटेनिसलगायतको नियमित प्रशिक्षण सञ्चालन गर्दै आएको बताउनुभयो।

बक्सिङ खेलको विकासबारे बक्सिङ महासङ्घसँग समन्वय गर्दै अगाडि जाने विषयमा नगरपालिका सकारात्मक रहेको बताउँनुहुदै भक्तपुर नपाको निर्वाचन घोषणापत्र अनुसार प्रत्येक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता र अन्तरविद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्दै आइरहेको अवगत गराउनुभयो। उहाँले बक्सिङ खेलकाबारे महासङ्घले राखेको प्रस्ताव बैठकमा राखेर छलफल गर्ने विश्वास दिलाउनुभयो।

भेटमा नेपाल बक्सिङ महासङ्घका अध्यक्ष **राम अवाले**ले बक्सिङ खेललाई पनि प्राथमिकतामा राख्न सके बक्सिङ खेलको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भक्तपुर नपाले यस वर्ष अन्तरनगर खेलकुद प्रतियोगितामा बक्सिङ खेल समावेशको लागि अनुरोध गर्नुभयो।

उहाँले भक्तपुरले खेलकुद क्षेत्रको विकासमा गरिरहेको कार्यहरू सराहनीय भएको बताउनुहुँदै बक्सिङ प्रतियोगिता आयोजनाले नयाँ बक्सिङ खेलाडीहरू उत्पादनमा समेत महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो।






## बालबालिकाको भविष्य उज्ज्वल बनाऔं।

- ❑ बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- ❑ त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- ❑ उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- ❑ यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- ❑ उनीहरूसँग नियमित अन्तरक्रिया गरौं,
- ❑ यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाइबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

# संक्षेपमा

## पद्म माविमा शैक्षिक मेला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्री पद्म माध्यमिक विद्यालयको शतवार्षिकी एवम् पद्म कलेजको १४ औं वार्षिकोत्सवको अवसरमा आयोजित शैक्षिक मेला प्रदर्शनीको मंसिर ५ गते अवलोकन गर्नुभयो।

## दुबेंकेगु फल्चामा छाना छाइयो



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भनपा ६ स्थित दुबेंकेगु फल्चा छाना छाउने कार्यको मंसिर १० गते निरीक्षण गर्नु भयो। उक्त छाना छाउने कार्यमा जनश्रम गर्नुहुँदै स्थानीय वडावासीहरू।

## प्यालेस्टाइनी बालबालिका र महिलाहरूको नरसंहारबारे अन्तरक्रिया



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपाल कर्मचारी समाजको आयोजनामा प्यालेस्टाइन र इजरायल युद्धमा भइरहेको बालबालिका र महिलाहरूको नरसंहार विषयमा अन्तरक्रिया एंव मार्गनिर्देशन कार्यक्रम मंसिर १४ गते भयो।

## सडक पिचको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतले भनपा १० नं. वडा, कमलविनायक प्लानिङ सडक पिच कार्यको मंसिर १८ गते निरीक्षण गर्नुभयो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# विविध समाचार

## सामुदायिक शिक्षाप्रति जनविश्वास अभिवृद्धि गर्न विद्यालयको क्रियाशीलता प्रशंसनीय



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यालयको माध्यमिक तह राम्रो हुनु भनेको विद्यार्थीको शैक्षिक जग बलियो हुनु हो भन्नुभयो ।

नवीन आधारभूत विद्यालयको आयोजनामा भएको स्वन्ती नखः (तिहार) र छठको अवसरमा कार्तिक २१ गते भएको शुभकामना आदानप्रदान तथा पुरस्कार वितरण एवम् सांस्कृतिक कार्यक्रममा बोल्नुहुँदै उहाँले सामुदायिक शिक्षाप्रति जनविश्वास अभिवृद्धि गर्न नवीन आधारभूत विद्यालयको क्रियाशीलता प्रशंसनीय रहेको बताउनुभयो ।

उहाँले सामुदायिक विद्यालयहरूले पनि खेलकुद, अतिरिक्त क्रियाकलाप, भौतिक साधनहरूको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेटको व्यवस्था आदिमा विशेष जोड दिनुपर्ने धारणा राख्नुहुँदै विद्यार्थीहरूले खेलकुद र पढाइ सँगसँगै अगाडि बढाउन सके व्यक्तित्व विकासमा समेत सहयोग पुग्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर नपाले शिक्षा क्षेत्रको विकासमा गरिरहेको नवीन अभ्यासहरूबारे अवगत गराउनुहुँदै विद्यार्थीहरूले देशका गहना हुन् र योग्य तथा देशभक्त विद्यार्थी उत्पादन गर्नेतर्फ विद्यालयले जोड दिनुपर्ने बताउनुभयो ।

त्यस्तै विद्यालयका प्रअ **प्रकाश गोसाईं**ले विद्यालयको शैक्षिक गतिविधिबारे जानकारी दिनुभयो भने आधारभूत विद्यालय समिति भक्तपुरका अध्यक्ष **दिपक माक**ले भक्तपुरको शैक्षिक विकासमा आधारभूत विद्यालयहरूको भूमिकाबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा विद्यालयका पूर्व प्रअ विश्वाराम कवां, शिक्षक नारायणप्रसाद त्वानाबासु, पूर्वविद्यार्थी रोशना सैंजुलगायतले बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले विद्यालय स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका स्थानीय लक्ष्मीभक्त कवां र हरिगोपाल सैंजुलाई दोसल्ला ओढाई सोही अवसरमा सम्मान गर्नुका साथै प्रमुख अतिथि तथा अतिथिहरूले अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## जिल्लाव्यापी देउसी भैलो प्रतियोगिता




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले इष्ट प्वाइन्ट एकेडेमी स्कूलको आयोजनामा कार्तिक २३ गते भएको जिल्लाव्यापी देउसी भैलो प्रतियोगिताको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रम भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले देउसीभैलो प्रतियोगिता देशको कला संस्कृतिको संरक्षणको सिलसिलामा भएको बताउनुहुँदै कला संस्कृति र सम्पदा संरक्षण सबैको साझा कर्तव्य भएको बताउनुभयो ।

उहाँले भक्तपुरमा संसारका धेरै देशबाट सम्पदा अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकहरू भक्तपुर आउने क्रम तीव्र रूपमा बढिरहेको बताउनुहुँदै पर्यटन शुल्कबाट उठेको रकमबाट पर्यटन विकासका साथै नगरको शिक्षा, स्वास्थ्य, पुनःनिर्माण, सरसफाइ आदिमा खर्च गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले नेपालमा विदेशी सांस्कृतिक अतिक्रमण बढ्दै गएकोतर्फ नयाँ पुस्ता सजग हुनुपर्ने बताउनुहुँदै देशलाई जोगाउन यहाँका मौलिक सम्पदा जोगाउनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा इष्ट प्वाइन्ट एकेडेमीका प्रिन्सिपल रमेशचन्द्र श्रेष्ठले विद्यार्थीहरूमा निहित अतिरिक्त प्रतिभा प्रष्फुटन गराउने

र संस्कृति जगेर्ना गराउने उद्देश्यले प्रत्येक वर्ष देउसी भैलो प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै प्रतियोगिताले विद्यार्थीहरूमा उत्साह वृद्धि गरेको बताउनुभयो।

उक्त देउसी भैलो प्रतियोगितामा १० ओटा विद्यालयहरूको सहभागिता रहेको थियो।

## वैदेशिक हस्तक्षेपविरुद्ध सङ्घर्ष गरिरहनु आवश्यक : अध्यक्ष बिजुक्छेँ




वागीश्वरी कलेज, वागीश्वरी कलेज अफ म्यानेजमेन्ट र वागीश्वरी माध्यमिक विद्यालयको संयुक्त आयोजनामा कलेज भवन उद्घाटन, दीपावली, नेपाल संवत् ११४४ र छठको अवसरमा शुभकामना आदानप्रदान तथा नवागन्तुक विद्यार्थीहरूलाई स्वागत एवम् सांस्कृतिक कार्यक्रम कार्तिक २४ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ**ले देश विदेशको राजनीतिक परिस्थितिबारे विद्यार्थीलाई सचेत पारिराख्नुपर्नेमा जोड दिनुहुँदै देश र जनताको सेवा गर्ने देशभक्तिको भावना जगाउनुपर्ने बताउनुभयो। उहाँले वैदेशिक हस्तक्षेपविरुद्ध सङ्घर्ष गरिरहनुपर्ने आवश्यकता औँल्याउनुहुँदै अठार वर्ष पूरा गरेका हरेक युवालाई सैनिक तालिम अनिवार्य गर्नुपर्छ भन्नुभयो।




अमेरिकाको सहयोगमा इजरायलले विगत ३० दिनमा १० हजारभन्दा बढी प्यालेस्टिनी जनताको नरसंहार गरेको चर्चा गर्नुहुँदै उहाँले इजरायलका प्रधानमन्त्री न्येतन्याहुले प्यालेस्टिनको अस्तित्व मेट्ने दुष्प्रयास गरेकै कारण युद्ध भएको हुँदा यसको जिम्मेवार इजरायल हो भन्नुभयो।

कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले वागीश्वरी कलेजले सस्तोमा स्तरीय शिक्षा प्रदान गरिरहेकोमा सन्तोष व्यक्त गर्नुहुँदै कलेजमा नयाँ–नयाँ विषय थप्ने प्रयास भइरहेको जानकारी दिनुभयो।

त्रिभुवन विश्वविद्यालयले निजी कलेजहरूको दबाबमा सामुदायिक कलेजलाई नयाँ नयाँ विषयको सम्बन्धन नदिएको प्रति असन्तोष व्यक्त गर्नुहुँदै उहाँले बढ्दो सङ्ख्यामा नेपाली विद्यार्थीहरू विदेसिनुमा विश्वविद्यालयका जिम्मेवार व्यक्तिहरू नै दोषी छन् भन्नुभयो। हालै कार्यकाल पूरा गरेका त्रिविका उपकुलपतिले आफ्नो कार्यकालको एकतिहाइ समय तालाबन्दी भोग्नुपरेको बताएबाट त्रिविको स्थिति छर्लङ्ग हुन्छ भन्नुहुँदै उहाँले देशका १४४० कलेजमध्ये ५०० कलेज बन्दको स्थितिमा पुगेको बताउनुभयो। सरकारको एउटा गलत नीतिको कारण देशका २२८ नर्सिङ कलेज बन्द हुँदा नेपालको सीमावर्ती भारतीय क्षेत्रमा सयौँ नर्सिङ कलेज पोषिएको बताउनुहुँदै उहाँले कृषिप्रधान देशमा कृषिमा विद्यार्थी अभाव हुनु विडम्बनापूर्ण छ भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले एमसीसीका कारण देश अप्ठ्यारोमा पर्दै जाने निश्चित छ भन्ने कुरा हरेक क्षेत्रमा बढ्दो अमेरिकी हस्तक्षेपले पुष्टि गर्छ भन्नुहुँदै नेपाली जनता यसमा सचेत नभए भोलि देशको अस्तित्व नै खतरामा पर्न सक्छ भनी सचेत पार्नुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घले अन्तर्राष्ट्रिय कर्तव्यबोध गरी राजधानीमा हालै प्यालेस्टिनी जनताको पक्षमा इजरायली फासीवादको विरुद्ध प्रदर्शन तथा सभा गरेको चर्चा गर्नुहुँदै उहाँले अरूलाई परेको अन्यायको विरुद्ध आवाज नउठाए भोलि हामीलाई कसैबाट अन्याय भए कसले आवाज उठाउँछ भनी प्रश्न गर्नुभयो। उहाँले भन्नुभयो, 'संसारका न्यायप्रेमी जनता युद्धको विरोधमा छन्; स्वतन्त्र प्यालेस्टाइनको पक्षमा छन्। यस विषयमा पनि शिक्षक विद्यार्थी जानकार हुन आवश्यक छ।'

भनपा ९ का वडाध्यक्ष एवं वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष **रवीन्द्र ज्याख्व**ले शिक्षा राज्यको दायित्व हो तर यहाँ शिक्षा किन्ने वस्तु बनाइएको छ; पैसा हुने र पैसा नहुनेबीच शिक्षामा विभेद छ भन्नुहुँदै उहाँले वागीश्वरी स्कूलले आफ्नो वरिपरिका स्कूललाई पनि सक्दो सहयोग गर्दै आएको बताउनुभयो।

कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा**ले विद्यालयको सङ्क्षिप्त प्रतिवेदन सुनाउनुभयो।

कलेज भवन निर्माण उपभोक्ता एवं अनुगमन समितिका

संयोजक **ज्ञानसागर प्रजापति**ले २०७६ साल मङ्सिर २१ गते शिलान्यास भई २०८० साल असार मसान्तसम्ममा भवन निर्माणमा पाँच करोड चौध लाख सन्तानब्बे हजार पाँच सय त्रिपन्न रूपैयाँ खर्च भएको विवरण प्रस्तुत गर्नुभयो। उहाँका अनुसार उक्त रकममध्ये वाग्मती प्रदेश, भक्तपुर नगरपालिका र विश्वविद्यालय अनुदान आयोगबाट दुई करोड अठहत्तर लाख सत्तासी हजार अन्ठानब्बे रूपैयाँ र कलेजको आन्तरिक स्रोतबाट दुई करोड छत्तीस लाख दस हजार चार सय पचपन्न रूपैयाँ खर्च भएको छ।



प्रमुख अतिथि बिजुक्छेँले नवनिर्मित भवनको मूलढोकामा रिवन काट्नुका साथै ताम्रपत्र अनावरणपछि समारोहको उद्घाटन गर्नुभएको थियो।

भवन निर्माणमा योगदान दिने इन्जिनियरद्वय गङ्गासागर प्रजापति र अमोद उलकलाई मायाको चिनोसहित सम्मानपत्र प्रदान गरिएको थियो भने निर्माण व्यवसायीद्वय प्रदीप गौतम र नरेश त्वायनालाई पनि मायाको चिनोसहित प्रशंसापत्र प्रदान गरिएको थियो।

कार्यक्रममा भनपा शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्य, विद्यार्थी पूर्णिमा प्रजापति र कार्यक्रमका संयोजक काजल थापाले शुभकामना मन्तव्य दिनुभएको थियो।

## युद्धको विरोध गरेन भने संसारमा लासको थुप्रो अग्लो हुँदै जाने : सांसद प्रेम सुवाल

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभाका सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. को १६ औं साधारणसभा कार्तिक २४ गते सम्पन्न भयो।

कार्यक्रममा सांसद **सुवाल**ले इजरायलले




प्यालेष्टाइनमाथि जातीय रूपमा दमन गर्न खोजिरहेको तर प्यालेष्टाइनीहरू आफ्नो भूमि रक्षाको निम्ति सय वर्ष अगाडिदेखि निरन्तर लडिरहेको बताउनुहुँदै न्यायप्रेमी जनताले प्यालेष्टाइनको पक्ष र इजरायलको विरोधमा आवाज उठाउनुपर्ने धारणा राख्नुभयो।

इजरायलमा नेपाली विद्यार्थीहरूलाई पढ्न पठाउनु नै सरकारको गलत नीति भएको दोहोऱ्याउनुहुँदै उहाँले न्यायप्रेमी र देशभक्त जनताले युद्धको विरोध गरेन भने संसारमा लासको थुप्रो अग्लो हुँदै जाने सङ्केत गर्नुभयो।

उहाँले देशको कृषि क्षेत्रलाई अगाडि बढाउन र विकास गर्ने उद्देश्यले सहकारी संस्थाहरूको अवधारणा अगाडि बढेको बताउनुहुँदै नेपालका सहकारी संस्थाहरू सहकारी संस्थाको मूल्य मान्यताअनुसार अगाडि बढ्न नसक्नुमा जनताको चेतनास्तरले पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

प्रमुख अतिथि सुवालले कर्मचारीहरू भनेका समाजका जानेबुझेका जनताको सेवा गर्न खटिएका जिम्मेवार नागरिक भएको बताउँदै कर्मचारीहरूले जनतामाझ नमुना भएर समाजमा प्रस्तुत हुन मार्गनिर्देश गर्नुभयो।

कुनै पनि संस्था आर्थिक विषयमा मात्र केन्द्रित हुँदा त्यहाँको राजनीतिक विषय गौण हुने बताउनुहुँदै उहाँले जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित पार्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयका पार्टी प्रकाशनहरूको अध्ययन गोष्ठी सञ्चालन, सदस्यहरूलाई सीपमूलक तालिम सञ्चालनलगायतका विषयमा सहकारी संस्थाहरू अग्रसर हुनुपर्ने जरुरी रहेको बताउनुभयो।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहकारी संस्थाहरूले बैंक तथा वित्तीय संस्थाहरूले भन्दा फरक ढङ्गले कारोबार सञ्चालन गर्नुपर्ने बताउनुहुँदै संस्थाले आर्थिक अनुशासनसँगै देशभक्तिपूर्ण गतिविधिमा पनि आफ्ना सदस्यहरूलाई सहभागी गराउनुपर्ने आजको आवश्यकता रहेको औँल्याउनुभयो।

प्रमुख प्रजापतिले देशभक्तिपूर्ण आन्दोलन गरिरहेका

प्यालेष्टाइनीहरूको पक्षमा नेपाली जनताले पनि साथ दिनुपर्ने धारणा राख्नुहुँदै राजनीतिक नेतृत्व गर्नेहरूमा दूरगामी सोचको अभाव रहेमा देशले ठूलो सङ्कट भोग्नपर्ने विषय अहिले पुष्टि हुँदै गइरहेको बताउनुभयो ।

नागरिकता विधेयक, एमसीसी जस्ता देशघाती सम्झौताको विरोधमा सबैले विरोध गर्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले जनताको नि:स्वार्थ रूपमा सेवा गर्नु नै साँचो अर्थमा जनताको पक्षमा गरिने राजनीति हो भन्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका सङ्घका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले नेपालमा सहकारीको अवधारणा र मूल्य मान्यताअनुसार चलेका सहकारी संस्थाहरू न्यून रहेको उल्लेख गर्नुहुँदै व्यक्तिगत लाभ, स्वार्थमा मात्र ध्यान दिनुभन्दा सदस्य र देशकै हितको निम्ति काम गर्न सहकारीकर्मीहरू दत्तचित्त भएर लाग्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखाजू**ले सहकारी संस्था बैंक तथा वित्तीय संस्थाभन्दा फरक भएको धारणा राख्नुहुँदै सहकारीमा दुष्कर्मी सञ्चालकहरूको प्रवेशसँगै जनताको बचत सङ्कटमा पर्दै गएको बताउनुभयो ।

संस्थाका अध्यक्ष दिलकृष्ण माकको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष पुन्यराम लाखाले स्वागत मन्तव्य, कोषाध्यक्ष भरत अवालले आ.व. २०७९।८० को आय व्यय तथा आ.व. २०८०।८१ को बजेट, दिलिपकुमार सुवालले आ.व. २०७९।८० को प्रगति विवरण र लेखा सुपरीवेक्षण समितिका संयोजक दिब्यलक्ष्मी बज्राचार्यले समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## जातजाति-भाषाभाषी राज्यको सम्पति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि. १६ औँ साधारण सभा कार्तिक २५ गते सम्पन्नभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले जातजाति–भाषाभाषीको नाउँमा समाजमा विभाजन ल्याउन नहुने र त्यसलाई राज्यको सम्पत्तिको रूपमा ग्रहण गरी संरक्षण गर्नुपर्ने बताउनुभयो ।

उहाँले जातीय द्वन्द्वमा परी अफ्रिकी देश रूवान्डामा १ वर्षमा १० लाख मानिसको ज्यान गएबाट सत्तामा बस्ने राजनीतिक दलहरूले शिक्षा लिनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'सहकारी सदस्यहरूले सधैँ नाफा नोक्सानको मात्र कुरा गर्ने हो भने बैंक तथा वित्तीय संस्थाभन्दा कुनै फरक हुनेछैन । हरेक सदस्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जानकारी राख्नुपर्छ ।'

उहाँले सामुदायिक विकास कोषको रकम समाज सेवाको लागि नै खर्च हुने र स्वास्थ्य उपचारमा खर्च गर्दा जनताको हित हुने बताउनुभयो ।

सहकारीहरू जनताको पैसा लिएर भाग्ने क्रम जारी रहेको हुँदा प्रत्येक सदस्य सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'हामीले बारम्बार सचेत गराउँदा पनि अलिकति बढी ब्याजको लोभ गर्दा धेरै जनाको पैसा फसेको छ ।'

भनपा वडा नं. ९ नं का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले स्वास्थ्य अन्यन्त संवेदनशील विषय भएको हुँदा सबै स्वास्थ्यप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष कृष्णराम कासिछ्वाको सभापतित्वमा सम्पन्न कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका राजकुमार लघु, सल्लाहकार कृष्णभक्त लवजु, रामकृष्ण प्रजापति, भक्तपुर साकोसका बलराम प्रजापति, सिद्धि गणेश साकोसका जयराम गोर्खालीले शुभकामना मन्तव्य दिनुभयो । कार्यक्रममा सचिव सत्यराम ज्ञामरूले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष तुल्सीकेशरी प्रजापतिले आर्थिक प्रतिवेदन, उपाध्यक्ष श्रीप्रसाद प्रजापतिले स्वागत तथा सञ्चालन राजुसिं बजिको र सीतालक्ष्मी कोजूले गर्नुभएको थियो ।

प्रमुख प्रजापतिले विभिन्न सङ्घ संस्थामा बसेर समाज र देशको सेवा गर्ने व्यक्ति, असल बचतकर्ता, असल ऋणी र ज्येष्ठहरूलाई सम्मान गर्नुभएको थियो ।

## "देशभक्तिपूर्ण आन्दोलनलाई जनताले समर्थन गर्नुपर्छ"

उक्त भनाइ भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समझदारी बचत तथा ऋण सहकारी संस्थाको सोन्हौँ साधारणसभाको कार्तिक २५ गते उद्घाटन कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

अहिले प्यालेस्टाइनीहरूले दु:ख पाइरहेका छन् ।



इजरायली सेनाले आम नरसंहार गरिरहेको छ। यस्तो सङ्कटको बेला हामीले आवाज उठाउनु नागरिकको अन्तर्राष्ट्रिय कर्तव्य हो, उहाँले भन्नुभयो।

नेपालीहरू रोजगारीको निम्ति विदेशिने गरेको बारे उहाँले भन्नुभयो, 'हाम्रा युवाहरूमा शैक्षिक योग्यता सँगसँगै सीप पनि हुनुपर्छ। सीप भएको युवाको लागि कामको खाँचो पर्दैन। हामीले काम खोजेर हिँड्ने होइन कामले हामीलाई खोज्ने वातावरण तयार गर्नुपर्छ।'

सहकारी संस्थाहरूले सांस्कृतिक, खेलकुद प्रशिक्षणलगायत विभिन्न रचनात्मक काममा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले बहुउद्देश्यीय संस्थाहरूलाई नगरपालिकाले समयमै रोक नलगाएको भए भक्तपुरवासीहरूको धेरै पैसा फस्ने थियो भन्नुभयो।

भनपाका जनप्रतिनिधिहरू सधैँ समाज सेवामा समर्पित भएर लागिरहेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले जनताको सेवा गर्नेबाहेक हाम्रो कुनै स्वार्थ छैन भन्नुभयो।

संस्थाका अध्यक्ष **कृष्णगोपाल चगुठी**को सभापतित्वमा भएको उक्त कार्यक्रममा जिल्ला सहकारी सङ्घका प्रतिनिधि बालकृष्ण ध्वोजुलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो।

## बुद्धको देशमा बसेर युद्धको विरोध गर्नुपर्ने



केदारनाथ वचत तथा ऋण सहकारी संस्था लि.को ११ औं साधारणसभा कार्तिक २५ गते भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् प्रदेश सांसद **सुरेन्द्रराज गोसाई**ले सहकारीले कलाकारहरूलाई स्थान दिई अवसर दिएकोले नयाँ पुस्तामा हस्तान्तरण भएको बताउनुहुँदै शिक्षित भएर मात्र नपुग्ने सुसंस्कृत र संस्थामा पनि संस्थागत संस्कृति महत्त्वपूर्ण हुने बताउनुभयो।

उहाँले नेपाल संवत्को तिथि मितिको गडबडी नियोजित हो कि भन्ने आशङ्का लागेर आएको बताउनुहुँदै सहकारीले तालिमका साथै उत्पादन गरेकोमा सऱ्हानीय काम हो तर अहिले मर्मत सम्भारको समेत तालिम आवश्यक भएको बताउनुभयो।

उहाँले बहुदल अएपछि भारतीय एकाधिकार पूँजीका दलालहरूले नेपालको उद्योग धन्दा सबै कौडीको मोलमा बेचेर नष्ट गऱ्यो भने प्रत्येक निर्वाचन क्षेत्रबाट युवाहरूलाई विदेश पठाउने नीतिले अहिले यो स्थिति आएको र भोलि बुढाबुढी सेवा गर्ने देशमा परिणत हुने बताउनुभयो। उहाँले युक्रेन युद्ध अमेरिकी साम्राज्यवादको उक्साहतका कारण भएको र प्यालेष्टाइनी जनताको देश प्यालेष्टाइनलाई इजरायल बनाएर अहिले बरबरतापूर्ण आक्रमणले वाइडेन र न्यतान्याहु हिटलर पछिका क्रुर शासक भएकोले गौतम बुद्धको देशमा बसेर युद्धको विरोध नगरिरहन नसक्ने बताउनुहुँदै जातीय संहार वा जाति सफाया गर्न खोजेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिका ७ नं. वडाध्यक्ष **उकेश कवाँ**ले समुदायमा आधारित सहकारीले गरिब, किसान, मजदुर, कुटीर उद्योगको निम्ति काम गर्नुपर्ने बताउनुहुँदै सहकारीमा आर्थिक हिनामिना गरेको विरुद्ध २०२५ सालमा आन्दोलन गरेको साथै अहिलेपनि सञ्चालकहरूको सम्पति रोक्का गर्ने कार्य गरेको बताउनुभयो।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका प्रतिनिधि **जगनाथ प्रजापति**ले समुदायमा आधारित सहकारी नभागेको र नबिग्रेको बताउनुहुँदै सदस्य निक्षेप कर्ताले व्याजको लोभमा जस्तोसुकै सहकारीमा निक्षेप जम्मा गर्दा समस्या देखिएको बताउनभयो।

संस्थाका अध्यक्ष राजभाइ तजलेको सभापतित्वमा सम्पन्न कार्यक्रममा सुलोचना दुवाल, बाबुकाजी कसपाल, रामकृष्ण प्रजापति, दयाराम तजले बोल्नुभएको थियो भने आर्थिक प्रतिवेदन साजन कसपालले प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा उत्कृष्ट बचत, उत्कृष्ट ऋणी, उत्कृष्ट बालबचत, उत्कृष्ट सदस्य, जेष्ठसम्मान, १० वर्षभन्दा बढी सेवा गरेका संस्थाका कर्मचारीहरूलाई प्रमुख अतिथि सुरेन्द्र राज गोसाईले कदरपत्रले सम्मान गर्नुभएको थियो।

## सहकारी श्रमजीवी जनताको हित र उत्थानको लागि हुनुपर्छ



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को २५ औँ वार्षिक साधारणसभाको उद्घाटन कार्तिक २५ गते एक समारोहबीच गर्नुभयो ।

सो अवसरमा उपप्रमुख **जोशी**ले सहकारी संस्थाहरू सहकारीको सिद्धान्त र मूल्यमान्यताअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिनुहुँदै सहकारी बहुसङ्ख्यक श्रमजीवी जनताको हित र उत्थानको लागि हुनुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरलाई कला र संस्कृतिको केन्द्रका साथै ज्ञान र विज्ञानको गन्तव्य बनाउन भक्तपुर नगरपालिका नेमकिपाको निर्वाचन घोषणा पत्रअनुसार लागिरहेको बताउनुहुँदै भनपाले विश्वविद्यालय स्तरका कलेजहरू सञ्चालन गरिरहेको उल्लेख गर्नुभयो ।

ख्वप विश्वविद्यालय स्थापना हुन नदिन सङ्घीय र प्रदेश सरकारले भनपामा सम्भव नै नहुने प्रावधानहरू राखेर शिक्षा ऐन संशोधन गरेको उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले नयाँ पुस्तालाई हाम्रो कला, संस्कृति र सम्पदाबारे जानकारी दिनुपर्ने बताउनुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन सकिने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष **गोविन्द दुवाल**ले सहकारीले आर्थिक लेनदेनमात्र नगरी देशको राजनीतिक, आर्थिक र सामाजिक विषयहरूबारे सदस्यहरूलाई सचेत बनाउनुपर्छ भन्नुभयो ।

भक्तपुरको आर्थिक विकास विगतको किसान आन्दोलन र सङ्घर्षको प्रतिफल भएको बताउनुहुँदै उहाँले देशको नीति सही नभएसम्म जनताको आर्थिक, शैक्षिक, सामाजिकलगायत विकास हुन नसक्ने चर्चा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखाजू**ले इमानदारिता, पारदर्शिता, न्याय र समानता, आन्तरिक प्रजातन्त्र, समुदायमा आधारितलगायत सहकारीका आधारभूत गुण नभएका सहकारी वास्तविक सहकारी नहुने र अहिले त्यस्तै सहकारीहरू बचतकर्ता र निक्षेपकर्ताको रकम लिएर भागेका छन् भन्नुभयो ।

कार्यक्रममा संस्थाका असल बचतकर्ता र ऋणीहरूलाई कदरपत्रका साथ सम्मान गरिएको थियो भने संस्थाले सञ्चालन गरेको तीनमहिने मादल प्रशिक्षणबाट दीक्षितहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

संस्थाको सञ्चालक समितिका अध्यक्ष बिकुलाल सुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष गोविन्दराम त्वानाबासु, सचिव जयराम लागेजूले प्रगति प्रतिवेदन, कोषाध्यक्ष नारायणप्रसाद लागेले आर्थिक प्रतिवेदन र लेखा परीक्षण समितिका संयोजक सुरेन्द्रप्रसाद दुवालले लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

## अन्तर विद्यालय टेबुल टेनिस तथा दौड प्रतियोगिता



भक्तपुर नपा २ वडा युवा तथा खेलकुद समितिको आयोजनामा न्हू दँ नेपाल संवत् ११४४ तथा शुभ दिपावलीको अवसरमा भक्तपुर नगरव्यापी अन्तर विद्यालय टेबुल टेनिस प्रतियोगिता तथा वडाव्यापी अन्तर विद्यालय दौड प्रतियोगिताको पुरस्कार वितरण, शुभकामना आदानप्रदान तथा बधाई कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कार्तिक २६ गते सम्पन्न भयो ।

प्रमुख **प्रजापति**ले विद्यार्थीहरूले तिहार पर्वमा संस्कृति जगेर्नाका साथसाथै रचनात्मक कार्यमा सदुपयोग गर्नुपर्ने बताउनुहुँदै खेलाडीहरूले खेलमा हारजितलाई सहज रूपमा लिनुपर्ने तथा खेलको माध्यमबाट उज्यालो भविष्य निर्माणको लागि कठोर परिश्रम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले राजनीति र खेललाई तुलना गर्नुहुँदै खेलाडीहरूले विपक्षको कमजोर पक्ष पत्ता लगाई जित हासिल गर्न सकिने र राजनीतिमा प्रतिपक्षको कमजोर पक्षलाई आलोचना गरी समाजलाई अगाडि बढाउन सकिने धारणा राख्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडा अध्यक्ष **हरिप्रसाद बासुकला**ले वडाको खेल विकासको लागि विभिन्न खेल गतिविधिहरू अगाडि बढाउँदै आएको बताउनुहुँदै वडामा निर्माणका गतिविधिहरूको बारे बताउनु भयो ।

नेपाल मजदुर किसान पार्टी २ वडा एकाई समितिका इन्चार्ज **रत्नकाजी नायोभारी**ले विद्यार्थीहरूको पढाईका साथै कुनै एक खेलमा संलग्न हुनुपर्नेमा जोड दिनुभयो ।

जिल्ला टेबुल टेनिस सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजा**ले वडाको नियमित खेलकुद गतिविधिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

आयोजक समितिका अध्यक्ष पुण्यराम स्वंगिमखाको सभापतित्वमा भएको कार्यक्रममा समितिका सदस्यहरू अजेन्द्र लघु र ज्ञानेन्द्र मानन्धरले पनि बोल्नु भएको थियो ।

फाईनल खेलमा छात्र १६ वर्षमुनीमा माउण्ट भ्याली इ.से.स्कुलका सोहिन गोर्खाली प्रथम, प्रोक्सिमा इन्टरनेशनल एकेडेमीका विशाल कवां द्वितीय, छात्रातर्फ प्रोक्सिमाकी नर्मदा खाईतु प्रथम र प्रभात इ.स्कुलकी सोफिना कोजु द्वितीय भए । त्यस्तै छात्र १२ वर्षमुनीमा एभरेष्ट इ.स्कुलका निरल बासुकला प्रथम र प्रोक्सिमाका रिजन ख्याजु द्वितीय र छात्रा तर्फ प्रभातकी उरवी सुवाल प्रथम र प्रभातकी रेस्ना कोजु द्वितीय हुन सफल भए ।

टेबुल टेनिस तथा एथ्लेटिक्सका विजयी खेलाडीहरूलाई प्रमाण-पत्र, शिल्ड र मेडलले पुरस्कृत गरियो भने टेबुल टेनिस तर्फ उदयीमान खेलाडीहरू मालाश्री सुवाल (लनर्स एकेडेमी), प्रेरित दुवाल (लिटिल वर्ल्ड), ओजिन सुवाल (द राईजिङ्ग इ.स्कुल) र सफल सुवाल (प्रभात इ.स्कुल) घोषित भए ।

त्यस्तै स्पीन इभेन्ट प्रा.लि. को आयोजनामा भएको तेश्रो देशव्यापी अन्तर वडा टेबुल टेनिस प्रतियोगितामा २ वडाबाट सहभागी भई महिला टिम इभेन्टमा स्वर्ण तथा महिला एकलमा रजत जित्न सफल खेलाडी तथा प्रशिक्षकहरूलाई पनि सम्मान गरियो ।

# भक्तपुर हिन्दू र बौद्ध वास्तुकलाले समृद्ध नगर



कठिन चीवर दान तथा शोभायात्रा भव्य कार्यक्रमबीच कार्तिक ३० गते मुनि विहार, भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रममा थाइल्यान्डका कठिन दाता श्रद्धेय भिक्षु समतेच बरधीञाणमुनी (समछाय) सहित विभिन्न टोलीहरूबाट एक सयभन्दा बढी उपासक उपासिका तथा सामान्य थाइल्यान्डवासीहरू सहभागी थिए ।

प्रमुख अतिथि कठिन दाता श्रद्धेय भिक्षु **समतेच बरधीञाणमुनी** (समछाय) ले कठिन चीवर दान विधिबारे उपदेश दिनुभएको थियो ।



कार्यक्रममा 'विनयमुख' पुस्तक विमोचन गरिएको थियो । साथै रौतहटको चन्द्रपुर १ मा निर्माण हुने गुल्म राजा बुद्ध विहार फरेस्टको शिलान्यास पनि गरिएको थियो भने कार्यक्रमस्थलमा बोधीवृक्ष वृक्षरोपण गरिएको थियो । कार्यक्रममा बरवैरीविनाश भगवानको हस्तान्तरण, नेपाल थाइ मैत्री भवनको उद्घाटन गरिएको थियो ।

नगर प्रमुख **सुनिल प्रजापति**ले कार्यक्रममा सहभागी सबैलाई स्वागत गर्नुहुँदै भक्तपुर नगर हिन्दू र बौद्ध वास्तुकलाले समृद्ध नगर भएको र यहाँ सबै धर्म र संस्कृतिका मानिसहरू मिलेर बसेको बताउनुभयो ।

भनपाले सबै धर्म र संस्कृतिका सम्पदाहरूलाई राज्यको

सम्पदाको रूपमा ग्रहण गरी संरक्षण र संवर्द्धन गरिरहेको चर्चा गर्नुहुँदै उहाँले भक्तपुरका विभिन्न टोलहरूमा अवस्थित विहार र चैत्यहरूको पुनः निर्माण तथा मर्मत सम्भार गर्दै आएको स्पष्ट पार्नुभयो ।

बौद्ध दर्शन भौतिकवादी दर्शन भएको र त्यसले संसारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याएको उल्लेख गर्नुहुँदै उहाँले हरेक कुरालाई भौतिकवादी दृष्टिले व्याख्या र विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

समाजमा धनी र गरिबवर्ग भएकै कारण धेरै मानिसहरूले दुःख पाइरहेको उल्लेख गर्नुहुँदै उहाँले सबैको दुःख अन्त्यका लागि वर्गविहीन समाजको खाँचो छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'गौतम बुद्धले परिकल्पना गर्नुभएको समाज पनि कसैलाई दुःखकष्ट नहुने समतामूलक समाज हो ।'

लोभ नगर्नु, पाप नगर्नु, चोरी नगर्नु, अपराध नगर्नु भन्नेजस्ता गौतम बुद्धले २६ सय वर्ष अगाडि दिनुभएको उपदेश आज पनि सान्दर्भिक र आवश्यक रहेको विचार प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

भनपाले सबै नगरवासीलाई शिक्षित र सचेत बनाउन शिशुस्याहारदेखि कलेजहरू सञ्चालन गरी सुलभ ढङ्गले शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको बताउनुहुँदै उहाँले नागरिकहरूको स्वास्थ्य समस्या समाधानको लागि घरदैलो नर्सिङ सेवा, सहरी स्वास्थ्य क्लिनिक र सय शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

आयोजक मुनि विहार भक्तपुर व्यवस्थापन समितिका उपसचिव **शिव बाला**का अनुसार विदेशबाट विशिष्ट भिक्षुहरू सहभागी भई कठिन चीवर दान कार्यक्रम हुनु दुर्लभजस्तै हो । यसअघि चीवर शोभायात्रा गरिएको थियो । नगरको खौमा ध्वाका (प्रवेशद्वार) बाट नगर परिक्रमा गरी इनाचोस्थित रहेको मुनि विहारमा टोली पुगेको हो । मुनि विहार दायक सभा भक्तपुर नपा वडा नं ७ इनाचोको आयोजनामा सो कार्यक्रम भएको हो ।



कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, भनपा वडा नं ७ का वडा अध्यक्ष उकेश कवांलगायतका विशिष्ट व्यक्तिहरू पनि सहभागी हुनुहुन्थ्यो । कठिन चीवर दानले भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई एक ठाउँमा जम्मा हुने अवसर प्रदान गर्दछ । उपसम्पदा भिक्षुहरूले हरेक वर्ष तीन महिनाको वर्षावास अधिष्ठान विनयपूर्वक सम्पन्न गरेको दिन सङ्घ पवरणा गरेदेखि एक महिनाको अवधिभित्र एउटा विहारमा एकपटक आयोजना गरिने विशेष चीवर दान उत्सवलाई कथिन चीवर दान उत्सव भनिन्छ ।

## मुटुरोग र क्यान्सर पीडित कर्मचारीलाई आर्थिक सहयोग




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाका मुटुरोग र क्यान्सरबाट पीडित २ जना कर्मचारीहरूलाई नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिबाट आर्थिक सहयोग हस्तान्तरण कार्यक्रम मंसिर १ गते भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रत्येक बिरामीलाई भक्तपुर नपाका कर्मचारीहरूको १ दिन बराबरको तलबबाट जम्मा भएको रकम आर्थिक सहयोगस्वरूप हस्तन्तरण गर्नुभएको थियो ।

## सरकारी माइन्युट र दस्तावेजमा नेपाल संवत् लेखिने

नेपाल सरकारले सरकारी माइन्युट र दस्तावेजमा नेपाल संवत् अनिवार्य रूपमा उल्लेख गर्ने निर्णय कार्तिक २७ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको छ ।

सरकारले सो निर्णयले नेपाल संवत्‌लाई सबैको साझा राष्ट्रिय मान्यताको अनुभूति दिलाउने दिशामा महत्त्वपूर्ण कदम साबित हुने विश्वास व्यक्त गरेको छ ।

स्मरणीय छ, सरकारले २०५७ सालमा नेपाल संवत्‌का

प्रवर्तक शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेको थियो भने २०६५ सालमा नेपाल संवत्‌लाई राष्ट्रिय मान्यता दिएको थियो ।

## नेपालमा राजतन्त्र फर्किने सम्भावना देख्दिन : अध्यक्ष रोहित



'नेपालमा राजतन्त्र फर्किने सम्भावना देख्दिनँ । केटाकेटी बेलाको लुगा ठूलो भइसकेपछि मिल्दैन । मुसालाई तर्साउन बिरालो पालेझैँ जनतालाई तर्साउने राजा गुहार्नु गलत हो । राजा जनता तर्साउने वस्तु होइन । विदेशीहरूले राजा ल्याउन खोजेका हुन् भने तिनका विरुद्ध नेपाली जनताले सङ्घर्ष गर्नेछन् ।'

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) ले मंसिर ३ गते टीभी पत्रकारलाई व्यक्त गर्नुभएको हो ।

जिएनएन र एपिवन टेलिभिजनको 'विषयान्तर' कार्यक्रमका लागि चन्द्र बानियाँसँग कुराकानी गर्नुहुँदै अध्यक्ष रोहितले प्रस्ट पार्नुभयो, 'गणतन्त्र या राजतन्त्र कुनै व्यक्ति र पार्टीको पेवा होइन । कसैले राजा ल्याउँछु भन्ने बित्तिकै आउने र फाल्छु भन्ने बित्तिकै फालिने होइन । देशको परिस्थितिले निर्णय गर्ने हो ।'

उहाँले अगाडि भन्नुभयो, 'गणतन्त्र कागजको वस्तु हो र त्यति कमजोर ठान्नलाई ? हो, अपराधीहरू भने डराउने छन् किनकि तिनले देश र जनताविरुद्ध अपराध गरेका छन् । देश र जनताप्रति समर्पितहरूले कसैसँग डराउनुपर्दैन । आफ्नै खुट्टामा उभिनेहरू डराउँदैनन् ।'

एक अर्को प्रश्नमा अध्यक्ष रोहितले भन्नुभयो, 'अर्ध औपनिवेशिक तथा अर्ध सामन्ती देशमा राजा सबैभन्दा कमजोर बिन्दु हो । विदेशीले राजालाई प्रयोग गर्न खोज्नु स्वाभाविक हो । विभिन्न देशमा त्यस्ता भएका उदाहरण छन् । राजा समर्थकहरूले विरोध गर्दैमा गणतन्त्र ढल्ने होइन । विचारसँग डराउनुहुँदैन । देशका सारा कलकारखाना विदेशीलाई दिइए या बेचिए । निजीकरणको नाउँमा मित्रराष्ट्रले दिएका भएभरका कारखाना खत्तम पारियो । यसबारे राजावादीहरू बोल्दैनन् । त्यसबारे एक शब्द नबोल्ने राजावादीहरू केको देशभक्त ?'

शासक दलहरूबारे प्रस्ट पार्नुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'एमाले, एमाओवादी र काङ्ग्रेस कामदारवर्गका पार्टी होइनन् । ती पुँजीपतिवर्गका पार्टी हुन्, त्यो पनि दलाल पुँजीपतिवर्ग । राष्ट्रिय पुँजीपतिवर्ग र दलाल पुँजीपतिवर्गबीच भेद गर्नैपर्छ । कम्युनिस्टहरूले निजीकरणको समर्थन गर्दैनन् ।'

उहाँले नेमकिपा एक्लैले एमसीसी सम्झौताविरुद्ध सदन र सडकमा लगातार सङ्घर्ष गरेको उल्लेख गर्नुहुँदै अमेरिकी तथा बेलायतीहरू पुगेको ठाउँमा देश टुक्रा–टुक्रा पारेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, 'अमेरिका दाता होइन व्यापारी हो । त्यो अमेरिकी चरित्र नै हो ।'

आर्थिक–सामाजिकरूपमा देश झन्‌झन् सङ्कटमा फस्दै जानुमा सरकारमा गएका दल तथा नेताहरू जिम्मेवार भएको बताउनुहुँदै उहाँले जनतालाई यथार्थ जानकारी दिन जनसभा आयोजना गर्ने हिम्मत गर्नुपर्छ भन्नुभयो । देशको अन्तर्राष्ट्रिय छबि कमजोर हुँदै गएको उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'नेपालको परराष्ट्र नीति अमेरिकाको पिछलग्गू बनेको छ ।'

## देश र जनताको नि:स्वार्थरूपले सेवा गर्नु नै जनताको राजनीति




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिको पूर्ण बैठक एवं मार्गनिर्देशन कार्यक्रम मंसिर ३ गते भयो ।

कार्यक्रममा अध्यक्ष **रोहित**ले देश र जनताको निःस्वार्थभावले सेवा गर्नु नै राजनीति भएको स्पष्ट पार्नुहुँदै 'कर्मचारीहरूले राजनीति गर्नुहुन्न' भन्ने भ्रम नियोजितरूपमा प्रतिक्रियावादीहरूले फैलाइरहेको तर्फ सचेत गराउनुभयो ।

आफ्नो जिम्मेवारीबाट कार्यकर्ताहरू विचलित हुन नहुने, व्यक्तिगत फाइदा लिने उद्देश्यले राजनीतिक पार्टीलाई उपयोग गर्न नहुने र पार्टीमा क्रियाशील भएपछि गलत कार्य गरे पनि छुट पाउने मानसिकताबाट सबैलाई टाढा राख्नुपर्ने आवश्यकता अध्यक्ष रोहितले औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, 'कर्मचारीहरू देश र जनताप्रति बफादार एवम् इमानदार हुनुपर्छ । आरामपूर्वक जीवन बिताउने सोच त्यागनुपर्छ । जुनसुकै पदमा बसे पनि पदीय दायित्व इमानदारीपूर्वक निर्वाह गरौँ; योग्य र असल नागरिक बन्न मेहनत गरौँ ।'

पार्टी अनुशासनलाई शिरोधार्य गर्नुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष रोहितले पार्टी अनुशासन पालन नगर्ने र पार्टी विधानविपरीत आचरण गर्नेलाई पार्टीले कारबाही गरेको उल्लेख गर्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, 'पार्टीले आवश्यकताअनुसार कर्मचारीलाई जनताको सेवामा खटाउन सक्छ । जागिरबाट राजीनामा दिएर भए पनि जनताको सेवा गर्न कर्मचारीहरू तयार भएर बस्नुपर्छ ।'

स्थानीय भाषाको जानकारी भएमा सेवाग्राहीको मन जित्न सकिने र जनताको सेवा गर्न सकिने भएकोले आफू कार्यरत क्षेत्रको भाषाबारे जानकारी लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

युक्रेनमा रूसविरूद्ध अमेरिकी साम्राज्यवादको युद्धबारे जानकारी गराउनुहुँदै उहाँले संरा अमेरिका जहाँ जहाँ पस्छ त्यहाँ त्यहाँ द्वन्द्व सिर्जना हुने गरेको बताउनुभयो ।

अध्यक्ष रोहितले विज्ञान र अर्थतन्त्रमा अगाडि नबढेसम्म समाजवादी व्यवस्था टिक्न नसक्ने धारणा राख्नुभयो ।

नेमकिपाका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले कर्मचारी संयन्त्रलाई स्थायी सरकार भनिने हुँदा सोहीबमोजिम जिम्मेवार भई काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कर्मचारीले आ–आफ्नो क्षेत्रको ऐन, नियमबारे जानकारी राख्नु जरूरी भएको उल्लेख गर्नुहुँदै उहाँले पार्टी प्रकाशन अध्ययन र अन्तरक्रिया कार्यक्रमहरूमार्फत राजनीतिक र सांस्कृतिकस्तर उठाउन जोड दिनुभयो ।

एमसीसी सम्झौतामा नेपालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने व्यवस्था राख्नुको अर्थ अमेरिकी साम्राज्यवादको हरेक कार्यको समर्थन गर्नुपर्ने हुन्छ, यसकारण यो सम्झौता देशघाती हो, उहाँले भन्नुभयो ।

साम्राज्यवादीहरूले अन्य देशको अर्थतन्त्र कब्जा गर्छन्, अमेरिकी साम्राज्यवादले २०० वर्षयता ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप र आक्रमण गरेको इतिहास छ, सचिव सुवालले भन्नुभयो ।

सिँहदरबारमा गएकाहरूको राजनीति सिद्धान्तच्यूत भएकै कारण देश र जनताले दुःख पाएको उल्लेख गर्नुहुँदै उहाँले शासक पार्टीहरू भारतीय एकाधिकार पुँजी र विस्तारवादको गोटीको रूपमा रहेको बताउनुभयो ।

नेपालका राजनीतिक पार्टीहरूबारे सचिव सुवालले भन्नुभयो, 'नेपाली काङ्ग्रेस विदेशी पुँजीको सेवा गर्ने पार्टी हो, एमाले भाइ काङ्ग्रेस भयो, माओवादी भारतको ट्रोजन हर्स भयो र मधेसवादी पार्टीहरू भारतीय गोटी भए ।'

उहाँले भन्नुभयो, 'समाजवाद र पुँजीवादको भिन्नताबारे जनतालाई स्पष्टसँग बुझाउनु आवश्यक छ । सबभन्दा बढी प्रजातन्त्रवादी, देशभक्त र शान्तिका पक्षपाती कम्युनिस्टहरू हुन् । अध्ययनबिना अगाडि बढ्न नसक्ने भएकोले कार्यकर्ताहरूले अध्ययनमा जोड दिनुपर्छ ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरू इमानदार भए देश बचाउन सकिने धारणा राख्नुहुँदै सत्य बोल्नेको जित सुनिश्चित छ भन्नुभयो ।

देश र जनताको इमानदारीपूर्वक सेवा गरेकै कारण नेमकिपाका सांसदहरू र भक्तपुर नगरपालिका अरूको लागि उदाहरणीय भएको प्रमुख प्रजापतिले भन्नुभयो ।

जीवन निष्क्रिय भएपछि मान्छेको आयु कम हुँदै जानेतर्फ सतर्क गराउनुहुँदै उहाँले कर्मचारीहरूले पढ्ने, चिन्तन गर्ने र सकारात्मक सोच राख्नुपर्ने बताउनुभयो ।

गलत काम गर्नेले अरूको पनि बद्नाम गराउने भएकोले सचेत रहनुपर्ने र गल्ती गर्ने मानिस थोरै भए पनि धेरै बिगार्नेतर्फ उहाँले सतर्क गराउनुभयो ।

समाजवादी व्यवस्था स्थापना नभएसम्म समस्या यथावत रहने हुँदा नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

शत्रुले कमजोरीमात्र हेर्छ, राम्रो हेर्दैन, तैपनि शत्रुले देखाएको कमजोरीलाई सकारात्मक रूपमा लिनुपर्छ । शत्रुको विरोधलाई खरोरूपमा प्रतिवाद गर्नुपर्छ, उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'रेमिट्यान्सले चल्ने अर्थतन्त्र भरपर्दो छैन । आत्मनिर्भरताबाहेक देश निर्माणको अर्को बाटो छैन, भलै त्यो दुःखदायी नै किन नहोस् ।'

कार्यक्रममा नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष

गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

प्रशिक्षणपछि बसेको बैठकले समाजका केन्द्रीय सचिव शिवराम धुख्वा र केन्द्रीय कोषाध्यक्ष काजीबहादुर पञ्चले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

बैठकले गौतमप्रसाद लासिवाको अध्यक्षतामा नेपाल कर्मचारी समाजको तेस्रो सम्मेलन तयारी समिति गठन गरेको छ ।

## त: मुंज्याको सांस्कृतिक विधाको पुरस्कार वितरण

# "साम्राज्यवाद र जातिवादको विरोध गर्नु प्रत्येक देशभक्त स्वाभिमानी नेपाली जनताको दायित्व हो" - अध्यक्ष बिजुक्छैं



'साम्राज्यवाद र जातिवादको विरोध गर्नु प्रत्येक देशभक्त स्वाभिमानी नेपाली जनताको दायित्व हो । देशको स्वाधीनता तथा अस्तित्वको निम्ति सङ्घर्षरत प्यालेस्टिनी जनताको आन्दोलनप्रति समर्थन तथा ऐक्यबद्धता जनाउनुपर्छ । साम्राज्यवादी देश अमेरिकाको सहयोग र साथमा प्यालेस्टाइनबाट प्यालेस्टिनी जनता सबैलाई विस्थापित या नरसंहार गर्ने कार्यको निन्दा र विरोध गर्नुपर्छ ।'

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले ४३ औं नेपालभाषा साहित्य त: मुंज्या र सांस्कृतिक कार्यक्रममा प्रस्तुत नृत्य, एकाङ्की, ख्यालमा पुरस्कृत तथा सहयोगी महानुभावहरूलाई पुरस्कार तथा मायाको चिनो वितरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

४३ औं नेपालभाषा साहित्य त: मुंज्या आयोजक समितिद्वारा मङ्सिर ९ गते आयोजित उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छैंले प्यालेस्टिनी जनतालाई नामेट पार्न जातीय सफाया गर्ने योजनासहित इजरायलले प्यालेस्टाइनमाथि गरेको बर्बर आक्रमण र नरसंहारको विरोधमा आवाज उठाउनु प्रत्येक देशभक्त र अन्तर्राष्ट्रवादीहरूको कर्तव्य हो भन्नुभयो ।

प्यालेस्टिनी जनताको सङ्घर्षशील भावनाको सम्मान गर्दै मुक्तिको निम्ति गरिएको आन्दोलनमा जनतालाई साथ र सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले यसबारे नयाँ पुस्तालाई पनि सुसूचित गर्नु आवश्यक छ भन्नुभयो ।

प्यालेस्टिनी जनताको न्यायपूर्ण आन्दोलनको पक्षमा विद्यालयका विद्यार्थीहरूले गरेको आन्दोलन समय सान्दर्भिक भएको उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले यसबारे नयाँ पुस्तामाझ अवगत गराउन आन्दोलन, सङ्घर्ष, पुस्तक प्रकाशन र लेखमार्फत सुसूचित गरिरहेको बताउनुभयो ।

देशको स्वाधीनता, सार्वभौमिकता, जनताको समस्याबारे आन्दोलन गर्ने क्रान्तिकारीहरूको प्रशंसा भइरहेको चर्चा गर्नुहुँदै उहाँले साम्राज्यवादी देशहरूले भियतनाम, कोरिया, लावस, कम्पुचिया (कम्बोडिया), लिबिया, क्युवा, चिली, बोलिभिया, अफगानिस्तान आदि देशमाथि गरिरहेको हमला, दबाब, आर्थिक नाकाबन्दी, सेना तैनाथ आदिको विरोधमा नेमकिपाले सङ्घर्ष गरेको स्मरण गराउनुभयो ।

देश र जनताको पक्षमा सङ्घर्ष गर्ने या रातो झन्डा फरफराउने क्रान्तिकारीहरूको योगदानको स्मरण भइरहने स्पष्ट पार्नुहुँदै उहाँले भन्नुभयो, 'शोषित पीडित जनतामाथि भइरहेको दमन, थिचोमिचो, अत्याचारको निन्दा गर्नुपर्छ, अन्यायमा पर्दा पीडितको पक्षमा साथ दिनुपर्छ ।'




संरा अमेरिकाले भियतनाममाथि गरेको आक्रमणको विरोधमा पनि नेमकिपाले सङ्घर्ष गरेको उल्लेख गर्नुहुँदै उहाँले अमेरिकी सेना नेपाल पस्ने, देशको अस्मितामा आँच पुग्ने एमसीसी सम्झौताको विरोध गरेर फर्काउनुपर्नेमा उल्टो पास गरेर देशलाई बर्बाद बनाउनेतर्फ लागेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

प्यालेस्टिनी जनता नै सखाप पार्ने उद्देश्यले बालबालिका,

बुढाबुढी र चिकित्सकमाथि बम प्रहार गरेर इजरायली सेनाले नरसंहार गरिरहेको हुँदा सोको विरोध गर्नुपरेको चर्चा गर्नुहुँदै उहाँले अन्याय, दमन र नरसंहारको विरोधमा सबै एकजुट भएर उठ्नुपर्छ, सबैलाई जागृत गर्नुपर्छ। यस्तै घटना नेपालमा पनि हुनसक्ने भएकोले अहिलेदेखि सबै चनाखो हुनुपर्छ, अध्यक्ष रोहितले भन्नुभयो।

नेमकिपाका सचिव **प्रेम सुवाल**ले प्यालेस्टिनी भूमि इजरायल घोषणा गरिएको ७५ वर्ष पुगेको उल्लेख गर्दै भन्नुभयो, 'गएको असोज ५ गते इजरायली प्रधानमन्त्री नेतन्याहुले संरा सङ्घको महासभामा प्यालेस्टिन भूमि मेटेर नयाँ मध्यपूर्वको नक्सा देखाए। असोज २० गते प्यालेस्टिनीहरूको लडाकु सङ्गठन हमासले इजरायललाई जवाफ दियो। सो घटनामा इजरायलमा 'सिक्ने र कमाउने' काममा पठाइएका १० जना नेपाली विद्यार्थीको ज्यान गुम्यो भने १ जना बेपत्ता छन्। युद्धभूमि इजरायलमा नेपाली विद्यार्थी र युवालाई रोजगारीमा पठाउने सरकारका प्रम, मन्त्री, सचिव र म्यानपावर कम्पनीका सञ्चालकहरू इजरायलमा नेपाली विद्यार्थी मृत्युका दोषी हुन्।'

उहाँले भन्नुभयो, 'कार्तिक १ गते अमेरिकी राष्ट्रपति बाइडेन इजरायल पुगेर 'तिमी एक्लो छैनौ अमेरिकी सरकार पछाडि छ' भनेर प्रम नेतन्याहुलाई उक्साएको र हतियार पठाएको थियो। त्यसपछि नेतन्याहुले अमेरिकी बम-बारूद बोकाई आफ्नो सेनालाई प्यालेस्टिनी भूमि गाजापट्टीमा आक्रमणमा पठाए। नेतन्याहुको जङ्गली र असभ्य कारबाहीले गाजाको ५० प्रतिशत घर ध्वस्त भए, ६ हजार केटाकेटीको मृत्यु भयो, ५० हजारभन्दा बढी गर्भवती महिलाहरू असुरक्षित छन्, इजरायली सेनाले गाजाको अस्पतालमा आक्रमण गरी डाक्टर, नर्ससमेतको ज्यान लियो। यसकारण अमेरिका, क्यानडा, बेलायत, फ्रान्स, अष्ट्रेलियामा लाखौँ लाख मानिस सडकमा ओर्लिएर प्यालेस्टिनी जनताको समर्थन गरे।'

'नेपालमा सत्तापक्ष र प्रमुख विपक्षीले प्यालेस्टिनी जनताको समर्थन गर्ने आँट नगरेको तर नेमकिपाका युवा, विद्यार्थीले कार्तिक १७ गते प्यालिस्टनी जनताको समर्थनमा काठमाडौँमा प्रदर्शन र सभा गरेका थिए। त्यस्तै मङ्सिर ८ गते विद्यार्थी हित समितिले भक्तपुरमा अमेरिकी र इजरायलीको प्यालेस्टिनमा युद्धको विरोध गऱ्यो; नेपालभाषा साहित्य तःमुंज्याको दबु, न्हूदँमा भिन्तुनामा पनि प्यालेस्टिनी जनताको जीवन रक्षा र सार्वभौम अधिकारको समर्थनमा आवाज उठ्यो', सचिव सुवालले भन्नुभयो।

केही व्यक्तिहरूले न्हूदँ र विद्यार्थी हित समितिमा समेत प्यालेस्टिनी जनताको समर्थन गरियो भनी असन्तुष्टि पोखेकोमा स्पष्ट पार्नुहुँदै सचिव सुवालले भन्नुभयो, 'इजरायली हमलामा प्यालेस्टिनी महिला र केटाकेटीसहित हजारौँको मृत्यु भएको अवस्थामा नेपाली जनता चुप बस्नु हुँदैन। यसकारण, हामीले युद्धको विरोध गरेका हौँ।'

उहाँले भन्नुभयो, 'कतिपय जनता अमेरिकी कफी, खानेकुरा र फिल्म निर्माण कम्पनीलाई बहिष्कार गर्दै छन्। इजरायलले प्यालेस्टिनमा पड्काइरहेको बम अमेरिकी सहयोगकै हो। अमेरिकाले संसारका ५०० भन्दा बढी ठाउँमा सैन्य हस्तक्षेप गरेको सूची तयार भएको छ। मङ्सिर ८ गतेबाट चार दिनको लागि युद्ध विराम गरिएको छ। युद्ध विराम स्थायी शान्तिमा परिणत हुनु जरूरी छ। संसारका जनताले नदीदेखि समुद्रसम्म प्यालेस्टाइन स्वतन्त्र हुने, बाइडेन आज कति केटाकेटी मारियो, नेतन्याहु भाग्न सक्दैन, तिमीलाई जातीय नरसंहारको मुद्दा लगाउने आदि नारा लगाउँदै छन्।'

प्यालेस्टिनीहरूको घर-जग्गा यहुदीवादीहरूले किनेका थिए। नेपालमा पनि काठमाडौँ उपत्यकामा रैथानेहरूको जग्गा किन्नेहरू पसेका छन्। काठमाडौँको खेतीपातीको लागि बाँकी जग्गासमेत आवास विस्तार गर्न काठमाडौँ उपत्यका विकास प्राधिकरणले नक्सा तयार गरेको छ। हामीले यसको विरोध गर्नुपर्छ र देशको सन्तुलित विकास गर्न सरकारलाई घच्घच्याउनु जरूरी छ, उहाँले भन्नुभयो।

सचिव सुवालले भन्नुभयो, 'ख्वप कलेजहरूले नयाँ पुस्तालाई उच्च शिक्षा प्रदान गरिरहेका छन्। ख्वप विश्वविद्यालय स्थापना गरेर चिकित्सा शिक्षा पनि दिने हो। तर, सरकारमा गएका प्रम र मन्त्रीहरूले ख्वप विश्वविद्यालयको विधेयक पारित गरेका छैनन्। शासक दलहरूमा राणा शासनको छाप देखिन्छ।'

सरकार सिंहदरबारमा खुम्चिँदा खुला सीमामा नेपालको भूमि अतिक्रमण बढ्दो छ। अहिले दाल, चामल, तरकारी भारतसँग किनेर खानुपर्ने अवस्था छ। सरकारले कृषिलाई प्राथमिकतामा राख्नुपर्छ, उहाँले भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सन्तुलित र समानुपातिक विकासमा भनपा प्रस्ट रहेको विचार व्यक्त गर्नुहुँदै काममा बाधा हाल्न अनेक दुःख दिइरहेको कारण कति योजना अघि नबढेको बताउनुभयो।

विगतमा पनि विश्वविद्यालय खोल्ने काममा बाधा पुऱ्याएको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले सङ्कटको बेलामा नै शत्रु र मित्र चिनिन्छ भन्नुभयो।

एकातिर सरकारले ख्वप अस्पताललाई दिनुपर्ने बीमा रकम उपलब्ध गराइरहेको छैन भने अर्कोतिर वाग्मती प्रदेशले

विशेष अनुदानअन्तर्गत दिनुपर्ने सहयोग रोकेर विकासमा बाधा दिइरहेको बताउनुभयो ।

भक्तपुर नपाले गरेको कामको प्रशंसा देश विदेशबाट भइरहेको बेला केही मान्छेले खुट्टा तान्ने काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरलाई नमुना बनाउन अझ जिम्मेवारीपूर्वक काम गरिरहने विश्वास व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** भाषा, साहित्य र कलाको विकास र संरक्षण गर्न तथा समाज परिवर्तनको निम्ति बाटो तयार गर्ने काम निरन्तर भइरहने बताउनुभयो ।

सही सिद्धान्त र सही विचार जनतामाझ पुऱ्याउने काम चालु रहने विश्वास व्यक्त गर्नुहुँदै उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा भएका न्यायपूर्ण आन्दोलनको समर्थन र ऐक्यबद्धता जनाउनुपर्ने खाँचो औँल्याउनुभयो ।

अराजनीतिक क्रियाकलाप गर्ने, फूटको खेती गर्नेहरूदेखि सावधान रहन आग्रह गर्नुहुँदै उहाँले एमसीसी सम्झौता र नागरिकता विधेयक पारित गर्दा नबोल्ने दल र अभियन्ताहरू आज भ्रम छरेर जनताको सङ्घर्षलाई अन्यत्र मोड्ने काम गरिरहेको बताउनुभयो ।

अन्यायको विरोधमा विश्वभर विरोध प्रदर्शन तथा सभा भइरहे पनि नेपाली शासकहरूले बोल्ने आँट नगरेको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले नेमकिपाले प्यालेस्टिनी जनताको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै अन्तर्राष्ट्रिय धर्म निर्वाह गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं प्रदेशसभा सदस्य **सृजना सैजुले** तः मुंज्याले पनि जातीय नरसंहारको विरोध गर्दै वर्गीय चेतना जगाइरहेको बताउनुभयो ।

प्यालेस्टिनी जनताको देश नै नामेट पार्न खोजिएको हुँदा इजरायली आक्रमणको निन्दा गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले उक्त आक्रमण संसारकै क्रूर हमला र युद्ध अपराध हो भन्नुभयो ।

महाशक्ति बन्न आक्रमण गर्ने साम्राज्यवादी देश अमेरिका एक दिन पतन अवश्यम्भावी छ, उहाँले भन्नुभयो ।



नेपालभाषा साहित्य तः मुंज्याका अध्यक्ष **आशाकुमार चिकंबञ्जारको** सभापतित्वमा भएको सो सभामा ख्वप अस्पतालका डा. **मजेशप्रताप मल्ल**, आयोजक समितिका अध्यक्ष **बलराम सिबंजार** र आयोजकका कोषाध्यक्ष **पुरूषोत्तम तमखुले** पनि बोल्नुभएको थियो ।

सभामा नेमकिपाका अध्यक्ष बिजुक्छेँले तःमुंज्याको स्मारिका पनि विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा सभाका अतिथिहरूले ख्याल, एकाङ्की र नृत्यमा पुरस्कृत टोली, मूल्याङ्कन समितिका सदस्य, हूदँ न्यालीमा सहभागी बाजागाजा तथा नाचगान टोली र अन्य सहयोगी महानुभावहरूलाई पुरस्कार, प्रशंसापत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## "ङेङापा झ्‌यया दरबार"
## म्युजिक भिडियो सार्वजनिकीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालभाषाको गीत 'ङेङापा झ्‌यया दरबार' बोलको म्युजिक भिडियो मंसिर ११ गते सार्वजनिकीकरण गर्नुभएको छ ।

जनकवि दुर्गालाल श्रेष्ठद्वारा रचित, गायक सत्यनारायण मानन्धरको स्वर र संगितकार न्ह्यु बज्राचार्यको सङ्गीतमा निर्माण भएको उक्त म्युजिक भिडियो सार्वजनिकीकरण कार्यक्रमका प्रमुख अतिथि **प्रजापतिले** व्यापक जनताको पक्षमा साहित्य लेख्नु नै साहित्यकारहरूको प्रगतिशील कदम हुने बताउनुभयो ।

जनताका लागि बोलिदिने साहित्य र जनताको पक्षमा लेखिने साहित्य नै जनताको साहित्य हुने बताउनुहुँदै उहाँले समाज परिवर्तन गर्ने सोचलाई अगाडि बढाउन जनताको साहित्यलाई अगाडि बढाउनुपर्छ भन्नुभयो ।

गीत सङ्गीतको माध्यमबाट पनि जनताको सेवा गर्न सकिने सन्देश दिन सन्देशमूलक साहित्यले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सांस्कृतिक र पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण सम्पदा संरक्षण सबैको साझा दायित्व भएको बताउनुभयो ।

ङेङापा झ्‌यो म्युजिक भिडियोले विश्व प्रसिद्ध ५५

झ्याल दरबारको प्रचार प्रसार हुने र त्यसले पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो ।

भक्तपुर नपाले यहाँका सम्पदाहरूको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरी पठनपाठन गर्दै आएको बताउनुहुँदै उहाँले साहित्यलाई समाज परिवर्तनको निम्ति सशक्त हतियारको रूपमा प्रयोग गरिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् जनकवि **दुर्गालाल श्रेष्ठ**ले भाषाको महत्त्वलाई गम्भीर रूपमा मनन गर्नुपर्ने बताउनुहुँदै नेपालभाषा साहित्यिक दृष्टिले पनि निकै समृद्ध भाषा रहेको बताउनुभयो ।

स्मारक संरक्षण एवम् दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख **अरूणा नकर्मी**ले ङेङापा झ्य दरबारसम्बन्धी गीत ऐतिहासिक र सन्देशमूलक भएको बताउनुहुँदै समय समयमा पुराना सम्पदाहरूको मर्मतसम्भार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

इतिहास र संस्कृतिका अनुसन्धानकर्ता **ओम धौभडेल**ले ङेङापा झ्यया दरबारको पृष्ठभूमिबारे प्रष्ट पार्नुहुँदै नेवा संस्कृतिको अध्ययनको निम्ति यो ऐतिहासिक गीतले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

त्यस्तै म्युजिक भिडियोका निर्माता **रजनी केसी मानन्धर**ले धन्यवादज्ञापन गर्नुभएको उक्त कार्यक्रममा 'ङेङापा झ्यया दरबार' नामक म्युजिक भिडियोका गायक सत्यनारायण मानन्धर, निर्देशक विश्वास बज्राचार्य, नेवा देय् दबुका अध्यक्ष पवित्र बज्राचार्य, कवि विप्लप प्रतिक, लेखक प्रकाश सायमी, सङ्गीतकार लक्ष्मण पलिखेलले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले म्युजिक भिडियोका सम्पूर्ण टीमलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## बाराही पीठ भक्तपुरको महत्त्वपूर्ण सम्पदामध्ये एक हो : प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले धर्म र संस्कृति आस्था र विश्वाससँग सम्बन्धित विषय भएको बताउनुहुँदै भक्तपुरका महत्त्वपूर्ण सम्पदाहरूमध्ये बाराही पीठ पनि एक भएको बताउनुभयो ।




श्री बाराही विकास पीठ समितिको नवौँ वार्षिक साधारणसभा तथा चौधौँ अधिवेशनको मंसिर १५ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर धार्मिक पर्यटनको यथेष्ट सम्भावना बोकेको सहर भएको र यहाँका सम्पदाहरूको संरक्षणको जिम्मा सबैको साझा कर्तव्य भएको बताउनुभयो ।

बाराही पीठ समितिले पारदर्शी र जनताप्रति उत्तरदायी भएर काम गरे जनताको उक्त संस्थाप्रति आस्था र विश्वास पनि बढ्ने बताउनुहुँदै उहाँले बाराही परिसर सुधार र सरसफाइ जस्ता गतिविधिमा स्थानीय जनताको सक्रिय सहभागिता हुनु जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नपाले अरनिको सभाभवन निर्माणको प्रक्रियालाई अगाडि बढाइरहेको अवगत गराउनुहुँदै नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा गरिरहेको सकारात्मक कदमबाट सम्पूर्ण जनता लाभान्वित भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले समितिको आवश्यकता र महत्त्वमाथि प्रकाश पार्नुहुँदै धर्म परिवर्तनको नाममा देशमा सांस्कृतिक अतिक्रमणको खतरा बढिरहेको बताउनुभयो ।

त्यस्तै वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले बाराही पीठ विकास समितिबाट विगतका वर्षदेखि नै भक्तजनहरूलाई सुविधाको लागि भौतिक पूर्वाधारहरू निर्माण गरी सुविधाहरू दिँदै आएको बताउनुहुँदै भजनको माध्यमबाट समाजमा व्याप्त अन्याय र दमनका विषय पनि उजागर गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा समितिका सचिव विक्रम देउबन्जारले आ.व. २०७५।७६ देखि २०७९।८० सम्मको कार्यवाहक अध्यक्ष र सचिवको तर्फबाट प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष अनन्तप्रसाद धौभडेलले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा समितिका सहकोषाध्यक्ष सुनिता अवालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

बाराही पीठ विकास समितिको आठौँ अधिवेशनले अनन्तप्रसाद धौभडेलको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मतिबाट गठन गरेको छ। कार्यक्रममा संस्थाका अध्यक्षले सम्पूर्ण अतिथि महानुभावहरूलाई मायाको चिनो समेत प्रदान गर्नुभएको थियो।

## प्रतिकूल परिस्थितिसित जुध्न सक्ने मात्र अघि बढ्न सक्छ




वागीश्वरी कलेजको एघारौँ कलेज सभा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको सभापतित्वमा मंसिर १६ गते सम्पन्न भयो।

सभामा कलेज व्यवस्थापन समितिका अध्यक्ष **प्रजापति**ले देशको शैक्षिक अवस्था गिर्दै धेरै कलेजहरू बन्दको अवस्था पनि वागीश्वरी कलेजमा अझै १२०६ जना विद्यार्थी अध्ययनत रहेको प्रतिवेदन पढ्न पाउँदा खुसी लागेको बताउनुहुँदै हरेक प्रतिकूल परिस्थितिसित जो जुध्न सक्छ उही मात्र समयसँगै अघि बढ्न सक्छ भन्नुभयो।

उहाँले भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले समयमै 'एक घर एक स्नातक'को नारा उठाउनु, बेलैमा कलेजले जग्गा खरिद गर्नु, भवन निर्माण गर्नुलगायतका कामहरू समयअनुसार नै चालेका कदमहरू हुन्। यसले वागीश्वरीलाई अगाडि बढ्न धेरै मद्दत पुऱ्यायो। त्यसैले समयलाई सबैभन्दा बलवान भनिएको हो।'

वागीश्वरीले पाठ्यपुस्तक र परीक्षामा मात्र उत्कृष्टता हासिल गर्ने नभई यहाँका हरेक विद्यार्थीलाई उतिकै असल र देशभक्त नागरिक बनाउन पनि सक्नुपर्ने आवश्यकतालाई जोड दिनुहुँदै उहाँले मिहिनेत परिश्रम गरेर सिक्ने संस्कार बसाल्न शिक्षकहरूलाई आग्रह गर्नुभयो।

देशको युवा जनशक्ति बिदेसिनु समस्याको समाधान होइन भन्नुहुँदै उहाँले नेपाली युवालाई नेपालमै भविष्य खोज्न उत्साहित गर्नुपर्ने बताउनु भयो।

देशको शिक्षा क्षेत्र बिग्रनुमा यहाँका उच्च अधिकारीहरू जिम्मेवार रहेको कुरा वागीश्वरीले बेलैमा विभिन्न विषय अध्यापनको लागि सम्बन्धन मागदा सम्बन्धन दिन नमानेको बरु पदमा रहेको व्यक्तिबाटै निराशा व्यक्त भएको चर्चा गर्नुहुँदै उहाँले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसँग पछिल्लो समयमा भएको भेटघाटबारे जाकारी दिनुभयो।

विश्वविद्यालय अनुदान आयोगबाट वागीश्वरीलाई अब क्यु.ए.ए. पाउने अपेक्षा गर्नुहुँदै उहाँले वागीश्वरीको अनुभव अरूलाई पनि काम लाग्ने बताउनुभयो।

सभामा वाग्मती प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले देशको आर्थिक शैक्षिकलगायतको अवस्था मात्र नभई अन्तर्राष्ट्रिय परिस्थिति पनि उतिकै खराब अवस्थाबाट गुज्रिरहेको चर्चा गर्नुहुँदै उहाँले यस्तो बेलामा देशका बुद्धिजीवीहरू मौन रहनु बौद्धिक दरिद्रताको प्रदर्शन हो भन्नुभयो।

संसारभरका शान्तिप्रेमी युद्ध विरोधी जनता प्यालेस्टाइनमाथि अमेरिकाको सहयोगमा इरायलले गरिरहेको आक्रमणको विरोधमा उठिरहेको बेलामा यहाँका बुद्धिजीवीहरू, शासक र प्रतिपक्ष दलका नेताहरू फुटकर विषयमा समय खर्चिरहेको बताउनुभयो।

गणतन्त्रको विरुद्ध राजतन्त्र पुनर्स्थापनाको विषय जबरजस्ती उठाई नेपाली जनतालाई विषयान्तर गर्न खोजिएको बेलामा नेपाल मजदुर किसान पार्टीले युद्धविरोधी संसारको आवाजमा आवाज थप्न ललितपुरमा युद्धविराधी जुलुस गरेको सन्दर्भ कोट्याउनुभयो।

प्यालेस्टिनी आम बालबच्चा र महिलाहरूको हत्या भइरहेको अवस्थामा सामाजिक न्यायको लागि पनि प्राध्यापक, शिक्षक, विद्यार्थी सबैले आवाज उठाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

कलेज सभा सदस्य, पूर्व विद्यार्थी एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैजु**ले विद्यार्थीलाई पाठ्यक्रम र पाठ्पुस्तकमा मात्र सीमित गरेर असल र योग्य नागरिक बनाउन नसकिने आफ्नो अनुभव सुनाउनुहुँदै सं.रा. अमेरिका सिङ्गो संसारलाई आफ्नो नियन्त्रणमा राख्न अनेक प्रपञ्च गरिरहेको कुरा पाठ्यपुस्तकमा पाइँदैन भन्नुभयो।

कुनै बेला बेलायत महाशक्ति थियो, त्यसपछि रुस महाशक्ति भएर उडायो, अहिले चीन महाशक्ति रूपमा उडाउँदै छ भन्नुहुँदै उहाँले अमेरिका रुसलाई रोक्न युक्रेन युद्ध उचाल्दै छ भने मध्यपूर्वको इन्धन हात पार्न इजरायललाई उचालेर युद्ध भडकाउँदै छ, यसप्रति हामी सचेत हुनै पर्छ भन्नुभयो।

नेपालको अर्थतन्त्र भारत निर्भर हुनु उतिकै खतरा हो भन्नुहुँदै उहाँले देश उत्पादन शून्यको स्थितिमा पुग्न शासकहरूको गलत नीति र अकर्मण्यताको परिणाम हो, यसलाई विद्यार्थीसम्म प्रष्ट्याउनुपर्ने दायित्व प्राध्यापकहरूको हो भन्नुभयो।

सभामा भक्तपुर नगरपालिका उपप्रमुख **रजनी जोशी**ले

देशको बौद्धिक एवं युवा जनशक्ति विदेश पलायन हुनु साह्रै चिन्ताको विषय हो भन्नुहुँदै त्यसलाई रोक्न यहाँ पनि 'लर्न एण्ड अर्न' (पढ्दै कमाउँदै)को नीति लागु गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले कलेजमा विद्यार्थीहरू स्थानीय विभिन्न विषयमा अनुसन्धानमा लगाउन सके यहाँको आवश्यकता बोध हुनुका साथै विद्यार्थीहरूमा व्यावहारिक ज्ञान हुनेमा जोड दिनुभयो ।

कार्यक्रममा प्राचार्य **धनकुमार श्रेष्ठ**ले कलेजको वार्षिक प्रतिवेदन (शैक्षिक, आर्थिक र भौतिक) प्रस्तुत गर्नुभएको थियो भने सभाले प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो ।

सभामा क्युएए सम्बन्धी स्वअध्ययन समूहका संयोजक **विनोद प्रजापति**ले क्युएएबारे हालसम्म भएका गतिविधिबारे जानकारी दिनुभएको थियो । सभामा परीक्षा संयोजक **विकल प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## नक्कली भुटानी शरणार्थी काण्ड

उच्च अदालत पाटनका न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले मंसिर १५ गते नक्कली भुटानी शरणार्थी काण्डमा ९ जनालाई थुनामै, भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहित ६ जनालाई धरौटीमा रिहा र बाँकी ४ जनालाई साधारण तारिखमा रिहाइको आदेश दिए पनि पूर्वगृहमन्त्री खाणको सन्दर्भमा भने राय बाझिएकोले थुनामै रहनेछ ।

खाणको सन्दर्भमा न्यायाधीश पाण्डेले ३० लाख धरौटी लिएर 'तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू' भनी आदेश गरेका थिए भने अर्का न्यायाधीश खरेलले प्रमाणहरूको रोहमा खाणलाई छाड्ने पाण्डेको निष्कर्षमा आफू सहमत हुन नसक्ने भन्दै तेस्रो न्यायाधीशको इजलासमा निर्णयार्थ पेस गर्न आदेश गरेका छन् ।

अमेरिका लैजाने प्रलोभनमा नक्कली भुटानी शरणार्थी खडा गरी करोडौँ रकम सङ्गठित रूपमा असुलेको अभियोगमा ३० विरुद्ध जिल्ला अदालत काठमाडौँमा गत जेठ १० गते सङ्गठित अपराधसहित किर्ते र ठगीमा मुद्दा दायर गरिएको थियो ।

अभियोग खेपिरहेका १८ र फरार १२ गरी ३० मध्ये १६ अभियुक्तलाई असार १ मा जिल्ला अदालत काठमाडौँले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो । त्यसविरुद्ध उच्च अदालतमा उनीहरूले निवेदन दायर गरेका थिए ।

टेकनारायण पाण्डे, इन्द्रजित राई, टोपबहादुर रायमाझी, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, विक्रम भनिने गोविन्दकुमार चौधरी, सन्देश शर्मा र आङटावा शेर्पालाई 'तत्काल प्राप्त प्रमाणहरूका आधारमा' जिल्ला अदालतले थुनामा राख्नु भनी गरेको निर्णय मनासिब भएको भन्दै सदर गरेको छ ।

उच्च अदालतले खाणका पीए नरेन्द्र केसी र शमशेर मियाँलाई १० लाख, टेकनाथ रिजाल, हरिभक्त महर्जन र रामशरण केसीलाई १५ लाख, सन्दीप रायमाझीलाई ३० लाख लिएर धरौटीमा छाड्ने आदेश गरेको छ । हरिभक्त महर्जनकि पत्नी लक्ष्मी महर्जन, टंककुमार गुरुङ, केशव तुलाधर र आशिष बुढाथोकीलाई साधारण तारेखमा छाड्न आदेश भएको छ ।

## चीनका प्राचीन नीतिकथा

### e|6f]tfl/k|

एउटा राजाको धनुवाण चलाउने सोख थियो । तर, उनी पन्ध्र किलोभन्दा गह्रुँगो धनु चलाउन सक्तैनथे । तै पनि उनलाई आफू ठूलो धनुर्वीर हुँ भन्ने लाग्थ्यो ।

एक दिन राजाले आफ्ना सेनापतिहरूलाई धनुवाण चलाउने प्रतियोगितामा निम्त्यायो । पहिलो सेनापतिले धनुवाण उचाल्न खोजेको स्वाङ पार्दै भन्यो, 'महाराज यो धनु कम्तीमा पनि तीस पैँतीस किलो गह्रुँगो होला । यस्तो धनुष चलाउने शक्ति महाराजसँग मात्रै छ । अरू कसैले यसलाई चलाउन सक्तैन ।'

उसको कुरा सुनेर राजा दङ्ग परे । त्यसपछि अर्को सेनापतिको पालो आयो । उसले पनि पहिलो सेनापतिले जस्तै धनुवाण उचाल्न खोजेको स्वाङ पार्दै राजाको तारिफ गऱ्यो । सेतापतिहरूको झूटो तारिफले गर्दा राजाले वास्तविक कुरा जान्नै पाएन ।

अनुवादः विनय कसजू

## थाहा पाइराखौँ

- विश्वको सबैभन्दा ठूलो कारगार पाकिस्तानमा छ ।
- अर्थशास्त्रकापिता भनेर एडम स्मिथलाई भनिन्छ ।
- काठमाडौँको गौचरनमा सर्वप्रथम हवाइजहाज अवतरण २००६ वैशाख ११ गते भएको हो ।
- रातदिन अक्सीजन दिने विरुवा तुलसी हो ।
- एक ब्यक्तिबाट अर्को व्यक्तिमा पहिलो मुटु प्रत्यारोपण गर्ने डा.क्रिश्चियन बर्नाड हुन् ।
- चट्याङको देश भनेर भूटानलाई भनिन्छ ।
- विश्वमा सबैभन्दा बढी बौद्ध विहार मलेसियामा छ ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# हाम्रो स्वास्थ्य

# निद्रा नलाग्ने समस्या छ, रोग छैन भने के गर्ने ?

– डा कपिल देव उपाध्याय



डा कपिल देव उपाध्याय

गहिरो निद्रा र सपना देखिने निद्रा दुवैको आफ्नै महत्व छ। निद्राले मस्तिष्क र शरीरलाई रिचार्ज गर्छ, स्मरण शक्तिलाई बलियो बनाउँछ।

- ☐ मानव जाति एउटा मात्रै प्रजाति हो, जसले जानी जानी आफ्नो सुत्ने समय घटाएर अन्य उद्देश्यहरू पूरा गर्ने प्रयास गर्छ।
- ☐ विकसित तथा औद्योगिकरण भएका देशहरूमा निद्रा नलाग्ने समस्याले ठूलो जनस्वास्थ्य समस्याको रूप लिँदै छ।
- ☐ निद्रा हाम्रा लागि अप्राप्य (Non-negotiable) जैविक आवश्यकता हो।

माथिका यी भनाइहरू निद्राबारे अनुसन्धानकर्ताको हो र निष्कर्ष पनि हो। गत १० वर्षभित्र निद्राबारे थप जानकारीहरू आएका छन्।

विदेशतिर निद्रा लाग्ने औषधिहरूको धेरै प्रयोग हुन्छ भन्ने सुनिन्छ। अमेरिकामा काम गर्ने डाक्टरहरूले भन्छन् कि 'बिरामी आफैले निद्रा लाग्ने यो औषधिको प्रेसक्रिप्सन लेखिदेऊ' भन्छन्। नेपालका सहरवासीहरू पनि निद्रा नलाग्ने समस्याकै कारण जँचाउन आउने पनि हुनुहुन्छ। आजकल नेपालमा पनि निद्रा लाग्ने औषधिहरू बिनाप्रेसक्रिप्सन बेच्न नपाइने नियम लगाइएकाले, प्रेसक्रिप्सन लेखाउनकै लागि आउने बिरामीहरू छन्। सायद लामो समय त्यस्ता औषधिहरूको प्रयोग गरेकाले, यी बानी पर्ने औषधिहरू छाड्न सजिलो छैन।

राम्रो स्वास्थ्य र दीर्घायु जीवनका लागि सातदेखि आठ घण्टा सुत्नु आवश्यक मानिन्छ। उमेरअनुसार केटाकेटीहरूमा निद्राको आवश्यकता बढी र वृद्धहरूमा कम हुन्छ।

शोधकर्ताहरूले किन कम सुत्नुहुन्छ भनेर धेरै जनालाई प्रश्न गर्दा मुख्यत तीनओटा यस्ता कारणहरू दिइन्छ –

क) व्यस्तताले गर्दा समय कम भएर,

ख) मानसिक तनाव र चिन्ताले गर्दा,

ग) स्मार्ट फोन, ल्यापटप वा अन्य ग्याजेटहरू चलाउन बानी परेको छ, नचलाई मनले मान्दैन।

## किन निद्राको आवश्यकता पर्छ ?

निद्रा दुई किसिमका हुन्छन् : एनआरईएम (NREM) र आरइएम (REM)। यी दुवै खाले निद्रा सुतेका बेला पालैपालो पर्छ। एनआरइएम निद्रा निकै गहिरो खालको निद्रा हो। यसका पनि विभिन्न तह छन्। सुतेपछि पहिलो, दोस्रो तह हुँदै गहिरो निद्रा पर्छ। यसपछि आरइएम निद्रा पर्छ। केही समयपछि फेरि पहिलो निद्रा पर्छ, यही क्रम चलिरहन्छ। जति बिहान हुँदै गयो, आरइएम निद्रा बढी र अर्को गहिरो निद्रा कम हुँदै जान्छ। दुवै किसिमका निद्राको आ-आफ्नै महत्त्व छ। आरइएम निद्रामा सपना देखिन्छ। देखेको सपना याद हुन सक्छ या नहुन पनि सक्छ।

पढेको बुझ्न र सम्झनका लागि निद्रा आवश्यक छ। यसबारे केही प्राविधिक कुरा गरौँ। सम्झिने तरिकाको कुरा गर्दा **इमिडिएट मेमोरी** : अरूले भनेको अहिले सम्झिने, **सर्ट टर्म मेमोरी** : पढेको, घोकेको कुरा २४ घण्टासम्म सम्झिने र **लङ टर्म मेमोरी** : लामो समयसम्म सम्झिने हुन्छन्।

**सर्ट टर्म मेमोरी**को फाइल मस्तिष्कको हिप्पोक्याम्पस भन्ने भागमा रजिस्टर्ड हुन्छ र यो मेमोरी फाइल मस्तिष्कको कर्टेक्समा ट्रान्सफर गरेपछि मात्र सधैँका लागि सम्झनामा रहन्छ।

एनआरइएम स्लिपको गहिरो निद्रामा मस्तिष्कमा डेल्टा वेभ र स्लिप स्पिन्डल उत्पन्न हुन्छन् र यिनले हिप्पोक्याम्पसमा रजिस्टर्ड भएको मेमोरी सैरेब्रल कर्टेक्समा ट्रन्सफर गर्छन् अनि मात्र लामो समयसम्म पढेको कुरा सम्झिन सकिन्छ।

अर्थात् पढ्ने बालबालिकाहरू, विद्यार्थीहरू, अन्य लेखपढ गर्नेहरू, अफिसको काम गर्नेहरू, प्राविधिकहरू आदि जोकोहीलाई पनि राम्रो सम्झिनका लागि निद्रा आवश्यक पर्दो रहेछ। उत्पादनशीलताका लागि र रचनात्मक कामका लागि पनि निद्रा आवश्यक मानिन्छ।

निद्रा पाचन क्रिया राम्रोसँग चल्न र शरीरबाट बाहिर फ्याँक्नुपर्ने पदार्थहरू फ्याँक्न, शरीरमा हर्मोनहरू उत्पादन गर्न र रोगसँग लड्ने सक्ने क्षमता (इम्युनिटी) ठीक राख्न आवश्यक पर्छ। मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थीबाट निस्कने

ग्रोथ हर्मोन निदाएका बेलामा निस्किन्छ । यसको काम मांसपेशी बढ्न, हड्डी बढ्न र बोसोको पाचन क्रियामा काम लाग्छ । त्यस्तै पुरुषमा हुने टेस्टोस्टेरोन सेक्स हर्मोन राम्रोसँग नसुत्नेहरूमा निकै कम उत्पादन हुन्छ र यसले रिप्रोडक्टिभ हेल्थ (प्रजनन् स्वास्थ्य) मा असर पार्छ । त्यसैले राम्रो शारीरिक र मानसिक स्वास्थ्यका लागि आवश्यक मात्रामा सुत्नुपर्छ ।

## कम सुत्नाले के हुन्छ ?

दैनिक पाँच घण्टाभन्दा कम सुत्नेहरूमा मधुमेह, उच्च रक्तचाप, हृदयाघातको खतरा, चिन्तारोग, डिप्रेसन र मोटोपना जस्ता समस्याहरू हुन्छन् भन्ने शोधकर्ताहरूको भनाइ छ । त्यस्तै अनिँदोका कारण सडक दुर्घटनाको खतरा बढ्छ । सायद यसैकारण नेपालमा नाइट बसहरूको दुर्घटना बढी हुने गरेको होला । राति लगातार निद्रा नलागे आत्महत्याको विचार आउने, आत्महत्याको प्रयास गर्ने वा आत्महत्या नै गर्ने सम्भावना बढ्छ ।

दैनिक रातमा चार घण्टाभन्दा कम सुत्नेहरूमा विभिन्न किसिमका क्यान्सरहरूको खतरा बढ्छ । जस्तै : ठूलो आन्द्रा, प्रोस्टेट र ब्रेस्ट क्यान्सर आदि । दिउँसोको बदला राति काम गर्नेहरूलाई वा नाइट सिफ्टमा काम गरिरहनुपर्नेलाई पनि स्वास्थ्यको हिसाबले हानिकारक छ ।

निद्रा मस्तसँग लाग्ने भए पनि आफ्नो व्यस्तताले गर्दा नसुत्दा हुने समस्याहरू र बेफाइदाका कुरा त भयो ।

## निद्रा नै नलागे के गर्ने त ?

निद्रा नलाग्ने कारणहरूमा शारीरिक र मानसिक रोगहरू हुन सक्छन् । जस्तै :

- जोर्नीहरू दुख्ने विभिन्न किसिमका बाथरोगहरू,
- दम, खोकी र छातीसम्बन्धी रोगहरू,
- कुनै पनि दीर्घ रोगहरू, दुख्ने र सास फेर्न अप्ठ्यारो हुने,
- मानसिक तनाव,
- चिन्तारोग, डिप्रेसनलगायत करिब–करिब सबैखाले मानसिक स्वास्थ्य समस्याहरू,
- जीवनमा आइपर्ने अप्रिय घटनाहरू ।

अप्रिय घटनाकै कारण निद्रा नलाग्ने समस्या प्रायः आफै ठीक हुन्छ । मानसिक तनाव घटाउने तरिकाहरू सिक्दा हुन्छ र अन्य रोगहरूको उपचार गरे निद्रामा सुधार हुनेछ ।

## कुनै स्वास्थ्य समस्या छैन तर निद्रा लाग्दैन

**इनसोम्निया** वा निद्रा नलाग्ने दुई किसिमका समस्या हुन्छन् । प्राइमरी इनसोम्निया जुनमा कुनै कारण भेटिँदैन र सेकेन्डरी इनसोम्निया जसका कारणहरू माथि भनिए जस्तै हुन्छन् । प्राइमरी इनसोम्निया पनि बिनाकारण त हुँदैन, खोज्दै जाँदा कारण भेट्न सकिन्छ । जस्तै :

☐ **स्लिप एपनिया** : निदाइरहेका बेलामा सास फेर्ने क्रम ढिलो–ढिलो हुँदै अचानक थोरै समय रोकिन्छ र व्यक्ति जाग्छ । निद्रा खलबलिन्छ र यही क्रम दोहोरिन्छ । घुरेर सुत्ने व्यक्तिमा यस्तो समस्या हुन सक्छ ।

आजकल घुरेर सुत्नेहरूका लागि उपचार विधि उपलब्ध छ । नाक, कान, घाँटीका चिकित्सकसँग जँचाएर जानकारी लिन सकिन्छ ।

☐ त्यस्तै **स्लिप हाइपोपनिया** र **लिमिटेड एयर फ्लो**का कारण निद्रामा समस्या हुन्छ । नाकको एलर्जी, पोलिप, नाकभित्रको हड्डी बाङ्गो भएर आदि निदाएका बेला श्वासप्रश्वासमा कठिनाइ हुन्छ, यसको पनि उपचार छ । इनसोम्नियामा सुत्न गयो, निद्रा नलाग्ने समस्या हुन सक्छ वा एक पटक निदाएर जाग्यो, फेरि निद्रा नलाग्ने पनि हुन सक्छ ।

## निद्रा राम्रो नलागेपछि देखिने केही लक्षणहरू :

- जिउ गल्ने र जाँगर नहुने,
- कुनै कुरामा ध्यान एकत्रित गर्न नसक्ने,
- मन वा मुड खराब हुने वा ठीक नहुने,
- घर, स्कुल वा अफिसमा काम राम्रो गर्न नसक्ने ।

यदि तपाईँलाई निदाउन वा एक पटक निदाएर जागेपछि फेरि निदाउन नसक्ने समस्या छ वा बिहान धेरै छिटो निद्रा खुल्छ र बिहान उठेपछि शरीरमा तागत वा स्फूर्तिको अनुभव हुँदैन, उल्टै थकान महसुस हुन्छ भने निद्राको कारण पनि हुन सक्छ ।

यदि कुनै बाह्य कारणहरू, जस्तै : बच्चाको स्याहार गर्ने, कामको प्रेसरले वा अरू कुनै कारणले राति सुत्न नपाउनेहरू दिउँसो केही छिन् सुत्नुलाई राम्रो मानिन्छ । तर राति निद्रा नलाग्नेहरू दिउँसो सुत्नुहुँदैन किनकि निद्राको साइकल दिउँसो जाग्ने र राति सुत्ने क्रम झन् बिग्रिन्छ ।

## निद्राका फाइदा र बेफाइदाहरू

निद्राका फाइदा र कम सुत्दाका बेफाइदाहरू धेरै छन् । राम्रो निर्णय लिनका लागि निद्रा आवश्यक मानिन्छ । समस्याहरू समाधान गर्न निद्रा आवश्यक छ । भनाइ पनि छ, 'समस्या समाधान भएन भने यससँग सुत्नुस् र जागेपछि

समाधान गर्ने प्रयास गर्नुहोस्। (Sleep on the problem or sleep with the problem)

## निद्रा नलाग्ने समस्या छ, रोग छैन भने के गर्ने ?

☐ निद्रा लाग्ने औषधिहरू धेरै छन् तर ती औषधिको साइड इफेक्टहरू छन्, आदत पार्ने खालका छन्, त्यसैले पहिलो प्राथमिकताभित्र पर्दैनन्। सकिन्छ भने ती नलिनु नै ठीक हो वा त्यस्ता औषधिहरू अन्तिम उपाय मात्र हुन सक्छन्।

☐ आजकल इनसोम्नियाका लागि सिबिटिआई (CBT–T) अर्थात् कगनिटिभ बिहेवियर थेरापी फर इन्सोम्निया विधि प्रचलित छ। मनोविद् वा क्लिनिकल साइकोलोजिस्टहरूले यो तरिका सिकाउनुहुनेछ। त्यसपूर्व तल केही बुँदाहरू दिइएका छन्, जुन निदाउनका लागि प्रयोग गर्न सक्नुहुन्छ।

- निद्राको साइकल नबिग्रियोस् भनेर समयमा सुत्ने र समयमा उठ्ने नियमित गर्नु उत्तम हो।
- सन्तुलित पोषणयुक्त आहार, शारीरिक व्यायाम र आफ्नो शरीरको स्याहार गरी निरोगी हुन आवश्यक छ।
- राति बेडमा सुत्न जाँदा दिनभरिका तनाव, चिन्ता र समस्यालाई लामो-लामो सास फ्याँकेर तनावरहित भएर सुत्ने गर्नुहोस्। कुनै विचार आए लेट गो वा होस् भन्नुहोस्।
- स्लिप हाइजिनमा ध्यान दिनुहोस्। सिगरेट नपिउने, कफी बेलुका चार बजेपछि नपिउने, मद्यपानले निद्रा उल्टै बिगार्छ, त्यसैले नपिउने गर्नुहोस्।
- शरीरलाई रिल्याक्स गर्न र मनलाई शान्त पार्न ध्यान गर्ने विधि छन्, आँखा चिम्म गरेर आफूलाई आनन्द आएको घटना र दृश्य मनमा ल्याएर रमाउने कोसिस गर्नुहोस् वा शरीर र मन रिल्याक्स गर्ने तरिकाहरू सिक्नुहोस् र अभ्यास गर्नुहोस्।
- आफ्नो सुत्ने कोठा शान्त, अँध्यारो र अन्दाजी १८-१९ डिग्री सेन्टिग्रेड तापक्रम भए राम्रो। सुत्ने कोठामा मोबाइल, आवाज दिने घडी, टेलिभिजन वा कम्प्युटर स्क्रिन अन गरेर नराख्ने।
- निद्रा आए पनि ठीक छ वा नआए पनि कुनै समस्या छैन भन्ने सोच राख्नुहोस्। जबरजस्ती निदाउँछु भन्दैमा निद्रा लाग्ने पनि त होइन।
- यदि मेडिटेसन सिक्नुभएको छ भने शिरदेखि पाउसम्म वा खुट्टाका औँलादेखि शिरसम्म शरीरका विभिन्न अङ्गहरू रिल्याक्स गर्ने गर्नुहोस्।
- दैनिक केही समय घाममा देखिनुहोस्।
- बेलुका स्मार्ट फोन, कम्प्युटर सकभर नचलाउनुहोस्।

अन्त्यमा, निद्रा आफ्नै शारीरिक र मानसिक स्वास्थ्यका लागि आवश्यक छ। उत्पादनशीलता र रचनात्मक कामका लागि पनि निद्रा आवश्यक छ। गहिरो निद्रा र सपना देखिने निद्रा दुवैको आफ्नै महत्त्व छ। निद्राले मस्तिष्क र शरीरलाई रिचार्ज गर्छ, स्मरण शक्तिलाई बलियो बनाउँछ। पढ्ने र सिक्ने क्षमतालाई बलियो पार्छ, अनेकौँ रोगहरूसँग लड्न सक्ने क्षमता बढाउँछ र सहज ज्ञान प्राप्त गर्न सहयोग गर्छ। निद्राले सात-आठ घण्टाको सांसारिक क्रियाकलापबाट मुक्त गर्छ र सानो छुट्टी मनाए जस्तै मन नै आनन्दित भएको अनुभव गराउँछ। शरीरको सुन्दरता र चमकलाई पनि यसले कायम राख्छ। त्यसैले निद्रालाई सकेसम्म बढी प्राथमिकता दिनुहोस्। आनन्दले सुत्न चाहन्छु तर कसरी ? भन्नुहोला। स-साना बच्चाहरू सुतेको हेर्नुहोस्, बालबालिकाहरू सुतेको हेर्नुहोस्, निश्चिन्त भएर चिन्तारहित भएर सुत्नुहोस्। हामी पनि बाल्यकालमा निदाउँथ्यौँ, अहिले हामीले आफूले जानेको पनि बिर्सियौँ। निश्चिन्त भएर सुत्न फेरि सिक्नुपर्छ होला।

भन्ने गरिन्छ, तपाईँ सात-आठ घण्टा मस्तसँग सुत्नुहुन्छ, दिसा पिसाब सफा हुन्छ, काम गर्ने उत्साह सबै छ, खाना मीठो हुन्छ र मन खुसी छ भने तपाईँ स्वस्थ हुनुहुन्छ।

पूर्वीय दर्शनअनुसार काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यले हामीलाई सताइरहेका हुन्छन्। भनिन्छ, हाम्रा विचारहरू मित्र पनि हुन सक्छन् र शत्रु पनि हुन सक्छन्। आफूलाई दुःख दिने विचारहरू त्यागनुहोस्।

(डा.उपाध्यायको हालै प्रकाशित पुस्तक **'हृदय र मन'** को एक अंश)

स्वास्थ्य खबरपत्रिका

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

BHAKTAPUR [MONTHLY] मासिक

# वर्ष ४० को वार्षिक विषय सूची

## अङ्क १ देखि १२/सङ्ख्या ३१६ देखि ३२८
## (विसं २०७९ मार्ग – २०८० कार्तिक)

### वर्ष ४० अङ्क १/२०७९ मार्ग/सङ्ख्या:३१६

१) प्रदूषणरहित, सुरक्षित र व्यवस्थित सहर निर्माण आजको आवश्यकता – सुनिल प्रजापति
२) 'कोभिड १९ बाट हामीले धेरै शिक्षा हासिल गर्‍यौं':सुनिल प्रजापति
३) सय वर्षपछिको भक्तपुर (६) – नारायणमान बिजुक्छेँ
४) अध्यक्ष बिजुक्छेँद्वारा चियाङ चमिनको निधनमा राष्ट्राध्यक्ष सीलाई समवेदना सन्देश
५) पुष्पगुच्छा चढाएर श्रद्धाञ्जली
६) 'नेका, एमाले र माओवादी एउटै पदचापमा हिँडिरहेका छन्'– सुनिल प्रजापति
७) समालोचनाया सिद्धान्त (९) – प्रो.माणिकलाल श्रेष्ठ
८) माओवादीको अबको विकल्प : सुध्रिने कि सिध्रिने ?– विवेक
९) भक्तपुर नपा वडा नं. ६ मा कोरोना भाइरस सङ्क्रमण न्यूनीकरण सम्बन्धी गतिविधिहरू – हरिराम सुवाल
१०) प्रचलित गीत र गाइँचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा–३–विगोल




११) काठमाडौँ उपत्यकाका आदिवासी नेवारहरूको आगमन–एक चर्चा –विष्णुक्त राजचल
१२) तलेजु भवानीको भक्तपुर आगमनका केही प्रमाणहरू–ओम धौभडेल
१३) विवाह एक संस्कृति–नाति कवां
१४) सेतो घोडा–नरेन्द्रप्रसाद जोशी
१५) भक्तपुरमा पाइलैपिच्छे सार्वजनिक पाटी–रेणु त्वानाबासु
१६) ब्याडमिन्टन खेलका राष्ट्रिय रेफ्री:राजेश ब्यान्जू–राजकुमार लघु
१७) प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९
१८) नेमकिपा मतदाताको भावनालाई आत्मसात गरी अघि बढ्ने
१९) नेवार जातिका विविध थरहरू
२०) नगरपालिका प्रमुख र उपप्रमुखहरू
२१) भक्तपुर नपाका गतिविधि
२२) विविध समाचार
२३) 'भक्तपुर' मासिक (वर्ष ३९ को विषय सूची)
२४) घोषणापत्रप्रति इमानदार बनोस् (सम्पादकको पृष्ठ)
**साथमा** : बसिबियाँलो/ हाम्रो स्वास्थ्य/ थाहा पाइराखौँ/ Khwopa Hospital Kartik Report 2079/ कार्तिक महिनाको पर्यटक तथ्याङ्क ।

### वर्ष ४० अङ्क २/२०७९ पुस/सङ्ख्या:३१७

१) महाकाली नदीमा बनाइएको भारतीय तटबन्ध अविलम्ब भत्काउनुपर्नेमा नेमकिपाको जोड
२) प्रजातन्त्रविपरीतको कानुनी व्यवस्था मतसीमा खारेज गराउन सङ्घर्ष चालु राख्ने
३) 'ख्वप अस्पताल जनताको आफ्नै अस्पताल हो'–सुनिल प्रजापति
४) देशभरि नै स्वास्थ्य सेवा सहज, सुलभ र व्यवस्थित होस्
५) नागरिकप्रति स्थानीय सरकारको फराकिलो जिम्मेवारीबोध–ख्वप अस्पताल–नीरज लवज्
६) राजनीतिमा नैतिकताको प्रश्न–विवेक
७) सय वर्षपछिको भक्तपुर (७)–नारायणमान बिजुक्छेँ
८) समालोचनाया सिद्धान्त (१०)–प्रो.माणिकलाल श्रेष्ठ
९) वान्दिमगलमा योमरी प्रदर्शन–इतिहास ब्युँताउँदै–ओम धौभडेल
१०) कला वाय्गु (जुठो फाल्ने)–लक्ष्मीनारायण दुवाल
११) तलेजु मन्दिरका भित्ते चित्रहरूबारे
१२) ख्वप अस्पतालको नयाँ भवनको उद्घाटन
१३) भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न
१४) भक्तपुरलाई खेलकुद क्षेत्रमा पनि नमुना बनाउने लक्ष–सुनिल प्रजापति

१५) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण
१६) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
१७) योमारी पुन्हीको अवसरमा सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुति
१८) अनुभवको आदान-प्रदान
१९) भक्तपुर नपा गतिविधि
२०) विविध समाचार
२१) महान् खेलाडी पेलेको निधन
२२) दाहालको 'सिध्याउने' कुरा (सम्पादकको पृष्ठ)

**साथमा** : बसिबियाँलो/संक्षेपमा/हाम्रो स्वास्थ्य/थाहा पाइराखौं/विश्वमा कोभिड-१९ को स्थिति/प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सांसदहरू २०७९/FIFA World Cup 2022 Qatar/Khwopa Hospital Mansir Report/ मंसिर महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ४० अङ्क ३/२०७९ माघ/सङ्ख्या:३१८

१) नेमकिपाको ३४ औं केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू
२) 'नेमकिपाले सुविधाको लागि प्रमुख प्रतिपक्षको भूमिका खोजेको होइन'-अध्यक्ष रोहित
३) सभामुख सरकारको आदेश पालकजस्तो हुन नहुने-प्रेम सुवाल
४) नेमकिपालाई कानुनबमोजिम प्रमुख प्रतिपक्षी दल तोक्नुपर्ने-सुनिल प्रजापति
५) भीड जतातिर लाग्छ त्यतै नेमकिपा एकोहोरिँदैन-सुरेन्द्रराज गोसाई
६) 'पारदर्शिता, अनुशासन र गुणस्तरीयताले नै वागीश्वरीलाई उचाइमा पुऱ्याएको हो'-नपा प्रमुख सुनिल प्रजापति
७) नेमकिपा सशक्त र प्रखर प्रमुख प्रतिपक्ष-विवेक
८) कर्णाली प्रदेशमा नेमकिपाको सङ्गठन पुनः सुदृढ हुँदैछ-सुनिल प्रजापति
९) 'भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गर्दैछन्'
१०) सांस्कृतिक नगर घोषणामा किन विलम्ब ?-विगोल
११) समालोचनाया सिद्धान्त (११)-प्रो.माणिकलाल श्रेष्ठ
१२) लुकाइएको नेपाली इतिहास-प्रा.डा.एच.जी. बेहर
१३) सम्पत्ति हुँदैमा समाज नचाहिने हो र ?-कुशल
१४) तातो गुम्बज-नाति कवां
१५) नेपालको शैक्षिक विकास एक झलक-न्हुछेरत्न बुद्धाचार्य
१६) राष्ट्रिय बक्सिङ खेलाडी तुल्सीराम देशेमरु-आर.के (राज)
१७) हाम्रा जनताका सहयोगीहरू
१८) अध्यक्ष रोहितको निवासमा राष्ट्रपति भण्डारी
१९) सांस्कृतिक अस्तित्वया बलात्कार स्वस्वं दनावयाम्ह जी-पूर्ण वैद्य
२०) भूकम्प सुरक्षा दिवसको अवसरमा दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी
२१) नवयुवकसँग अपिल-'प्रिन्स' क्रोपात्कीन
२२) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२३) भक्तपुर नगरपालिका गतिविधि
२४) प्रमुख प्रतिपक्षी दल एमाले किन हुनसक्दैन ? (सम्पादकको पृष्ठ)

**साथमा**:बसिबियाँलो/रातो मच्छिन्द्रनाथ मन्दिरको पुन:निर्माण/थाहापाइराखौं/अनुभव आदान-प्रदान/विविध समाचार/संक्षेपमा/हाम्रो स्वास्थ्य/विश्वमा कोभिड-१९ को स्थिति/Khwopa Hospital Pus Report/पुस महिनाको पर्यटक तथ्याङ्क/रंगीन पृष्ठ ।

## वर्ष ४० अङ्क ४/२०७९ फागुन/सङ्ख्या:३१९

१) भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा
२) हामी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्दैछौं'-प्रमुख सुनिल प्रजापति
३) तेह्रौं नगरसभाका बैठक
४) आफ्नो होइन, देशबारे सोचौं-नारायणमान बिजुक्छें
५) नेमकिपा जडसूत्रवादी र सङ्कीर्ण पार्टी होइन
६) चर्चामा विपक्षी दल र ख्वप विश्वविद्यालय
७) अन्तरनगर खो खो प्रतियोगिता
८) 'अभिभावक र विद्यार्थीहरूको भावना जित्न सक्नु हाम्रो सफलता हो'-सुनिल प्रजापति
९) पुँजीवादमा समानता र मानव अधिकार 'देखाउने दाँत' मात्रै-विवेक
१०) पृथ्वीको सृष्टिबारे केही ऐतिहासिक जानकारी-विष्णुभक्त राजचल
११) नेपालको इतिहासमा ह्युनसाङको यात्रा वर्णनको महत्त्व-ओम धौभडेल
१२) नेपालगञ्ज, सुर्खेत, दैलेख, अछाम, कालिकोट, जुम्ला भ्रमण प्रतिवेदन-कृतिका प्रजापति
१३) फुकुवा पत्र नआई सिफारिस दिन मिल्दैन-कुशल
१४) इन्जिनियर-'प्रिन्स' क्रोपाट्किन
१५) चिनियाँ अध्ययनले भन्छ-पृथ्वीको भित्री भागले घुम्न बन्द गरेको हुनसक्छ
१६) विसेमिरा-बोधविक्रम अधिकारी
१७) समालोचनाया सिद्धान्त (१२)-प्रो.माणिकलाल श्रेष्ठ
१८) सितेरियो कराते खेलाडी तथा रेफ्री राजन चित्रकार-राजकुमार लघु
१९) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२०) भक्तपुर नगरपालिका गतिविधि
२१) विविध समाचार
२२) अनुभव आदान-प्रदान
२३) हाम्रो स्वास्थ्य
२४) भक्तपुर नपाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरूको विद्यार्थी अभिलेख
२५) स्रोत खुलाउन नमिल्ने सम्पत्तिलाई 'सुन-पानी' (सम्पादकको पृष्ठ)

**साथमा**:जीवन-आचरण/प्रेरणीय/बसिबियाँलो/संक्षेपमा/विश्वमा कोभिड-१९/ख्वप अस्पतालको प्रगति/पर्यटक तथ्याङ्क/रंगीन पृष्ठ।

## वर्ष ४० अङ्क ५/२०७९ चैत्र/सङ्ख्या:३३०


१) भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा सम्पन्न
२) कार्यक्रमविहीन गठबन्धनमा सत्ताको भाँडभैलो निरन्तर भइरहने-नारायणमान बिजुक्छें
३) जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ-सुनिल प्रजापति
४) माओवादीहरूले कथित जनयुद्धको कहिले आत्मआलोचना गर्ने ?-विवेक
५) सम्पत्ति शुद्धीकरणमा प्रतिगमन-गौरीबहादुर कार्की
६) असल र इमानदार नेतृत्व तयार गर्न स्काउट तालिम आवश्यक-सुनिल प्रजापति
७) ऐतिहासिक पृष्ठभूमिमा श्री तलेजु भवानी-ओम धौभडेल
८) नमुनाका घरहरू विश्वकर्मा आगमछेँ र तौलाछेँ गणेश द्यःछेँको सङ्क्षिप्त चर्चा-विगोल
९) समावेशीताको व्यवस्था र राजनैतिक बेइमानी-समीर
१०) शिक्षासेवी तथा भाषासेवी माणिकलाल श्रेष्ठप्रति एक स्मृति-न्हुछेरत्न बुद्धाचार्य
११) पृथ्वीको आयुबारे केही ऐतिहासिक जानकारी-विष्णुभक्त राजचल
१२) वडाकार्यालय र जनप्रतिनिधिलाई दिएको वचन तपाईंले बिर्सनुभयो-कुशल
१३) अन्तर नगर ख्वो ख्वो र खेलाडी-श्यामकृष्ण खत्री
१४) इतिहास रच्ने नेपाली आरोहीहरू-प्रस्तुति : वन्दिता
१५) समालोचनाया सिद्धान्त (१३)-प्रो. माणिकलाल श्रेष्ठ
१६) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस
१७) सञ्चारमाध्यममा भक्तपुर नपा
१८) राष्ट्रिय जनगणना २०७८ : सङ्क्षिप्त जानकारी
१९) भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता
२०) पर्यटन प्रवर्द्धन गर्न दुईदिने 'भक्तपुर घरेलु उत्पादन मेला'
१९) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२०) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि/ख) शिशु स्याहार/ग) स्वास्थ्य सेवा/अनुभवको आदान-प्रदान
२१) विविध समाचार
२२) प्रगतिशील भजन प्रतियोगिता र भक्तपुर घरेलु उत्पादन मेला (सम्पादकको पृष्ठ)

**साथमा**:बसिबियाँलो/प्रेरणीय/नवयुवकसँग अपिल/जीवन-आचरण/सङ्क्षेपमा/हाम्रो स्वास्थ्य/विश्वमा कोभिड-१९ को स्थिति/ख्वप अस्पतालको प्रगति/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ।

## वर्ष ४० अङ्क ६/२०८० वैशाख/सङ्ख्या:३३१

१) कामरेड रोहितको प्रवास जीवन:एक सङ्क्षिप्त अध्ययन-एसबी
२) भक्तपुर नगरपालिका 'नागरिक नायक २०८०' बाट सम्मानित
३) भक्तपुरले देखाएको आशाको गोरेटो-उपेन्द्र लामिछाने
४) स्वाङजाङको भारत यात्रा-चङ चेङ्ग
५) अपाङ्गता र विपद् व्यवस्थापन समिति-श्यामकृष्ण खत्री
६) दाफा भजन : एक जानकारी-गणेश बज्राचार्य
७) छ्याक लोहँमा कुरूप इतिहास-संयुक्त श्रेष्ठ
८) समालोचनाया सिद्धान्त (१४)-प्रो. माणिकलाल श्रेष्ठ
९) जग्गा जमिन र प्रकृति संरक्षणमा नेवारी संस्कृति र वास्तुको भूमिका-समीर
१०) वाकुपति चाँगुनारायण मन्दिर र परिसर सुधारमा लाग्ने सम्पूर्ण सहयोगीहरूप्रति सलाम !-रविन्द्र ज्याख्व
११) समाज सेवी चन्द्रमान राज भण्डारीको योगदान-चन्द्रकिरण राजभण्डारी
१२) 'अब पुलिस पठाउनु पर्‍यो कि के हो ?'-कुशल
१३) ख्वप अस्पताल भवनको संरचना-ई. विजयराम कोजु






१४) के संरा अमेरिका हार्ने युक्रेन लडाइँबाट भाग्दै छ ?–राधिका देसाई
१५) अमेरिकी सहयोगमा युक्रेनी अधिकारीहरूको ब्रम्हलूट–डेभ डिक्याम्प
१६) नेपाल क्रान्तिकारी महिला सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन
१७) वैधानिक कानुन–२००४
१८) करीम बख्शको जुत्ता
१९) विदेशको मोह–आर. दिस्ती
२०) 'वाकुपति चाँगुनारायणको तामाको छानामा सुनको जलप २०८०' पुस्तक सार्वजनिकीकरण
२१) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२२) विस्का जात्रा सम्पन्न
२३) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि/ख) स्वास्थ्य सेवा/ग) अनुभवको आदान–प्रदान
२४) विविध समाचार
२५) बेरुजुको अरबी घोडा (सम्पादकको पृष्ठ)

**साथमा:** बसिबियाँलो/प्रेरणीय/जीवन–आचरण/नवयुवकसँग अपिल/सङ्क्षेपमा/हाम्रो स्वास्थ्य/विश्वमा कोभिड–१९/ख्वप अस्पतालको प्रगति/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।


## वर्ष ४० अङ्क ७/२०८० जेठ/सङ्ख्या:३२२


१) नक्कली भुटानी शरणार्थी प्रकरण देशद्रोही कदम
२) सङ्घीयताको मर्म र भावनाअनुसार भक्तपुर नगरपालिका निरन्तर जनताको सेवामा समर्पित–सुनिल प्रजापति
३) एक यात्रीको आँखामा भक्तपुर–सुरेन्द्रराज गोसाई
४) जनज्योति पुस्तकालयमा ई–लाइब्रेरी शुभारम्भ
५) विद्युतीय पुस्तकालय : परिचय तथा महत्त्व–भूपाल मूल
६) राज्य सञ्चालकहरू राम्रो र व्यवस्थित भए देश अगाडि बढ्न समय लाग्दैन–सुनिल प्रजापति
७) 'उपत्यकाको फोहोर व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयात्मक भूमिका हुनुपर्छ'–सुनिल प्रजापति
८) एक्ला सुवालका ७६ सवाल–घनश्याम खड्का
९) 'नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लाने ठगहरू को को हुन् ?'–प्रेम सुवाल
१०) संसद्मा सांसद सुवालको प्रश्न प्रम दाहालको उत्तर
११) गणतन्त्र : जनअपेक्षा र यथार्थ–विवेक
१२) तालदंफोको महत्त्व–ओम धौभडेल
१३) स्वाङजाङको भारत यात्रा (२)–चङ चेङ्ग
१४) स्थानीय तहमा कर्मचारी व्यवस्थापन–समिर
१५) स्थलरूप मापन तथा नदी खोला प्रवाहित बँसी उपत्यकाका संरचनागत अवधारणा–विष्णुभक्त राजचल
१६) समालोचनाया सिद्धान्त (१५)–प्रो.माणिकलाल श्रेष्ठ
१७) प्राचीन चित्रको नवीन वृत्तान्त–गौतमवज्र वज्राचार्य
१८) नेपालमा शक संवत् र फुटुङ अभिलेख
१९) भक्तपुर नपा र अनुगमन–श्यामकृष्ण खत्री
२०) वाकुपति नारायणस्थानमा वागीश्वरी स्कुल–ज्ञानसागर प्रजापति
२१) भक्तपुर नगरको शैक्षिक अवस्था एक जानकारी–कृष्णप्रसाद कर्माचार्य
२२) DEVELOPMENT, THE BHAKTPUR WAY!- UPENDRA LAMICHHANE
२३) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२४) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि/ख) स्वास्थ्य सेवा/ग) अनुभवको आदान–प्रदान/घ) संक्षेपमा
२५) विविध समाचार
२६) प्रहरी–अदालत 'तेरो कि मेरो' ? (सम्पादकको पृष्ठ)

**साथमा:** प्रेरणीय/जीवन–आचरण/बसिबियाँलो/वैधानिक कानुन (२)/हाम्रो स्वास्थ्य/ख्वप अस्पतालको प्रगति/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।










## वर्ष ४० अङ्क ८/२०८० असार/सङ्ख्या:३२३


१) भक्तपुर नगरपालिकाको चौधौं नगरसभा
२) भक्तपुर नपाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम–प्रमुख सुनिल प्रजापति
३) मन्तव्य – प्रेम सुवाल/ सृजना सैंजु/ रजनी जोशी
४) भक्तपुर नपाको चौधौं नगरसभाका बैठक
५) भक्तपुर नपाको आ.व. २०८०/८१ को बजेट वक्तव्य–रजनी जोशी
६) 'देशघाती नागरिकता विधेयक खारेज नभएसम्म नेपाली जनताले आन्दोलनलाई जारी राख्नेछन्'–सुनिल प्रजापति
७) कृषि क्षेत्र:बजेटमा प्राथमिकता कार्यान्वयनमा उपेक्षा–विवेक
८) फूलजस्तै भक्तपुर–उपेन्द्र लामिछाने
९) भक्तपुर नगरपालिकाको सय शय्याको आफ्नै अस्पताल–शान्ति तामाङ
१०) सम्पदाको मौलिकता संरक्षण र यसका आर्थिक तथा समाजिक प्रभाव–समिर
११) आर्थिक समानता र महिलाहरू–शोभा प्रधान
१२) Five years on from the earthquake in Bhaktapur, Nepal, heritage-led recovery is uniting community-Vanicka Arora
१३) चुरेको दोहन देशघाती कदम–विष्णुभक्त राजचल
१४) चुरे दोहन गर्न सरकार किन प्रतिबद्ध ?!
१५) वास्तुशास्त्रमा गृहनिर्माण विधि–ओम धौभडेल
१६) शिक्षासेवी शोभा प्रधानको स्मृतिमा–न्हुछेरत्न बुद्धाचार्य
१७) स्वाङजाङको भारत यात्रा (३)–चङ चेङ्ग
१८) जनप्रतिनिधिको अनुभव–मन्जुमाया लाखा
१९) ग्लोबल वार्मिङ–नाति कवां
२०) मोहनी सिन्ह:–डा. वीरेन्द्रप्रसाद कायस्थ
२१) खेलाडी सम्मान–श्यामकृष्ण खत्री
२२) राजीब चिकबन्जार:टेबल टेनिस खेलाडी तथा प्रशिक्षक–राजकुमार लघु
२३) समालोचनाया सिद्धान्त (१६)–प्रो.माणिकलाल श्रेष्ठ
२४) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
२५) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि/ख) स्वास्थ्य सेवा/ग) अनुभवको आदान–प्रदान/घ) संक्षेपमा
२६) विविध समाचार
२७) कुशासनग्रस्त देशमा सुशासनको मसिनो किरण (सम्पादकको पृष्ठ)
**साथमा**:प्रेरणीय/जीवन–आचरण/बसिबियाँलो/नवयुवकसँग अपिल/वैधानिक कानुन(३)/हाम्रो स्वास्थ्य/ख्वप अस्पतालको प्रगति/भक्तपुर नपाबाट रगत उपलब्ध गराएको विवरण–जेठ २०८०/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।



## वर्ष ४० अङ्क ९/२०८० साउन/सङ्ख्या:३२४


१) भक्तपुर नपाको चौधौं नगरसभा सम्पन्न
२) नेमकिपा केन्द्रीय समितिको बैठकबाट पारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू
३) 'नाम मात्रका कम्युनिस्ट धेरै भए'–नारायणमान बिजुक्छें (रोहित)
४) 'नेवार' शब्दको प्राचीनता–डा. नयनाथ पौडेल
५) सञ्चारमाध्यममा भक्तपुर नपा
क) स्थानीय तहको बजेट तर्जुमाको सवाल–खिमलाल देवकोटा
ख) भक्तपुरप्रति सङ्घ र प्रदेशको पूर्वाग्रही भावना किन ?–विवेक
ग) ख्वप विश्वविद्यालय स्वीकृतिमा विलम्ब किन ?–सिम्रिक
घ) समाजलाई बुद्धिजीवीकरण गर्न ख्वप विश्वविद्यालय जरुरी –प्रेम सुवाल
ङ) ख्वप विश्वविद्यालय विधेयकबारे सांसदहरूको मत
च) विश्वविद्यालय विज्ञ तयार गर्ने थलो हुनुपर्छ
६) भक्तपुर नगर निर्माणका ऐतिहासिक वास्तुग्रन्थहरू–ओम धौभडेल
७) जनशक्ति व्यवस्थापनमा मनोविज्ञानको भूमिका–समिर
८) भक्तपुरका केही ठाउँको नाम र चिनारी–लक्ष्मीनारायण दुवाल
९) स्वाङजाङको भारत यात्रा (४)–विलक्षण गुरु–चङ चेङ्ग
१०) समालोचनाया सिद्धान्त (१८)–कलरीजया कल्पना सिद्धान्त–प्रा. माणिकलाल श्रेष्ठ







११) नेपालमा बहुलाउने मनसुन-विष्णुभक्त राजचल
१२) भक्तपुर नगरपालिकाको जनसाङ्ख्यिक सूचकहरू-श्रीराम कासिछ्वा
१३) भक्तपुरका बक्सिङ खेलाडी विजय बाटा-राजकुमार लघु
१४) नाटो अनिच्छुकहरूको गठबन्धन !-टम फाउडी
१५) 'आइएईएले आणविक प्रदूषित पानी निकासी गर्न दिने अधिकार छ भनी निर्दिष्ट गर्ने अन्तर्राष्ट्रिय कानुनमा कुनै प्रावधान छैन' : प्रजग कोरिया
१६) जुलुस-आर. दिस्ती
१७) अध्यक्ष बिजुक्छेँसँग चिनियाँ नेता युआनको भेटवार्ता
१८) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
१९) भक्तपुर नगरपालिका गतिविधि
  क) शैक्षिक गतिविधि/ख) स्वास्थ्य सेवा/ग) अनुभवको आदान-प्रदान/घ) संक्षेपमा
२०) विविध समाचार
२१) तस्करीतन्त्रलाई राजनीति, भन्सार, सुरक्षा, न्यायक्षेत्रको मलजल (सम्पादकको पृष्ठ)

**साथमा**:जीवन-आचरण/प्रेरणीय/बसिबियाँलो/नवयुवकसँग अपिल/वैधानिक कानुन(४)/ख्वप अस्पतालको प्रगति/हाम्रो स्वास्थ्य/भक्तपुर नपाबाट रगत उपलब्ध गराएको विवरण-असार २०८०/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४० अङ्क विशेष / २०८०साउन/ सङ्ख्या:३२५

### भक्तपुर नगरपालिकाको चौधौँ नगरसभा (विस्तृत विवरण)

१) उद्घाटन सत्र २) पहिलो दिन ३) दोस्रो दिन
४) तेस्रो दिन ५) चौथो दिन ६) पाँचौँ दिन
७) छैटौँ दिन ८) सातौँ दिन ९) आठौँ दिन
१०) भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम-प्रमुख सुनिल प्रजापति
११) भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को बजेट वक्तव्य-उपप्रमुख रजनी जोशी
१२) राजस्व तथा अनुदान आयको यथार्थ तथा अनुमान
१३) आ.व. २०७९/०८० जेष्ठ महिनासम्मको यथार्थ खर्च तथा आ.व. २०८०/०८१ को अनुमानित बजेट खर्च विवरण
१४) प्रस्तावित योजनाहरूको अनुमानित विनियोजित बजेट
१५) भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८०
१६) उच्चस्तरीय आयोगको माग कि खुट्टा उचालेको ? (सम्पादकको पृष्ठ)

## वर्ष ४० अङ्क १०/२०८० भदौ/सङ्ख्या:३२६

१) भक्तपुर नपाबाट सांस्कृतिक पदयात्रा
२) पोखरीको ऐनामा भक्तपुर-उपेन्द्र लामिछाने
३) समाजवादी मोर्चा कि अवसरवादको अर्को रूप ?-विवेक
४) गुन्हीपुन्ही र सापारु गाईजात्रा होइन-समिर
५) फोहोरमैला व्यवस्थापनमा परम्परागत ज्ञान-सुनिता गाइसी
६) टौमढी टोल र पुवहालको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व-ओम धौभडेल
७) भक्तपुर पर्यटकीय गन्तव्यस्थल बन्दै-कृतिका
८) स्वाङजाङको भारत यात्रा (५) बौद्धग्रन्थको लागि पूर्वको यात्रा-चङ चेङ्ग
९) छ्मा गणेश द्यःछेँ पुनर्निर्माण-आ. सरिता धुख्वा
१०) समालोचनाया सिद्धान्त (१९) कविता व कल्पना- प्रा.माणिकलाल श्रेष्ठ
११) बताग्र-विष्णुभक्त राजचल
१२) साहित्य लेखन र संङ्गीतमा मल्ल राजाहरूको योगदान-डा. वीरेन्द्रप्रसाद कायस्थ
१३) समाज पुरुष प्रधान भएसम्म महिला अधिकार र समानताको कुरा गर्नु बेकार-कुशल
१४) बक्सिङ खेलाडी निता गोसाई-राजकुमार लघु
१५) चीनलाई घेरा हाल्दै नाटो-रोब गोउल्यान्ड
१६) अमेरिकाले कोरियाली युद्धबाट पाठ सिक्न सकेन भने उसले









पीडा भोग्नुपर्नेछ
१७) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय
१८) भेटघाट
१९) भक्तपुर काण्ड विशेष
२०) सापारु विशेष
२१) भक्तपुर नगरपालिका गतिविधि
क) धानबालीमा लाग्ने कीराबारे छलफल र उपचार शिविर/ ख) शैक्षिक गतिविधि/ग) स्वास्थ्य सेवा/घ) संक्षेपमा
२२) विविध समाचार
२३) मन्त्रिपरिषद्को 'भ्रुक्यान' (सम्पादकको पृष्ठ)

**साथमा**:जीवन-आचरण/थाहा पाइराखौँ/बसिबियाँलो/चीनका प्राचीन नीति कथा/नवयुवकसँग अपिल/प्रेरणीय/वैधानिक कानुन(५)/ख्वप अस्पतालको प्रगति/सांसद दुर्लभ थापा ख्वप विश्वविद्यालयविरोधी ?/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४० अङ्क ११/२०८० असोज/ सङ्ख्या:३२७

१) नेपालीहरूको पहिचान भनेकै यहाँको कला र संस्कृति हो-नारायणमान बिजुक्छेँ
२) सांस्कृतिक गुरुहरू हाम्रा सांस्कृतिक क्षेत्रका आदर्श व्यक्तित्वहरू हुन्-प्रमुख प्रजापति
३) सम्मानित सांस्कृतिक गुरुहरूको सङ्क्षिप्त परिचय
४) सांस्कृतिक गुरुहरूको सम्मान गर्नु प्राज्ञिक क्षेत्रकै सम्मान
५) विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत
६) विदेशी बैङ्कहरू खोल्न दिए देश विदेशीको नियन्त्रणमा जाने
७) संविधान कार्यान्वयनको आठ वर्ष र त्यसका चुनौतीहरू-विवेक
८) समाजवादका आधारहरू निर्माण गर्दै भक्तपुर नगरपालिका-दामोदर सुवाल
९) भक्तपुर नपा अरू नपाभन्दा धेरै फरक छ !- कृष्णप्रसाद पोखरेल
१०) 'If we get used to outside help, we will get hooked on outside help' – Mayor Sunil Prajapati
११) नेपालको शैक्षिक क्षेत्रमा आशाको किरण:ख्वप शैक्षिक संस्था-राजन
१२) भारतीय हस्तक्षेप:जवाहरलालदेखि नरेन्द्र दामोदर दाससम्म-कनकमणि दीक्षित
१३) ख्यालः विकसित कला व च्वन्ह्याःगु सभ्यताया चिं-माणिकलाल श्रेष्ठ
१४) बीआरआई परियोजना विकासशील देशहरूको निम्ति उपहार -राजदूत छेन सङ
१५) श्रीयन्त्राकार भक्तपुरमा मोहनी पर्व-ओम धौभडेल
१६) भू-आकृति विज्ञान एक परिचय-विष्णुभक्त राजचल
१७) समालोचनाया सिद्धान्त (२०) काव्ये भाषा व छन्द-प्रा. माणिकलाल श्रेष्ठ
१८) सार्वजनिक जग्गा र सम्पदाको संरक्षणमा वडाले ध्यान दिनु आवश्यक-कुशल
१९) जनज्योति पुस्तकालयको फेरिँदो मुहार-भूपाल मूल
२०) भक्तपुरका केही ठाउँको नाम र चिनारी (२)-लक्ष्मीनारायण दुवाल
२१) पशु अधिकारकर्मी-आर.दिस्ती
२२) चीनविरुद्ध संरा अमेरिकाको 'नयाँ शीतयुद्ध' आत्म-विनाशकारी-जन ओबर्ग
२३) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधि/ख) स्वास्थ्य सेवा/ग) अनुभवको आदान-प्रदान/घ)भेटघाट/ङ) पोखरामा घिन्ताङ्घिसी/च) सङ्क्षेपमा
२४) विविध समाचार
२५) प्रत्युत्पादक 'सहृदयता' (सम्पादकको पृष्ठ)


**साथमा**:हाम्रा मौलिक सामग्री/जीवन-आचरण/चीनका प्राचीन नीति कथा/बसिबियाँलो/प्रेरणीय/नवयुवकसँग अपिल/वैधानिक कानुन (६)/थाहा पाइराखौँ/सम्झनाको लागि/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## वर्ष ४० अङ्क १२/२०८० कार्तिक/ सङ्ख्या:३२८

१) त्रिचालिसौँ नेपाल भाषा साहित्य तः मुंज्या भव्यताका साथ सम्पन्न
२) प्यालेस्टाइनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध विरोध प्रदर्शन तथा सभा
३) गैरआवासीय नेपालीलाई नागरिकता र यसको सम्भावित परिणाम-विवेक
४) हत्याराका संरक्षक बनाइएका राष्ट्रपति रामचन्द्र पौडेल-विमल पोखरेल
५) समालोचनाया सिद्धान्त (२१) नां काये बहपिं समालोचकपिं (१) न्हूगु युग हःगु छुं मत-प्रा. माणिकलाल श्रेष्ठ
६) सम्पदा-आर.दिस्ती
७) सम्पदाप्रेमी समाज नेपालको छायादेवी कम्प्लेक्सबारेको अपिल
८) नेपाल संवत् र अन्य संवत्हरू-दिव्यराज
९) पर्यटन उद्योग र यसको संवेदनशीलता-समिर
१०) बक्सिङ्ग खेलाडी:राजु दुवाल-राजकुमार लघु
११) सरकारी कर्मचारी र निर्वाचित प्रतिनिधि दुवै इमानदार हुनु आवश्यक
१२) अमेरिकी प्रहरी र न्यायपालिकामा 'प्रणालीगत नस्लवाद' व्याप्त : संयुक्त राष्ट्र सङ्घ
१३) ग्वान्टानामोमा बन्दीहरूमाथि सीआईएद्वारा शारीरिक र मानसिक यातना चालु-सैयद जफर मेहदी
१४) भक्तपुर नगरपालिका गतिविधि
क) शैक्षिक गतिविधिख) स्वास्थ्य सेवाग) भेटघाटघ) सङ्क्षेपमा
१५) विविध समाचार
१६) हिटलरलेझैँ यहुदी शासकहरूले सजाय भोग्ने निश्चित( सम्पादकको पृष्ठ)

**साथमा** : नारमल्ला फल्चाको पुन:निर्माण सार्वजनिक परीक्षण कार्यक्रम/बसिबियाँलो/वडाध्यक्ष ज्याख्वका पिताको निधन/नवयुवकसँग अपिल/प्रेरणीय/वैधानिक कानुन (७)/जीवन-आचरण/हाम्रा मौलिक सामग्री/चीनका प्राचीन नीति कथा/सम्झनाको लागि/थाहा पाइराखौँ/हाम्रो स्वास्थ्य/पर्यटक तथ्याङ्क/रङ्गीन पृष्ठ ।

## आ.व. २०८०/८१ कार्तिक महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५५७ | ५७६ | ७०७ | ६७२ | ७३७ | ८०० | ५२१ | ५६० | ७११ | ६९८ | ७५३ | ७३७ | ५५५ | ६२६ | ६३४ |
| ■ सार्क तथा चिनियाँ | २७७ | २६३ | २१६ | ४०६ | ३८६ | ५१३ | ३८९ | ३५५ | ४९५ | ४९९ | ६७७ | ४०३ | ३९७ | २३५ | ३९१ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६७४ | ७०१ | ८६९ | ८०६ | ५०७ | ५५० | ५९७ | ६०६ | ७३६ | ८१० | ६३६ | ६८७ | ५९२ | ५४२ | ४९१ |
| ■ सार्क तथा चिनियाँ | ३९७ | ४४५ | ३६७ | ४५० | ३६७ | ३३५ | ३५६ | ३०५ | २४३ | २४४ | २४५ | ३६५ | २९३ | ३६७ | ३२८ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० कार्तिक | १९,६४८ | ११,००९ | ३०,६५७ |
| २०७९ कार्तिक | १४,८१९ | ७,४०९ | २२,२२८ |
| प्रगति | ४,८२९ | ३,६०० | ८,४२९ |

सम्पादकको पृष्ठ

# संवेदनाहीन सिंहदरबार

कार्तिक १७ गते मध्यरातमा जाजरकोट केन्द्रविन्दु भएर गएको ६.४ म्याग्नीच्यूडको भूकम्पबाट डेढसयभन्दा बढीको मृत्यु र झन्डै चारसय घाइते भए। देशैभर महसुस गरिएको त्यस भूकम्पले जाजरकोट, पश्चिम रुकुममा बढी क्षति पुऱ्यायो भने दैलेख, सल्यान, कालीकोट, सुर्खेत, बझाङ र बाजुरामा पनि क्षति पुऱ्याएको थियो। जाजरकोटमा ३४ हजार ५ सय १ र रुकुम पश्चिममा १६ हजार ९ सय ९ घर पूर्ण रूपमा भत्किएको र दुई जिल्लामा ९ सय ७४ पशु मरे। कर्णालीभरि झन्डै ५५ हजार परिवार प्रभावित भएका छन्। २०७२ सालपछि गएका पराकम्पहरूमध्ये यस भूकम्पले जन-धनको ठूलो क्षति गऱ्यो।

नेपाल भूकम्पको अति जोखिमयुक्त क्षेत्रमा पर्छ। आठ वर्षदेखि अब देशको पश्चिम क्षेत्रमा ठूलो भूकम्प जाने सम्भावना भूकम्पविद्हरूले औंल्याउँदै आएका थिए। भूकम्प कहिले र कहाँ जान्छ निश्चित भन्न नसके पनि विज्ञहरूले सम्भावनाबारे अवगत गराउँदै आएकोले राहत, उद्धारलगायतको पूर्व तयारीमा सरकार र सम्बन्धित निकाय लाग्नु पर्थ्यो। सत्तामा बस्ने र राहत-उद्धारको तयारीमा रहनुपर्ने पदाधिकारीहरू यस कार्यमा चुकेका छन्। भूकम्प पीडितहरू गास, बास, उपचारको अभावमा छट्पटिरहेको बेला एकपछि अर्को उच्चपदस्थ पदाधिकारी भूकम्पग्रस्त क्षेत्रको अवलोकन-निरीक्षणमा धेरै पुगे तर राहत पुगेन। हेलिकप्टर चढेर सयर गर्नमा खर्चेको रकमले थुप्रै पीडितहरूको गास जुर्थ्यो, बास पाउँथ्यो, उपचार हुन्थ्यो। तातो न छारोको आश्वासनले भूकम्प पीडितको घाउमा मल्हम नलगाएको तथ्य पत्रपत्रिकामा प्रकाशित विचल्लीका समाचारहरूले दिएको छ।

अहिले जाडोको मौसम भएकोले पाल मुनिको जीवन कति कष्टकर हुन्छभन्ने भुक्तभोगीलाई मात्र थाहा हुन्छ। तर, जनताको रगत पसीनामा रजाइँ गर्नेहरूलाई थाहा नभएको तथ्य चिसोको कारण २२ जनाको मृत्युले दिएको छ। यस पटकमात्र होइन हरेक भूकम्प, बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपमा सरकार र सम्बन्धित निकायका पदाधिकारीहरूबाट मानवीयता र मानवीय संवेदनाको अभाव अनुभूत गरेकै तथ्य हो।

देश भूकम्पको जोखिम क्षेत्र, पहाडी मुलुक र नदीखोला धेरै भएकोले यहाँ हरेक वर्ष प्राकृतिक प्रकोप भइरहँदा पनि पूर्वतयारीको उचित बन्दोवस्त नहुनु सिंहदरबारमा बस्नेहरूको नालायकी र अकर्मण्यता हो। आगलागी भएपछि कुवा खन्ने प्रवृत्तिमा सबै सरकार समान देखिएका छन्। त्यसैले प्रकोप भएपछि सबै सरकार नियम बनाउन, रकम जुटाउन सक्रिय हुन्छन् र 'पोहोर मऱ्यो सासू अहिले आयो आँसु' चरितार्थ गर्छन्।

प्रकोपको बेला पीडितको तत्काल राहत र उद्धारको लागि राजस्वबाट तलबभत्ता खाने सबैको एक महिना रोकेर पनि रकम जुटाएको भए के बिग्रिन्थ्यो ? अनि विपद् पूर्वतयारी कोषमा प्रत्येक महिनाको एकदिन वा केही प्रतिशत तलब अनिवार्य जम्मा गर्ने बन्दोवस्त भए भविष्यमा सबैको कल्याण हुन्थ्यो।





नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग प्रजग कोरियाका महामहिम
राजदूत जो योङ मेनको भक्तपुरमा बिदाइ भेट । (माथि)
नेमकिपाका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू सुरेन्द्रराज गोसाईं र
सृजना सैंजु अन्तर्राष्ट्रिय विमानस्थलमा राजदूत मेनलगायतको
बिदाइ । कार्तिक २४ गते







भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग जनवादी गणतन्त्र चीनको चिङकाङशान नगरपालिकाका उपप्रमुख वाङ हुवामिङको भेट । मंसिर ३ गते